# मुद्दाको कारबाही छिटो छरितो सम्पन्न गर्नको लागि कार्यबिधि कानूनमा गर्नुपर्ने सुधार बारेमा अध्ययन प्रतिवेदन

# २०७२

**( न्यायमा पहुँच आयोग, सर्वोच्च अदालतको लागि )**


**अनुसन्धानकर्ता (परामर्शदाता )**

**एकराज आचार्य**

**पूर्व मुख्य न्यायाधीश**

**पुनरावेदन अदालत**

# मुद्दाको कारबाही छिटो छरितो सम्पन्न गर्नको लागि कार्यबिधि कानूनमा गर्नुपर्ने सुधार बारेमा अध्ययन प्रतिवेदन, २०७२

**(न्यायमा पहुँच आयोग, सर्वोच्च अदालतको लागि)**


**अनुसन्धानकर्ता ( परामर्शदाता )**

**एकराज आचार्य**

अनुसन्धान सहयोगी :

श्री सुरेशराज खनाल, इजलास अधिकृत, सर्वोच्च अदालत

अधिवक्ता श्री सन्देश आचार्य

मानवशास्त्री श्री सोना आचार्य ओलिया



फर्म्याटिङ्ग :

नारायण पौडेल

# भूमिका

नेपालको संबिधान, २०७२ ले न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितब्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने संकल्प गरेको छ । सानातिना विवादमा स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने क्षेत्राधिकार समेत जिल्ला अदालतलाई संविधानले नै दिएको छ । संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि समेत उच्च अदालतले उत्प्रेषण लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने संवैधानिक व्यवस्था पनि छ । यी व्यवस्थाबाट नागरिकहरुले स्थानीय स्तरबाट नै सरलरुपमा न्याय प्राप्त गर्न सक्ने अपेक्षा संविधानले गरेको देखिन्छ ।

अदालतलाई सुधार गर्ने प्रयास प्रारम्भ गरिए पनि मुद्दाको उचित ब्यवस्थापन गरी छिटो छरितो र सुलभ न्याय दिन सकेको अनुभूति आम जनमानसमा हुन सकेको छैन । मुद्दा ब्यवस्थापनको बिविध चुनौति र आवश्यकताको उपयुक्त सम्वोधन गर्न तथा छिटो छरितो न्यायको लागि वर्तमान कानूनका कतिपय अव्यवहारिक प्राबधानहरुलाई सुधार गर्ने प्रयासहरुपनि भइरहेका छन । २०२० सालमा जारिभएको मुलुकी ऐनले एक्काईसौं शताब्दीको आवश्यकता र मागलाई पूरा गर्न नसक्ने हुँदा देवानी संहिता र फौजदारी संहिता, २०७१ सहितको पाँच वटा विधेयक संसदमा पेश भई बिचराधीन अवस्थामा छन् । यी विधेयकहरु पारित भई कार्यान्वयन भएपछि न्यायपालिकामा नयाँ युगको प्रारम्भ हुनेछ ।

मुद्दाहरुको काम कारवाही ढिलो हुनमा कानूनी प्रक्रियाहरु र संलग्न सरोकारवाला जनशक्ति दोषी हुन सक्छन । काम कारवाहीमा ढिलासुस्ती गर्ने कानूनी प्रावधानहरुलाई सुधार गर्दै मानवीय क्षमतालाई पनि भरमग्दुर रुपमा क्रियाशील र प्रभावकारी पारेमा लक्ष्यमा पुग्न सहज हुन्छ । सुधारको प्रक्रिया समाज विकासको एउटा अभिन्न अङ्ग भएकोले गतिशील समाजमा निरन्तर जारी हुने स्वाभाविक क्रियाकलापमा कानूनहरु परिवर्तन भइरहन्छन ।

मुद्दा व्यवस्थापन गरी काम कारबाहीलाई छिटो र सरल रुपमा किनारा गर्नको लागि आधारभूत कानूनी संरचना र भौतिक संरचनाहरु निकै हदसम्म तयार भएका छन् । नागरिक चेतना र चासो बढेको छ, संचार जगतले अदालतको कमि कमजोरीलाई औंलाउन थालेका छन् । सुधार प्रक्रियालाई मूर्तरुप दिन सरोकारवालाहरुले प्रतिबद्धता जाहेर गर्न थालेका छन् । स्वयम अदालतले न्यायपालिको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना बनाएर कार्यान्वयन गरिरहेको अवस्था छ । अदालतको साधन, स्रोत तथा जनशक्तिमा पर्याप्त सुधार हुँदा हुँदै पनि वाञ्छितरुपमा मुद्दाको काम कारवाहीलाई छिटो

छरितो र सरल र सुलभ पार्न भने सकिएको छैन । मुद्दा फछ्र्यौट समयमा नहुँदा योजनाले निर्धारण गरेको लक्ष्यमा पुग्न नसकिने, उद्योग, वाणिज्य र व्यापारिक तथा व्यावसायिक कारोबारमा असर पर्ने र मुद्दामा लाग्ने समय, स्रोत र साधनको खर्चमा वृद्धि हुन्छ । अन्ततः न्यायको पहुँचमा वाधा उत्पन्न हुन्छ ।

यही परिवेशमा मुद्दा व्यवस्थापन र मुद्दाको दैनिक काम कारवाहीसँग प्रत्यक्ष सरोकार राख्ने माननीय जिल्ला न्यायाधीशहरु, श्रेस्तेदारहरु, इजलास अधिकृतहरु र कानून व्यवसायीहरुसँग छलफल र अन्तरक्रिया गरी विगतका अदालत व्यवस्थापन सम्वन्धी अध्ययन प्रतिवेदनहरुले दिएका सुझाबलाई समेत विश्लेषण गरी प्रस्तुत अध्ययन प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा उल्लेखित सुझाबहरुलाई कार्यान्वयन गर्न सकेमा अध्ययनको सार्थकता रहने विश्वास गरिएको छ । साथै मुद्दाको काम कारवाहीमा गतिशीलता प्राप्त भई सेवाग्राहीहरुले पनि राहत प्राप्त गर्ने छन।

अन्त्यमा, प्रस्तुत अध्ययन अनुसन्धानको अवसर प्रदान गरेकोमा सम्माननीय प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठज्यू तथा सर्वोच्च अदालतको वरिष्ठतम् माननीय न्यायाधीश श्री सुशिला कार्कीज्यू तथा न्यायमा पहुँच आयोग, सर्वोच्च अदालतप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो प्रतिवेदन तयार गर्न साँझ बिहानको समयमा महत्वपूर्ण सहयोग गर्ने सर्वोच्च अदालतका इजलास अधिकृत श्री सुरेशराज खनाललाई विशेष धन्यवाद दिन चाहान्छु । सामाग्री जुटाएर प्रतिवेदनको लेखनमा समेत सहयोग पुऱ्याउनु भएकोमा अधिवक्ता श्री सन्देश आचार्य र मानवशास्त्री श्री सोना आचार्य ओलियालाई पनि धन्यबाद दिन्छु । कम्प्यूटर सेटिङ्ग गरी प्रतिवेदनलाई अन्तिम रुप दिनुभएका श्री अन्जय कुमार पोखरेल पनि धन्यबादका पात्र हुनुहुन्छ । साथै सर्वोच्च अदालतका रजिष्ट्रार श्री श्रीकान्त पौडेल, न्यायमा पहुँच आयोगमा कार्यरत माननीय जिल्ला न्यायाधीश श्री सूर्यप्रसाद पराजुली तथा कानूनी शासन तथा मानव अधिकार सवलीकरण कार्यक्रम (RoLHR) का राष्ट्रिय कार्यक्रम व्यवस्थापक श्री शान्तमसिंह खड्का र न्यायक्षेत्र समन्वयकर्ता श्री रत्नकुमार श्रेष्ठलाई पनि सहयोगको लागि हार्दिक आभार प्रकट गर्दछु । अध्ययन प्रतिवेदनको अवधारणा पत्रसहित अन्तिम प्रतिवेदन तयार गर्न सुझाब दिई अमूल्य सहयोग गर्नु हुने सर्वोच्च अदालतका सह–रजिष्ट्रार श्री नृपध्वज निरौलालाई विशेष आभार प्रकट गर्दछु ।

एकराज आचार्य
अनुसन्धानकर्ता ( परामर्शदाता )

माघ १७ गते, २०७२ साल

# विषय–सूची

## परिच्छेद –एक

## प्रारम्भिक


| | विषय | पेज नं. |
|---|---|---|
| १. | विषय प्रवेश | १ |
| २. | कार्यदिश | ३ |
| ३. | अध्ययन अवधि | ३ |
| ४.. | अध्ययनको महत्व | ३ |
| ५. | अध्ययनको उद्देश्य | ४ |
| ६. | अध्ययन विधि | ४ |
| ७. | अध्ययनको सीमा | ५ |
| ८. | समस्याको पहिचान | ५ |
| ९ | अध्ययनको स्वरुप | ६ |


## परिच्छेद –दुई

## मुद्दा व्यवस्थापन र कार्यविधि सम्बन्धी पूर्व अध्ययन प्रतिवेदनहरुको अध्ययन


१उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८ ७

२. शाही न्यायिक सुधार आयोगको प्रतिवेदन, २०४० ८

३.अदालत व्यवस्थापन सम्वन्धी सुझाव प्रतिवेदन, २०५५ ९

४.अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८ १०

५. फौजदारी कार्यविधि दिग्दर्शन, २०५८ १२

६.  सर्वोच्च अदालतमा परेका मुद्दाहरुमा छिटो छरितो कारवाही किनारा गर्न अपनाउनु पर्ने उपाय सम्वन्धमा गरिएको अध्ययनको प्रतिवेदन, २०६० १२

७.न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०६१–२०६६) १३

८. अदालत कार्य विवरण निर्देशिका, २०६४ १४

९.  सर्वोच्च अदालतमा मुद्दा प्रवाहको अवस्था अनुसन्धान प्रतिवेदन, २०६४ १४

१०. मुद्दाको विशिष्टिकृत नामाकरण, सफ्टवेयर डिजायन एवं विभिन्न ढाँचाहरु परिमार्जन गरी सुझाव पेश गर्न गठित कार्यदलको प्रतिवेदन, २०६४ १५

११. अदालतको अधिकारक्षेत्र पुनरावलोकन कार्यदलको प्रतिवेदन, २०६५ १५

१२.मुद्दा व्यवस्थापन पद्धति विकास सम्बन्धी अध्ययन प्रतिवेदन, २०६६ १८

१३.काठमाण्डौं जिल्ला अदालतको सायमकालीन अदालत स्थापना गर्ने अध्ययन प्रतिवेदन, २०६६ १९

१४.जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था अध्ययन  प्रतिवेदन, २०६६ २०

१५.न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६–२०७१) २१

१६.न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६–२०७१) को मध्यावधि मूल्याङ्कन २१

१७.देवानी संहिता तथा देवानी कार्यविधि संहिताको मस्यौदा तथा प्रतिवेदन, २०६७ २२

१८.अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको मसौदा तथा प्रतिवेदन , २०६७ २३

१९.अतिरिक्त समयमा अदालत सन्चालन गर्ने सम्वन्धी सम्भाव्यता अध्ययन प्रतिवेदन, २०६८ २४

२०.जिल्ला अदालतहरुमा समयतालिका पद्धति लागु गर्नेसम्वन्धी बेसलाइन सर्वेक्षण प्रतिबेदन, २०६९ २५

२१.फरक फरक मुद्दाहरुको फरक ब्यवस्थापन पद्धति लागु गर्न आवश्यक पूर्वाधार निर्माण तथा तयारी सम्वन्धी प्रस्ताव २६

२२.नेपालको फौजदारी न्यायप्रणालीको आधारभूत सर्वेक्षण, २०६९ २६

२३.सर्वोच्च अदालतमा बिचाराधीन मुद्दाहरुमा फरक मुद्दाका लागि फरक व्यबस्थापन ( डि.सि.एम ) पद्धति

कार्यान्वयन सम्बन्धी अध्ययन प्रतिवेदन, २०७० २८

२४.न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/७२–२०७५/७६) २९

२५.व्यवस्थापिका–संसदमा पेश भएकाविधेयक, २०७१ २९

२६. Access to Justice Survey: A report about how legal representation is provided to the indigent accused in six districts of Nepal ३०

२७. सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समिति ३१

२८.न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना ३३

## परिच्छेद –तीन

## मुद्दाको काम कारवाही छिटो छरितो पार्ने र मुद्दा ब्यवस्थापन सम्वन्धी विद्यमान कानूनी ब्यवस्था र संक्षिप्त विश्लेषण

१. विषय प्रवेश ३४

२. नेपालको संविधान, २०७२ मा न्यायपालिकाको संवैधानिक व्यवस्था ३४

३. मुख्य व्यवस्थाहरु ३४

४. अदालतको तह ३५

५. प्रचलित कार्यविधिको कानूनी ब्यवस्था ३७

६. संक्षिप्त (कार्यविधि) ऐन, २०२८ ३७

७. विशेष अदालत कार्यविधि ३८

८. सामान्य कार्यविधि ३९

९. मुलुकी ऐनको छिटो छरितोको कानूनी ब्यवस्था ३९

१०.अदालत नियमावलीहरु ४४

११.जिल्ला अदालत नियमावली ४४

१२.सर्वोच्च अदालत नियमावली र पुनरावेदन अदालत नियमावली ४६

१३ न्याय प्रशासन ऐन, २०४८ को कानूनी व्यवस्था ४६

१४.मेलमिलाप सम्वन्धी ऐन, २०६८ ४७

१५विद्यमान कानूनी ब्यवस्थाको संक्षिप्त विश्लेषण ४८

**परिच्छेद– चार**

**मुद्दाको कारवाहीमा अनावश्यक ढिलाई हुने खालका प्रक्रियागत कानूनी प्रावधानहरुको पहिचान, छलफल र विश्लेषण**

१. विषय प्रवेश ५२

२. ढिलाई हुने खालका प्रक्रियागत कानूनी प्रावधानहरु ५३

३. अ.बं. ११५ नं.को साक्षी बुझ्ने प्रक्रिया लामो ५३

४. सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ अन्तर्गतका मुद्दामा पुनरावेदन म्याद लामो ५३

५. अंश मुद्दाको कारवाही लामो ५४

६. फैसला भएको थाहा पाएको मितिले पुनरावेदन गर्ने गरेको ५४

७. सद्दे, कीर्ते वा जालसाजी छुट्याउन ५५

८. बालबालिका, बृद्ध र विदेशमा रहेको व्यक्तिको अनुमति ५५

९. अ.बं. ९४ नं. को वारेण्ट र म्यादी पूर्जी ५५

१०.हदम्याद ५६

११.सम्वन्ध विच्छेद ५६

१२.तारिख थाम्ने प्रावधानहरु ५७

१३.अ.बं. ११० नं.को म्याद तामेली व्यवस्था ५८

**परिच्छेद –पाँच**

**कार्यविधि कानून सम्वन्धमा ब्याख्या भएका सर्वोच्च अदालतको फैसलाहरुको अध्ययन र विबेचना**

१.विषय प्रवेश ५९

२.कार्यविधि सम्वन्धी फैसलाहरु ५९

३.फैसलाहरुको विबेचना ७४

## परिच्छेद– छ

## छिटो छरितो मुद्दा फछ्यौंटका लागि मुद्दा व्यवस्थापन सम्बन्धमा भएका प्रयासहरुको विश्लेषण

१. भूमिका ७६

२. मुद्दा व्यवस्थापन सम्बन्धमा भएका प्रयासहरुको विश्लेषण ७६

## परिच्छेद –सात

## मुद्दाको प्रक्रियामा देखिएका झन्झटिला व्यवहारहरुको पहिचान र त्यसमा गर्नुपर्ने सुधारका उपाय

१. विषय प्रवेश ८१

२. झन्झटिला व्यवहारहरु ८३

३. एउटै विवादमा पटक पटक सुनुवाई गर्ने ८३

४.फैसला लेखनमा ढिलाई र उदासिनता ८३

५. उठाएर वकपत्र गराउने ८५

६. समयमा कार्य सम्पन्न नगर्ने प्रवृत्ति ८६

७. पक्ष र विपक्षबीच समान ब्यवहर प्रदर्शन नगर्ने ८६

८. अनावश्यक तारिखमा बस्नुपर्ने ८६

९. बन्द इजलासमा हुने सुनुवाईलाई प्रभावकारी रुपमा लागु नगरेको ८७

१०.मुद्दाको सुनुवाईको क्रममा लामो वहस ८७

११.अ.बं. १८४क. नं.को स्पष्ट पालना नगर्ने ८८

१२.अदालत परिसरमा प्रतिक्षालयको अभाव ८८

१३.अदालतका आदेशले उपस्थित भएका नेपाल सरकारका साक्षीले कानून बमोजिमको सुविधा पाउन नसकेको ८९

१४.कानून व्यवसायीहरुको भूमिका ९१

१५.भाषाको कारणले पनि अदालतको ब्यवहार र मुद्दाको काम कारवाही झन्झटिलो ९१

१६.अ.बं. १२३ नं. को कार्यान्वयन गर्न हिच्किचाउने प्रवृत्ति ९२

१७.अ.बं. १७ नं. को कारवाही ढिलासुस्ती ९३

१८.अ.बं. १२२ नं. को कार्यान्वयन कमजोरी ९३

१९ दण्ड सजायको ११ क (२) नं. मरेतुल्य भएको ९४

**परिच्छेद – आठ**

**छिटो छरितो रुपमा कारवाही किनारा गर्न कार्यविधि कानूनमा गर्नुपर्ने सुधारको पक्षको छलफल, विश्लेषण र सुझाब**

१. विषय प्रवेश ९६

२. कार्यविधि कानूनमा सुधार ९७

३. जिल्ला अदालत नियमावली, २०५२ को अनुसूची ४ख.मा मुद्दा थप गर्नुपर्ने ९७

४. संक्षिप्त (कार्यविधि) ऐन, २०२८ मा संशोधन गर्नुपर्ने ९९

५. अतिरिक्त समय ( सायमकालीन)मा अदालत चलाउनुपर्ने १००

६. स्थानीय स्तरका न्यायिक निकायको कार्यविधि १०२

७. घुम्ती अदालतको व्यवस्था आवश्यक नभएको १०३

८. विशिष्टीकृत इजलास कायम गरी समूह पद्धतिबाट मुद्दा किनारा गर्ने १०४

९.अ.बं. ११५ नं. को साक्षी बुझ्ने प्रक्रिया सरल बनाउनुपर्ने १०५

१०.सरकारी मुद्दासम्वन्धी ऐन, २०४९ अन्तर्गतका मुद्दामा पुनरावेदन म्याद अवधि घटाउनु पर्ने १०६

११.अंश मुद्दाको कारवाही प्रक्रिया छोटो पार्नुपर्ने १०७

१२.फैसला आदि थाहा पाएको मितिले पुनरावेदन गर्ने अवधिलाई सीमित गर्नुपर्ने १०८

१३.सद्दे, कीर्ते वा जालसाजी छुट्याउन लामो समय अवधि ११०

१४ बालबालिका, बृद्ध र विदेशमा रहेको व्यक्तिको अनुमति दिने अवधि घटाउनुपर्ने ११०

१५. अ.बं. ९४ नं. को म्यादी पूर्जीको अवधि घटाउनुपर्ने १११

१६. सम्वन्ध विच्छेद मुद्दामा संक्षिप्त (कार्यविधि) ऐन, २०२८ को कार्यविधि लागु गर्नुपर्ने ११२

१७. अ.बं. ५९ नं.को तारिख थाम्ने अवधिलाई घटाउनुपर्ने ११३

१८. अ.बं. ११० नं. को म्याद तामेली व्यवस्थामा सुधार गर्नुपर्ने ११४

१९. तारिख प्रणालीमा सुधार गर्नुपर्ने ११८

२०. जिल्ला अदालतमा पारिवारिक इजलास गठन गर्नुपर्ने १२०

२१ अदालतको क्षेत्राधिकारमा सुधार गर्नुपर्ने १२२

२२. निःसहाय महिला, बालबालिका जस्ता वर्गका व्यक्तिहरुलाई मुद्दामा कोर्ट फी नलाग्ने व्यवस्था गर्नुपर्ने १२३

२३. सानतिना खालका मुद्दाका प्रतिवादीहरुलाई सरकारी वकीलले नै कागज गराई छाड्न सक्ने कानूनी व्यवस्था गर्नुपर्न्ने १२४

२४. शुरुमा मेलमिलापको लागि एक पटक अनिवार्य पठाउनु पर्ने १२६

## परिच्छेद –नौ

## मुद्दाको कारवाही छिटो छरितोसम्पन्न गर्नका लागि अन्य प्रक्रियागत व्यवस्थापकीय सुधारको लागि दिइएका सुझाव

१. विषय प्रवेश १२८

२. प्रक्रियागत व्यवस्थापकीय सुधार १२८

३. वहस व्यवस्थापनमा समय निर्धारण गर्नुपर्ने १२८

४. तपसील खण्डको लेखनमा सुधार गर्नुपर्ने १३०

५. मुद्दालाई वर्गीकरण गरी समूहकृत गर्ने १३१

६. बालबालिका, महिला, एकल महिला, वृद्ध र अशक्त व्यक्तिको मुद्दालाई प्राथमिकता दिई छिटो किनारा गर्नुपर्ने १३३

७. सरकारी मुद्दामा जाहेरी दरखास्तको कारवाही चाँडो गरी अनुसन्धान समयमा गर्नुपर्ने १३३

८. विवादको विषय निर्धारण गर्नुपर्ने १३३

९.मुद्दा सुनुवाई स्थगनमा नियन्त्रण गर्नुपर्ने १३४

१०. फिरादपत्र दर्तामा विशेष ध्यान पुऱ्याउनुपर्ने १३५

११. विद्यमान कार्यविधिमा सुधार गर्नुपर्ने १३६

१२. छिटो छरितोका बाधाहरु पन्छाउने १३७

१३. प्रारम्भिक सुनुवाईको व्यवस्थालाई पालना गर्ने र गराउने १३८

१४. मुलुकी ऐनको अ.बं. १४ र १५ नं.को पालना गर्नुपर्ने १३९

१५. समय तालिका निर्धारण गर्ने कार्यलाई प्रभावकारी बनाउनुपर्ने १४०

**परिच्छेद – दश**

**कार्यविधि कानून, अन्य प्रक्रियागत व्यवस्थापकीय र**

झन्झटिला व्यवहारहरुमा गर्नुपर्ने सुधारको लागि दिइएका सुझावहरुको

कार्यान्वयन योजना

१.कानूनमा गर्नुपर्ने सुधारका सुझाब १४१

२.प्रक्रियागत व्यवस्थापकीय सुधारका सुझाब १४५

३.व्यवहारहरुको सुधारका सुझाब १४७

**सन्दर्भ सामाग्री** १५२

**अनुसूची – प्रारम्भिक अध्ययन प्रतिवेदनको सम्बन्धमा भएको छलफल कार्यक्रममा उपस्थित**

सहभागी महानुभावहरुको नामावली १५७

# कार्यकारी सारांश

## १. विषय प्रवेश

नेपालको संबिधान, २०७२ ले न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितब्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने संकल्प गरेको छ । सानातिना विवाद समाधानको लागि प्रदेश कानूनद्वारा गठित स्थानीय स्तरका न्यायिक निकायहरु थप गठन गर्ने व्यवस्थाले नागरिकहरुले स्थानीय स्तरबाट नै सानातिना विवादहरुमा सरलरुपमा न्याय प्राप्त गर्न सक्ने अपेक्षा संविधानले गरेको देखिन्छ । यो अध्ययनले छिटो छरितो न्यायका लागि आवश्यक पर्ने कानूनी मार्गहरुमा सुधार गर्नुपर्ने विधिहरुको सुझाव पेश गरिएको छ । यो सुझावको कार्यान्वयनबाट न्यायलाई छिटो र छरितो बनाउने छ । यसबाट अदालतप्रतिको जनविश्वासमा पनि सकरात्मक अभिवृद्धि हुने अपेक्षा गरिन्छ ।

## २. कार्यदिश

मुद्दाको कारबाही छिटो छरितो सम्पन्न गर्नको लागि कार्यीबिधि कानूनमा गर्नुपर्ने सुधार बारेमा अध्ययन गर्ने सम्वन्धमा न्यायमा पहुँच आयोगबाट हालसम्म न्यायापालिकाबाट भएका कार्यविधि सम्वन्धी अध्ययनहरुको समिक्षा गर्ने, कार्यविधि सम्वन्धी कानूनी व्यवस्था र सर्वोच्च अदालतको फैसला अध्ययन गर्ने, हालसम्म छिटो छरितो मुद्दा फछ्र्यौट गर्नका लागि मुद्दा व्यवस्थापन बारेमा भएका प्रयासहरुको विष्लेषण गर्ने, मुद्दाको कारवाहीमा अनावश्यक ढिलाई हुने खालका प्रक्रियागत कानूनी प्रावधानहरुको पहिचान गर्ने, मुद्दाको प्रक्रियामा देखिएका झन्झटिला व्यवहारहरुको पहिचान गरी त्यसमा गर्नुपर्ने सुधारका उपायहरु पहिचान गर्ने, मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नका लागि कार्यविधि कानूनमा गर्नुपर्ने सुधारका बारेमा सुझाव पेश गर्ने र कानून, प्रक्रिया तथा ब्यवहार सम्वन्धी सुझाव कार्यान्वयन गर्ने कार्ययोजना प्रस्तुत गर्ने कार्यदिश दिइएको छ ।

## ३.अध्ययनको सीमा

यो अनुसन्धान बिद्यमान कार्यीबिधि कानूनको ब्यवस्था तथा त्यसको प्रयोगमा देखिएका समस्याहरु पहिचान गरी त्यसको सुझाब दिने उद्देश्य रहेको छ । यो अनुसन्धानमा फैसला कार्यान्वयनको पक्ष र अर्धन्यायिक निकायसँग सम्बन्धित कार्यीबिधिगत बिषयहरु समाबेश गरिएको छैनन् ।

## ४.अध्ययनको स्वरुप

प्रस्तुत अध्ययन प्रतिवेदनलाई दश परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा कार्यादिश, अध्ययन अवधि लगायतका प्रारम्भिक व्यवस्थाहरु राखिएका छन भने दोस्रो परिच्छेदमा मुद्दा व्यवस्थापन र कार्यविधि सम्बन्धी पूर्व अध्ययन प्रतिवेदनहरुको अध्ययन राखिएको छ । तेस्रो परिच्छेदमा मुद्दाको काम कारबाहीलाई छिटो छरितो पार्ने र मुद्दा व्यवस्थापन सम्वन्धी विद्यमान कानूनी व्यवस्था र संक्षिप्त विश्लेषण गरिएको छ । चौथो परिच्छेदमा मुद्दाको कारवाहीमा अनावश्यक ढिलाई हुने खालका प्रक्रियागत कानूनी प्रावधानहरुको पहिचान, छलफल र विश्लेषण गरिएका छन । पाचौं परिच्छेदमा कार्यविधि कानून सम्वन्धमा ब्याख्या भएका सर्वोच्च अदालतको फैसलाहरुको विबेचना गरिएको छ । छठौं परिच्छेदमा छिटो छरितो मुद्दा फछ्र्यौटका लागि मुद्दा व्यवस्थापनमा भएका प्रयासहरुको विश्लेषण गरिएको छ ।

सातौं परिच्छेदमा मुद्दाको प्रक्रियामा देखिएका झन्झटिला व्यवहारहरुको पहिचान र त्यसमा गर्नुपर्ने सुधारका उपाय र आठौं परिच्छेदमा मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्न कार्यविधि कानूनमा गर्नुपर्ने सुधारको पक्षको छलफल, विश्लेषण र सुझाव तथा नवौं परिच्छेदमा मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नका लागि अन्य प्रक्रियागत व्यवस्थापकीय सुधारको लागि दिइएका सुझावहरुको छलफल र विश्लेषण गरिएका छन् । अन्त्यमा दशौं परिच्छेदमा सुझाब कार्यान्वयन योजना पेश गरिएको छ ।

## ५.मुद्दा ब्यवस्थापन र कार्यविधि सम्वन्धी पूर्व अध्ययन प्रतिवेदनहरुको अध्ययन

न्यायलाई छिटो, छरितो, सरल तथा सहज पहुँच बनाउने उपायहरुको खोजीको लागि उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८, शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०, अदालत व्यवस्थापन सम्वन्धी सुझाव प्रतिवेदन, २०५५, अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८, सर्वोच्च अदालतमा परेका मुद्दाहरुमा छिटो, छरितो कारवाही किनारा गर्न अपनाउनु पर्ने उपाय सम्वन्धमा गरिएको अध्ययनको प्रतिवेदन, २०६०, न्यायपालिकाको प्रथम, द्वितीय र तृतीय पञ्चवर्षीय रणनीतिक योजनाहरु, अदालत कार्य विवरण निर्देशिका, २०६४, सर्वोच्च अदालतमा मुद्दा प्रवाहको अवस्थासम्बन्धी अनुसन्धान प्रतिवेदन, २०६४, मुद्दाको विशिष्टिकृत नामाकरण, सफ्टवेयर डिजायन एवं विभिन्न ढाँचाहरु परिमार्जन गरी सुझाव पेश गर्न गठित कार्यदलको प्रतिवेदन, २०६४, अदालतको अधिकारक्षेत्र पुनरावलोकन कार्यदलको प्रतिवेदन, २०६५, मुद्दा व्यवस्थापन पद्धति विकास

सम्बन्धी अध्ययन प्रतिवेदन, २०६६, काठमाण्डौं जिल्ला अदालतको सायमकालीन अदालत स्थापना गर्ने अध्ययन प्रतिवेदन, २०६६, जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था अध्ययन प्रतिवेदन, २०६६, देवानी संहिता तथा देवानी कार्यविधि संहिताको मस्यौदा तथा प्रतिवेदन , २०६७, अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको मसौदा तथा प्रतिवेदन , २०६७, जिल्ला अदालतहरुमा समयतालिका पद्धति लागु गर्नेसम्वन्धी बेसलाइन सर्वेक्षण प्रतिबेदन, २०६९, नेपालको फौजदारी न्यायप्रणालीको आधारभूत सर्वेक्षण, २०६९, सर्वोच्च अदालतमा बिचाराधीन मुद्दाहरुमा फरक मुद्दाका लागि फरक व्यबस्थापन ( डि.सि.एम ) पद्धति कार्यान्वयन सम्बन्धी अध्ययन प्रतिवेदन,२०७०, व्यवस्थापिका–संसदमा पेश भएका देवानी र फौजदारी कार्यविधि संहिता विधेयक, २०७१, सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समितिको निर्णय र न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना सहितका पूर्व अध्ययन प्रतिवेदनहरुको अध्ययन गरिएको छ ।

## ६.मुद्दाको काम कारबाहीलाई छिटो छरितो पार्ने र मुद्दा व्यवस्थापन सम्वन्धी विद्यमान कानूनी व्यवस्था

निर्धारित अबधिभित्र मुद्दा फछ्र्यौट गर्नुपर्ने कुरालाई आधार बनाएर कानूनले विभिन्न व्यवस्थाहरु गरेको छ । यसै परिप्रेक्षमा सीमित रहेर संक्षेपमा कानूनी व्यवस्थाको उल्लेख गर्ने प्रयास गरिएको छ ।

१. नेपालको संविधान, २०७२ मा न्यायपालिकाको संवैधानिक व्यवस्था

२. प्रचलित कार्यविधिको कानूनी व्यवस्था (संक्षिप्त ( कार्यविधि) ऐन, २०२८, विशेष अदालत कार्यविधि र सामान्य कार्यविधि )

३. मुलुकी ऐनको छिटो छरितोको कानूनी व्यवस्था

४. अदालत नियमावलीहरु

५. न्याय प्रशासन ऐन, २०४८ को कानूनी व्यवस्था

६. मेलमिलाप सम्वन्धी ऐन, २०६८

## ७. विद्यमान कानूनी व्यवस्थाको संक्षिप्त विश्लेषण

कतिपय कानूनी प्रावधानहरु असजिला, अव्यवहारिक, झण्झटिला र परम्परागत शैलीका पनि छन् भने कतिपय सुधारका लागि महत्वपूर्ण पनि छन् । अव्यवहारिक, झण्झटिला र परम्परागत शैलीका प्राबधानहरुको सुधारको लागि प्रयास भइ नै रहेका छन । देवानी संहिता र फौजदारी संहिता र यिनैका कार्यविधिका विधेयकहरु संसदमा पेश भइरहेका छन् । संस्थागत र पद्धतिगत सुधारका परिवर्तनलाई हामी सबैले स्वीकार र स्वागत गर्न तत्परता देखाउनु पर्छ । एक्कासौं शताब्दीको हाँक र चुनौतिको सामना गर्दै न्यायपालिकालाई संवृद्ध र सफलताको शिखरमा पुराउनको लागि नयाँ संविधानको भावना अनुकूल कानूनी प्रावधानहरुको निर्माण गरी कार्यान्वयनमा जाँदा समस्याहरु स्वाभवतः न्यूनीकरण हुन्छन् । युग सुहाउँदो कानूनहरु बनाएर मुद्दा व्यवस्थापन पद्धतिको वैज्ञानिक विकास गरी न्याय सम्पादनलाई प्रभावकारी पार्न हामी सबैको ध्यान केन्द्रित हुनु नै आजको आवश्यकता र माग हो ।

## ८.ढिलाई हुने खालका प्रक्रियागत कानूनी प्रावधान

कतिपय कार्यविधि सम्वन्धी कानूनहरु नै छिटो, छरितो सरल पार्ने कार्यमा बाधक पनि रहेका छन । लामा र अव्यवहारिक कार्यविधिका कानूनहरु पनि ढिलासुस्तीका दोषी अवश्य पनि हुन । मुद्दाको काम कारवाही ढिलासुस्ती गर्ने प्रक्रियागत कानूनी प्रावधानहरुको पहिचान गरी सामान्य छलफल र विश्लेषण गरिने प्रयास गरिएको छ । मुद्दाको काम कारवाही ढिलासुस्ती पार्ने प्रावधानहरु धेरै हुन सक्छन होला । यहाँ केही प्रमुख व्यवस्थाको मात्र उल्लेखन गरिएको छ ।

१. अ.बं. ११५ नं. को साक्षी बुझ्ने प्रक्रिया लामो

२. सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ अन्तर्गतका मुद्दामा पुनरावेदन म्याद लामो

३. अंश मुद्दाको कारवाही लामो

४. फैसला भएको थाहा पाएको मितिले पुनरावेदन गर्ने गरेको

५. सद्दे, कीर्ते वा जालसाजी वयान गराउन दिने समय लामो

६. नाबालक, बृद्ध र विदेशमा रहेको व्यक्तिको अनुमति

७. अ.बं. ९४ नं.को वारेण्ट र म्यादी पूर्जी

८. सम्वन्ध विच्छेद मुद्दा

९. तारिख थाम्ने प्रावधानहरु

१०.अ.बं. ११० नं. को म्याद तामेलीको व्यवस्था

## ९. कार्यविधि कानून सम्वन्धमा ब्याख्या भएका सर्वोच्च अदालतको फैसलाहरु

सर्वोच्च अदालतबाट कार्यविधि सम्वन्धी भएका फैसला र आदेशहरुको पालना गर्दा मुद्दाको काम कारवाही छिटो छरितो हुन्छ । कार्यविधि कानूनको पालना र प्रयोगमा एकरुपकता कायम गर्न पनि मद्दत पुऱ्याउँछ। सर्वोच्च अदालतका कार्यविधि सम्वन्धी ब्याख्या भएका केही फैसलाहरु राखिएका छन ।

## १०.कार्यविधि सम्वन्धी सर्वोच्च अदालतको फैसलाको विबेचना

फैसलाहरुको समग्रमा विश्लेषण गर्ने हो भने तल्ला अदालतहरुले मुद्दाको काम कारवाही गर्दा कानून बमोजिम पालना गर्नुपर्ने कार्यविधिको पालना र प्रयोग उपयुक्त प्रकारले गरेको देखिदैंन । कार्यविधि कानूनको न्यायसम्मत तरिकाले प्रयोग नभएमा मुद्दाको कारवाही लामो, खर्चिलो र झन्झटिलो हुन्छ तथा समग्र अदालतको काम कारवाहीलाई नै प्रभावित गर्दछ । माथिल्लो अदालतको आदेशको पालना र अनुशरण गर्नु तल्लो अदालतको कानूनी कर्तब्य नै हुन्छ । कार्यविधि कानूनको सम्वन्धमा सर्वोच्च अदालतबाट सम्पादित भएका फैसला र आदेशको महत्वपूर्ण स्थान हुन्छ । साथै यी फैसलाहरु तल्ला अदालतको काम कारवाहीको लागि उपयोगी  हुन्छन । फैसलाहरुको पालना र प्रयोगमा विशेष ध्यान पुग्न सकेमा मुद्दाको काम कारवाहीमा गति प्राप्त हुन्छ । सेवाग्राहीलाई पनि मुद्दाको भार कम हुने अपेक्षा राख्न सकिन्छ ।

## ११.छिटो छरितो मुद्दा फछ्र्यौटका लागि मुद्दा व्यवस्थापनमा भएका प्रयासहरुको विश्लेषण

मुद्दा ब्यवस्थापनका लागि अध्ययन भएका माथि उल्लेखित विभिन्न प्रतिवेदनले मुद्दाको काम कारवाहीलाई ब्यवस्थित एवं छिटो छरितो बनाउन उल्लेख्य प्रयास गरेको देखिन्छ । यिनै अध्ययन प्रतिवेदनको आधारमा कतिपय ऐन नियम निर्माण भएका छन भने केन्द्रीय तहमा नीति निर्माण भएका छन । कतिपय सुझाबहरु कार्यान्वयनमा आउन नसकेका पनि छन । मुद्दा सुनुवाईको क्रममा वहस

समय निर्धारण हुन सकेको छैन । विशिष्टीकृत न्यायाधिकरण जस्तो वैदेशिक रोगार न्यायाधिकरण, ऋण असुली न्यायाधिकरणको स्थापना, मेलमिलाप ऐनको तर्जुमा आदि अध्ययन प्रतिवेदनकै उपलब्धी मान्न सकिन्छ । यसै गरी जिल्ला नियमावलीमा शंसोधन गरी देवानी र फौजदारी इजलासको गठन, मुद्दा दर्ताकै चरणदेखि फैसलासम्म एकै न्यायाधीशले गर्ने गरी मुद्दा जिम्मा लाउने ब्यवस्था आदि पनि मुद्दा ब्यवस्थापन अध्ययन प्रतिवेदनहरुकै योगदान हो । यसै गरी न्याय प्रशासन ऐन, २०४८ को संशोधनबाट पुनरावेदन अदालत तहबाटै केही अवस्थामा मुद्दा अन्तिम हुने ब्यवस्था, जिल्ला अदालतलाई वन्दीप्रत्यक्षीकरण र निषेधज्ञाको अधिकार दिने, पुनरावेदन अदालतलाई उत्प्रेषणको रिट हेर्ने क्षेत्राधिकार दिइनु, देवानी फौजदारी कार्यविधि संहिताको मस्यौदा हुनु पनि मुद्दा ब्यवस्थापन सम्वन्धी प्रतिवेदनको योगदान रहेको छ ।

## १२.मुद्दाको प्रक्रियामा देखिएका झन्झटिला व्यवहारहरुको पहिचान र त्यसमा गर्नुपर्ने सुधारका उपाय

सामान्य बोली बचनमा झन्झटिला व्यवहार भन्नाले झन्झट, दिक्क लाग्ने, ब्यर्थको काम भन्ने बुझिन्छ । अदालत, प्रहरी र सरकारी वकील कार्यालयमा सम्पादन हुने कार्यहरुबाट न्यायका उपभोक्ताहरु प्रभावित हुन्छन । यी कार्यालयमा आउँदा निश्चित समयमा काम कारवाही हुने आम प्रचलनको अभाव छ । हाम्रा कार्य र ब्यवहारहरु, कार्यगत विधि, प्रक्रिया, मुद्दाको लगत वृद्धि तथा हाम्रो परम्परागत सोचले पनि अदालतभित्र अनेकौं झन्झटिला व्यवहारहरुले जरो गाडिसकेका छन् । यस्ता व्यवहारहरुलाई सुधार गर्न मुद्दासँग सम्वन्धित सबै सरोकारवाला पक्षहरुले पनि इमान्दारितापूर्वक अदालतलाई सहयोग दिनु अपरिहार्य छ । निम्न झन्झटिला व्यवहारहरु पहिचान गरिएका छन ।

१. एउटै विवादमा पटक पटक सुनुवाई गर्ने

२. फैसला लेखनमा ढिलाई र उदासिनता गर्ने

३. उठाएर वकपत्र गराउने

४. समयमा कार्य सम्पन्न नगर्ने प्रबृति

५. पक्ष र विपक्षवीच समान व्यवहार प्रदर्शन नगर्ने

६. अनावश्यक तारिखमा बस्नुपर्ने

७. बन्द इजलासमा हुने सुनुवाईलाई प्रभावकारी रुपमा लागु नगरेको

८. मुद्दाको सुनुवाईको क्रममा लामो वहस गर्ने

९. अ.बं. १८४क. नं. को स्पष्ट पालना नगर्ने

१०. अदालत परिसरमा प्रतिक्षालयको अभाव

११. अदालतका आदेशले उपस्थित भएका नेपाल सरकारका साक्षीहरुले कानून बमोजिमको सुविधा पाउने नसकेको

१२. कानून व्यवसायीहरुको भूमिका सकरात्मक नरहेको

१३. भाषाको समस्या रहेको

१४. अ.बं. १२३ नं. को कार्यान्वयन गर्न हिच्किचाउने प्रबृत्ति

१५. अ.बं. १७ नं को कारबाही ढिलासुस्ती

१६. अ.बं. १२२ नं. को कार्यान्वयन कमजोरी

१७. दण्ड सजायको ११ क (२) नं. मरेतुल्य भएको

**१३.मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्न कार्यविधि कानूनमा गर्नुपर्ने सुधारको सुझाव**

सुधारका बादजुद पनि अदालतले नागरिकहरुको उचित आकांक्षा र चाहनालाई सकरात्मक रुपमा सम्बोधन गर्न सकिरहेको छैन । न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको चरणमा अदालतले कार्य सम्पादन गरिराखेको छ । यस अवधिमा जिल्ला अदालत र पुनरावेदन अदालतहरुमा मुद्दालाई छिटो छरितो पार्नमा केही हदसम्म सफलता मिले पनि अ.बं.१४ नं.को म्याद एक वर्षभित्र शुरु जिल्ला अदालतमा र छ महिनाभित्र पुनरावेदन तहमा मुद्दा किनारा गर्ने लक्ष्यमा पुग्न सक्ने क्षमताको आधारहरु स्थापित गर्न सकिएको छैन । सर्वोच्च अदालतमा मुद्दाको लगत प्रति वर्ष घट्ने भन्दा बढ्ने क्रम तिब्ररुपमा भइरहेको छ ।काम छिटो छरितो नहुनमा कतिपय अवस्थामा कानूनी प्रक्रियाहरु पनि दोषी हुन सक्छन, कतिपय अवस्थामा मानवीय जनशक्ति नै दोषी हुन सक्छ । छिटो छरितो काम कारवाहीलाई बाधा गर्ने कानूनी प्रावधानहरुलाई समयानुकूल सुधार गरेर जानु नै बुद्धिमत्ता हुन्छ ।मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नको लागि मौजुदा निम्न कानूनमा सुधार गर्नुपर्ने सुझाब गरिएको छ ।

१. जिल्ला अदालत नियमावली, २०५२ को अनुसूची ४ख.मा मुद्दा थप गर्नुपर्ने

२. संक्षिप्त (कार्यविधि ) ऐन, २०२८ मा संशोधन गर्नुपर्ने

३. अतिरिक्त समय ( सायमकालीन ) मा अदालत चलाउनुपर्ने

४. स्थानीय स्तरका न्यायिक निकायको कार्यविधि सरल र संक्षिप्त हुनुपर्ने

५. घुम्ती अदालतको व्यवस्था आवश्यक नभएको

६. विशिष्टीकृत इजलास कायम गरी समूह पद्धतिबाट मुद्दा किनारा गर्ने

७. अदालती बन्दोबस्तको ११५ नं. को साक्षी बुझ्ने प्रक्रिया सरल बनाउनुपर्ने

८. सरकारी मुद्दासम्वन्धी ऐन २०४९ अन्तर्गतका मुद्दामा पुनरावेदन म्याद अवधिलाई घटाउनुपर्ने

९. अंश मुद्दाको कारवाही प्रक्रिया छोटो पार्नुपर्ने

१०.फैसला आदि थाहा पाएको मितिले पुनरावेदन गर्ने अवधिलाई सीमित गर्नुपर्ने

११.बालबालिका, बृद्ध र विदेशमा रहेको व्यक्तिको अनुमति दिने अवधि घटाउनुपर्ने

१२.अ.बं. ९४ नं.को म्यादी पूर्जीको अवधि घटाउनुपर्ने

१३.सम्वन्ध विच्छेद मुद्दामा संक्षिप्त (कार्यविधि) ऐन, २०२८ को कार्यविधि लागु गर्नुपर्ने

१४.तारिख थाम्ने अवधिलाई घटाउनुपर्ने

१५.अ.बं. ११० नं. को म्याद तामेली ब्यवस्थामा सुधार गर्नुपर्ने

१६.तारेख प्रणालीमा सुधार गर्नुपर्ने

१७.जिल्ला अदालतमा पारिवारिक इजलास गठन गर्नुपर्ने

१८.अदालतको क्षेत्राधिकारमा सुधार गर्नुपर्ने

१९. निःसहाय महिला, बालबालिका जस्ता बर्गका ब्यक्तिहरुलाई मुद्दामा लाग्ने कोर्ट फी नलाग्ने ब्यवस्था गर्नुपर्ने

२०.सानातिना खालका मुद्दाका प्रतिवादीहरुलाई सरकारी वकीलले नै कागज गराई छाडन सक्ने कानूनी व्यवस्था गर्नुपर्ने

२१.शुरुमा मेलमिलापको लागि एक पटक अनिवार्य पठाउनु पर्ने

## १४. मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्न अन्य प्रक्रियागत व्यवस्थापकीय सुझाव

व्यवस्थापकीय काम कारबाहीहरुको कारणले गर्दा पनि मुद्दाको आयु लामो हुन्छ । तसर्थः यस परिच्छेदमा कानून बाहेकका मुद्दाको काम कारबाहीलाई प्रभावित गर्ने प्रक्रियागत व्यवस्थापकीय सुधारको लागि सुझाव दिइएका छन ।

१. वहस व्यवस्थापनमा समय निर्धारण गर्नुपर्ने

२. तपसील खण्डको लेखनमा सुधार गर्नुपर्ने

३. मुद्दालाई वर्गीकरण गरी समूहकृत गर्ने

४. वालवालिका, महिला, एकल महिला, वृद्ध र अशक्त व्यक्तिको मुद्दालाई प्राथमिकता दिई किनारा गर्नुपर्ने

५. सरकारी मुद्दामा जाहेरी दरखास्तको कारवाही चाँडो गरी अनुसन्धान समयमा गर्नुपर्ने

६. विवादको बिषय निर्धारण गर्नुपर्ने

७. मुद्दा सुनुवाइ स्थगनमा नियन्त्रण गर्नुपर्ने

८. फिरादपत्र दर्तामा विशेष ध्यान पुऱ्याउनुपर्ने

९. विद्यमान कार्यविधिमा सुधार गर्नुपर्ने

१०.छिटो छरितोका बाधाहरु पञ्छाउने

११.प्रारम्भिक सुनुवाइको व्यवस्थालाई पालना गर्ने र गराउने

१२.मुलुकी ऐनको अ.बं. १४ र १५ नं.को पालना गर्नुपर्ने

१३.समयतालिका निर्धारण गर्ने कार्यलाई प्रभावकारी बनाउनुपर्ने

**१५. सुझाब कार्यान्वयन योजना**

अध्ययनको अन्तिम परिच्छेदमा कानून, प्रक्रिया तथा व्यवहार सम्वन्धी सुझाब कार्यान्वयन योजना समावेश गरिएको छ ।

# परिच्छेद–एक

# प्रारम्भिक

## १.बिषय प्रबेश

न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितब्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने भन्ने नेपालको संबिधान, २०७२ को भाग ४ मा राज्यका निर्देशक सिद्धान्त ,नीति तथा दायित्वमा उल्लेख छ । न्यायको याचनाको लागि आएका सेवाग्राहीहरुलाई छिटो छरितो, सर्वसुलभ, मितब्ययी, निष्पक्ष, प्रभावकारी एबम् सरल न्याय दिनु र दिलाउनु अदालतको प्रमुख दायित्व हुन्छ । यसैले अदालतमा मुद्दा ब्यवस्थापनलाई प्रभावकारी संचालन गर्न, न्याय सम्पादनलाई गतिशील तथा विश्वासिलो पार्न, न्याय सम्पादनलाई छिटो छरितो पार्न, न्याय सम्पादनमा लाग्ने श्रम, समय र लागतलाई न्यून गरी न्यायमा नागरिकको सरल पहुँच बनाउनको लागि बर्तमान कानूनी ब्यवस्थाका केही प्राबधानहरुमा समयानुकूल सुधार गर्नु वान्छनीय हुन आउँछ।साथै नागरिकको न्यायप्रतिको आम जनचाहनलाई उचित र उत्तरदायित्वपूर्ण सम्वोधन गर्नको लागि पनि मुद्दा ब्यवस्थापनको आधुनिक वैज्ञानिक पद्धतिलाई लागु गरी प्रभाबकारीरुपमा कार्यान्वयन गर्दै जानुपर्ने हुन्छ।

बदलिदो सामाजिक वातावरण, शैक्षिक बिकास, विज्ञान र प्रविधिको विकास, नागरिकहरुमा बिकसित जनचेतना तथा प्रबिधि र आम संचारमा नागरिकहरुको सरल पहुँचले गर्दा सामाजिक ब्यवहार र कार्यहरुमा ब्यापक परिबर्तन भइरहेका छन् । अदालतमा दर्ता हुने मुद्दाका प्रकृतिमा पनि तद्अनुकूल नै बिविधता र जटिलता पनि थपिदै गइरहेका छन् । मुद्दाका पक्ष लगायत सरोकारवाला सबैलाई छिटो, छरितो, सरल, सहज, कम खर्चिलो र पहुँचयोग्य न्याय आजको सर्वोपरी आवश्यकता हो । छिटो छरितो र सुलभ न्याय प्राप्त गर्नु नागरिकको स्वाभाविक र बैध अधिकार पनि हुन्छ ।

न्याय सम्पादनलाई गतिशील, विश्वासिलो र छिटो छरितो बनाउन तथा न्याय सम्पादनमा लाग्ने श्रम, समय र लागतलाई न्यूनीकरण गरी न्यायमा नागरिकको सरल पहुँच बनाउन आधुनिक वैज्ञानिक मुद्दा व्यवस्थापन पद्धतिद्वारा मात्र सम्भव हुन्छ।आधुनिक मुद्दा ब्यवस्थापनको पक्षलाई हाम्रो न्यायपालिकामा आत्मसात गरी ब्यबहारमा लागू गर्न थालेको एक दशक मात्र पूरा भएको छ । लामो समयसम्म अदालत योजनाबिहीन तथा आधुनिक मुद्दा ब्यवस्थापनको अभावमा सञ्चालन भयो । यसो भएता पनि अदालतले नागरिकहरुको हक अधिकारलाई संरक्षण गर्ने दायित्वमा कहिले पनि

विमुख नभई  निरन्तर क्रियाशील रहन सकेको छ । अदालतलाई आम नागरिकहरुले विश्वासिलो र भरपर्दो संस्थाको रुपमा स्वीकार गरिरहेको छन ।

अदालतलाई समयअनूकुल सापेक्षरुपमा सुधार गर्ने प्रयास बिगत दशकहरुदेखि प्रारम्भ गरिए पनि ती सुधारका प्रयासहरुले अदालतको साधन, स्रोत र जनशक्तिलाई तात्विक अर्थमा रुपान्तरण गर्न र मुद्दाको उचित ब्यवस्थापन गरी छिटो छरितो र सुलभ न्याय दिन सकेको अनुभूति आम जनमानसमा अझै हुन सकेको छैन । न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको शुरु पछि मात्र अदालतमा मुद्दा ब्यवस्थापनको पक्षले केही स्थान पाउन थालेको हो भन्न सकिन्छ । मुद्दा ब्यवस्थापनलाई प्रभावकारी तुल्याई न्याय सम्पादनको कार्यलाई छिटो छरिता गर्नको लागि विभिन्न समयमा गठित समितिहरुले विभिन्न प्रतिवेदनहरु तयार पारी पेश गरे पनि ती प्रतिवेदनहरुलाई लागू गरी व्यवहारमा उतार्ने कार्य हुन सकेको छैन । मुद्दा ब्यवस्थापनको बिविध चुनौति र आवश्यकताको उपयुक्त ब्यवस्थापन गर्न तथा छिटो छरितो न्यायको लागि पनि समय अनुकूल बर्तमान कानूनका कतिपय प्राबधानहरुलाई सुधार गर्ने प्रयास पनि भई नै रहेका छन । २०२० सालमा जारिभएको मुलुकी ऐनले बिकसित अवधारणा र एक्काईसौं शताब्दीको आवश्यकता र मागलाई पूरा गर्न नसक्ने स्थितिमा रहेकाले मुलुकी ऐन तथा अन्य कानूनमा रहेका ब्यवस्था संशोधन र एकीकरण समेत गरी समयानुकूल बनाउन आवश्यक भएकोले भनी देवानी संहिता र फौजदारी संहिता, २०७१ सहितको पाँच वटा विधेयक संसदमा बिचराधीन अवस्थामा छन् । यी विधेयकहरु पारित भई कार्यान्वयन भएपछि न्यायपालिकामा नयाँ युगको प्रारम्भ अवश्य हुनेछ ।

नेपालको संबिधान, २०७२ ले न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितब्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने संकल्प गरेको छ । सानातिना विवाद समाधानको लागि प्रदेश कानूनद्वारा गठित स्थानीय स्तरका न्यायिक निकायहरु थप गठन गर्ने व्यवस्थाले नागरिकहरुले स्थानीय स्तरबाट नै सानातिना विवादहरुमा सरलरुपमा न्याय प्राप्त गर्न सक्ने अपेक्षा संविधानले गरेको देखिन्छ । यो अध्ययनले छिटो छरितो न्यायका लागि आवश्यक पर्ने कानूनी मार्गहरुमा सुधार गर्नुपर्ने  विधिहरुको सुझाव पेश गरिएको छ । यो सुझावको कार्यान्वयनबाट न्यायलाई छिटो र छरितो बनाउँने छ । यसबाट अदालतप्रतिको जनविश्वासमा पनि सकरात्मक अभिवृद्धि हुने अपेक्षा गरिन्छ ।

## २.कार्यदिश

मुद्दाको कारबाही छिटो छरितो सम्पन्न गर्नको लागि कार्यबिधि कानूनमा गर्नुपर्ने सुधार बारेमा अध्ययन गर्ने सम्वन्धमा न्यायमा पहुँच आयोगबाट निम्न कार्यदिश दिइएको छः

- हालसम्म न्यायपालिकाबाट भएका कार्यविधि सम्वन्धी अध्ययनहरुको समिक्षा गर्ने,
- कार्यविधि सम्वन्धी कानूनी व्यवस्था र सर्वोच्च अदालतको फैसला अध्ययन गर्ने ,
- हालसम्म छिटो छरितो मुद्दा फछ्र्यौट गर्नका लागि मुद्दा व्यवस्थापन बारेमा भएका प्रयासहरुको विश्लेषण गर्ने ।
- मुद्दाको कारवाहीमा अनावश्यक ढिलाई हुने खालका प्रक्रियागत कानूनी प्रावधानहरुको पहिचान गर्ने ।
- मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नका लागि कार्यविधि कानूनमा गर्नुपर्ने सुधारका बारेमा सुझाव पेश गर्ने ।
- मुद्दाका प्रक्रियामा देखिएका झण्झटिला व्यवहारहरु पहिचान गरी त्यसमा गर्नुपर्ने सुधारका उपायहरु पहिचान गर्ने ।
- उल्लेखित कानून, प्रक्रिया तथा ब्यवहार सम्वन्धी सुझाव कार्यान्वयन गर्ने कार्ययोजना प्रस्तुत गर्ने ।
- न्यायमा पहुँच आयोगको तर्फबाट अनुगमन हुने साथै आयोगको सचिवालयसँग निरन्तर सम्पर्कमा रहेर कार्य गर्नुपर्ने ।

## ३.अध्ययन अवधिः

१ महिना २१ दिन ( ११ डिसेम्वर २०१५ देखि ३१ जनवरी २०१६ सम्म तद्अनुसार २०७२ साल मंसिर २५ गतेदेखि ऐ माघ १७ गतेसम्म ) ।

## ४.अध्ययनको महत्व

सारवान कानूनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गराउने कार्यमा कार्यबिधि कानूनको प्रयोग र पालना गरिन्छ । अदालतको दैनिक काम कारबाहीसँग यो सम्बन्धित हुने र छिटो छरितो कार्यबिधिगत ब्यवस्थाले न्याय सम्पादनमा महत्वपूर्ण सहयोग पुग्न जाने हुन्छ । त्यसैले कार्यबिधि

कानूनमा गर्नुपर्ने सुधारका सम्वन्धमा यस अध्ययनबाट महत्वपूर्ण सहयोग पुग्ने अपेक्ष गरिएकोछ । साथै यस अध्ययनले न्यायका सेवाग्राहीलाई न्यायको पहुँचमा पुग्न पनि सहज गर्न सक्नेछ ।

**५.अध्ययनको उद्देश्य**

यस अध्ययन अनुसन्धानको उद्देश्य निम्न वमोजिम छन् :

- मुद्दाको काम कारवाहीलाई छिटो छरितो र सरल बनाउन बाधा पार्ने कार्यविधि कानूनहरुको पहिचान गरी सुधारको लागि सुझाबहरु पेश गर्ने,
- मनासिव समयभित्रै मुद्दा किनारा हुने पद्धति कायम गर्ने,
- अदालत र पक्षहरुको मुद्दामा लाग्ने समय, लागत र श्रमको न्यूनीकरण गर्ने,
- न्यायमा जनताको सरल र सहज पहुँच बढाउने,
- मुद्दा फछ्र्यौटमा छिटोपन कायम गरी फछ्र्यौट परिमाण बढाउने,
- न्याय पद्धतिको प्रभावकारिता सुनिश्चित गरी अदालतप्रतिको जनआस्था र विश्वासमा अभिवृद्धि गर्ने ।

**६.अध्ययन बिधि**

- मुलतः यस अनुसन्धानमा बिश्लेषणात्मक अध्ययन बिधिको सहायता लिएको छ । यसले बिद्यमान कार्यबिधि कानूनको ब्यवस्था, त्यसको प्रयोग र पालनामा देखिएका कमजोरीको पहिचान गरी आगामी दिनमा गरिनुपर्ने सुधारका उपायहरुको बारेमा सुझाब प्रस्तुत गरिएको छ । यो एक व्यवहारिक स्वरुपको अध्ययन भएकोले अध्ययनलाई बढी यथार्थपरक बनाउनको लागि निम्न कार्य अबलम्वन गरियोः
- काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीशहरु र स्रेस्तेदारहरु, उपत्यकाका केही कानून ब्यबसायीहरु र सरोकारवालाहरुसँग छलफल र अन्तरक्रिया गरी राय सुझाब लिने कार्य गरियो ।
- सर्वोच्च अदालतका बिभिन्न महाशाखा प्रमुख तथा मुद्दा शाखाका प्रमुखहरु र इजलास अधिकृतहरुसँग पनि सामान्य छलफल गरी राय लिने कार्य गरियो ।
- सम्माननीय प्रधान न्यायाधीशज्यूबाट समय समयमा दिएका सुझाव र निर्देशनहरुलाई पनि अध्ययनको आधार बनाइयो ।

- न्यायमा पहुँच आयोगका माननीय सदस्यहरुसँग भएको छलफललाई पनि आधार लिइएको छ।
- उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८ देखिका अदालतका विभिन्न अध्ययन प्रतिवेदनहरु, सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समितिको निर्णय, रणनीतिक योजनाहरु, सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरु, अदालतको अधिकारक्षेत्र पुनरावलोकन कार्यदलको प्रतिवेदन, २०६५, अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको मसौदा तथा प्रतिवेदन, २०६७, नेपालको फौजदारी न्यायप्रणालीको आधारभूत सर्वेक्षण, २०६९, नेपाल कानून पत्रिकाहरुमा प्रकाशित नजीरहरु, व्यवस्थापिका–संसदमा पेश भएका देवानी संहिता, २०७१, देवानी कार्यविधि संहिता, २०७१, अपराध संहिता, २०७१, फौजदारी कार्यविधि संहिता, २०७१, फौजदारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐन, २०७१ विधेयक समेतलाई अध्ययन र विश्लेषण गरी राय सुझाबको लागि आधार लिने कार्य गरियो ।

काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला अदालतका केही मुद्दाको मिसिल नमूनाको रुपमा अध्ययन गर्ने प्रस्ताब गरिएकोमा समय अभावले यो कार्य गर्न सकिएन ।

**७.अध्ययनको सीमा**

यो अनुसन्धान बिद्यमान कार्यबिधि कानूनको ब्यवस्था तथा त्यसको प्रयोगमा देखिएका समस्याहरु पहिचान गरी त्यसको सुझाब दिने उद्देश्य रहेको छ । यो अनुसन्धानमा फैसला कार्यान्वयनको पक्ष र अर्धन्यायिक निकायसँग सम्बन्धित कार्यबिधिगत बिषयहरु समाबेश गरिएको छैन ।

**८.समस्याको पहिचान**

- मुद्दाको कारवाहीमा अनावश्यक ढिलाई हुने खालका प्रक्रियागत कानूनी प्रावधानहरुको पहिचान गर्ने ।
- मुद्दाको प्रक्रियामा झण्झटिला ब्यवहारहरुको पहिचान गर्ने ।
- मुद्दाको कारबाही छिटो छरितो सम्पन्न गर्नको लागि कार्यबिधि कानूनमा गर्नुपर्ने सुधार बारेमा दिनुपर्ने सुझाबको पहिचान गर्ने ।
- न्यायमा पहुँचमा बाधा पार्नसक्ने कानूनी ब्यवस्थाको पहिचान गर्ने ।

- मुद्दाको कारबाही छिटो छरितो सम्पन्न गर्नको लागि कार्यबिधि कानूनमा गर्नुपर्ने सुधार बारेमा दिइने सुझाबको कार्यान्वयन गर्न दिइने कार्य योजनामा समावेश गर्नुपर्ने आधारहरुको पहिचान गर्ने ।

## ९.अध्ययनको स्वरुप

प्रस्तुत अध्ययन प्रतिवेदनलाई दश परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा कार्यदिश, अध्ययन अवधि लगायतका प्रारम्भिक व्यवस्थाहरु राखिएका छन भने दोस्रो परिच्छेदमा मुद्दा व्यवस्थापन र कार्यविधि सम्बन्धी पूर्व अध्ययन प्रतिवेदनहरुको अध्ययन गरिएको छ । तेस्रो परिच्छेदमा मुद्दाको काम कारबाहीलाई छिटो छरितो पार्ने र मुद्दा व्यवस्थापन सम्वन्धी विद्यमान कानूनी व्यवस्था र संक्षिप्त विश्लेषण गरिएको छ । चौथो परिच्छेदमा मुद्दाको कारवाहीमा अनावश्यक ढिलाई हुने खालका प्रक्रियागत कानूनी प्रावधानहरुको पहिचान, छलफल र विश्लेषण गरिएका छन । पाँचौं परिच्छेदमा कार्यविधि कानून सम्वन्धमा ब्याख्या भएका सर्वोच्च अदालतको फैसलाहरुको विबेचना गरिएको छ । छठौं परिच्छेदमा छिटो छरितो मुद्दा फछर्यौट लागि मुद्दा व्यवस्थापनमा भएका प्रयासहरुको विश्लेषण गरिएको छ ।

सातौं परिच्छेदमा मुद्दाको प्रक्रियामा देखिएका झन्झटिला व्यवहारहरुको पहिचान र त्यसमा गर्नुपर्ने सुधारका उपाय र आठौं परिच्छेदमा मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्न कार्यविधि कानूनमा गर्नुपर्ने सुधारको पक्षको छलफल, विश्लेषण र सुझाव तथा नवौं परिच्छेदमा मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नका लागि अन्य प्रक्रियागत व्यवस्थापकीय सुधारको लागि दिइएका सुझावहरुको छलफल र विश्लेषण गरिएका छन् । अन्त्यमा दशौं परिच्छेदमा सुझाब कार्यान्वयन योजना पेश गरिएको छ ।

# परिच्छेद –दुई

## मुद्दा व्यवस्थापन र कार्यविधि सम्बन्धी पूर्व अध्ययन प्रतिवेदनहरुको अध्ययन

न्यायमा नागरिकहरुको सरल र सहज पहुँच हुन सकेमा मात्र लोकतन्त्रको आर्दश मान्यता पूरा हुनेमा निश्चित छ । खास गरी २००७ सालमा प्रजातन्त्र प्राप्तिदेखि नै स्वतन्त्र न्यायपालिकाको प्रारम्भ भएको हो । न्यायलाई छिटो, छरितो, सरल तथा सहज र कम खर्चिलो बनाउने प्रयासहरु धेरै पहिलादेखि नै हुन थालेका हुन । यो लक्ष्य प्राप्तिको लागि राज्य र न्यायपालिका लागिराखेको नै छ । उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८ देखि न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/७२–२०७५/७७६ ) को प्रथम वर्षसम्म आइपुग्दा न्यायपालिकाको संरचना, क्षेत्राधिकार र कार्य प्रक्रियामा थुप्रै परिवर्तन आइसकेका छन् । हालै जारी भएको नेपालको संविधान, २०७२ ले पनि न्यायपालिकाको संरचना, क्षेत्राधिकारमा पनि थप प्रभावकारी पार्न प्रयास गरेको छ । विगतका अध्ययनहरुमा पहिचान गरिएका कतिपय समस्याहरु र समस्या समाधानका उपायहरुको सुझाबहरु केही हदसम्म सरकार र न्यायपालिकाले कार्यान्वयन नगरेको होइन। तर यी पूर्व अध्ययन प्रतिवेदनहरुको सान्दर्भिकता अहिले पनि विद्यमान नै छ। यी अध्ययन प्रतिवेदनहरु अहिलेको अध्ययनको लागि पनि महत्वपूर्ण सन्दर्भ सामाग्री हुन आएका छन् । यस परिच्छेदमा पूर्व अध्ययनहरुमा संबोधन गरिएका केही महत्वपूर्ण बुँदाहरु संक्षेपमा तल उल्लेख गरिएको छन् ।

### १.उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८

नेपाल अधिराज्य भरी बढ्दै गएको मुद्दा मामिलाको फछ्र्यौट बढी दक्षता र तत्परता साथ छिटो र छरितो सम्पादन हुन सक्ने उपायहरुको पत्ता लगाउन समेतकालागि तत्कालीन श्री ५ महाराजधिराजबाट प्रधान न्यायाधीशको अध्यक्षतमा गठित आयोगको प्रतिवेदनले निम्न सुझाव दिएको पाइन्छ ।

- कुनै पनि मुद्दा बेञ्च समक्ष सुनुवाईको निमित्त प्रस्तुत भएपछि सो मुद्दा नछिनिएसम्म सुनुवाई जारी राख्ने ।
- मुद्दा पेश भएपछि पक्षहरुको वकीलले आफ्नो केश स्पष्ट गर्न साधारणतयाः आधा घण्टाभन्दा बढी नलिने गराउने ।

- रिटसम्बन्धी मुद्दामा वहस नोट दिने लिने परम्परा बसाउँदै लैजानु पर्ने ।
- म्याद सूचना तामेल गर्ने सम्वन्धी प्रक्रियामा सुधार गर्ने ।
- दौडाहा वा घुम्ती अदालत पठाउँदा न्यायको आसन अस्थिर हुने हुँदा घुम्ती अदालतको आवश्यकता महसुस नगरेको ।
- दुई वर्षसम्मकैद भएका वा २१ वर्षभन्दा मुनीका लोग्नेमानिस वा जतिसुकै वर्ष पुगेका स्वास्नीमानिसलाई जतिसुकै कैद भए पनि कागज गराई अदालतले छाड्न सक्ने ब्यवस्था गर्नुपर्ने ।
- फौजदारी दण्ड विधान, फौजदारी कार्यविधि, देवानी कार्यविधि, साक्षी प्रमाण कानून बनाउने ।
- संक्षिप्त ( कार्यबिधि ) ऐनको बिधेकको मस्यौदा प्रस्तुत गरेको ।

## २.शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४०

न्याय निष्पक्ष, सरल र सर्वसुलभ गराउन प्रचलित न्याय ब्यवस्था तथा कार्यपद्धतिमा के कस्तो सुधार गर्न आवश्यक छ भन्ने सम्वन्धमा अध्ययन र छानवीन गरी प्रतिवेदन पेश गर्न सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश सरदार श्री ईश्वरीराज मिश्रको अध्यक्षतामा तत्कालीन श्री ५ महाराजधिराजबाट गठित शाही न्याय सुधार आयोगले न्याय निष्पक्ष, सरल र सर्वसुलभ गराउन न्याय व्यवस्था तथा कार्यपद्दतिमा आवश्यक सुधार गर्न विविध विषयमा विस्तृत प्रतिवेदन पेश गरेको थियो । प्रतिवेदनले दिएको केही सुझावहरु तत्काल कार्यान्वयन पनि गरियो । यी तत्कालीन सुधारहरुले अदालतको काम कारवाहीमा महत्वपूर्ण सुधार गरी अदालती व्यवस्थापनपनलाई सुदृढ पार्न केही हदसम्म प्रयास गरेको देखिन्छ । कार्यविधि कानूनमा सुधार गर्न निम्न सुझाबहरु दिएको पाइन्छ ।

- कोर्ट फी ऐन, २०१७ को ब्यवस्था बमोजिम कोर्ट फी तिर्न सक्ने वा नसक्ने आदेश तत्कालीन अंचल र जिल्ला न्यायाधीशसमेतले गर्न पाउने ब्यवस्था गर्न र कोर्ट फी फिर्ता दिने रकम बार्षिकरुपमा बजेटमा ब्यवस्था गर्ने समेतमा सुधार गर्ने ।
- नगर पञ्चायत ( हाल नगरपालिका ) इलाकामा हुलाकद्वारा म्याद सूचना तामेल गराउने र तामेलदारको दरबन्दी बढाउनु पर्ने तथा तामेलदार काममा खटिंदा फिल्ड भत्ता दिनुपर्ने र वारेण्ट जारी हुने मुद्दाको म्यादी पूर्जि अदालतबाट तामेल गर्नुपर्ने जस्ता कार्यमा सुधार गर्नुपर्ने।

- प्रमाण बुझिसकेपछि तारेखमा बस्न नचाहाने पक्षलाई अदालतको आदेशले तारेख टुटाई दिने ब्यवस्था गर्न कानूनी सुधार गर्नुपर्ने ।
- थुनछेक सम्वन्धीः अदालती बन्दोबस्तको ११८ नं लाई सुधार गर्नुपर्ने ।.
- मुद्दा डिसमिस हुँदा लागेको कैद, संक्षिप्त ( कार्यविधि ) ऐनको मुद्दामा पहिलो पटक कैद लागेको ब्यक्ति, ७५ वर्ष नाघेका बृद्ध, नाबालक वा अशक्त बिमारी वा ७ वर्ष मुनिका केटाकेटी भएको स्वास्नीमानिस भएमा अवस्था हेरी लागेको कैदलाई नगदमा परिणत गरी असूल गर्ने ब्यवस्था गर्नुपर्ने ।
- नाता कायम गरी पाउँ, न्यारान गराई पाउँ भन्ने सम्वन्धमा स्पष्ट म्याद तामेली कानूनी ब्यवस्था हुनुपर्ने ।
- असमर्थ पक्षको कानूनी सेवा प्रदान गर्न वैतनिक कानून ब्यवसायीको ब्यवस्था प्रत्येक तत्कालीन अंचल अदालत र जिल्ला अदालतमा गर्ने ।
- अ.बं ८३ नं. मा प्रतिवादीको तर्फबाट पनि प्रत्युत्तर गर्न पाउने अनुमतिको ब्यवस्था समावेश गर्नुपर्ने ।
- जीउ मास्ने बेच्नेको महल अन्तर्गतको मुद्दामा, जबरजस्ती करणी र हाडनाताको १ नं.ले सजाय हुने मुद्दालाई वारेण्ट एवं म्यादी पूर्जि जारी गर्ने ब्यवस्था अ..बं ९४ नं मा गर्ने ।
- हकबेहकको टुङ्गो लागिसकेको बिषयमा चलनमा नालिस नदिई चलनको कोर्ट फी र बिगोको २.५ प्रतिशत दस्तुर लिई चलन चलाई दिने ब्यवस्था गर्ने ।
- सम्पूर्ण क्षेत्रलाई समेटन सक्ने गरी छुट्टै क्षतिपूर्ति सम्वन्धी कानून र बार काउन्सिल ऐनको तर्जुमा गर्नुपर्ने ।

उपर्युक्त सुझाबहरु मध्ये धेरै सुधार गरी लागू समेत भइसकेका छन् । केही निम्न छन् :

- जिल्ला, अञ्चल, क्षेत्रीय अदालतको क्षेत्राधिकारमा सुधार ।
- तत्कालीन अञ्चल अदालतमा संयुक्त इजलासको व्यवस्था ।
- राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको स्थापना ।
- अदालती बन्दोबस्तको ११८ नं. र न्याय प्रशासनसँग सम्बन्धित केही कानूनहरुमा सुधार ।

**३. अदालत व्यवस्थापनसम्वन्धी सुझाव प्रतिवेदन, २०५५**

अदालत व्यवस्थापन समिति, २०५४ सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश श्री केशवप्रसाद उपाध्यायको अध्यक्षतामा गठन भएको थियो । समितिले बुझाएको २०५५ सालको प्रतिवेदनमा

अदालत व्यवस्थापनका विविध पक्षलाई समेटिएको पाइन्छ । प्रतिवेदनले मुद्दा प्रवाहसम्वन्धी व्यवस्थापनका लागि कार्यविधि कानूनमा सरलीकरणको आवश्यकता औंल्याएको छ । खासगरी मुद्दा प्रवाहसम्बन्धी व्यवस्थापन अन्तर्गत सुधारका लागि प्रस्तुत गरिएका देहायका सुझावहरु उल्लेखनीय छन्ः

- विशेष प्रकृतिका मुद्दा हेर्न विशेष किसिमका अदालत वा न्यायाधीकरणको गठन हुनु पर्ने,
- विवाद समाधानको वैकल्पिक उपायहरुलाई अवलम्वन गर्नुपर्ने,
- मुद्दा दर्ता भएपछि इजलासमा पेश गर्ने, आदेश र फैसला तयार गर्ने, आदेशको कार्यान्वयन गर्ने लगायतका कामका लागि अबधि निर्धारण गरी सो वमोजिम भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्ने,
- मुद्दाहरुको छोटकरी विवरण लेखिएको टिपोट किताब खडा गरी मुद्दा पेश हुनु पूर्व नै न्यायाधीशलाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने,
- देवानी कार्यविधि संहिता र फौजदारी संहिता तयार गरी लागु गर्नुपर्ने ।
- मुद्दा परी कारवाहीको अवस्थामा विवादित जग्गा विक्री भएमा जग्गामा दावी गर्ने पक्षले दिएको निवेदनबाट कारवाही गर्नसक्ने ब्यवस्था हुनुपर्ने ।
- अर्काको जग्गामिची घर निर्माण गरेको रहेछ भने जग्गाको पंचकृति मोल कायम गरी जग्गा धनीलाई दिलाई जग्गा घर बनाउने ब्यक्तिको हुने ब्यवस्था गर्ने ।
- जिल्ला अदालतलाई अचल सम्पत्तिसँग सम्बन्धित क्षतिपूर्ति सम्बन्धी मुद्दा तथा वन्दीप्रत्यक्षीकरण र निषेधज्ञा सम्बन्धी निवेदन हेर्ने अधिकार दिनुपर्ने ।
- विदेशमा म्याद वा सूचना तामेल गर्ने सम्वन्धमा आवश्यक नियम तर्जुमा हुनुपर्ने ।
- म्याद तामेलीलाई प्रभावकारी बनाउने ब्यवस्था गर्नुपर्ने ।
- अ.बं. १७१क.नं.मा उपयुक्त आदेश दिनसक्ने गरी आवश्यक ब्यवस्था गर्नुपर्ने ।
- कार्यविधिमा एकरुपकता ल्याउन र समयलाई बचत गर्न दिग्दर्शन (Court manual) तयार गर्नुपर्ने ।

### ४. अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८

अदालत सुदृढीकरण सुझाव समितिको संयोजकमा न्याय परिषदका सचिव श्री काशीराज दाहाल रहनुभएको थियो । प्रतिवेदनमा शीघ्र र सुलभ न्यायलाई महत्वका साथ प्रस्तुत गरिएको र सो

अन्तर्गत मुद्दा किनारा गर्नुपर्ने समयावधि र व्यवहारिक स्थिति, शीघ्र र सुलभ न्याय सम्पादनका सन्दर्भमा मूल समस्याहरु, कार्यविधि कानूनमा सरलीकरण जस्ता सुधारका विषयहरु समेटिएको छन्। मुद्दाको कारवाहीलाई छिटो छरितो र सुलभ पार्ने सम्बन्धमा हुनुपर्ने सुधार अन्तर्गत देहाय वमोजिमका सुझावहरु मुद्दा व्यवस्थापन र कार्यविधिसँग सम्बन्धित देखिन्छन् :

- अदालतको क्षेत्राधिकार सम्वन्धमा सुधार गर्नुपर्ने ।
- न्यायिक र प्रशासकीय कार्यमा विशिष्टिकरणको लागि सुधार गर्नुपर्ने ।
- म्याद तामेलीको वर्तमान कानूनमा सुधार गर्नुपर्ने ।
- प्रमाण बुझ्ने कार्यविधिमा सुधार गर्नुपर्ने ।
- संक्षिप्त ( कार्यविधि ), २०२८ मा समय अनुसार बिगो बढाउनुपर्ने, मुद्दा हेर्ने अदालतमा छुट्टै समय वा इजलासको ब्यवस्था गर्नुपर्ने र वादीले प्रमाण पेश गरिसकेपछि मुद्दा डिसमिस गर्न नहुने कानूनी ब्यवस्थालाई डिसमिस हुने ब्यवस्था र यस ऐन अन्तर्गतका मुद्दा पुनरावेदन अदालतबाटै अन्तिम हुने गरी कानूनी सुधार हुनुपर्ने । साथै संक्षिप्त कार्यविधि ऐन अन्तर्गतका मुद्दाहरुले पेशीमा अग्राधिकार पाउनु पर्ने । अनुसूची (१) मा अरु यस्तै खालका मुद्दाहरु पनि थप गर्न उपयुक्त हुने ।
- वीस हजार भन्दा कम बिगो भएको मुद्दा र सानातिना सजाय हुने प्रकृतिका विवादहरु पुनरावेदन अदालतबाट नै अन्तिम हुनु पर्ने ।
- प्रशासकीय प्रकृतिका मुद्दाको पुनरावेदन सुन्ने क्षेत्राधिकार प्रशासकीय अदालतलाई तोकिनुपर्ने।
- फैसला कार्यान्वयन सम्वन्धमा सुधार गर्नुपर्ने ।
- विवाद समाधानमा बैकल्पिध उपाय लागु गर्नुपर्ने, सानातिना मुद्दाका लागि लोक अदालत लागुगर्न अध्ययन हुनुपर्ने, इजलास विशिष्टिकरण गर्नुपर्ने, अर्ध न्यायिक निकायको छुट्टै कार्यविधि निमार्ण गर्नुपर्ने ।
- मुद्दाको प्रकृति अनुसार पेशी राख्ने व्यवस्था गर्नुपर्ने ।
- मुद्दाको काम कारवाहीमा क्यालेण्डर प्रणाली लागू गर्नुपर्ने ।
- मुद्दाको व्यवस्थापनमा गरिनु पर्ने सुधार अन्तर्गत कम्प्युटर अभिलेख प्रणाली लागू गर्ने तथा मुद्दाको विषयगत वर्गीकरण गर्ने ।
- अदालतको जग्गा र भवनको मापदण्ड तोकेको ।

## ५. फौजदारी कार्यविधि दिग्दर्शन २०५८

- यो फौजदारी कार्यविधि दिग्दर्शन सर्वोच्च अदालतसमेतको अग्रसरतामा कानून तथा संसदीय ब्ववस्था मन्त्रालय, महान्यययाधिवक्तको कार्यालय, प्रहरी प्रधान कार्यालय, नेपाल वार एशोसिएशन र न्यायाधीश समाजको सहभागितामा कानून अन्वेषण तथा स्रोत बिकास ( सेलर्ड ) बाट तयार गरी प्रकाशन गरिएको हो । फौजदारी कार्यविधिमा सर्वोच्च अलदालतले गरेको ब्याख्या, स्थापित अन्तर्राष्ट्रिय मापदण्डहरु र त्यस्ता कार्यविधिको पालना गर्दा सम्वन्धित अधिकारीले पालना गर्नुपर्ने आचरसंहिताका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय मापदण्डहरु समेत समावेश गरिएकोछ । फौजदारी मुद्दाको दायरीदेखि फैसला कार्यान्वयनसम्ममा पालना गर्नुपर्ने कार्यविधिहरुको बिस्तृत उल्लेख गरी तयार पारिएकोछ । यो दिग्दर्शनले फौजदारी न्याय प्रशासनलाई सक्षम र सुदृढ बनाउनमा महत्वपूर्ण योगदान गरेको छ । साथै फौजदारी न्याय सम्पादनलाई छिटो छरितो बनाउने एउटा महत्वपूर्ण दस्ताबेज पनि भएको छ ।

## ६. सर्वोच्च अदालतमा परेका मुद्दाहरुमा छिटो, छरितो कारवाही किनारा गर्न अपनाउनु पर्ने उपाय सम्वन्धमा गरिएको अध्ययनको प्रतिवेदन, २०६०

तत्कालीन सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री खिलराज रेग्मीको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदनमा मुद्दा प्रवाह व्यवस्थापनमा सुधार गरी छिटो छरिटो न्याय गर्नको लागि देहायका सुझावहरु प्रस्तुत गरिएको पाइन्छ :

- मुद्दा (रिट समेत) लाई विषयगत आधारमा वर्गीकरण गरी फाँट व्यवस्था तथा कजलिष्ट व्यवस्था गर्ने ।
- रिट निवेदन वा अन्य केही खास प्रकृतिका मुद्दामा ठहर गर्नुपर्ने कानूनी प्रश्न पत्ता लगाई मुद्दाको समूह विभाजन गर्ने कार्यका लागि विशेषज्ञ समूह रहेको एउटा कार्यदल गठन गरी ३ महिना भित्र कार्य सम्पन्न गराउनु पर्ने ।
- मुद्दा पहिल्याउने पद्धतिलाई (Case tracking system) प्रभावकारी बनाउनको लागि भरपर्दो प्रकृया कम्प्युटर सञ्जाल निमार्ण गर्ने ।
- सर्वोच्च अदालतमा सानातिना मुद्दाले सहज प्रवेश नपाउने गर्न केही मुद्दा पुनरावेदन अदालतवाट नै हद मुनी हुने र प्रशासकीय प्रकृतिका मुद्दा हेर्न प्रशासकीय अदालतको नयाँ

ढङ्गवाट गठन र क्षेत्राधिकार  तोक्ने व्यवस्था गर्ने गरी कानून संशोधन / तर्जुमा प्रकृया अगाडि वढाउनु पर्ने,

- म्याद तामेल गर्ने प्रकृयामा टेलेक्स, फ्याक्स, ईमेल जस्ता विद्युतीय माध्यम वा हुलाक रजिष्ट्री तथा पत्रपत्रिकामा सूचना प्रकाशन गरेर पनि म्याद तामेल भएको मानिने र तामेल हुन सक्ने कार्यविधि निर्धारण गर्न कानूनमा संशोधन गर्नु पर्ने,
- दोहोऱ्याई पाउँ भन्ने निवेदनका सिलसिलामा सम्वन्धित शुरु र पुनरावेदन तहको रेकर्ड मिसिल झिकाउन सह रजिष्ट्रार तहको अधिकृतले सक्ने गरी नियममा व्यवस्था गर्ने,
- रिट निवेदनमा निवेदक, विपक्षी दुवैवाट मुद्दाको Brief लिई एक अर्का पक्षलाई पठाई अन्तिम रुपमा Brief तयार गरी ठहर गर्नु पर्ने प्रश्न निर्धारण गर्ने परिपाटी वसाल्न नियममा व्यवस्था गर्ने,
- नियमित अदालत प्रयोगकर्ताको परिचय, नाम दर्ता जस्ता कुराहरु व्यवस्थित गर्न नियमावलीमा आवश्यक संशोधन गर्नु पर्ने ।

## ७.न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०६१–२०६६)

न्यायपालिकाको परिलक्ष्यलाई परिपूर्ति गर्नकालागि पाँच बर्षभित्र सम्पन्न गर्न खोजिएका मूल चारवटा कार्यहरुमा फैसला गर्ने कार्य, सुपरिवेक्षण र अनुगमनको कार्य तथा अदालत व्यवस्थापनलाई समेटिएको छ । रणनीतिक योजनामा कार्ययोजना, नतिजा र कार्यसम्पादन सूचक समेत उल्लेख गरिएको छ । कार्ययोजनाले मुद्दा ब्यवस्थापन सम्वन्धमा देहायका कार्यहरु समेटेको छ :

- प्रभावकारी मुद्दा व्यवस्थापनको नीति बनाउने, मुद्दाको बक्यौतामा कमी ल्याउने, विशेषज्ञता लगायत मुद्दा व्यवस्थापन सम्बन्धी अन्य उपायहरु अपनाउने ।
- नीतिमा दर्शाइए अनुसारको सुधारका लागि सबै अदालत नियमावलीहरुमा संशोधन गर्ने ।
- चरणबद्धरुपमा मुद्दाको विभाजन प्रणालीका लागि उपयुक्त कम्प्युटर कार्यक्रमको विकास गर्ने।
- मुद्दा प्रवाहका सम्बन्धमा अदालतको आन्तरिक सुपरिवेक्षण र अनुगमनलाई सुदृढ तुल्याउने।
- मुद्दाको गतिलाई सम्बन्धित न्यायाधीशको नियन्त्रणभित्र ल्याउने ।
- सर्वोच्च अदालत र पुनरावेदन अदालतहरुमा न्यायाधीशलाई मुद्दा जिम्मा लगाउने पद्धतिको विकास गर्ने ।

- मुद्दा सुनुवाईको लागि समय व्यवस्थापन प्रणाली विकास गर्ने ।

**८. अदालत कार्य विवरण निर्देशिका, २०६४**

यस निर्देशिकाले समय व्यवस्थापन, कार्यतालिकाको निर्माण र उद्देश्य निर्धारण गर्ने सम्बन्धमा जोड दिएको छ । देहायका बुँदाहरु मुद्दा व्यवस्थापन सम्बन्धमा महत्वपूर्ण रहेका छन्ः

- प्रत्येक दिन गर्नुपर्ने कार्यको सूची बनाउने, बनाइएको सूचीका विषयमा प्राथमिकताको निर्धारण गर्ने र कति समयभित्र कुन काम गरी सक्नु पर्ने हो सो निर्धारण गर्ने ।
- हरेक मुख्य मुख्य कार्यको लागि लाग्ने समय निर्धारण गर्ने, ती मुख्य कार्य गर्न आवश्यक नियमित कार्यहरुको लागि समयको बाँडफाँड गर्ने, तथा कुनै काम शुरु गर्ने र अन्त गर्ने अन्तिम बिन्दुको निर्धारण गर्ने ।
- गर्नुपर्ने महत्वपूर्ण कामको पहिचान गर्ने, कसरी गर्ने र कहिलेसम्म गरी सक्ने, कसले काम गर्ने हो पहिचान गरी लागत र लाभको विचार गर्ने ।

**९. सर्वोच्च अदालतमा मुद्दा प्रवाहको अवस्थासम्बन्धी अनुसन्धान प्रतिवेदन, २०६४**

राष्ट्रिय न्यायिक प्रतिष्ठानद्वारा मुद्दा प्रवाह व्यवस्थापन सम्बन्धमा अनुसन्धानमूलक अध्ययन गराइएको पाइन्छ । सर्वोच्च अदालतको मुद्दा प्रवाह व्यवस्थापनलाई लक्षित गरी तयार पारिएको उक्त प्रतिवेदनमा मुद्दा प्रवाह व्यवस्थापनमा परम्परागतरुपमा रहेका निम्न समस्याहरु देखाइएको छ :

- मिसिल प्रमाण मगाउन समय लाग्नु ।
- माग भएर गए पछि पनि समयमा नपठाइनु ।
- प्रमाण बुझ्नका लागि पटक पटक आदेश हुने अवस्था आउनु ।
- अङ्ग पुगेर पनि चाँडो पेशी जान नसक्नु ।
- पेशीमा गएपनि सुनुवाई हुन नसक्नु ।
- पटक पटक स्थगित गराइनु ।
- म्याद तामेली समयमा हुन नसक्नु ।
- तामेली म्यादमा रीत पुग्न नसक्नु ।
- अन्य निकायबाट माग गरिएका प्रमाण र जवाफ समयमा नआउनु ।

## १०. मुद्दाको विशिष्टिकृत नामाकरण, सफ्टवेयर डिजाइन एवं विभिन्न ढाँचाहरु परिमार्जन गरी सुझाव पेश गर्न गठित कार्यदलको प्रतिवेदन, २०६४

यस प्रतिवेदनमा मुद्दाको नामाकरण र वर्गीकरण, मुद्दा दर्ता किताव, त्यसको कोड र मुद्दाको संकेत पद्धति, मुद्दाको विभिन्न चरणमा अवलम्वन गरिने कार्य पद्धतिलाई कम्प्युटर सफ्टवेयरमा समावेश गर्न सफ्टवेयर डिजाइन र मुद्दा कारवाहीको समय तालिका समेत प्रस्तावित गरिएको छ । प्रतिवेदनमा उल्लेख भएका विषयहरु मुद्दा व्यवस्थापनसँग सम्बन्धित् हुँदा केही बुँदाहरु निम्न वमोजिम छन्ः

- शुरु मुद्दा, पुनरावेदन र रिट निवेदनको कारवाहीमा लाग्ने समय तालिका छुट्टा छुट्टै प्रस्तुत गरिएको ।
- शुरु अदालतमा फिराद दायर भएपछि फैसला हुँदासम्मका विभिन्न चरणमा गरी ४११ दिन र फैसला तयार गर्न ७ दिन समेत गरी जम्मा ४१८ दिन, पुनरावेदन तहमा जम्मा ४०६ दिन र रिट निवेदनको कारवाहीमा २१३ दिन लाग्ने गरी कारवाही प्रक्रिया पुरा गर्न लाग्ने समय तालिका उल्लेख गरिएको ।
- वादी/प्रतिवादी गरी २ जना भन्दा बढी भएमा, म्याद रीतपूर्वक तामेल नभई पुनः जारी गर्नु पर्ने भएमा, अ.वं. ६२ नं. को अवस्था परेमा निर्धारित समयाबधिमा केही थप हुन सक्ने अवस्थाहरुको समेत उल्लेख गरिएको ।
- मुद्दा कारवाही समय तालिका (Case Operational Calendar) का आधारमा कम्प्युटरले नै स्वचालित रुपमा पेशी तारेख दिनेसम्मको परिकल्पना गरिएको ।

## ११.अदालतको अधिकारक्षेत्र पुनरावलोकन कार्यदलको प्रतिवेदन, २०६५

अदालतहरुको विद्यमान अधिकारक्षेत्रको पुनरावलोकन गरी सिफारिस सहितको प्रतिवेदन पेश गर्नका लागि नेपाल सरकार ( मन्त्रिपरिषद) को मिति २०६५।८।२५ को निर्णयानुसार सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री खिलराज रेग्मीको संयोजकत्वमा अदालतको अधिकारक्षेत्र पुनरावलोकन कार्यदलको गठन गरिएको थियो । यो कार्यदलले विस्तृत अध्ययन, छलफल र परामर्श गरी नेपाल सरकारलाई पेश गरिएको प्रतिवेदनले छिटो, छरितो र प्रभावकारी रुपमा न्याय पम्पादन गरी न्यायका उपभोक्तालाई अझै बढी सरल, सहज र सुगम रुपमा न्याय प्रदान गर्न सक्ने गरी न्याय प्रशासनमा सुधार गर्न प्रस्तुत प्रतिवेदनले सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ । यस प्रतिवेदनको महत्वपूर्ण निष्कर्ष एवं सुझावहरु निम्न छनः

**सर्वोच्च अदालतको अधिकारक्षेत्र सम्वन्धमा:**

- सर्वोच्च अदालतको इजलास पूर्वमा विराठनगर र पश्चिममा नेपालगञ्ज कायम गर्न उपयुक्त हुने,

रु. ५०,०००।– वा सो भन्दा वढी मोल विगो भएको मुद्दा र विगो नखुलेको मुद्दामा तथा ३ वर्ष वा सो भन्दा वढी कैद वा रु.२५,०००।– वा सो भन्दा वढी जरिवाना हुने ठहऱ्याई शुरु फैसला उल्टि वा केही उल्टि गरी भएको पुनरावेदन अदालतको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्ने ।

- संक्षिप्त कार्यविधि ऐन अन्तर्गतका मुद्दाहरुमा पुनरावेदन अदालतले पुनरावेदन सुनी गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने व्यवस्था गर्ने ।
- न्याय प्रशासन ऐन, २०४८ को दफा १६ को व्यवस्थाले तल्लो अदालतको काम कारवाहीको त्रुटी सच्याउन पक्षहरुको सर्वोच्च अदालत आउन पाउने हक कुण्ठित गरेकाले न्यायमा सहज पहुँचमा वाधक भई न्यायोचित नहुदा उक्त दफा १६ खारेज गर्नु मनासिव देखिन्छ ।

**पुनरावेदन अदालतको अधिकारक्षेत्र सम्वन्धमा**

- न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) मा संशोधन गरी पुनरावेदन अदालतलाई उत्प्रेषण, प्रतिषेध तथा अधिकारपृच्छा लगायतका निवेदन उपर सुनवाई गर्ने अधिकार थप गर्नु उपयुक्त हुने देखिन्छ।
- रु. ५०,०००।– भन्दा कम मोल विगो भएको मुद्दा तथा तीन वर्ष भन्दा कम कैद वा रु. २५,०००।– भन्दा कम जरिवाना हुने ठहरी पुनरावेदन अदालतवाट पुनरावेदन सुनी गरेको फैसला वा अन्तिम आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने व्यवस्था गर्नुपर्ने ।

**जिल्ला अदालतको अधिकारक्षेत्र सम्वन्धमा**

- नागरिक अधिकार ऐन, २०१२ को दफा १७ मा उल्लेख भए अनुसार उक्त ऐनद्वारा प्रदत्त कुनै हक अधिकारमा कसैले आघात गर्ने शंका लागि दिएको उजूरी उपर जाँचबुझ गरी विपक्षीलाई सो नगर्नु भनी निषेधाज्ञाको आदेश जारी गर्ने र बन्दीप्रत्यक्षीकरणको निवेदन हेर्ने अधिकार जिल्ला अदालतलाई समेत प्रदान गर्नु उपयुक्त देखिन्छ ।

- कसूर तथा सजायको गम्भीरताका आधारमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ को उपदफा (१) र (२) वमोजिमको सजाय हुने कसूर सम्वन्धी मुद्दा र हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० को उपदफा (१) र (२) वमोजिमको सजाय हुने कसूर सम्वन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार न्यायिक निकायवाट नै प्रयोग गरिनु उपयुक्त हुँदा सो अधिकार जिल्ला अदालतलाई प्रदान गर्नु उपयुक्त हुने देखिन्छ।
- राजश्व, वाणिज्य तथा व्यापारजन्य मुद्दाको कारवाही र किनारा गर्न छुट्टै अदालत गठन गर्नुपर्ने
- **श्रम अदालतको अधिकारक्षेत्र सम्वन्धमाः** श्रम अदालतको विवादको प्रकृतिसमेतको आधारमा श्रम अदालतलाई अन्य अदालत वा न्यायाधिकरणमा एकीकृत गर्न उपयुक्त नहुने देखिएकोले यसको संरचना छुट्टै नै रहनु उपयुक्त देखिन्छ ।
- **प्रशासकीय अदालतको अधिकारक्षेत्र थप गर्ने सम्वन्धमाः** प्रशासकीय अदालतको विद्यमान व्यवस्थामा परिवर्तन गरी छुट्टै प्रशासकीय अदालत ऐनव्दारा यो अदालतको गठन गरिनु पर्ने, पुनरावेदन तहको अदालत सरहको वनाइनु पर्ने, निजामती सेवा, स्वास्थ्य सेवा वा संसद सचिवालय सेवामा कार्यरत कर्मचारीलाई दिएको विभागिय सजायको आदेश उपर पुनरावेदन सुन्ने अधिकारक्षेत्र प्रदान गर्नुपर्ने, निजामती सेवा, स्वास्थ्य सेवा वा संसद सचिवालय सेवामा कार्यरत राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहसम्मका कर्मचारीको वढुवा सम्वन्धी निर्णय उपर पुनरावेदन सुन्ने अधिकारक्षेत्र प्रदान गर्नुपर्ने, प्रशासकीय अदालतले शुरु कारवाही र किनारा गरेको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरिनु पर्ने ।
- **छुट्टै पारिवारिक अदालतको स्थापना गर्ने सम्वन्धमाः** मुद्दाको चाप रहेको कारण पारिवारिक मुद्दाहरु किनारा गर्न ढिलाई हुनसक्ने जिल्लामा मात्र छुट्टै पारिवारिक अदालत स्थापना गरी कामको चाप कम भएका जिल्लामा जिल्ला अदालतलाई नै पारिवारिक इजलास कायम गरी पारिवारिक विवादको कारवाही र किनारा गर्ने अधिकार प्रदान गर्न सकिन्छ ।
- **बाल अदालत सम्वन्धमाः** बालक वादी वा प्रतिवादी भएको मुद्दाको चाप रहेको स्थानमा छुट्टै वाल अदालतको गठन गर्नुपर्ने देखिन्छ । यस्ता अदालतको गठन गर्दा ऐनको दफा ५५(१) मा उल्लेख भए अनुसार दुई वा सो भन्दा वढी प्रशासकीय जिल्लाहरुलाई समेत इलाका तोकी सो इलाकाको पायक पर्ने स्थानलाई मुकाम तोक्नु उपयुक्त हुने देखिन्छ । वयस्क व्यक्तिसंगै वालवालिका संलग्न भएको मुद्दामा छुट्टाछुट्टै अभियोग वा फिराद दायर गर्ने

सम्वन्धमा विशेष अध्ययन गरी बालवालिका सम्वन्धी ऐन, २०४८ मा आवश्यक संशोधन गरी उचित कानूनी प्रवन्ध गर्नु उपयुक्त देखिन्छ ।

- **छुट्टै देवानी तथा फौज्दारी अदालतको स्थापना सम्वन्धमाः** नेपालमा पनि मुद्दाको विषयवस्तुको प्रकृतिको आधारमा देवानी तथा फौज्दारी अदालत पृथक पृथक रुपमा स्थापना गर्ने दिशामा हाम्रो न्यायिक अभ्यास विकसित गरिनुपर्ने र पुनरावेदन तहका अदालतमा समेत विषयगत विशिष्टीकरणको अवधारणा प्रयोगमा ल्याउनु वाञ्छनीय देखिन्छ ।
- **साना विवाद हेर्ने अदालतको स्थापना सम्बन्धीः** सानातिना मुद्दाको सुनुवाई गर्न जिल्ला अदालत भन्दा तल स्थानीय तहको न्यायिक निकायको स्थापना गर्दै जानु पर्ने आवश्यकता देखियो । सो अदालतलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ३३ र १०१ अन्तर्गतका मुद्दाहरु, संक्षिप्त कार्यविधि ऐन अन्तर्गतका मुद्दाहरु, पच्चीस हजार सम्म विगो भएको लेनदेन मुद्दा, पच्चीस हजार सम्म विगो भएको साधारण चोरी मुद्दा, पच्चीस हजारसम्मको विगो भएको बहाल सम्वन्धी मुद्दाको अधिकारक्षेत्र प्रदान गर्ने र सो अदालतले गरेको निर्णय वा आदेश उपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ ।
- **उपभोक्ता अदालत गठन गर्ने सम्वन्धमाः** उपभोक्ताले तत्काल उपचार प्राप्त गर्नुपर्ने संवेदनशील विषयको विवाद निरोपण गर्न सामान्य अदालतलाई अधिकारक्षेत्र दिंदा लामो समय लाग्ने भई उपचार निरर्थक हुने सम्भावना रहेको देखिंदा यसको लागि छुट्टै अदालतको स्थापना गर्नु बाञ्छनीय देखिएको छ। यसरी गठन हुने उपभोक्ता अदालतलाई कालो वजार तथा केही अन्य सामाजिक अपराध ऐन, खाद्य ऐन, गुणस्तर प्रमाण चिन्ह ऐन अन्तर्गतका समेत मुद्दा हेर्ने अधिकार क्षेत्र दिन उपयुक्त हुने देखिन्छ ।

### १२.मुद्दा व्यवस्थापन पद्धति विकास सम्बन्धी अध्ययन प्रतिवेदन, २०६६

प्रभावकारी मुद्दा व्यवस्थापन बिकास गरी कार्यान्वयन गर्नको लागि तीनै तहका अदालतहरुको लागि मुद्दा ब्यवस्थापन पद्धतिको विकास गर्ने समेतका बाह्रवटा कार्यादेश प्राप्त मुद्दा व्यवस्थापन पद्धति विकास सम्बन्धी अध्ययनको संयोजक सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश श्री मीनबहादुर रायमाझी रहनु भएको थियो। यसले फरक फरक मुद्दामा फरक व्यवस्थापन ( Differentiated Case Management) पद्धति लागु गर्ने सम्बन्धमा तयार पारिएको महत्वपूर्ण सुझावसहितको प्रतिवेदन बुझाएको थियो। फरक फरक मुद्दामा फरक फरक व्यवस्थापन प्रक्रिया अपनाउने पद्धतिलाई ब्यबहारमा ल्याउने हो भने अनावश्यक रुपमा अतिरिक्त समयको व्यय हुन नदिई यथासमयमा नै

विवादको किनारा लगाउने कुरामा यस पद्धतिले महत्वपूर्ण योगदान दिन्छ भन्ने तथ्यलाई प्रतिवेदनले औंल्याएको छ । यस प्रतिवेदनले दिएका केही महत्वपूर्ण सुझाव निम्न छ :

- फरक फरक मुद्दामा फरक व्यवस्थापन पद्दति लागू गर्न नयाँ ढङ्गबाट सोच्नुपर्ने ।
- न्यायाधीश नियन्त्रित मुद्दा प्रवाह ब्यवस्था मिलाउने, समय ब्यवस्थापन गर्ने, मुद्दा फछ्यौंटका लागि लाग्ने समयावधि निर्धारण गर्ने, ब्यवहारिक समय तालिका निर्धारण गर्ने, वहस ब्यवस्थापन गर्ने, कार्य सम्पादन मापदण्ड निर्धारण गर्ने ।
- मुद्दा सुनुवाइ स्थगनमा नियन्त्रण गर्नुपर्ने, विवादको बिषय निर्धारण गर्नुपर्ने, तारेख प्रणालीमा सुधार गर्नुपर्ने, प्रारम्भिक सुनुवाईको ब्यवस्था शुरु क्षेत्राधिकारमा गर्ने, प्रयोगको रुपमा काठमाण्डौं जिल्ला अदालतमा पारिवारिक इजलास गठन गर्ने, सूचना प्र्रविधिको प्रयोग गर्ने, अनुगमन, निरीक्षण र मूल्याङ्कन पद्धति वस्तुपरक, भरपर्दो र परिणाममुखी बनाउने कार्य गर्नुपर्ने।
- मुद्दा सुनवाई गर्न सर्वोच्च अदालतमा समूह पद्धति (Panel System) लागू गर्ने ।
- सर्वोच्च अदालतमा विचाराधीन पुराना मुद्दा फछ्यौंट गर्न अभियान संचालन गर्ने ।
- मुद्दाको प्रकृति, कानूनी प्रश्न, संलग्न पक्षहरुको संख्या, कानूनले तोकेको कार्यविधि तथा वर्तमान अवस्थामा त्यस्ता मुद्दाहरुको कारवाहीमा लाग्ने गरेको सरदर समयसमेतलाई दृष्टिगत गरी फरक फरक मुद्दामा फरक व्यवस्थापन पद्दति लागू गर्दा मुद्दालाई सरल, साधारण, जटिल र अतिजटिल गरी चार समूहमा वर्गीकरण गर्ने ।
- सरल समूहका मुद्दामा संक्षिप्त मार्ग, साधारण समूहका मुद्दामा छिटो मार्ग, जटिल समूहका मुद्दामा सामान्य मार्ग र अतिजटिल मुद्दामा विशेष मार्ग प्रगोगमा ल्याउनुपर्ने ।
- फरक मुद्दामा फरक व्यवस्थापन पद्दति संचालनमा ल्याउन तथा समयसारिणी पद्दतिलाई कार्यान्वयनमा ल्याउन कार्यदल गठन गरी निर्देशिका पुस्तिका निर्माण गर्न लगाउने ।

**१३.काठमाण्डौं जिल्ला अदालतको सायमकालीन अदालत स्थापना गर्ने अध्ययन प्रतिवेदन, २०६६**

रणनीतिक योजना कार्यन्वयनको सिलसिलामा २०६६ सालमा काठमाण्डौं जिल्ला अदालतले सायमकालीन अदालत स्थापना गर्ने सम्वन्धमा अध्ययन गरी एउटा संक्षिप्त प्रतिवेदन सर्वोच्च अदालतमा पेश गरेको देखिन्छ । यो प्रतिवेदनको कार्यान्वयनको लागि प्रक्रिया अगाडि बढेको देखिदैंन। कार्यविधि कानूनमा खासै कुनै सुझाव दिएको पाइदैंन । सरोकारवालाहरुको राय परामर्श

एवं छलफलका आधारमा तयार गरिएको सो प्रतिवेदनमा सायमकालीन अदालत संचालन गर्ने सन्दर्भमा मुख्यरुपमा निम्नानुसारको राय सुझाव दिएको देखिन्छः

- न्यायका उपभोक्ताले छिटो र सरलरुपमा न्याय पाउनको लागि एउटै अदालतमा न्यायाधीश थपी एउटै समयमा धेरैवटा इजलास संचालन गर्नुभन्दा  खास प्रकारको मुद्दा खास समयमा हेर्न उपयुक्त देखिन्छ ।
- एकतर्फी रहेका सवै प्रकारका मुद्दा, सरकारवादी बाहेकका सवै प्रकारका मुद्दा, एक लाखसम्म बिगो भएको दुनियाँवादी देवानी मुद्दा, एक बर्षसम्म कैद र कैद नहुने दुनियाँवादी फौजदारी मुद्दा, संक्षिप्त कार्यविधि ऐन अन्तर्गतको ( सरकारवादी बाहेक ) मुद्दा, बन्द इजलासबाट सरकारबादी बाहेकका सवै प्रकारका मुद्दा र दुवै पक्षले सायमकालीन अदालतबाट हेरिपाउँ भनी निवेदन दिएको मुद्दाहरु सायमकालीन अदालतबाट हेरिनु उपयुक्त हुने ।
- हालको कार्यालय समयभन्दा आधा धण्टा पछिदेखि ३ धण्टासम्म अदालतमा सायमकालीन कारवाही र सुनुवाइको ब्यवस्था गर्ने जस्ता मुद्दाको काम कारवाहीका सम्वन्धमा विद्यमान कानूनमा सामान्य ब्यवस्था गर्नेपर्ने विषयहरु,
- सुरक्षा, यातायता, उज्यालोको लागि बत्तीको ब्यवस्था गर्नुपर्ने,
- शुरुमा कर्मचारी र न्यायाधीश अतिरिक्त समयको रुपमा पालो पालो गरी काम गर्ने प्रवन्ध गर्न्ने र पछि छुट्टै ब्यवस्था  गर्ने ।
- २०० मुद्दाको लागि एक न्यायाधीश र ४ जना राजपत्र अनंकित कर्मचारी र आवश्यक अनुसार अन्य कर्मचारीको प्रवन्ध गर्ने ।

## १४.जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था अध्ययन प्रतिवेदन, २०६६

जिल्ला अदालत तहमा रहेका मुद्दाका सन्दर्भमा नेपाल कानून समाजबाट मुद्दा प्रवाह अध्ययन गरिएको यो नै पहिलो हो। जिल्ला अदालतहरुमध्ये मुद्दा संख्याको चाप, जटिलता र ढिलासुस्तीको आरोपका हिसाबले उपत्यकाका अदालतहरु बढी जोखिम रहेकाले काठमाण्डौं, ललितपुर र भक्तपुर तीन जिल्लालाई आधार मानी गरिएको अध्ययन प्रतिवदनको अध्ययन समूहको नेतृत्व तत्कालीन सह रजिष्ट्रार ( हाल न्यायाधीश पुनरावेदन अदालत ) श्री तिलप्रसाद श्रेष्ठ रहनु भएको थियो । विस्तृत खोजी अनुसन्धान गरी जिल्ला अदालतमा मुद्दा प्रवाहको वास्तबिक अवस्थाको चित्रण गरी दिएको

अध्ययन प्रतिवेदनमा निम्न निष्कर्ष निकाली सुधारको लागि कार्ययोजना सहितको प्रतिवेदन पेश गरेको देखिन्छ ।

- अदालतमा मेलमिलाप लगायतका विवाद समाधानका वैकल्पिक उपायहरुको प्रवेश गराई तिनलाई संस्थागत तुल्याउने,
- मुद्दामा तारिख प्रणाली हटाउने,
- म्याद तामेलीको कार्यलाई सरल र प्रभावकारी बनाउन पूर्व म्याद तामेली वा निजी स्तरबाट म्याद तामेली गराउने वा स्थानीय निकायबाट म्याद तामली गराउने मध्येको उपयुक्त विकल्प अपनाउने,
- तीन पटकसम्म तीस दिनसम्म थाम्न सकिने व्यवस्थालाई संशोधन गरी प्रत्येक पटक सात दिनमा नबढाई बढीमा दुई पटकसम्म थाम्न सकिने व्यवस्था गर्ने,
- अंश मुद्दाको तायदाती दिने लगायतका विभिन्न मुद्दामा अपनाउनुपर्ने कार्यविधिहरु अ.ब. १४ नं.ले तोकेको अवधिभित्र फैसला गर्न भ्याउने गरी पूरा गर्न सकिने तुल्याउने अथवा अं.बं. १४ नं. को म्यादलाई बढाउने ।

## १५. न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६–२०७१)

यस योजनाले मुद्दा ब्यवस्थापन सम्वन्धी रणनीतिक उपाय अन्तर्गत निम्न बमोजिम गर्ने लक्ष्य राखेको छः

- न्याय निरुपण कार्यलाई प्रभावकारी बनाउन मुद्दा व्यवस्थापन पद्धतिमा सुधार गर्ने
- मुद्दा व्यवस्थापनको वैज्ञानिक पद्धति तयार गरी लागू गर्ने
- धेरै मुद्दा भएका र सुरक्षा संवेदनशील क्षेत्रका अदालतहरुमा विशेष अभियान सञ्चालन गर्ने
- फैसला लेखन कार्यलाई छिटो छरितो र गुणस्तरीय बनाउने
- वैज्ञानिक अभिलेख पद्धतिको विकास गर्ने
- नमूना अदालतहरुको प्रभाव मूल्याङ्कन गर्ने

## १६. न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६–२०७१) को मध्यावधि मूल्याङ्कन

न्याय निरुपण कार्यलाई प्रभावकारी बनाउन मुद्दा व्यवस्थापन पद्धतिमा सुधार गर्ने रणनीतिक उपाय अन्तरगत कार्यसम्पादन हुन नसक्नुका कारणहरु र रणनीतिक उपायमा परेको प्रभाव विश्लेषण गरी निम्न बमोजिम गर्नुपर्ने योजना छः

- फरक मुद्दाका लागि फरक व्यवस्थापनसम्बन्धी दक्ष जनशक्तिको विकासलगायत आवश्यक पूर्वाधारको निर्माण गर्नुपर्ने ।
- सूचना प्रविधिसँग मुद्दा व्यवस्थापनलाई आवद्ध गर्नुपर्ने ।
- मुद्दा व्यवस्थापन पद्धतिसम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनका लागि चाहिने स्रोत र साधनको व्यवस्था गर्नुपर्ने।
- धेरै मुद्दा भएका र सुरक्षा संबेदनशील अदालतहरुमा विशेष अभियान प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

## १७. देवानी संहिता तथा देवानी कार्यविधि संहिताको मस्यौदा तथा प्रतिवेदन , २०६७

संबत् २०६३ सालमा प्रकाशित देवानी संहितालाई गणतन्त्रको भावना अनुरुप मुलुकको विद्यमान आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था अनुसार परिमार्जन र सुधार गरी देवानी संहिता र देवानी कार्यविधि संहिताको मसौदा तयार गरी छुटाछुट्टै मसौदा नेपाल सरकार समक्ष पेश गर्न सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश श्री खिलराज रेग्मीको संयोजकत्वमा देवानी कानून सुधार तथा परिमार्जन कार्यदलको गठन नेपाल सरकारको मिति २०६५।८। १८ गतेको निर्णयले गरेको थियो। कार्यदलले बिस्तृत अध्ययन र छलफल गरी मिति २०६७।४।२६ गते कार्यादेश बमोजिम देवानी संहिता तथा देवानी कार्यविधि संहिताको मसौदा तथा प्रतिवेदन, २०६७ पेश गरेको देखिन्छ । देवानी कार्यविधि कानूनका सम्वन्धमा नेपालको अभ्यासमा रहेका कानूनी मान्यताहरुलाई नै ब्यवस्थित रुपमा प्रस्ताव गरेतापनि हाल कायम रहेका कार्यविधिका झन्झटिला र मुद्दा लम्ब्याउने कार्यविधिको सुधार गरी समय सापेक्ष बनाउने प्रयास गरिएको छ भनी प्रतिवेदनमा उल्लेख गरिएको छ । देवानी संहिता र देवानी कार्यविधि संहिताको मसौदामा निम्न कुरालाई प्रस्ताब गरेको पाइन्छः

- पारिबारिक कानूनमा नयाँ ब्यवस्था, कृत्रिम गर्भधानबाट जन्मिएको शिशुको पितृत्व बाबुको हुने, इच्छापत्र, फलोपभोग सुविधाभार, निजी अन्तराष्ट्रिय कानून, दुष्कृति सम्बन्धी ब्यवस्था जस्ता नयाँ नयाँ कानूनी व्यवस्थाहरु गरेको,
- प्रारम्भिक सुनुवाई सम्बन्धी व्यवस्था, म्याद तामली गर्ने नयाँ व्यवस्था, म्याद तारेख थाम्न पाउने व्यवस्थामा सुधार, श्रव्य दृष्य सम्वादको प्रयोग गर्न सकिने, पारस्परिक न्यायिक सहयोग सम्वन्धमा कानूनी व्यवस्था, अंश छुटयाउने कार्यविधिमा थप नयाँ व्यवस्था समेत गरी कार्यविधिलाई सरल तुल्याउने ब्यवस्था गरेको ।

## १८.अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको मसौदा तथा प्रतिवेदन , २०६७

संबत् २०५९ सालमा नेपाल सरकारद्वारा गठित कार्यदलद्वारा मसौदा गरी प्रकाशन भएको फौजदारी संहिता (मसौदा) र फौजदारी कार्यविधि संहिता (मसौदा)लाई गणतन्त्रको भावना अनुरुप समयानुकूल परिमार्जन र सुधार गरी फौजदारी संहिता र फौजदारी कार्यविधि संहिताको मसौदा तयार गरी कार्यान्वयनको लागि नेपाल सरकार समक्ष पेश गर्न सर्वोच्च अदालतका तत्कालीन न्यायाधीश श्री कल्याण श्रेष्ठको संयोजकत्वमा फौजदारी कानून सुधार तथा परिमार्जन कार्यदल गठन नेपाल सरकारको मिति २०६५।८ १८ गतेको  निर्णयले. गरेको थियो । कार्यदलले बिस्तृत अध्ययन र छलफल गरी मिति २०६७। २। ६ गते कार्यदेश बमोजिम फौजदारी संहिता तथा फौजदारी कार्यविधि संहिताको मसौदा तथा फौजदारी सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको मसौदासहितको प्रतिवेदन, २०६७ पेश भएको देखिन्छ । यी मसौदाहरुले कानूनीरुप प्राप्त गरेपछि फौजदारी न्याय व्यवस्थामा महत्वपूर्ण सुधारको अपेक्षा गर्न सकिन्छ । यी तीन वटा संहिताहरुको मसौदामा निम्न कुराहरुलाई प्रस्ताब गरेको पाइन्छः

### फौजदारी संहिता

- संहिताले जघन्य र गम्भीर प्रकृतिका कतिपय कसूरहरुका सम्वन्धमा संहिताको बहिर्क्षेत्रीय क्षेत्राधिकारको समेत व्यवस्था गरेको ।
- आपाराधिक दायित्वको नयाँ व्यवस्था ।
- नयाँ कसूरको पहिचान ।
- सजाय सम्वन्धी नयाँ व्यवस्था ।
- सजायको अधिकतम् हदको व्यवस्था ।
- जरिबाना र क्षतिपूर्तिको व्यवस्था ।

### फौजदारी कार्यविधि संहिता

- सामान्य कार्यविधि।
- अनुसन्धान सम्वन्धी मौजुदा व्यवस्थाको निरन्तरता गरिएको ।
- स्रोत साधनले उपयोगी नहुने खास किसिमका सानातिना मुद्दा नचलाउन सकिने ।

- जिकिरको सौदाबाजी ।
- राष्ट्रिय स्तरको समाचारपत्रमा प्रकाशन गरी वा विद्युतीय सञ्चार माध्यमबाट समेत समाव्हान, म्याद तामोली गर्न सकिने सुधारको प्रस्ताव गरेको ।
- अनुसन्धान अधिकारीले सम्वन्धित ब्यक्तिको डि.एन.ए परीक्षण गराउन सक्ने ।
- प्रमाण सङ्कलन र परीक्षणमा सुधार ।
- सर्वोच्च अदालत र महान्यायाधिवक्तालाई आ–आफ्नो क्षेत्रको लागि नियमावली र कार्यसञ्चालन निर्देशिका बनाउने अख्तियारीको प्रस्ताव गरेको ।

**फौजदारी कसूर (निर्धारण तथा कार्यान्वयन)**

- जरिबाना सम्वन्धी नयाँ ब्यवस्था ।
- कैद सजायको बिकल्पको व्यवस्था ।
- क्षतिपूर्ति सम्वन्धी व्यवस्था ।
- प्रोवेशन र प्यारोल प्रणालीको लागि थप संरचनाको व्यवस्था गर्नुपर्ने ।
- बालबालिकालाई कैद नगर्ने व्यवस्थाको प्रस्ताव गरेको ।

**फौजदारी न्याय प्रशासनको सम्वन्धमा थप सुझावहरु**

- सानातिना प्रकृतिका कसूर सम्बन्धी मुद्दाहरुमा ज्यादै संक्षिप्त कर्यीविधि अपनाई मुद्दाको सुवाई गर्ने गरी जिल्ला अदालतको स्तरमा घुम्ती अदालतको ब्यवस्था गर्नु उपयुक्त हुने ।
- कारागार ब्यवस्थापन बिभागलाई न्याय मन्त्रालय अन्तर्गत राख्नुपर्ने ।
- महाअभियोक्ता सम्वन्धी छुट्टै व्यवस्था गर्नुपर्ने ।
- अपराध सम्वन्धी तथ्याङ्क भण्डार (Database) सहितको एक छुट्टै अपराध अनुसन्धान निकाय (Crime Research Institute) स्थापना गर्नुपर्ने ।
- फौजदारी कानून सुधार सम्वन्धी स्थायी संयन्त्रको व्यवस्था गर्नुपर्ने ।

**१९.अतिरिक्त समयमा अदालत सन्चालन गर्ने सम्वन्धी सम्भाब्यता अध्ययन प्रतिवेदन, २०६८**

मुद्दाको कार्य बोझ ब्यवस्थापन तथा मुद्दा प्रवाहमा शीघ्रता र सहजता गर्न नियमित कार्य समयभन्दा अतिरिक्त समय ( प्रातःकालीन, सायमकालीन वा रात्रीकालीन ) मा अदालत संचालन गर्ने सम्वन्धमा सम्भाब्यता अध्ययन गर्ने समेतको कार्यदिश समितिलाई दिइएको थियो । सर्वोच्च अदालतका

माननीय न्यायाधीश श्री ताहिर अली अन्सारीको संयोजकत्वमा समिति गठन गरिएको थियो । विस्तृत अध्ययन र अनुसन्धान गरी अतिरिक्त समयमा अदालत सञ्चालन गर्ने सम्वन्धी आवश्यक पर्ने विविध पक्षमा राय, सुझाव तथा सिफारिस पेश गरिएको छ । समितिको सुझाबका मुख्य बुँदा निम्न छन :

- सायमकालीन अदालतलाई तोकिने मुद्दाहरुको बिवरण,
- सर्वोच्च अदालतले आवश्यक प्रवन्ध मिलाई अतिरिक्त (सायमकालीन) अदालत संचालन ब्यवस्था मिलाउन सक्ने नै देखिंदा यसका लागि ऐनद्वारा नै ब्यवस्था हुनु अनिवार्य देखिएन।
- सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको जिल्ला अदालत बेलुकी ५ बजेपछि तोकिएको समयसम्म संचालन हुनेछ भन्ने कुरा, हेरिने मुद्दाको बिवरण समेतका विषयहरुमका सम्वन्धमा ब्यवस्था मिलाउन जिल्ला अदालत नियमावली ,२०५२ मा संशोधन गरी ब्यवस्था मिलाउनु पर्ने ।
- तत्कालका लागि प्रचलित कार्यविधि कानूनको अनुशरण गरी सायमकालीन अदालत संचालनमा ल्याउन सकिन्छ ।
- लामो, जटिल र बढी औपचारिकता निर्वाह गर्नुपर्ने र बढी समय लाग्ने किसिमको विद्यमान कार्यविधिमा सुधार गर्नेपर्ने ।
- संक्षिप्त कार्यविधि ऐनमा सुधार र परिमार्जन गरी यसको प्रयोगको क्षेत्र फराकिलो पारी सायमकालीन अदालतमा हेरिने मुद्दामा संक्षिप्त कार्यविधि ऐनको व्यवस्था लागुहुने व्यवस्था मिलाउने ।
- जनशक्ति र भौतिक ब्यवस्थापन, सुरक्षा ब्यवस्था, आर्थिक दायित्वका पक्ष ।

### २०. जिल्ला अदालतहरुमा समयतालिका पद्धति लागु गर्नेसम्वन्धी बेसलाइन सर्वेक्षण प्रतिबेदन, २०६९

पुनरावेदन अदालतका मुख्य न्यायाधीश श्री केशरीराज पण्डितको संयोजकत्वमा गठित समितिले समयतालिका पद्धति परीक्षणको रुपमा लागु गर्ने सन्दर्भमा छनौट भएका तीन जिल्ला अदालतको आधारभूत सर्वेक्षणको अध्ययन अनुसन्धान गरी प्रतिवेदन पेश गरेको थियो । यसबाट पनि मुद्दाको काम कारवाहीमा छिटो र छरितो हुनसक्ने अपेक्षा गर्न सकिन्छ । प्रतिवेदनमा निम्न सुझावहरु प्रस्तुत छन :

- संक्षिप्त र विशेष कार्यविधि लागू हुने मुद्दाहरुको समग्र कारबाहीलाई समेट्ने गरी मुद्दाको कारबाही सम्वन्धी कार्यविधिको निर्माण गर्नुपर्ने ।

- फरक फरक मुद्दाको फरक ब्यवस्थापन पद्धतिलाई लागू गर्नु पूर्ब मुद्दाको कारबाहीसम्वन्धी स्पष्ट समयतालिकाको निर्माण गरी लागु गर्न उपयुक्त हुने ।
- तामेली कार्यको लागि छानिएका प्रत्येक जिल्ला अदालतमा चारवटा मोटरसाइकलको लागि समेत पर्याप्त बजेट ब्यवस्था गर्नुपर्ने ।
- न्यायक्षेत्र समन्वय समितिमार्फत सबै सरोकारवालाहरुको सहयोगको प्रतिबद्धता र जवाफदेहिता सुनिश्चित गर्नुपर्ने ।

## २१.फरक फरक मुद्दाहरुको फरक ब्यवस्थापन पद्धति लागुगर्न आवश्यक पूर्वाधार निर्माण तथा तयारी सम्वन्धी प्रस्ताव

- फरक फरक मुद्दाहरुको फरक ब्यवस्थापन पद्धति लागुगर्न आवश्यक पूर्वाधार निर्माण तथा तयारीसम्वन्धी प्रस्तावको अध्ययन अनुसन्धान गरी पुनरावेदन अदालतका न्यायाधीश श्री बिनोद शर्माले प्रस्तुत गरेको प्रतिवेदनले डि.सि.एम अन्तर्गत प्रत्येक मार्गमा पर्ने मुद्दारुको कारवाही किनारा गर्न अबलम्बन गर्नुपर्ने प्रक्रिया कार्यविधि तथा मुद्दा किनारा गर्ने समयावधि समेतको समायोजन र ब्यवस्था हुनेगरी विद्यमान मुलुकी ऐनका साथै न्याय प्रशासन सम्वन्धी विभिन्न ऐनहरु तथा अदालत सम्वन्धी नियमावलीहरुमा आवश्यक परिमार्जन गर्ने लगायत छुट्टै वा विशेष कानून र कार्यविधिको आवश्यकता समेतको विषयमा अध्ययन गर्न एउटा समिति गठन हुन आवश्यक छ भनी उल्लेख गरेको पाइन्छ । फरक फरक मुद्दाहरुको फरक ब्यवस्थापन पद्धति लागुगर्न पनि कार्यविधि कानूनहरुमा सुधार गर्नुपर्ने तथ्य औंल्याएको देखिन्छ ।

## २२.नेपालको फौजदारी न्यायप्रणालीको आधारभूत सर्वेक्षण, २०६९

फौजदारी न्याय प्रणालीलाई समयानुकूल बनाउँदै लैजानका लागि समय समयमा यस बारेको मूल्याङ्कन, अनुसन्धान र सर्वेक्षणहरु आवश्यक मानिन्छ । यसलाई मध्यनजर राख्दै नेपालको फौजदारी न्यायप्रणलीको आधारभूत सर्वेक्षण डानिडा ह्युगोको आर्थिक सहयोग र कानून अन्वेषण तथा स्रोत बिकास केन्द्रको ब्यवस्थापनमा संचालित Tackling impunity by strenghthening the institutional and prosecutorial capacity of office of the attorney general कार्यक्रम अन्तर्गगत परामर्शदाता वरिष्ठ अधिवक्ता तथा प्रोफेसर इन्चार्ज श्री युवराज संग्रौलाको परामर्शमा विज्ञ अनुसन्धानकर्ताहरुबाट भएको हो । यसको महान्यायाधिवक्तको कार्यालय र कानून अन्वेषण तथा

स्रोत बिकास केन्द्रबाट संयुक्त रुपमा प्रकाशन भएको छ । फौजदारी प्रणालीका बिविध पक्षमा सुक्ष्म अध्ययन र विष्लेषण गरी सर्वेक्षण गरी प्रकाशन गरिएको छ । कार्यविधिगत समस्याहरु औंलाए पनि कार्यविधि कानूनमा सम्शोधन गर्नुगर्ने कुनै सुझाव दिएको पाइदैन । यसको निष्कर्ष मुख्य रुपमा निम्न छन :

- केही सार्वजनिक ( अपराध र सजाय) ऐन, २०२८ ,कालो बजारी, हातहतियार तथा खरखजना, खाद्य मिसाबट जस्ता ताकेका मुद्दाको अधिकार क्षेत्र जिल्ला प्रशासन कार्यालय रहेको छ त्यस्ता मुद्दाको ठहर अनुपात अत्यधिक छ । जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय एउटै अङ्ग मातहत निकायहरु अनुसन्धान र निर्णयकर्ताको रुपमा रहेका हुँदा अनुसन्धान र अभियोजन मागदाबी अनुरुप नै निर्णय हुने प्रचलन देखिन्छ । यस ब्यवस्थाले नेपाली फौजदारी न्याय प्रणालीको आधुनिकता एवम् निष्पक्षतामा गम्भीर प्रश्नहरु उठाएका छन ।
- जिल्ला प्रशासन कार्यालयले प्राप्त गरेको अर्धन्यायिक अधिकार क्षेत्रले कार्यपालिकालाई कतिपय कुरा सहजता प्राप्त गरी शान्ति सुरक्षामा सकरात्मक सहयोय गरे पनि अन्ततोगत्वा यस्ता अधिकारक्षेत्रले न्यायपालिकाको भूमिकालाई कमजोर बनाउँछ ।
- न्यायिक अधिकार क्षेत्र न्यायिक निकाय अदालतमा मात्र कायम नराखी प्रशासकीय निकायलाई दिने बढ्दो प्रवृति नेपालमा रहेको छ । स्वतन्त्र निकायको रुपमा रहेको जिल्ला अदालतमाथि राज्यले फौजदारी न्यायका सम्वन्धमा पूर्ण विश्वास गर्न कन्जुस्याइँ गरेको तर्क गर्न सकिन्छ ।
- फौजदारी न्यायप्रणालीको योजनवद्ध विकासमा राष्ट्रिय योजना आयोगलको ध्यान पुग्नु आवश्यक छ । विदेशी दातृ संस्थाका मौसमी कार्यक्रमहरुले मात्र नेपालको फौजदारी न्यायको समृद्धि हुँदैन भन्ने तथ्याङ्क देखाएका छन् ।
- प्रत्येक साल फौजदारी मुद्दाको लगत वृद्धिले न्यायिक प्रक्रियामा समस्याहरु पैदा भई समयमा पुर्पक्ष र सुनाई पूरा नहुँदा कार्यविधिगत अवरोधहरु निर्माण भई प्रत्येक वर्ष मुद्दाहरुको ठूलो अनुपात पछिल्लो वर्षमा सरी कार्यविधिलाई ढिला र झन्झटिलो बनाउँदै लैजान्छ । यस्तो कार्यविधिगत असक्षमताको अवस्थाले फौजदारी न्याय प्रणलीको कार्यक्षमतामाथि अविश्वासको अवस्था सिर्जना गर्दछ । साथै अधिक आपराधिक घटनाहरु घटित भएमा सीमित संख्याको लागि प्राप्त स्रोत, साधन र जनशक्ति नै थप अपराध अनुसन्धानका लगि प्रयोग गर्न बाध्यता

हुन्छ । यसले फौजदारी न्यायको प्रभावकारितामा नकरात्मक असर पार्दछ । अनुसन्धानकर्ता, अभियोजनकर्ता तथा पुर्पक्षकर्ताको प्रभावकारितामा ह्रास आउँछ । निराशाहरु जन्मिन्छन् र कामप्रतिको लगाव स्खलित हुन जान्छ ।

- एकातर्फ नयाँ संख्याको वृद्धि हुने अर्कोतिरा पुरानो लगतको आकार पनि बढ्ने कार्य सँगसँगै हुँदा कार्यबोझको चाप नकरात्मक हुन जान्छ, जसले अन्ततः थप अपराधलाई प्रश्रय र दण्डहीनतालाई मलजल गर्दछ । यसबाट प्रत्येक मुद्दाको किनारा लाग्नुपर्ने समयमा पनि सुस्तता आउँछ, जसले न्यायिक प्रक्रियालाई ढिलो र खर्चिलो पनि बनाउँछ ।
- हाल बहालमा रहेका जनशक्तिको संख्या र क्षमता विस्तार गर्ने र फौजदारी निकायहरुको आधुनिकीकरण वा वैज्ञानिकीकरण गर्ने ।

## २३. सर्वोच्च अदालतमा बिचाराधीन मुद्दाहरुमा फरक मुद्दाका लागि फरक व्यबस्थापन ( डि.सि.एम ) पद्धति कार्यान्वयन सम्बन्धी अध्ययन प्रतिवेदन, २०७०

सर्वोच्च अदालतमा बिचाराधीन मुद्दाहरुमा फरक मुद्दाका लागि फरक व्यबस्थापन ( डि.सि.एम ) पद्धतिको प्रभावकारी कार्यान्वयन गरी सुनुवाई गर्ने सम्बन्धमा अध्ययन गरी पेश गरिएको प्रतिवेदनले मुद्दालाई सरल, जटिल र अति जटिलमा बर्गीकरण गरी बर्गीकरण गर्ने आधारहरुसमेत तयार गरेको पाइन्छ । यो अध्ययन समितिको संयोजक पुनरावेदन अदालत जुम्लाका तत्कालीन मुख्य न्यायाधीश श्री एकराज आचार्य हुनुहुन्थ्यो । डि.सि. एम.पद्धतिलाई कार्यान्वयन गर्न सुझावमा दिए बमोजिम सुनवाईको लागि मुद्दा पेश गरेमा मुद्दाको काम कारबाही छिटो र सरल भै मुद्दाहरु छिटो किनारा हुनसक्ने हुँदा निम्न सुझाबहरु प्रस्तुत गरेको देखिन्छ ।

- रिट निवेदनहरुलाई बिषयगतभित्र पनि समान बिवादहरुको आधारमा बर्गीकरण गरी सुनवाईको लागि सुझाब दिएको ।
- सरल, जटिल र अति जटिलमा मुद्दाको बर्गीकरण गरेको ।
- सरल, जटिल र अति जटिलमा समूह मुद्दा बर्गीकरण गर्ने आधारहरु उल्लेख गरेको ।
- जटिल मुद्दाभित्र पनि सरल मुद्दा छुट्याउने आधारहरु उल्लेख गरेको ।
- मुद्दा दर्तादेखि नै बर्गीकरण गरी प्रकृति छुट्टाउनुपर्ने ।
- मुद्दा महाशाखामा Tracking System and Classification शाखा बनाउनुपर्ने ।
- समान प्रकृतिका मुद्दाहरुको पहिचान गर्ने ।

- सरल समूहको बर्गीकरणमा परेका एकै प्रकृतिका मुद्दालाई एकैसाथ सुनवाईको लागि पेश गर्ने व्यबस्था गर्ने ।
- पूर्ण इजलासमा बिचाराधीन मुद्दा छिटो किनारा हुनुपर्ने ।

## २४.न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/७२–२०७५/७६)

यो तेस्रो योजना कार्यान्वयनका. लागि “छिटो छरितो न्याय, सबैका लागि ” भन्ने नारासहित सेवाग्राहीको आवश्यकता र अपेक्षालाई केन्द्रबिन्दुमा राखिएको उद्घोष गरिएको छ । योजनाले निर्धारण गरेका लक्ष्यहरु प्राप्त हुन सक्ने परिस्थितिको सहज निर्माण गर्नसकेमा योजनाको नाराले सफलता प्राप्त गर्न सक्नेछ । योजनाका लक्ष्य र रणनीतिहरु निम्न छन् :

न्याय सम्पादनको कार्यलाई छिटोछरितो तुल्याउने, न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउने, न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने र न्यायपालिकाप्रति आस्था र बिश्वास अभिवृद्धि गर्ने लक्ष्यहरु निर्धारण गरिएका छन ।

न्यायिक कार्यविधिलाई सरल बनाउने, मेलमिलाप प्रक्रियाद्वारा विवाद समाधान गर्ने प्रणालीलाई प्रभाबकारी बनाउने, अदालतबाट प्रदान गरिने कानूनी सहायता प्रणालीलाई प्रभाबकारी बनाउने, निर्धारण गरिएको समयतालिकाको परिपालना हुने स्थिति कायम गर्ने पुराना बक्यौता मुद्दाहरुको न्यूनीकरण गर्ने, मुद्दा फैसला र फैसलाको तयारी तोकिएको समयाबधि भित्र गर्ने प्रबन्ध मिलाउने लक्ष्य प्राप्तिका रणनीतिहरु राखिएका छन । साथै मुद्दा ब्यवस्थापन पद्धतिमा सुधार गर्ने र यसका लागि मुद्दा ब्यवस्थापन पद्धति र म्याद तामेली कार्यलाई प्रभावकारी बनाउने सहयोगी रणनीति एवं कार्य योजनाहरु पनि छन् ।

## २५.व्यवस्थापिका–संसदमा पेश भएका विधेयक, २०७१

प्रमाणीकरण भएको एक वर्ष पूरा भएको भोलिपल्टदेखि प्रारम्भ हुने देवानी कानून सुधार तथा परिमार्जन कार्यदल र फौजदारी कानून परिमार्जन तथा सुधार कार्यदलहरुले पेश गरेका प्रस्तावित विधेयकहरुलाई जस्ताको तस्तै रुपमा नेपाल सरकारले व्यवस्थापिका–संसदमा पेश गरिसकेको छ । यी विधेयकहरु हाल व्यवस्थापिका–संसदमा बिचराधीन अवस्थामा छन् । नेपालको संविधान,२०७२ समेत जारी भइ लागू भइसकेको अवस्थामा यी विधेयकहरुलाई प्राथमिकता साथ पास हुन सकेमा

नेपालको न्याय प्रणालीले ऐतिहासिक फट्को मार्नेमा विश्वास गर्न सकिन्छ । पेश भएका विधेयकहरु निम्न छनः

- देवानी संहिता, २०७१ ( देवानी कानून संशोधन र एकीकरण गर्न बनेको विधेयक )
- देवानी कार्यविधि संहिता, २०७१ (देवानी मुद्दाको कार्यविधि सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक )
- अपराध संहिता, २०७१ ( फौजदारी कसूर सम्वन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक )
- फौजदारी कार्यविधि संहिता, २०७१ ( फौजदारी मुद्दाको कार्यविधि सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक )
- फौजदारी कसूर सजाय ( निर्धारण तथा कार्यान्वयन) ऐन, २०७१ ( फौजदारी कसूर सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्वन्धमा बनेको विधेयक )

**२६. Access to Justice Survey: A report about how legal representation is provided to the indigent accused in six districts of Nepal**

दी इन्टरनेसनल लिगल फाउन्डेसन, नेपाल र न्यायाधीश समाज नेपालले नेपालका छ जिल्लाका सीमांकित असमर्थ, असहाय, गरीब, निर्धन अभियुक्तहरुले कसरी फौजदारी मुद्दामा कानूनी प्रतिरक्षा प्राप्त गरेका छन भनी न्यायको पहुँचको लागि गरिएको सर्वेक्षणबाट प्राप्त तथ्यहरुको विष्लेषण गरी दिएका सुझावहरुले नेपाल सरकार, न्यायमा आवद्ध सरोकारवालाहरु, नागरिक समाजमा आवद्ध संघसंस्थाहरुलाई उपयोगी हुने विश्वास अनुसन्धान प्रतिवेदनले गरेको छ । निश्चय नै यो अनुसन्धान प्रतिवेदनले फौजदारी न्याय प्रणालीको मेरुदण्डको रुपमा रहेको असमर्थ पक्षलाई कानूनी प्रतिरक्षा गरी स्वच्छ सुनुवाईको हकलाई सुनिश्चित गर्न महत्वपूर्ण योगदान गर्न सक्नेछ । अनुसन्धानले निम्न सुझाव प्रस्तुत गरेको देखिन्छ ।

- सबै सीमांकित र निर्धन अभियुक्तहरुले प्रभावकारी कानूनी प्रतिनिधित्व प्राप्त गर्नको लागि नेपाल सरकारले नयाँ ऐन बनाएर होस वा मौजुदा कानूनमा संशोधन गरेर होस कि प्रहरी र सरकारी अधिवक्ताले प्रारम्भमा नै जानकारी गराउने व्यवस्था गर्ने ।

- निःशुल्क कानूनी सेवा प्रदायक कानून व्यवसायीहरुको उपयुक्त शिक्षा, तालिम, शीप र अनुभवले मात्र खास गरी बालवालिक, महिला र असहाय पक्षलाई सेवा दिन सक्ने हुँदा यसको लागि Qualification and Performance Standards लाई लागु पर्ने ।
- आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हकलाई नागरिक सचेनतामा अभिवृद्धि गराउनु पर्ने ।
- निःशुल्क कानूनी सेवा प्रदायकहरुले उपलब्ध गराउने कानूनी सेवालाई गुणस्तरीय बनाउनुपर्ने ।

## २७.सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समिति

सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समितिको विभिन्न मितिमा भएका निर्णयहरु मुद्दा ब्यवस्थापनको सन्दर्भमा अति उपयोगी र महत्वपूर्ण दस्तावेजको रुपमा रहेका छन् । यी निर्णयहरुले मुद्दालाई छिटो र छरितो किनारा गर्न उपयोगी हुने कुरामा कुनै विवाद छैन । मुद्दा व्यवस्थापन समितिको मिति २०६६ चैत्र २५ गतेदेखि मिति २०७२ भाद्र ३ गतेसम्मको महत्वपूर्ण निर्णय बुँदाहरु निम्न छन् :

- फैसला कार्यान्वयन, बेरितको आदेश सम्बन्धी र मध्यस्थता सम्बन्धी रिट निवेदनहरुलाई छिटो किनारा लगाउनु वाञ्छनीय देखिंदा आवश्यकतानुसार त्यस्ता मुद्दाको छुट्टै इजलास गठन गरी मुद्दा फछ्र्यौट गर्ने कार्य अभियानको रुपमा अघि बढाउन उपयुक्त देखिएकोले सम्माननीय प्रधान न्यायाधीश समक्ष अनुरोध गर्ने ।
- विकास निर्माणसंग सम्बन्धित विषयका मुद्दा तथा रिट निवेदनहरु छिटो र प्रभावकारी रुपमा निरोपण गर्नुपर्ने हुँदा त्यस्ता मुद्दा तथा रिट निवेदनहरुको पहिचान गरी तिनको व्यवस्थापन र सुनुवाई गर्न आवश्यक व्यवस्था मिलाउने ।
- अदालतमा दर्ता हुन आउने जुनसुकै लिखत कागजात वा विचराधीन रहेका मुद्दाका पक्षले दिने कुनै पनि निवेदनमा त्यस्तो पक्षलाई अदालतले खोजेका बखत उपस्थित गराउन वा म्याद सूचना जारी गर्न सकिने गरी स्पष्ट वतन र सम्पर्क फोन नं., मोवाइन नं. समेत लिने । कुनै पक्षले तारिखमा नरही मुद्दाको कारवाई गर्न चाहेमा पेशीको सूचना निजको मोवाइलमा दिने र सोको रेकर्ड यस अदालतको सूचना प्रविधि शाखामा रहने व्यवस्था गर्नका लागि सूचना प्रविधि शाखासंग समन्वय गरी कारवाई अगाडि बढाउन यस अदालतका रजिष्ट्रारलाई निर्देशन दिने ।

- यस अदालतमा विचाराधीन रहेका विभिन्न प्रकृति र विषयवस्तुका मुद्दाहरुलाई विवादित तथ्य, निरोपण हुनुपर्ने प्रश्न तथा सम्बन्धित कानून र यस अदालतबाट प्रतिपादित नजीर सिद्धान्त समेतका आधारमा समान प्रकृतिका मुद्दाहरुको पहिचान गरी त्यस्ता मुद्दाहरुलाई एक मुष्ट रुपमा एउटै समूहमा राखी एकै साथ सुनुवाई गर्न मिल्ने गरी एकै दिन पेशी चढाउने व्यवस्था गर्ने ।
- विगो, विषयवस्तु एवं कार्यविधि लगायतका आधारमा सुनुवाईलाई धेरै समय नलाग्ने सरल एवं साना प्रकृतिका मुद्दाहरु छुट्याई त्यस्ता मुद्दालाई हरेक दिन एक छुट्टै इजलास गठन गरी नियमित सुनुवाई हुने व्यवस्थाका लागि सम्माननीय प्रधान न्यायाधीशज्यू समक्ष अनुरोध गर्ने ।
- दोहोऱ्याई पाउँ निवेदन दर्ता भएको भोलिपल्टै पेशी चढाउने र पहिलो सुनुवाई नभएसम्म निरन्तर पेशी चढाउने एवं यथासम्भव प्रत्येक दिन एक इजलास दोहोऱ्याई पाऊँ भन्ने निवेदन सुनुवाईको लागि गठन गर्नका लागि सम्माननीय प्रधान न्यायाधीशज्यू समक्ष अनुरोध गर्ने ।
- सर्वोच्च अदालतमा पुराना मुद्दाहरु न्यायाधीशहरुको समूहबाट सुनुवाई गर्ने गरिएकोमा सोको उपलब्धि संतोषजनक देखिएकोले यसलाई अझ प्रभावकारी बनाउन आवश्यक पहल गर्ने ।
- एकैसाथ निर्णय हुनसक्ने एकै प्रकृतिका विषयवस्तु वा एउटै निर्णयलाई चुनौति दिएका रिटहरु एकैसाथ पेशी चढाउने ।
- कैद अवधी भुक्तान भएका वा हुन लागेका वा कम कैद अवधिको राय लगाएका थुनुवा मुद्दाहरुलाई छुट्टै रुपमा समूहकृत गरी प्राथमिकताका साथ पेशी चढाउने । त्यस्ता मुद्दाको पेशीको जानकारी सम्माननीय प्रधान न्यायाधीशज्यूलाई अग्रिम रुपमा दिने ।
- यस अदालतमा विचराधीन कतिपय पुराना मुद्दाहरुको कारवाही प्रकृया हेर्दा पुनरावेदन अदालतको फैसला तयार गर्दा फैसला वा तपसील खण्डमा स्पष्ट पार्नुपर्ने विवरणहरु उल्लेख नै नगरी वा उल्लेख गरेपनि स्पष्ट उल्लेख नगरी वा फरक पर्ने गरी उल्लेख गरेका कारण अनावश्यक रुपमा लम्विन गएको देखियो। न्याय प्रशासन ऐन,२०४८ को दफा ९(१) (ग) मा संशोधन भएको लामो समय व्यतित भइसक्दा पनि पुनरावेदन म्याद दिने वा नदिने गर्नुपर्नेमा कतिपय मुद्दामा त्यस्तो नगरेकोले त्यस्तो

अवस्था पुनः श्रृजना नहोस भन्ने तर्फ सबै पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरुको ध्यानाकर्षण गराउन सम्माननीय प्रधान न्यायाधीशज्यू समक्ष अनुरोध गर्ने ।

- ५ वर्ष नाघेका पुराना मुद्दाको टिपोट कार्य तत्काल गर्न प्रशासन शाखालाई निर्देशन दिने साथै मुद्दाको टिपोटलाई विश्वासनीय बनाई मुद्दाको सुनुवाईका बखत टिपोटमा आधारित भै निर्णय गर्न मिल्ने गरी गुणस्तरीय बनाउन आगामी बैठकमा टिपोटमा खटिएका सम्पूर्ण अधिकृतहरुसँग छलफल गर्ने ।
- सरल साना प्रकृतिका अंश मुद्दा छुट्टाई अन्य सानातिना समूहको मुद्दामा नमिसाई हप्ताको एक दिन छुट्टै समूहमा पेशी चढाउने ।वालवालिका, विधवा, वृद्ध आदिको मुद्दा समानुपातिक रुपमा पेशी चढाउने ।
- सरल जटिल वा सामान्य प्रकृतिका मुद्दा दर्ता कै समयमा पहिचान गरी कार्यविधिमा समेत तदनुरुप व्यवस्था गरी पेशी चढाउने ।
- कानूनद्वारा बन्द इजलासमा सुनुवाई हुनुपर्ने मुद्दा जिल्ला अदालतमा बन्द इजलासबाटै सुनुवाई गरिएको भएतापनि यस अदालतमाल सो सम्वन्धी अभ्यास नगरिएकाले त्यस्ता मुद्दाहरु यस अदालतमा पनि बन्द इजलासबाटै सुनुवाई गर्ने व्यवस्था मिलाउने ।

## २८.न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना

न्यायको पहुँचमा रहेका अवरोध तत्वहरु प्हिचान गरी सोको न्यूनीकरणका लागि आवश्यक उपायहरु अबलम्बन गर्ने गराउने समेतको कार्यदिश राखी गठित न्यायमा पहुँच आयोगको लागि तयार पारिएको वार्षिक कार्ययोजना २०७२/०७३ मा भएमा महत्वपूर्ण कुरा निम्न छन् :

- न्यायमा पहुँच कायम गर्न प्रयास गरेका ऐनहरुको पहिचान गरेको,
- सर्वोच्च अदालतबाट न्यायमा सहज पहुँचको लागि भएका केही महत्वपूर्ण आदेश र निर्णयहरुलाई संक्षेपमा प्रस्तुत गरेको,
- न्यायमा सहज पहुँचसम्वन्धी पद्धतिका सबल पक्षहरु उल्लेख गरेको ,
- न्यायमा सहज पहुँचसम्वन्धी पद्धतिका कमजोर पक्षहरु उल्लेख गरेको ,
- न्यायमा सहज पहुँचसम्वन्धी पद्धतिका लागि उपलब्ध अवसरहरु उल्लेख गरेको ,
- न्यायमा सहज पहुँचसम्वन्धी पद्धतिका चुनौतिहरु उल्लेख गरेको ,
- न्यायमा सहज पहुँच आयोगको वार्षिक कार्ययोजना तयार गरेको ।

# परिच्छेद–तीन

# मुद्दाको काम कारबाहीलाई छिटो छरितो पार्ने र मुद्दा व्यवस्थापन सम्वन्धी विद्यमान कानूनी व्यवस्था र संक्षिप्त विश्लेषण

## १.विषय प्रवेश

स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका संविधानको आधारशीला हो । न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, प्रभावकारी र जनउत्तरदायी बनाउने राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा उल्लेख छ ।अदालतको मुख्य काम भनेको छिटो, छरितो न्याय निरुपण गर्ने नै हो । न्याय प्राप्तिको मार्ग कानूनले नै देखाएको हुन्छ । न्यायमा नागरिकको सहज पहुँचलाई कानूनले नै फराकिलो सरल राजमार्ग बनाइदिनु आवश्यक हुन्छ । यो लक्ष्य प्राप्तिको साधनको रुपमा मुलुकी ऐन अदालती वन्दोवस्तको महलका कानूनी प्रावधानहरुलाई लिन सकिन्छ । तोकिएको समयाबधिभित्र मुद्दा फछ्र्यौट गर्नका लागि विभिन्न प्रक्रिया, विभिन्न संयन्त्र र विभिन्न पद्धतिहरुको विकास गरिएको हुन्छ ।

न्यायपालिकाको तीन वटा रणनीतिक योजनाहरुले पनि मुद्दा फछ्र्यौट गर्ने कार्यलाई सरल र सहज बनाई न्यायलाई जनउत्तरदायी बनाउन नै कार्ययोजनाहरु निर्माण गरेको छन । रणनीतिक योजनाको मुख्य सरोकारको विषय भनेको नै कानूनले तोकेको अबधिभित्र मुद्दा फछ्र्यौट गर्ने नै हो । निर्धारित अबधिभित्र मुद्दा फछ्र्यौट गर्नुपर्ने कुरालाई आधार बनाएर कानूनले विभिन्न व्यवस्थाहरु गरेको छ । यस परिच्छेदमा संक्षेपमा कानूनी व्यवस्थाको उल्लेख गर्ने प्रयास गरिएको छ ।

## २.नेपालको संविधान, २०७२ मा न्यायपालिकाको संवैधानिक व्यवस्था

नयाँ सविधानले न्यायपालिकाको सम्वन्धमा गरेको थप संवैधानिक व्यवस्थाले न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी र प्रभावकारी बनाउने कार्यलाई सहयोग प्राप्त हुने आशा गर्न सकिन्छ ।

### २.१मुख्य ब्यवस्थाहरुः

- स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको परिकल्पना संविधानको प्रस्तावनाले नै उद्घोषण गरेको छ ।

- न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने" भन्ने भाग ४ को धारा ५१(६) (१) मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा उल्लेख छ ।
- सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपायहरु अवलम्बन गर्ने भन्ने भाग ४ को धारा ५१(६) (२) मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा उल्लेख छ ।
- पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ भनी धारा २०(२) मौलिक हकमा उल्लेख छ ।
- कानून बमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका बैकल्पिक उपाय अवलम्वन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिनेछ भन्ने धारा १२७ ( २ ) मा व्यवस्था छ ।
- धारा १२७ मा लेखिएदेखि बाहेक खास किसिम र प्रकृतिका मुद्दारुको कारवाही र किनारा गर्न संघीय कानून बमोजिम अन्य बिशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र गठन गर्न सकिनेछ । तर कुनै खास मुद्दाका लागि बिशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको गठन गरिने छैन भन्ने धारा १५२(१) मा उल्लेख छ ।
- एकवर्ष भन्दाबढी कैद सजाय हुने फौजदारी कसूर सम्वन्धी मुद्दा अदालत वा विशिष्टीकृत अदालत वा सैनिक अदालत वा न्यायिक निकाय बाहेक अन्य निकायको अधिकार क्षेत्रमा पर्ने छैन  भनी धारा १५२(२) मा उल्लेख छ ।

## २.२.अदालतको तह

### सर्वोच्च अदालत

- सर्वोच्च अदालतको अधिकार क्षेत्र यथाबत कायम गरिएको छ ।
- धारा १३३(१) बमोजिम परेका निवेदन , संघ र प्रदेश वा प्रदेश प्रदेश, प्रदेश र स्थानीयतह तथा स्थानीय तहहरुबीच अधिकार क्षेत्र बारेमा भएको विवाद सम्वन्धी र

संघीय संसद वा प्रदेश सभाको सदस्यको निर्वाचन र यिनैका सदस्यको अयोग्यता सम्वन्धी मुद्दाको शुरु कारवाही र किनारा गर्न प्रधान न्यायाधीश लगायत पाँच सदस्यीय संवैधानिक इजलासको गठनको व्यवस्था धारा १३७ मा गरिएको छ ।

**उच्च अदालत**

- संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभाबहीन देखिएको अन्य कुनै कानूनी हकको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ । यस प्रयोजनका लागि उच्च अदालतले वन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ ।
- संघीय कानून बमोजिम शुरु मुद्दा हेर्ने, पुनरावेदन सुन्ने र साधक जाँच्ने अधिकार हुनेछ भनी धारा १४४ मा उल्लेख छ ।
- यो संविधान प्रारम्भ भएको मितिले एक वर्षभित्र संघीय कानून बमोजिम धारा १३९ बमोजिम उच्च अदालतको स्थापना गरिनेछ । त्यस्तो अदालतको स्थापना भएपछि यो संविधान प्रारम्भ हुँदा कायम रहेको पुनरावेदन अदालत बिघटन हुनेछ ।

**जिल्ला अदालत**

- यो संविधान प्रारम्भ हुँदाका बखत अदालत बाहेक अन्य निकायमा विचराधीन रहेका एक बर्षभन्दा बढी कैद सजाय हुने फौजदारी कसूर सम्वन्धी मुद्दा यो संविधान प्रारम्भ भएपछि सम्वन्धित जिल्ला अदालतमा सर्नेछन् ( धारा ३००(७)) ।
- आफ्नो अधिकारक्षेत्रभित्रका सम्पूर्ण मुद्दाको शुरु कारबाही र किनारा गर्ने, बन्दीप्रत्यक्षीकरण, निषेधज्ञा लगायत कानून बमोजिमका निवेदन हेर्ने, अर्धन्यायिक निकायले गरेको निर्णय उपर कानून बमोजिम पुनरावेदन सुन्ने, प्रादेश कानून बमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णय उपर आफू र आफ्नो मातहत अदालतहरुको न्याय सम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा संघीय कानून बमोजिम अवहेलनामा कारबाही चलाइ सजाय गर्न सक्ने अधिकार हुनेछ ( धारा १५१) । पुनरावेदन सुन्ने क्षेत्राधिकार समेत जिल्ला अदालतलाई संविधानले नै दिएकोछ ।

- यो संवैधानिक व्यवस्थाबाट जिल्ला अदालतको भूमिका फराकिलो र सवल बनाएको छ । साथै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ को उपदफा (१) र (२) वमोजिमको सजाय हुने कसूर सम्वन्धी मुद्दा र हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० को उपदफा (१) र (२) वमोजिमको सजाय हुने कसूर सम्वन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई प्रदान गर्नु उपयुक्त हुने देखिन्छ भनी अदालतको अधिकारक्षेत्र पुनरावलोकन कार्यदलको प्रतिवेदन, २०६५ ले दिएको सुझाव पनि कार्यान्वयन भएको देखिन्छ ।
- केही सार्वजनिक ( अपराध र सजाय) ऐन, २०२८ ,कालो बजारी, हातहतियार तथा खरखजना, खाद्य मिसावट जस्ता तोकेका मुद्दाको अधिकार क्षेत्र जिल्ला प्रशासन कार्यालय रहेको तथा जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालय एउटै अङ्ग मातहत निकायहरु अनुसन्धान र निर्णयकर्ताको रुपमा रहेको हुँदा अनुसन्धान र अभियोजन मागदाबी अनुरुप नै निर्णय हुने प्रचलनले हाम्रो फौजदारी न्याय प्रणालीको आधुनिकता एवम् निष्पक्षतामा गम्भीर प्रश्नहरु विभिन्न अध्ययन प्रतिवेदनले उठाएकामा त्यस्ता प्रश्नहरुको सम्वोधन पनि गरिएको देखिन्छ ।

**प्रदेश कानूनद्वारा गठित स्थानीय स्तरका न्यायिक निकाय**

यो स्थानीय स्तरको न्यायिक निकायको क्षेत्राधिकार प्रदेश कानूनले तोके बमोजिम हुनेछ । स्थानीय स्तरका सानातिना मुद्दाहरु कारवाही र किनारा गर्न पाउने अधिकार हुनेछ ।

## ३. प्रचलित कार्यविधिको कानूनी व्यवस्था

हाम्रो प्रचलित कानूनी व्यवस्थामा तीन किसिमका कार्यविधिहरु मूलरुपमा छन् ।

### ३.१.संक्षिप्त ( कार्यविधि) ऐन, २०२८

साना सरल प्रकृतिका मुद्दालाई छिटो छरितो र कम खर्चिलो बनाई संक्षिप्त कार्य विधि अपनाई चाँडो किनारा गर्ने उद्देश्य राखी उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८ को सिफारिसमा ल्याइएको यस ऐनले फिराद नदिइ निवेदन उजुरीको आधारमा पनि वयान गराई कारवाही गर्न सकिने, तीन दिनभित्र ७ दिनको म्याद जारी गर्नुपर्ने, म्याद २ दिनभित्र तामेल गर्नुपर्ने, म्याद वा तारिख गुज्रेमा एकै पटक वा दुई पटकसम्म १५ दिन थाम्न पाइने, मनासिव कारणले प्रतिवादी उपस्थित हुन

नसक्ने अवस्थामा अनुपस्थित प्रतिवादी तर्फबाट अरुले प्रमाण पेश गर्न पाउने र सो प्रमाण समेतको बुझी मुद्दाको किनारा गर्नुपर्ने, प्रत्युत्तर परेको वा प्रत्युत्तर पर्ने अवधि पुगेको मितिले ९० दिनभित्र मुद्दा किनारा गर्नुपर्ने , प्रमाण बुझिसकेपछि पक्षहरु अदालतको अनुमतिले तारेखमा नबसे पनि हुने, वादीले प्रमाण पेश गरेपछि तारेख छाडे पनि मुद्दा डिसमिस नगरी फैसला नै गनुपर्ने , फैसलामा चित्त नबुझ्ने पक्षले थाहा पाएको ३० दिनभित्र पुनरावेदन गर्नुपर्ने र शुरु मिसिल प्राप्त भएको मितिले ९० दिनभित्र पुनरावेदन तहबाट फैसला गर्नुपर्ने समेत व्यवस्थाहरु गरेको पाइन्छ । यी वर्णित कानूनी ब्यवस्थाले सानातिना सरल मुद्दाको कारवाही छिटो र छरिटोरुपमा फछ्र्यौट गर्न कानूनले बाटो खोलिदिएको छ। तर यस्तो छिटो छरितो व्यवस्था गरे पनि व्यवहारमा ऐनले निर्धारण गरेको खासै सीमाभित्र मुद्दा किनारा गरी छिटो छरितो न्याय दिन सकेको अनुभूति जनताले गर्न सकेका छैनन् । यो ऐनको पनि समयानुकूल समिक्षा गनुपर्ने अवस्था आइसकेको छ ।

**३.२.विशेष अदालत कार्यविधि**

खास किसिमका मुद्दाहरुको कारबाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढङ्गले गराउने उद्देश्यले विशेष अदालत ऐन, २०५९ जारी भएको हो । प्रतिवादीका नाउँमा बाटाको म्यादबाहेक १५ दिन र विदेशमा रहेकाको हकमा ३० दिनको म्याद जारी गरी तामेल गराइने, साक्षीको नाउँमा म्याद जारी गर्दा बाटाको म्यादबाहेक ७ दिनको म्याद पठाउनु पर्ने, म्याद तामेल गर्दा प्राथमिकता दिनुपर्ने, म्याद तारेख थाम्दा एक पटकसम्म बढीमा १५ दिनको थाम्न पाइने, मुद्दा दायर भएको मितिले सामान्यतयाः ६ महिनाभित्र मुद्दा किनारा गर्नुपर्ने, फैसलामा चित्त नबुझ्ने पक्षले फैसला भएको मितिले ३५ दिनभित्र पुनरावेदन गर्नुपर्ने र पुनरावेदन परेमा मिसिल प्राप्त भएको मितिले ३ महिनाभित्र किनारा गर्नुपर्ने जस्ता प्रावधानहरुले मुद्दाको काम कारवाही छिटो छरितो सम्पन्न गर्नुपर्ने व्यवस्था यस ऐनमा रहेको देखिन्छ । यी कानूनी प्रावधानहरुले विशेष प्रकृतिका मुद्दाको काम कारवाही छिटो छरितो सम्पन्न गर्नुपर्ने व्यवस्था यस ऐनले स्पष्ट उल्लेख गरेको देखिन्छ । विशेष अदालत ऐन, २०५९ को अधिकार र कार्यविधि प्रयाग हुने ऐनका मुद्दाहरुलाई छिटो छरितो कारवाही र किनारा गर्न मद्दत केही हदसम्म मिलेको छ ।

यो ऐनको उद्देश्य अनुरुप मुद्दाको काम कारवाही छिटो छरितो सम्पन्न गरी तोकिएको म्यादभित्र किनारा हुन सकेको छैनन । यो ऐनको कार्यविधि प्रयोग हुने मुद्दाहरुको काम कारवाही छिटो छरितो गर्नमा सहयोग गर्दछ र मुद्दा छिटो किनारा गर्न मद्दत गर्दछ । लागू औषध ( नियन्त्रण)

ऐन,२०३३ को दफा २१क अनुसार ऐनको दफा ४(क) को कसूरबाहेकको अन्य कसूरका मुद्दामा कारवाही र किनारा गर्दा विशेष अदालत ऐनको कार्यविधि र अधिकार अदालतले प्रयोग गर्दछ ।

## ३.३.सामान्य कार्यविधि

सामान्य कार्यविधिलाई मुलुकी ऐनको अदालती बन्दोवस्तको महलले निर्देशित गर्दछ । कुनै कानूनमा मुद्दा कारवाही र किनारा गर्ने विशेष व्यवस्था गरिएको छ भने सोही अनुसार मुद्दाको कारवाही र किनारा हुन्छ । त्यस्तो विशेष व्यवस्था गरिएको छैन भने मुलुकी ऐन बमोजिम नै सामान्य कार्यविधि लागु हुन्छ । म्याद बुझेको मितिले बाटाको म्यादबाहेक ३० दिनभित्र प्रत्युत्तर लगाउनुपर्ने, हदम्याद गुजारेमा ३० दिन थाम्न पाउने , तारेख गुजारेमा बढीमा तीन पटकसम्म वा एकै चोटी ३० सम्मको तारेख थाम्न पाउने, शुरु फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिले १ वर्षभित्र, पुनरावेदन फैसला गर्दा शुरु मिसिल प्राप्त भएको मितिबाट छ महिनाभित्र फैसला गर्नुपर्ने, तोकिएको म्यादमा किनारा गर्न नसकिएको मनासिव कारण परेमा माथिल्लो अदालतमा म्याद थपको लागि जाहेर गर्नुपर्ने र फैसलामा चित्त नबुझ्ने पक्षले फैसला भएको मितिले ३५ दिनभित्र पुनरावेदन गर्नुपर्ने जस्ता प्रावधानहरु सामान्य कार्यविधिमा पर्न आउँछन् । यी व्यवस्थाहरुले पनि मुद्दा तोकिएको समयमा किनारा हुन सकेका छैनन् ।

## ४.मुलुकी ऐनको छिटो छरितोको कानूनी व्यवस्था

हाम्रो न्यायिक व्यवस्थाको मूल आधार नै मुलुकी ऐन हो । यो ऐनले विभिन्न कालखण्डमा विविध रुप र रंगमा  मुलुकको सेवा गरेको सर्वबिदित नै छ । प्रस्तावित देवानी र फौजदारी संहिता संसदबाट पारित भइ कार्यान्वयनमा आउन सकेमा मुलुकी ऐन इतिहासका पानामा मात्र हुन्छ र नेपालमा कानूनको नयाँ युगको प्रारम्भ हुनेछ । मुद्दा व्यवस्थापन र न्याय समयानुकूल छिटो छरितो र प्रभावकारी पार्नको लागि कतिपय महत्वपूर्ण कुराहरु मुलुकी ऐनबाटै निर्दिष्ट र व्यवस्थित भएका छन् । मूलतः अदालती वन्दोवस्तको महलमा समेटिएका कानूनी प्रावधानहरुले मुद्दा व्यवस्थापन पद्धति र न्यायलाई छिटो र छरितो पार्ने कार्यसँग प्रत्यक्षतः सरोकार राख्दछन् । यो महलका सबै प्रावधानहरुको उल्लेखन गर्न यस विवेचनामा सम्भव नभए पनि मुद्दा प्रवाह व्यवस्थापन र न्यायलाई छिटो छरितो बनाउनको लागि मुलुकी ऐन अदालती बन्दोबस्तको महलमा रहेका केही महत्वपूर्ण प्राबधानहरुको संक्षिप्तरुपमा उल्लेख गरिएको छ ।

- अड्डामा आफूले गर्नुपर्ने अड्डासम्बन्धी काम कुरा बाहेक अरु काम कुरा गर्नु हुँदैन । (अ.वं. ३ नं.)
- मुद्दाको कारवाई र फैसला खुला इजलासमा गर्नुपर्छ, अड्डामा आई बेमनासिव काम कुरा गरेमा इजलासबाट बाहिर पठाउन सकिनेछ । (अ.वं. ६ नं.)
- सार्वजनिक हित वा सरोकार निहित मुद्दा चलाउन अनुमतिका लागि दिइने निवेदनमा उसै दिन निर्णय दिनु पर्छ । (अ.वं. १० नं.)
- अड्डाले कानून बमोजिम आफूले गर्नुपर्ने काम कारवाही तोकिएको समयमा गर्नुपर्छ । ढीला गर्नु हुँदैन । पुनरावेदन, साधक सुन्दा वा अड्डा जाँच बुझ गर्दा बेमुनासिब गरेको देखियो भने कानून बमोजिम गर्नु गराउनु पर्छ ।( अ.बं. १३ नं.)
- शुरु फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एकवर्षभित्र, पुनरावेदन फैसला गर्दा मिसिल प्राप्त भएको मितिबाट ६ महिनाभित्र फैसला गर्नुपर्छ । बुझ्नु पर्ने प्रमाण बुझिसकेपछि तोकिएको फैसला गर्ने म्याद बाँकी भएपनि मुद्दा फैसल गर्नलाई पैतीस दिन भन्दा ढिलो गर्नु हुँदैन । ( अ.बं. १४ नं.)
- तोकिएको म्याद तारिखमा फैसल गर्न र कारवाही गर्न अड्कने मुनासिव माफिकको कारण परिआएमा परिआएको अड्काउको व्यहोरा लेखी आफ्नो पुनरावेदन सुन्ने अड्डामा म्यादभित्रै जाहेर गनुपर्छ । सो अड्डाले जाँच्दा पनि मुनासिव ठहरी एक महिनासम्म म्याद थप दिनु पर्ने देखिएमा एक पटकलाई आफैले दिई र त्यसभन्दा बढी म्याद थप दिनुपर्नेमा तोक बोली आफूभन्दा माथिल्लो तहमा जाहेर गर्नुपर्छ । त्यस्तो जाहेरी आएमा सो माथिल्लो तहबाट जाँच्दा पनि अड्काउ मुनासिव ठहरी बढी म्याद थप दिनुपर्ने देखिएमा मुनासिव माफिकको अरु म्याद थप दिई सो म्याद तारिखमा कारबाही फैसला गर्न लगाउनुपर्छ । ( अ.बं. १५ नं.)
- आफ्नो मुलुकका अर्को इलाकामा पूर्जी पठाई ताकेता गर्नुपर्नेमा सो पनि नगरेको वा आफ्नै इलाकामा भएको खोजतलास गर्नुपर्नेमा सो पनि गर्न नपठाएको वा विदेशमा पठाउनु पर्नेमा जो लेखी पठाउनु पर्छ कानून बमोजिम सो पनि नपठाएको रहेछ भने कारबाही गरिरहेको मानिने छैन ।( अ.बं. १६ नं.)
- पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतका अड्डामा परेका मुद्दाको काम कारबाहीमा म्याद नाघेको वा बेरित भएकोछ भन्ने कुरा झगडियाका निवेदनबाट वा अरु कुनै किसिमसँग थाहा पाएमा आवश्यकतानुसार सो मुद्दाको मिसिल समेत झिकी पन्घ्र दिनसम्ममा कैफियत तलब

गरी बुझ्दा म्याद नघाएको वा बेरित भएको देखिएमा कानून बमोजिम गर्नु गर्न लाउनु पर्छ । ( अ.बं. १७ नं.)

- कानून बमोजिम रीत पुगेको फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदपत्र, निवेदनपत्र इत्यादि दाखिल हुनसाथ तुरुन्त दर्ता गरिदिनुपर्छ ।अ..बं. १८ नं.)
- विदेशमा रहेको व्यक्तिको नाउँमा म्याद जारी गर्ने वा विदेशी अदालतले जारी गरेको म्याद तामेल गर्ने सम्बन्धमा सरकारले नियम बनाई व्यवस्था गरे वमोजिम गर्नु पर्छ, त्यसरी जारी गरिने म्याद तामेल हुन नसके पनि मुद्दाको कारवाई र फैसला गर्न बाधा पर्ने छैन (अ.वं. ३४ नं.) ।
- तारिख पर्चामा कुन कामका लागि कुन समयमा कुन ठाउँमा हाजिर हुन आउने हो सबै व्यहोरा खोलिनु पर्छ र तोकिए वमोजिमको काम कारवाई गर्नुपर्छ, त्यस्तो काम कारवाई गर्न नपाउने वा नभ्याउने भएमा व्यहोरा जनाई जुन दिन काम हुन्छ त्यसै दिनको तारिख तोक्नु पर्छ । भरसक प्रतिवादी पर्ने दिनको तारिख तोक्नु पर्छ ( अ.वं. ४८ नं./५३ नं.) ।
- तोकिएको समयमा तारिखमा हाजिर हुनुपर्ने झगडिया हाजिर भएन भने अड्डाले पर्खिरहनु पर्दैन, कानून वमोजिम मुद्दाको कारवाई गर्नुपर्छ (अ.वं. ६४ नं.) ।
- अ.वं. ७७ नं. ले लिखतको प्रकृतिबाट आफूसँग रहनु पर्ने वा आफूले प्राप्त गर्न सक्ने लिखत प्रमाणको सक्कल र त्यसको एक प्रति नक्कल वादीले उजूरीका साथ र प्रतिवादीले प्रतिउत्तरपत्रका साथ वा वयान गर्दा पेश गर्नु पर्छ, सो वमोजिम उल्लेख वा पेश नगरेको सवूत प्रमाण पछि बुझिने वा लाग्ने छैन भन्ने व्यवस्था गरेको छ । आफूसँग रहेका प्रमाणहरु पेश गर्नु पर्ने पक्षको दायित्व रहने र त्यसरी पक्षले पेश नगरेका प्रमाण बुझिरहनु नपर्ने भन्ने कानूनको यो व्यवस्था मुद्दा प्रवाहका सन्दर्भमा अत्यन्त महत्वपूर्ण रहेको छ ।
- अ.वं. ७८ नं. ले तोकिएको तारिखका दिन प्रमाण कागज एक आपसमा देखाउने, सुनाउने र वयान गराउने लगायतका कार्यहरु सम्पन्न गर्नु पर्ने व्यवस्था गरेको छ ।
- अ.बं.८३ न..बमोजिम अनुमतिको लागि परेको निवेदनमा निवेदन परेको एक महिनाभित्र निर्णय गरिदिनु पर्छ ।( अ.बं. ८३(४) न.)
- नेपाल सरकार वादी हुने मुद्दा बाहेक अरु मुद्दामा कसैले कसैको नाममा दिएको नालिस फैसला नहुँदै पोली साबित गर्न सक्तिन भनी कागज गरी दियो भने पाँच सय रुपैयाँ जरिवाना गरी सो नालिस फिर्ता दिन सक्नेछ । पुनरावेदन वा निवेदन परेकोमा पोली साबित गर्न सक्तिन भनी पुनरावेदक वा निवेदकले कागज गरी दियो भने अड्डाको अनुमति लिई त्यस्तो

पुनरावेदन वा निवेदन फिर्ता लिन सक्नेछ ( अ.बं.९२ न.) । यो व्यवस्थाबाट मुद्दाको अन्तिमता छिटो हुने तथ्य पुष्टि गर्दछ ।

- तारिखमा नरहेका झगडियालाई पछि झिकाउनु परेमा पर्चा खडा भएका मितिले र साक्षी प्रमाणको मानिस झिकाउनु पर्नेमा झिकाउने एकिन भएका मितिले आफ्नै अड्डाबाट तामेल गर्नुपर्नेमा दश दिनभित्र जारी गरी तामेल समेत गरी र अरु अड्डाबाट तामेल गराउनु पर्नेमा तीन दिनभित्र पठाइसक्नु पर्छ । ( अ.बं. ९३ न.)
- अ.वं. ११५ नं. ले प्रमाण बुझ्न तोकिएको तारिखमा हाजिर नहुने साक्षीलाई वातिल गर्ने, तर नबुझी नहुने साक्षीका सम्बन्धमा समाह्वान जारी गरी बुझ्न हुन्छ भने व्यवस्था गरेको छ । कुनै मुद्दामा कुनै व्यक्ति थुनिएको छ र नथुनिएको व्यक्तिको हकमा कानून अनुसार अङ्ग पुऱ्याउन समय लाग्ने भै एकैसाथ कारवाई गर्दा थुनिएको व्यक्तिको हकमा निज थुनिएको मितिले कानूनको म्यादभित्र किनारा लगाउन नसकिने देखिएमा अदालतले थुनिएका व्यक्तिको सम्बन्धमा मात्र जो बुझ्नुपर्ने बुझी किनारा लगाउन सक्नेछ, त्यसरी किनारा लगाउन सकिनेका हकमा किनारा नलगाई बिना कारण थुनामा राख्न हुँदैन (अ.वं. १२२ नं.)
- प्रतिउत्तर दर्ता भएका मितिले र तोकिएको तारिखमा प्रतिउत्तर दिन नसकी एकतर्फी हुने भएकोमा एकतर्फी प्रमाण बुझ्नलाई सो तारिख गुज्रेका मितिले सात दिनदेखि बढ्ता मनासिवको कारणले बाहेक ढिला गर्नु हुँदैन । ( अ.बं. १४० न.)
- साक्षी बुझ्ने तारिख तोक्दा दुबै पक्षलाई एकै दिनको तारेख तोक्नु पर्छ । अलग अलग तारिख तोक्नु हुँदैंन । ( अ.बं. १४३ न.)
- अड्डाले तोकेको तारिखमा पक्षहरुले आफैले आफ्ना साक्षी उपस्थित गराउनु पर्छ ( अ.बं. १४४ न.)
- टाढाको साक्षीको वकपत्र बन्द सवालबाट अर्को अड्डाबाट गराउनुपर्ने भएमा मनासिव माफिकको म्याद दिई पठाउनु पर्छ । ( अ.बं.१६० न.)
- नेपाल सरकार वादी हुने मुद्दाबाहेकमा वादी प्रतिवादीले तारिख गुजारी थाम्ने अवधि समाप्त भएपछि मुद्दा डिसमिस हुन्छ । ( अ.बं.१७९ न.)
- नेपाल सरकार वादी हुने मुद्दाबाहेकमा वादी र प्रतिवादीले मिलापत्र गर्न सक्ने छन्। (अ.बं.१८२ न.)
- दुबै थरको कुरा मिले नमिलेको बिचार गरी कुरा मिलेको देखिंन आएमा तुरुन्त निर्णय सुनाउनु पर्छ । आँशिक वा पूर्ण रुपमा नमिलेको देखिन आएमा जुन जुन कुरा मुख नमिली

इन्साफ गरी ठहराउनु पर्ने हो सो कुरामा मात्र प्रमाण बुझ्न स्पष्ट पर्चा खडा गरी आदेश गर्नुपर्छ । ( अ.बं.१८४क .न.) यो व्यवस्थाले मुद्दाहरुको प्रारम्भिक सुनुवाईलाई प्रभावकारी बनाउन, प्रारम्भिक सुनुवाईकै अवस्थामा टुंगो लगाउन मिल्ने देखिएका मुद्दाहरुलाई तत्कालै टुंगो लगाउन र मुख नमिलेको कुरामा बुझ्नु पर्ने प्रमाण एकैचोटी बुझ्न निर्देश गरेको छ ।

- अड्डाले बुझ्नु पर्ने भनी ठहराएका प्रमाणहरु बुझिसकेपछि मुद्दाको छलफल गर्नलाई तारिख तोकी सो दिनमा छलफल गराई निर्णय गर्नुपर्छ र राय कायम भैसकेपछि मनासिब कारणले बाहेक फैसला लेख्न ७ दिनभन्दा बढी ढिला गर्नु हुँदैन (अ.वं. १८५ नं.) ।
- तोकेको तारिखमा कुनै पक्ष हाजिर हुन नआएमा सो गुज्रेको म्याद तारिख थाम्ने म्याद गुज्रेको पन्ध्र दिनभित्र लेखिएको अवस्था हेरी फैसला वा डिसमिस गर्नुपर्छ । ( अ.बं.१८५क .न.)
- धेरै जना वादी वा धेरै जना प्रतिवादीभएको मुद्दामा सबै हाजिर नभै दुबैतर्फको एक जना वा एक जनाभन्दा बढी हाजिर भएकोमा मुद्दा छिन्नलाई हाजिर नभएसम्म पर्खिरहनु पर्दैन । ( अ.बं.१८५ख.न.)
- वारेण्ट जारी हुने मुद्दामा प्रतिवादीहरुमध्ये कोही वयान गरी सकेको र कोही फरार नै भएकोमा प्रमाण बुझी वयान गर्नेको हकमा फैसला गरी फरारको हकमा मुलतबी राख्नु पर्दछ। ( अ.बं.१९० न.)
- मुद्दा फैसला भएपछि हाजिर भएको पक्षलाई तत्काल फैसला सुनाई कागज गराउने र हाजिर नरहेको पक्षलाई फैसला भएको तीन दिनभित्र कानूनका म्यादभित्र पुनरावेदन गर्नु भनी म्याद जारी गर्नुपर्छ । म्याद नाघेपछि पुनरावेदन लाग्न सक्तैन । ( अ.बं.१९३ .न.)
- पुनरावेदन दिंदा मुद्दा छिन्ने अड्डमा वा थुनामा बसेको व्यक्तिले कारागार र सरकारी कर्मचारीले आफू बहाल रहेको अड्डामा पुनरावेदन दर्ता गर्न हुन्छ । ( अ.बं.१९५.न.)
- पुनरावेदन, साधकबाट छलफलको लागि प्रत्यर्थी झिकाउने आदेश भएमा तीन दिनभित्र म्याद जारी गर्नुपर्दछ । प्रत्यर्थी हाजिर हुन आएमा ३५ दिनभित्र फैसला गरिदिनु पर्छ । ( अ.बं.२०२ न.)
- रीतपूर्वक म्याद तामेल नभै फैसला भएको अवस्थामा फैसला भएको छ महिनाभित्र थाहा पाएको पैतीस दिनभित्र प्रतिवादीले प्रतिउत्तर लेखिल्यायो भने जाँची रीतपूर्वक नदेखिएमा पर्चा खडा गरी प्रतिउत्तर दर्ता गरी प्रमाण बुझी फैसला गरिदिनु पर्छ । ( अ.बं.२०८ न.)
- सरोकारवालाले मिसिलको जुनसुकै कागजको नक्कल मागे दिनुपर्छ । फिरादपत्रको नक्कल भोलिपल्टसम्म र अरु कागजको नक्कल तीन दिनभित्र दिनुपर्छ । ( अ.बं २११ .न.)

- अघि जित्ने झगडिया तारिखमा नरहेको भए बिगो भराउने, चलन चलाउने, अंश बण्डा छुट्याउने, दाखिल दर्ता गराउने र लिखत पास गराउन समेत ऐनको म्यादभित्र फैसलाबमोजिम गराई माग्नुपर्ने कलमहरुमा सो अघि जितेको झगडियालाई फैसला भएका मितिले तीन दिनभित्र इन्साफ सदर भएको जनाउ पठाई तामेल गराउनुपर्छ । सो जनाउ पाएका मितिले म्याद शुरु हुन्छ । (अ.बं. २१० नं.)
- मुद्दाको साधक जाहेर गरेकोमा रीत नपुगेको अवस्थामा यति रीत पुऱ्याई पठाउनु भनी म्याद तोकी सात दिनभित्र फिर्ता पठाइदिनु पर्छ । ( अ.बं.२१५ न.)
- मुद्दाको साधक जाहेर गरेकोमा जो बुझ्नुपर्ने बुझी मिसिल प्रमाण कागजात दाखिल भएको १५ दिनभित्र किनारा गरिदिनु पर्छ । ( अ.बं.२१६ न.)
- साधक सदर गर्नु गराउनु पर्ने मुद्दामा जाँच्दा थुनिएकालाई छाड्नु पर्ने वा सजाय गर्नुपर्ने भएमा सम्वन्धित कारागारलाई तीन दिनभित्र जनाउ दिई मिसिल पन्घ्र दिनभित्र पठाई दिनुपर्छ । मुद्दाको साधक जाहेर गरेकोमा रीत नपुगेको अवस्थामा यति रीत पुऱ्याई पठाउनु भनी म्याद तोकी सात दिनभित्र फिर्ता पठाइदिनु पर्छ । ( अ.बं.२१७ न.)
- आफ्ना अड्डामा परेको निवेदनमा मनासिब माफिकको कारणले बाहेक सात दिनभित्र तोक आदेश दिइसक्नु पर्छ । ( अ.बं.२२२ न.)
- मुद्दाको प्रमाणमा झिकाएको मिसिल फैसला मिलापत्र भएकोमा सात दिनभित्र र फैसला भएकोमा पुनरावेदन गर्ने म्याद नाघेको मितिले सात दिनभित्र बुझाई दिनुपर्छ । ( अ.बं.२२३ न.)

## ५.अदालत नियमावलीहरु

जिल्ला अदालत नियमावली, २०५२, पुनरावेदन अदालत नियमावली, २०४८ र सर्वोच्च अदालत नियमावली, २०४९ मा रहेका मुद्दा व्यवस्थापन सम्बन्धी केही व्यवस्थाहरु निम्न वमोजिम छन् :

### ५.१. जिल्ला अदालत नियमावली

- सर्वोच्च अदालतले आवश्यक ठानेको अदालतमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट्टाछुट्टै देवानी इजलास र फौजदारी इजलास गठन गर्न सक्नेछ । ( नियम ३क.)

- पक्ष र विपक्षको नाम थर ठेगानाको साथै टेलिफोननम्बर, ईमेलठेगाना, कुनै कार्यालयमा काम गर्ने भए कार्यालको नाम, पद र कार्यालयको ठेगाना, ब्लक नं. र फेला पार्न सकिने परिचयात्मक विवरण सहित उल्लेख हुनुपर्दछ । ( नियम १४ख.)
- बन्दीप्रत्यक्षीकरणको निवेदनमा प्रत्यर्थीको नाममा बाटाको म्याद बाहेक बढीमा तीन दिनभित्र र निषेधज्ञाको हकमा पन्घ्र दिनभित्र लिखित जवाफ दिन  कानून बमोजिम सूचना तामेल गरिनेछ ।( नियम १८ड.)
- म्याद र तारिख दुबै गरेर बन्दीप्रत्यक्षीकरणको निवेदनमा एक पटक बढीमा सात दिनसम्मको र निषेधज्ञाको हकमा एक पटक बढीमा पन्घ्र दिनसम्मको  म्याद तारिख थमाइदिन सकिनेछ । ( नियम १८ण.)
- फिरादपत्र दर्ता हुन आएपछि रीत बेरीत जाँची त्यसमा दस्तुर वा कोर्ट फी आदि लिनुपर्ने भए लिई उसै दिन दर्ता किताबमा दर्ता गरी फिरादपत्रवालालाई त्यसको निस्सा वा  तारिख दिनुपर्छ । ( नियम २०.)
- फिरादपत्र दर्ता भएपछि प्रतिवादीलाई म्याद पठाउने आदेश उसै दिन गरी म्याद तामेल गराउनको लागि तीन दिनभित्र सम्वन्धित फाँटमा बुझाउनु पर्नेछ ।  म्याद बुझेको १५ दिनभित्र तामेल गरी तामेलदारले  तामेली प्रतिवेदन फाँटमा पठाउनु पर्नेछ ( नियम २२.)
- बिद्युतीय माध्यम वा पत्रिकामा सूचना प्रकाशन गरेर वा अन्य सरकारी अड्डा वा स्थानीय निकाय समेतबाट पनि म्याद तामेल गराउन सकिनेछ । ( नियम २२क..)
- तारिख तोक्दा तारिखको दिन गरिने कामको ब्यहोरा खुलाई तारिख तोक्नुपर्दछ । ( नियम २३ख.)
- नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची ४ख बमोजिमका मुद्दाहरु अदालतमा अभियोगपत्र पेश भएपछि अभियोग लगाइएका सबै प्रतिवादीहरु उपस्थित गराइएकोमा निजहरुको बयान गराई अदालतले आदेश दिएमा लगातार प्रमाण परीक्षण गरिनेछ । मुद्दामा लगातार कारबाही र सुनुवाई गरी किनारा गर्न सक्नेछ । ( नियम२३ग..)
- मिलापत्रले पक्षहरु बीच विवादको स्थायी समाधान हुने हुँदा मिलापत्रलाई व्यवहारिक, फलदायी, उपयोगी र संस्थागत बनाउन जिल्ला अदालत नियमावलीमा विभिन्न कानूनी व्यवस्थाहरु गरेका छन । ( नियम ३२ देखि ३२ढ. सम्म )

- पक्ष वा कानून ब्यवसायीले निवेदन दिएमा अदालतले बढीमा दुईपटकसम्म सुनुवाई स्थगित गर्न सक्नेछ । दुईपटकसम्म सुनुवाई स्थगित भइसकेको मुद्दा र फैसला गर्न म्याद नाघेको मुद्दाको सुनुवाई स्थगित हुने छैन । ( नियम ३५)
- पहिलो पटक इजलासमा मुद्दा पेश भएको अवस्थामा अभियोग दावी प्रमाणित हुनेसम्मको आधार र प्रमाण प्रस्तुत हुन आएको नदेखिएमा वा हदम्याद, हकदैया, अदालतको क्षेत्राधिकार भएको नदेखिएमा वा थप प्रमाण बुझिरहनुपर्ने नदेखिएमा सोही पेशीकै दिन त्यस्तो मुद्दा किनारा गर्न सकिनेछ । ( नियम४६क )
- अदालतमा रहेका मुद्दा मामिला, भौतिक तथा वित्तीय स्रोत जस्ता विषयमा व्यवस्थापन गर्न अदालत व्यवस्थापन समिति ( नियम ४क.) र फैसला र आदेशको कार्यान्वयनमा सहयोग जुटाउन समेत जिल्ला न्यायक्षेत्र समन्वय समिति ( नियम ४ख.) र जिल्ला अदालत मुद्दा व्यवस्थापन समिति ( सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समितिको मिति २०७१ । ४ । ५ गतेको निर्णयले गठित ) समेत समितिहरु पनि कार्यरत छन । यी समितिहरुले पनि अदालतको काम कारवाहीलाई छिटो छरितो पार्न महत्वपूर्ण सहयोगीको भूमिका निर्वाह गरेको छन् ।

## ५.२.सर्वोच्च अदालत नियमावली र पुनरावेदन अदालत नियमावली

सर्वोच्च अदालत नियमावली, २०४९ र पुनरावेदन अदालत नियमावली, २०४८ का विभिन्न ब्यवस्थाहरुले पनि मुद्दालाई छिटो छरितो बनाई किनारा गराउने कार्यमा महत्वपूर्ण योगदान गरिराखेका छन । यी नियमवलीहरुको सबै प्राबधानहरुको उल्लेखन गरी लामो विश्लेषण गर्न आवश्यकता यहाँ देखिन आएन । यी नियमावलीहरुले मुद्दाको कारबाही र किनारा छिटो गर्नको लागि महत्वपूर्ण व्यवस्थाहरु गरिएका छन । सर्वोच्च अदालतमा अदालत व्यवस्थापन समिति, मुद्दा ब्यवस्थापन समिति, मेलमिलाप समिति र केन्द्रीय न्यायक्षेत्र समन्वय समिति जस्ता महत्वपूर्ण समितिको अवधारणालाई ब्यवहारिकरुपमा स्वीकार गरी लागु गरिएका छन । यी समितिहरुले अदालतको सहयोगीको भूमिका खेल्ने ब्यवस्था आफैमा उदाहरणयोग्य छन् ।त्यसै गरी पुनरावेदन अदालतमा पनि विविध व्यवस्थाहरु गरिएका छन ।

## ६. न्याय प्रशासन ऐन, २०४८ को कानूनी व्यवस्था

न्याय प्रशासन ऐन, २०४८ को प्रस्तावनामा नै न्याय छिटो, कम खर्चिलो र सुलभ बनाउने उद्देश्य राखिएको छ । यस ऐनमा न्यायलाई छिटो छरितो बनाउनको लागि निम्न कानूनी व्यवस्था गरिएको छन्ः

- न्याय प्रशासन ऐन, २०४८ को  दफा ९(ग) बमोजिम तीन वर्षभन्दा कम कैदको सजाय, पच्चीस हजार रुपैयाँभन्दा कम जरिवाना, पचास हजार रुपैयाँभन्दा कम बिगो भएको मुद्दामा पुनरावेदन अदालतले गरेको फैसला अन्तिम हुने अर्थात सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने व्यवस्था गरेको पाइन्छ ।
- मुद्दाको कारबाही असाधरणरुपमा लम्बिन गई पक्षहरुले धेरै हैरानी ब्यहोर्नु परेको वा कुनै गम्भीर वा जटिल कानूनी प्रश्न समावेश भएको कारणले मुद्दाको शुरु कारबाही र किनारा पुनरावेदन अदालतबाट हुनु उपयुक्त ठहऱ्याई सर्वोच्च अदालतले आदेश दिएको मुद्दा पनि पुनरावेदन अदालतलाई शुरु कारबाही र किनारा गर्ने अधिकार हुने व्यवस्था  दफा ८ ( ३ ) ( ख ) ले गरेको छ ।
- ऐनको दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेर्न दिएको निवेदन परी कारबाही चलेको निवेदनमा दुबै पक्षले मिलापत्र गर्न चाहेमा मिलापत्र गराई दिन सकिने व्यवस्था दफा १३क.मा छ ।
- दफा १४(ग) बमोजिम मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नसँग सम्बद्ध प्रमाणहरु तल्लो अदालत वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने आफैले बुझ्ने वा मुद्दाको लगत कायम राखी ती प्रमाण बुझ्नको लागि मिसिल तल्लो अदालत वा अधिकारीकहाँ पठाउने र दफा १४(घ) बमोजिम तल्लो अदालत वा अधिकारीले निर्णय गर्नुपर्ने प्रश्नहरुमध्ये केहीमा निर्णय गरी र केहीमा निर्णय नगरी फैसला गरेको रहेछ भने मनासिब समय तोकी बाँकी प्रश्नहरुको समेत निर्णय गर्नु भनी पुनरावेदन सुन्ने र साधक जाँच्ने अदालतले मिसिल तल्लो अदालत वा अधिकारीकहाँ पठाउनु सक्नेछ ।
- दफा २०(२) बमोजिम निरीक्षण गर्दा मुद्दामा कानून बमोजिम हुनु पर्ने काम नभएको वा नहुनु पर्ने काम भएको देखिएमा निरीक्षण गर्ने न्यायाधीशले तत्सम्वन्धमा आवश्यक आदेश दिन सक्नेछ ।

**७.मेलमिलाप सम्वन्धी ऐन, २०६८**

मुद्दा हेर्ने निकाय समक्ष दायर भएको वा नभएको प्रचलित कानून बमोजिम मिलापत्र हुन सक्ने विवादलाई पक्षहरुले मेलमिलापद्वारा समाधान गर्न चाहेमा यस ऐन बमोजिमको कार्यविधि अपनाई समाधान गर्न सकिनेछ भन्ने व्यवस्था दफा ३(२) र  मेलमिलापको लागि पक्षहरुले निवेदन दिए मुद्दा जुनसुकै तहमा रहेको भए पनि मेलमिलापबाट निरुपण गर्न आदेश दिनेछ भन्ने दफा ३(३) मा

कानूनी व्यवस्था गरिएको छ । यो मेलमिलाप सम्वन्धी ऐन, २०६८ ले पनि मुद्दाको विवादलाई सरल र छिटो समाधान गर्न योगदान दिइराखेको छ ।

## ८.विद्यमान कानूनी व्यवस्थाको संक्षिप्त विश्लेषण

**८.१.**सबै तहका अदालतमा अदालत व्यवस्थापन समिति, मेलमिलाप समिति र न्यायक्षेत्र समन्वय समिति रहने व्यवस्था छ । सर्वोच्च अदालतमा मुद्दा ब्यवस्थापन समिति रहने व्यवस्थापन भए पनि पुनरावेदन अदालत र जिल्ला अदालतमा मुद्दा ब्यवस्थापन समितिको नियमावली गरिएको छैन । यस्तो महत्वपूर्ण समितिको अभाव देखिएकोले सर्वोच्च अदालत मुद्दा ब्यवस्थापन समितिको मिति २०७१ ।०४ । ०५ गतेको निर्णयले सवै पुनरावेदन अदालत र सबै जिल्ला अदालतहरुमा मुद्दा ब्यवस्थापन समितिको गठन गर्न आदेश जारी गरिएको छ । यी समितिहरुका सदस्यहरुमा सरोकारवालाहरुको प्रतिनिधित्वको व्यवस्था मिलाइएको छ । यी समितिहरुलाई अझ बढी क्रियाशील र प्रभावकारी तुल्याउँदै लगिएमा नै अदालतमा दर्ता भएका मुद्दा ब्ययवस्थापनको काम कारबाहीमा गतिशिलता प्राप्त भई सेवाग्राहीलाई छिटो र छरितो न्याय दिलाउन मद्दत मिल्ने छ ।

**८.२.**एकभन्दा बढी न्यायाधीश भएको जिल्ला अदालतमा मुद्दा दर्ता भए पछि बाँडफाँड गरी मुद्दाको बाँकी काम कारवाही र किनारा सोही न्यायाधीशले गर्ने गरी गरिएको व्यवस्थाले मुद्दाको सम्पूर्ण व्यवस्थापन तोकिएको न्यायाधीशको उत्तरदायित्वमा राखिएकोले मुद्दा छिटो किनारा गर्न र गुस्तरीयता कायम गर्न पनि केही हदसम्म सफलता नै प्राप्त भइराखेको छ ।

**८.३.**देवानी र फौजदारी जस्ता विशिष्टीकृत इजलास गठन भएपछि मुद्दा फछ्र्यौटमा उपलब्धीहरु अभिबृद्धि हुने अपेक्षामा नमूना कार्यक्रम लागू भएका काठमाण्डौ, चितवन, कपिलबस्तु, सिरहा, कास्की, बाँके, मोरङ्ग जिल्ला अदालतहरुमा देवानी र फौजदारी इजलासको नियमावली बमोजिम व्यवस्था लागु गरिएको छ । यो ब्यवस्था अन्य अदालतहरुमा थप बिस्तार हुन नसकेकोले यसको उपयोगिता नै नरहेको हो कि भन्ने आशङ्का उठेको छ । तर नमूना अदालतको ब्यवस्था लागु भएका जिल्ला अदालतहरुको भौतिक साधन र मानवीय संसाधनमा भने पर्याप्त सुधार गरिएको तथ्य कसैबाट लुकेको छैन ।

**८.४.**सर्वोच्च अदालत नियमावली र पुनरावेदन अदालत नियमावलीको ब्यवस्थाहरुले मुद्दाका पुनरावेदक र प्रत्यर्थीले तारेखमा बस्नुपर्ने ब्यवस्थालाई पनि हटाई दिएको छ । अदालतको अनुमतिले मात्र स्वेच्छाले मुद्दाका पक्षहरु तारिखमा बस्न पाउँछन । यो ब्यवस्थाले समयमा मुद्दा किनारा नहुँदा अनावश्यक रुपमा तारिख बोक्नु पर्ने झन्झटिलो कार्यबाट न्यायको उपभोक्ता सेवाग्राहीलाई निकै राहत भएको छ । यस्तो उपयोगी तारिख प्रणालीलाई जिल्ला अदालत र अझ

निकट भविष्यमा गठन हुने स्थानीय तहको न्यायिक निकायमासम्म लागु गर्ने व्यवस्था बनाउन सकेमा सेवाग्राहीको लागि न्याय प्राप्तिको आधार सरल हुनेछ ।

८.५.आफ्नो अधिकारक्षेत्र भित्रका  मुद्दाको शुरु कारबाही र किनारा गर्ने, बन्दीप्रत्यक्षीकरण, निषेधज्ञा लगायत कानून बमोजिमका निवेदन हेर्ने, अर्धन्यायिक निकायले गरेको निर्णय उपर कानून बमोजिम पुनरावेदन सुन्ने र प्रादेश कानून बमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने अधिकार जिल्ला अदालतलाई संविधानले नै दिएकोछ । जिल्ला अदालतको मातहतमा स्थानीय स्तरका न्यायिक निकायको व्यवस्था गरिने कार्यबाट न्यायलाई सरल र प्रभावकारी बनाउने कार्यमा राज्य दृढरुपमा प्रस्तुत भएको देखिन्छ ।

८.६.खास किसिम र प्रकृतिका मुद्दाको कारवाही र किनारा गर्न संघीय कानून बमोजिम अन्य विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना र  गठन गर्न सकिने व्यवस्थाले विशिष्टीकृत अदालतको परिकल्पना गरेको देखिन्छ । सर्वोच्च अदालतमा संवैधानिक इजलासको गठन पनि एउटा विशिष्टीकृत इजलासको अवधारणा मान्न सकिन्छ ।सर्वोच्च अदालतमा पुराना मुद्दाहरु न्यायाधीशहरुको समूहबाट सुनुवाई गर्ने गरिएकोमा सोको उपलब्धि संतोषजनक देखिएकोले यसलाई अझ प्रभावकारी बनाउन आवश्यक पहल गर्ने भनी सर्वोच्च अदालत मुद्दा ब्यवस्थापन समितिबाट निर्णय समेत भएको छ । केही वर्ष यता सर्वोच्च अदालतमा मुद्दा संख्याको तुलनामा न्यायाधीशको संख्या निकै कम हुन थालेपछि सर्वोच्च अदालतमा विशिष्टीकृत इजलास वा समूह प्रणालीमा इजलास गठन गरी मुद्दा फछ्र्यौट गर्नमा बाधा पुगेको देखिन्छ । अहिले विविध जटिलताले घेरिएका विषयगत मुद्दामा विशिष्टीकृत इजलास वा समूह प्रणालीमा इजलास गठन गरी मुद्दा किनारा गर्नु अपरिहार्यता भएकोले सर्वोच्च अदालत, पुनरावेदन ( उच्च ) अदालत र जिल्ला अदालतमा यस प्रणाली लागु गर्नुपर्ने समय आएको छ ।

८.७.मेलमिलापद्वारा मुद्दाको काम कारवाही छिटो छरितोरुपमा टुङ्गिने भई विवादको अन्तिम समाधान हुने भएकोले मेलमिलापलाई अदालतले महत्वपूर्ण संयन्त्रको रुपमा स्वीकार गरेको छ । मेलमिलाप सम्वन्धी ऐन, २०६८ लागु भइसकेकोले यसबाट मेलमिलाप कार्यमा ठूलो योगदान दिएको छ । शुरुमा मेलमिलापको कार्य मेलाको रुपमा केही जिल्ला अदालतबाट संचालन गरिएको मेलमिलाप सम्बन्धी पद्धतिलाई पुनरावेदन र सर्वोच्च अदालत तहसम्म प्रवेश गराई संस्थागत भएकोमा प्रशंसनीय कार्य भएको छ । विवाद समाधानको यो लोकप्रिय कार्यक्रमले राष्ट्रिय मान्यता प्राप्त हुनु सबैको लागि सुखद अवस्थाको अनुभूति भएको छ ।

**८.८.**वहस व्यवस्थापन, वहसका लागि समय निर्धारण, मुद्दामा विवादको विषय निर्धारण र प्रमुख कानून व्यवसायीको भूमिकालाई मुद्दा सुनुवाईको क्रममा प्रभावकारी पार्ने जस्ता विषयहरुलाई अदालत नियमावली र मुलुकी ऐनले ब्यवस्था गरे पनि ब्यवहारमा अदालतले सफलतापूर्वक कार्यान्वयन गर्न नसक्नु मानवीय र प्राविधिक कमजोरी मात्र सकिन्छ । अब यी कार्यहरुलाई कानून र नियमको परिधिमा सुव्यवस्थित गरी परिपालना गर्ने गराउने कार्यमा सर्वोच्च अदालतले नै प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । साथै सबै तहका अदालत र न्यायाधीशहरुले पनि आ–आफ्नो क्षेत्रमा क्रियाशील भूमिका निर्वाह गर्दै गएमा भोलिका दिनमा यी कामहरुमा पनि सफलता प्राप्त हुनेछ ।

**८.९.**प्रारम्भिक सुनुवाईकै तारिखमा मुद्दा किनारा गर्न सकिने व्यवस्था पनि जिल्ला अदालत नियमावलीको नियम ४६क. मा रहेको छ । यो प्रावधानको कार्यान्वयन पनि प्रभावकारी बन्न सकेको छैन । अतः यसको प्रभावकारी कार्यान्वयन गरी मुद्दाको कारवाही छिटो छरिता पार्ने जिम्मेवारीलाई जिल्ला अदालतका न्यायाधीशहरुले विशेष बोध गर्नुपर्ने बेला आएको देखिन्छ ।

**८.१०.**सामान्यतयाः ७ दिनभित्र फैसला तयार गर्नुपर्ने गरी सर्वोच्च, पुनरावेदन र जिल्ला अदालत नियमावलीहरुमा अवधि निर्धारण गरिएको छ । यो पनि मुद्दाको कारवाही अपरिहार्य अङ्ग भए पनि यस ब्यवस्थाको पूर्ण उपेक्षा गरी लामो समयसम्म फैसला तयार गरी पक्षलाई उपलब्ध गराउन सकिएको छैन । जिल्ला अदालत र पुनरावेदन अदालतमा सामान्य सुधारको सङ्केत देखिए पनि सर्वोच्च अदालतमा भने कुनै सुधार भएको तथ्य देखिएको छैन । यस कार्यबाट सेवाग्राहीमा निरासा बनाएको अनुभूति हुन थालेको पाइन्छ । फैसलाको संख्याको लगत बढाउनु भन्दा किनारा लागेका मुद्दाको फैसला छोटो समयमा तयार गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने बेला आइसकेको देखिन्छ ।

**८.११.**शुरु फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एकवर्षभित्र, पुनरावेदन फैसला गर्दा मिसिल प्राप्त भएको मितिबाट ६ महिनाभित्र फैसला गर्नुपर्छ । बुझ्नु पर्ने प्रमाण बुझिसकेपछि तोकिएको फैसला गर्ने म्याद बाँकी भएपनि मुद्दा फैसल गर्नलाई पैतीस दिन भन्दा ढिलो गर्नु हुँदैन भनी अ.बं. १४ नं.मा र तोकिएको म्याद तारिखमा फैसल गर्न र कारवाही गर्न अड्कने मुनासिव माफिकको कारण परिआएमा परिआएको अड्काउको व्यहोरा लेखी आफ्नो पुनरावेदन सुन्ने अड्डामा म्यादभित्रै जाहेर गर्नुपर्छ भन्ने समेत अ.बं. १५ नं.मा कानूनी व्यवस्था भए पनि यो प्रावधानको कार्यान्वयन भएको देखिएको छैन । यी तोकिएका म्यादभित्र फैसला केही भए पनि कति प्रतिशत मुद्दा अ.बं. १४ न.को म्यादभित्र फैसला भएका छन भनी लेखाजोखा सर्वोच्च अदालतले गरी

नागरिकको सूचना पाउने हकलाई सम्मान गर्न यथार्थतामा सूचना संप्रेषण गर्ने कुरालाई अदालतले दायित्व बोध गर्नु उपयुक्त हुन्छ ।

८.१२.म्याद थपको अनुमति पनि नमाग्ने र माथिल्लो अदालतले पनि नखोज्ने प्रचलनले अदालतले कानूनको पालना गर्न छाडेको आभास जनमानसमा परेको छ । अदालतलाई उत्तरदायी बनाउने यी कानूनी प्रावधानलाई अदालतले बिर्सिदा पनि मुद्दाको काम कारवाही प्रभावकारी तथा छिटो छरितो हुन नसक्नु एउटा मुल कारक तत्व मान्न सकिन्छ ।

८.१३.मुद्दा व्यवस्थापन गरी काम कारबाहीलाई छिटो छरितो गरी मुद्दा किनारा गर्नको लागि केही कानूनी संरचना र भौतिक संरचनाहरु तयार भएका छन् र हुँदैं पनि छन । सुधारको प्रक्रिया समाज विकाससँग हातेमालो गरेर लगातार हुने स्वाभाविक गतिशील मानवीय क्रियाकलाप हो । कमी कमजोरीलाई संस्थागत सुधार प्रक्रियामा अगाडि बढाउन सबै क्षेत्रको सकरात्मक सोच र कार्यले महत्वपूर्ण सहयोग पुऱ्याउँछ। अदालतले आफै न्यायपालिको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना बनाएर कार्यान्वयन गरिरहेको अवस्थामा सुधार र प्रगतिको पाइलाहरु निकै अगाडि लम्किएको छन । हाम्रा कमजोरी र चुनौतीहरुलाई आत्ससात गर्दै कमजोरी र चुनौतीहरुसँग सामाना गर्नको लागि मानवीय मनोवृति, संस्कार कमजोरी तथा व्यवस्थापकीय कमजोरीलाई सुधार गर्न अदालतले समिक्षा गर्न आवश्यक हुन्छ ।

८.१४.तसर्थ कतिपय कानूनी प्रावधानहरु असजिला, अव्यवहारिक, झण्झटिला र परम्परागत शैलीका पनि छन् भने कतिपय सुधारका लागि महत्वपूर्ण पनि छन् । अव्यवहारिक, झण्झटिला र परम्परागत शैलीका प्राबधानहरुको सुधारको लागि प्रयास भइ नै रहेका छन । देवानी संहिता र फौजदारी संहिता र यिनैका कार्यविधिका विधेयकहरु संसदमा पेश भइरहेका छन् । संस्थागत र पद्धतिगत सुधारका परिवर्तनलाई हामी सबैले स्वीकार र स्वागत गर्न तत्परता देखाउनुपर्छ । एक्कासौं शताब्दीको हाँक र चुनौतिको सामना गर्दै न्यायपालिकालाई संवृद्धि र सफलताको शिखरमा पुराउनको लागि नयाँ संविधानको भावना अनुकूल कानूनी प्रावधानहरुको निर्माण गरी कार्यान्वयनमा जाँदा समस्याहरु स्वाभवतः न्यूनीकरण हुन्छन् । युग सुहाउँदो कानूनहरु बनाएर मुद्दा व्यवस्थापन पद्धतिको वैज्ञानिक विकास गरी न्याय सम्पादनलाई प्रभावकारी पार्न हामी सबैको ध्यान केन्द्रित हुनु नै आजको युगको आवश्यकता र माग हो ।

# परिच्छेद–चार

# मुद्दाको कारवाहीमा अनावश्यक ढिलाई हुने खालका प्रक्रियागत कानूनी प्रावधानहरुको पहिचान, छलफल र विश्लेषण

## १.विषय प्रवेश

मुद्दाको काम कारवाहीमा छिटो छरितो र प्रभावकारी बनाई विवादको किनारा गर्ने तोकिएको सीमा र अवधिमा सम्पन्न गर्ने प्रयास गरेको केही दशक मात्र भयो । अदालतमा भौतिक साधन र स्रोत तथा मानवीय संसाधनहरुको परिपूर्ति पनि उत्साहजनक नै भइराखेका छन । सामाजिक संरचनामा परिवर्तन, नागरिकको जनचेतनामा उच्चतम अभिवृद्धि, शिक्षा तथा आमसंचारमा व्यापक प्रगति र प्रविधिमा सहज पहुँचले गर्दा असीमित मानवीय आकांक्षाको विकास हुन थालेका छन । लामो संक्रमणकालीन अवधि समेतका विविध कारणहरुले गर्दा अदालतका सामान्य काम कारवहीहरुलाई पनि निकै प्रभावित गरेको तथ्य सत्य हो ।

कतिपय कार्यविधि सम्वन्धी कानूनहरु नै छिटो, छरितो सरल पार्ने कार्यमा बाधक पनि रहेका छन । लामा र अव्यवहारिक कार्यविधिका कानूनहरु पनि ढिलासुस्तीका दोषी अवश्य पनि हुन । यसका साथै म्याद तामेलीमा ढिलासुस्ती, फैसला लेखनमा ढिलासुस्ती, फैसलाको तपसिल खण्डको लेखनमा लापरवाही, देवानी मुद्दाको तपसीलखण्डमा कोर्ट फीको स्पष्ट उल्लेख नहुनु र अ.बं. २१० नं वमोजिमको सूचना जारी नगर्ने समेतका कारणहरुले पनि मुद्दाको कारवाहीमा प्रभाव पारेको छ । कतिपय मुद्दामा माथिल्लो अदालतबाट नै पक्षहरुलाई पुनरावेदनको म्यादसमेत जारी गर्नुपर्ने कारणले गर्दा पनि मुद्दाको आयु लामो हुन्छ ।

प्रभावकारी मुद्दा व्यवस्थापन पद्धतिको विकास गरी कार्यान्वयन गरेमा, अदालतले कानून बमोजिमको जिम्मेवारी निर्वाह गरेमा, लामा र अव्यवहारिक कार्यविधि कानूनमा सुधार र अदालतको झन्झटिला व्यवहारहरुको निराकरण गर्न सकेमा पनि न्यायलाई प्रभावकारी बनाउन सकिने अवस्था हुन्छ । यस परिच्छेदमा मुद्दाको काम कारवाही ढिलासुस्ती गर्ने प्रक्रियागत कानूनी प्रावधानहरुको पहिचान गरी सामान्य छलफल र विश्लेषण गरिने प्रयास गरिएको छ । मुद्दाको काम कारवाही ढिलासुस्ती पार्ने प्रावधानहरु धेरै हुनसक्छन होला । यहाँ केही प्रमुख व्यवस्था मात्र उल्लेख छन् ।

## २.ढिलाई हुने खालका प्रक्रियागत कानूनी प्रावधानहरु

### २.१. अ.बं. ११५ नं. को साक्षी बुझ्ने प्रक्रिया लामो

प्रमाण बुझ्न तोकिएको तारिखमा हाजिर नहुने साक्षीलाई वातिल गरी दिनुपर्छ । सरकार वादी हुने वा फौजदारी मुद्दामा नबुझी नहुने साक्षीलाई समाव्हान जारी बुझ्न हुन्छ । मनासिव कारण बाहेक समाव्हान जारी गर्दा हाजिर नहुने साक्षीलाई रु ५० जरिवाना गरी पक्री बकपत्र गराउनुपर्छ । पक्रन पठाउँदा फेला परेन भने फेरी ७ दिनको म्याद जारी गर्नुपर्छ । सो म्यादमा पनि हाजिर भएन भने पक्राउ गर्न पठाई ल्याई बकाई १५ दिनदेखि ४५ दिनसम्म कैद गर्न सक्नेछ । त्यती गर्दा पनि पक्रिएन भने त्यस्तालाई सो बमोजिम सजाय गर्नेगरी बुझिएको प्रमाणबाट मुद्दा फैसला गरिदिनुपर्छ भन्ने अ.वं. ११५ नं. मा उल्लेख छ ।

यो कानूनी व्यवस्था बमोजिम नबुझी नहुने साक्षीका सम्बन्धमा समाव्हान जारी गरी बुझ्नु पर्दा लामो कार्यविधिको पालना गर्नुपर्ने हुन्छ । यसले गर्दा यो व्यवस्था अनुसार कार्यविधि पूरा गरी साक्षीको वकपत्र गराउन कठिन हुने हुनाले प्रक्रियामा नै जान नखोज्ने प्रवृत्ति हुन्छ । यो कार्यविधि नै झन्झटिलो भएकोछ । यो व्यवस्थालाई सुधार गरी सरल बनाउनु उपयुक्त हुन्छ ।

### २.२.सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ अन्तर्गतका मुद्दामा पुनरावेदन म्याद लामो

सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ को दफा २६ (१) ले फैसलामा चित्त नबुझ्ने पक्षले ७० दिनभित्र पुनरावेदन गर्नुपर्छ । त्यस्तै मुलुकी ऐन ५९ नं समेतले थाम्न पाउन अन्य म्यादबाहेक ३० दिनसम्म थप म्याद थमाउन पाउने व्यवस्था पनि सोही ऐनको दफा २६ (२) मा छ ।

यी प्रावधानले सरकारी मुद्दामा पुनरावेदन गर्न पाउने अवधि १३० दिन हुन्छ । यो लामो अवधिले मुद्दाको ठेगाना लाग्न लामो समय पर्खनुपर्ने अवस्था आउँछ । यो कानूनी व्यवस्था पक्षको लागि झन्झटिलो रुपमा रहेकोछ ।

विभिन्न अध्ययन प्रतिवेदनहरुले पनि यो कार्यविधि प्रक्रिया लामो र छिटो छरितो न्यायको लागि बाधक रहेको तथ्य देखाइसकेका छन् ।फैसला वा अन्तिम आदेशमा चित्त नबुझ्ने पक्षले ३०

दिनभित्र पुनरावेदन गर्नपाउने र मनासिव कारण देखाएमा ३० दिनसम्म म्याद थमाउन पाउने व्यवस्था गर्न उपयुक्त र ब्यवहारिक देखिन्छ ।

## २.३.अंश मुद्दाको कारवाही  लामो

अंश मुद्दाको कारवाही प्रक्रिया ज्यादै लामो, पट्यार लाग्दो र झन्झटिलो पनि छ । तायदाती फाँटवारी लिने, नदिए पक्राउ गर्न पक्राउ पुर्जी जारी गर्नुपर्ने, प्रतिवादीलाई पक्राउ गर्न नसकेको अवस्थामा वादीलाई नै फाँटवारी दाखिल गर्न लगाउने र सोको प्रतिक्रियाको लागि प्रतिवादीको नाउँमा ३५ दिनको म्याद जारी गरी तामेल गर्नुपर्ने जस्ता धेरै कानूनी प्रक्रिया पुऱ्याउनु पर्ने कारणले मुद्दा फैसलामा ढिलाई हुने गरेको देखिन्छ । यसले अंश जस्तो खाना लगाउनसँग प्रत्यक्ष सरोकार राख्ने मुद्दामा लामो कारवाही र प्रक्रिया पूरा गर्नूपर्ने हुँदा सामान्यतयाः वादी महिला, रोगी, वृद्ध र बालबालिका भएमा तत्काल न्याय नपाउने अवस्था हुनसक्छ ।

विभिन्न अध्ययन प्रतिवेदनहरुले अंश मुद्दाको कार्यविधि लामो भएको तथ्य उल्लेख गरेका छन ।अदालतको आफ्नै अनुभव र व्यवहारले पनि अंश मुद्दाको काम कारवाहीको रीत र प्रक्रिया पुऱ्याउन  धेरै समय खर्च हुन्छ । अंश मुद्दामा वादीले तारिख छाडे पनि मुद्दा डिसमिस नहुने व्यवस्थाले पनि मुद्दाको कारवाहीलाई झन लामो पारिराखेको छ । अतः अंश मुद्दाको कारवाहीलाई छिटो छरिटो बनाउनको लागि अंशबण्डाको महलमा ब्यापक संशोधन गर्नुपर्ने हुन्छ ।

## २.४. फैसला भएको थाहा  पाएको मितिले पुनरावेदन गर्ने गरेको

फैसलाले फिर्ता पाउने भएको दण्ड, धरौटीसमेत समेत फिर्ता लिन फैसला अन्तिम भएको थाहा भएको एक वर्षभित्र त्यस्तो फिर्ता पाउने व्यक्ति आएन भने फिर्ता पाउँदैंन । धरौट रहेको रकम भए त्यस्तो रकम सरकारी आम्दानी बाँध्नुपर्छ भन्ने दण्ड सजायको ५१ नं. मा व्यवस्था छ ।

पक्षबाहेकको तेस्रो पक्षको हक मिलापत्र वा डिसमिसबाट गएको रहेछ भने त्यस्तो मिलापत्र वा डिसमिस फैसला भएको थाहा पाएका मितिले कानूनका म्यादभित्र फिराद दिन पाउँछ । पुनरावेदनको म्याद बेरीतसँग तामेल भएको रहेछ भने थाहा भएको मितिले तामेली बदर गरी पाउँ भनी जहिलेसुकै पनि निवेदन गर्न पाउनेछ । यी कानूनी व्यवस्थाहरुले विवादको अन्तिम टुङ्गो लाग्नसक्ने अवस्था धेरै कठिन हुन्छ ।

फैसला भएको थाहा पाएको मितिले अनन्त अवधिसम्म म्याद कायम रहने व्यवस्था छिटो छरितो न्यायको लागि बाधक भएको स्पट देखिन आयो । तसर्थ वर्तमान कानूनमा पनि देवानी र फौजदारी कार्यविधि संहिता, २०७१ को विधेयककै व्यवस्था कायम गर्नु उपयुक्त हुने देखिन्छ ।

## २.५.सद्दे, कीर्ते वा जालसाजी छुट्याउन

झगडिया बाहेक अरुको सहिछाप परेको कागज पेश भएकोमा उसै बखत सद्दे, कीर्ते वा जालसाजी छुट्याउन नसक्ने भै म्याद मागेमा प्रमाणसहित सद्दे, कीर्ते वा जालसाजीमा वयान गर्न बढीमा पैतीस दिनसम्मको म्याद दिनुपर्छ भन्ने अ.बं ७८ नं को व्यवस्था छ । यसमा पैतीस दिनको म्याद लामो भएकोले पनि मुद्दाको कारवाही लामो भइरहेको छ ।

## २.६.बालबालिका, बृद्धर विदेशमा रहेको व्यक्तिको अनुमति

नाबालक, बृद्धावस्था तथा विदेशमा रहेको फर्किआउने ठेगान नभएको मानिसको हकमा नालिस, प्रतिउत्तर, पुनरावेदन, निवेदन वा मुद्दा मामिलासम्वन्धी अन्य कुनै काम कारवाही गर्नुपर्ने भएमा अदालतको अनुमतिले कारवाही गर्न पाउँछ । अनुमतिको लागि निवेदन परेको एक महिनाभित्र निवेदनमा निर्णय गरी दिनुपर्छ । त्यस्तोमा हदम्याद लाग्ने छैन भन्ने अ.बं. ८३ नं. मा कानूनी प्रावधान छ । यसरी फिरापत्र वा प्रतिउत्तरपत्र अनुमतिले पेश गर्न दिएको निवेदनमा तत्काल निर्णय नगरी प्रमाण बुझेर एक महिनाभित्र अदालतले निर्णय दिन मिल्ने कानूनी व्यवस्थाले मुद्दाको काम कारवाहीमा लामो समय लाग्ने देखिन्छ । प्रतिउत्तर दर्ता गर्नको लागि निवेदन गर्दा सामान्यतयाः एक महिना काममा ढिला अवश्य नै हुन्छ ।

मुलुकी ऐनको अ.बं. ८३ नं.को निर्णय दिने एक महिनाको अवधिले पनि मुद्दाको प्रक्रियालाई ढिला बनाउने हुन्छ । निवेदन दर्ता भएकै दिन निवेदनमा निर्णय गरी दिने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

## २.७.अ.बं. ९४ नं.को वारेण्ट र म्यादी पूर्जी

कैदको सजाय हुने सरकार वादी फौजदारी ( ज्यान,डाँका, लागू औषध सम्वन्धी जस्ता) मुद्दामा अभियुक्तलाई पक्राउ गर्न पक्राउ गर्न सर्बप्रथम प्रहरीको नाममा पक्राउ पूर्जी जारी भई सात दिनसम्म खोजतलास गरी अदालतमा दाखिल गर्नुपर्छ । सात दिन नाघेपछि म्यादी पूर्जी जारी भएको व्यहोरा अदालतको सूचना पाटीमा र यथासम्भव कुनै स्थानीय पत्रिकामा प्रकाशित गर्नुपर्छ । अभियुक्त फेला नपरेमा सो अबधि नाघेपछि सत्तरी दिने म्यादी पूर्जी प्रहरीले तामेल गर्नुपर्छ । आफ्नो इलाका छाडी

अन्यत्र गइबसेको रहेछ भने सोही इलाकामा वारेण्ट एवम् म्यादी पूर्जी पठाउनु पर्छ । त्यस्तो प्रहरी कार्यालयले पनि सोही बमोजिम कार्य गर्नुपर्छ । म्यादी पूर्जी तामेल भएको मितिले म्यादभित्र उपस्थित हुन नसकेको कारण देखाएमा तीस दिनसम्मको म्याद अ. बं. ५९ नं.ले थम्न पाउँछ । साथै अंबं.६२ नं.को अवस्था परेमा थप तीस दिन पुनः थाम्न पाउँछ ।

उपर्युक्त कानूनी प्रावधान बाहेक अभियोग दर्ता हुनसाथ फरार प्रतिवादीको नाउँको वारेण्ट पूर्जी र म्यादी पूर्जी जारी गर्न र प्रहरी कार्यालयमा पठाउने कार्य नै ढिलो हुन्छ। प्रहरी कार्यालयमा प्राप्त भएपछि पनि सामान्यतयाः तत्काल कार्यान्वयन गर्न सजगता नदेखाउने कारणले गर्दा लामो समय पछि मात्र म्यादी पूर्जी तामेल हुन्छ र सोको जानकारी अदालतलाई प्राप्त हुन पनि समय लाग्ने हुन्छ। यी वर्णित कारण समेतले गर्दा प्रक्रियागत कारवाही पूरा गर्न समय लाग्न जाँदा प्रक्रिया लामो नै हुन्छ ।

प्रहरीको नाममा पक्राउ पूर्जी जारी भई सात दिन नाघेपछि म्यादी पूर्जी जारी भएको व्यहोरा अदालतको सूचना पाटीमा र यथासम्भव कुनै स्थानीय पत्रिकामा प्रकाशित गर्नुपर्छ भन्ने कानूनी व्यवस्थाको कार्यान्वयन पनि गर्ने गरेको छैन ।

विभिन्न अध्यनहरुले म्यादी पूर्जीको सत्तरी दिनको म्याद लामो भएको औल्याएका छन र फौजदारी कार्यविधि संहिताको विधेयकले समय अवधिलाई छोट्टयाउने स्वीकार गरेको अवस्था छ । तसर्थ सरकारवादी फौजदारी मुद्दामा जारी हुने म्यादी पूर्जीको अवधिमा सुधार गरी सत्तरी दिनको अवधिलाई घटाएर तीस दिन गर्न उपयुक्त हुन्छ ।

## २.८.हदम्याद

हदम्याद मुद्दाको एउटा मुल आधारको रुपमा हुन्छ । हदम्यादले नै मुद्दाको कारवाहीमा प्रभावित गर्दछ । कतिपय प्रावधानहरुले मुद्दा दर्तामा लामो हदम्याद अवधि हुँदा विवादको प्रवेश अदालतमा हुन नै लामो अवधि लाग्न सक्छ । ऐनमा हदम्याद नलेखिएको कुरामा जहिलेसुकै नालिस दिए पनि लाग्न सक्छ भन्ने अ.बं. ३६ न र राजकाज सम्वन्धी वा सरकारी धनमाल चोरी मुद्दामा नालिस दिनालाई हदम्याद हुँदैंन भन्ने अ.बं ३६ नं को व्यवस्था लामो हदम्यादको सानो उदाहरण मात्र हो।

## २.९.सम्वन्ध विच्छेद

अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्वन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ मिति २०५९।५।२७ मा लालमोहर लागेर लागु भएपछि सम्वन्ध विच्छेद मुद्दाको कारवाहीमा परिवर्तन

आएको हो । यो संशोधन हुनु अगाडिसम्म दण्ड सजायको १२ नं.मा पाँच सय रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेकाले सम्वन्ध विच्छेद मुद्दा संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८ अन्तर्गतको कार्यविधि अपनाइने हुँदा मुद्दाको काम कारवाही छिटो छरितो हुनसक्ने अवस्था थियो । दण्ड सजायको १२ नं.मा संशोधन गरी पाँच हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था कायम गरेपछि सम्वन्ध विच्छेद मुद्दाको काम कारवाहीमा पनि मुलुकी ऐनको सामान्य कार्यविधि नै लागु हुन थाले पछि मुद्दाको काम कारवाही लामो हुन थालेको छ ।

साथै लोग्नेस्वास्नीको महलको १ नं. बमोजिम लोग्ने र स्वास्नीको सम्वन्ध बिच्छेद हुने भएमा अदालतले निजहरुबीच अंशबण्डा गर्न लगाएर मात्र सम्वन्ध विच्छेद हुने निर्णय गर्नु पर्छ । सम्वन्ध बिच्छेद हुने लोग्नेमानिसले नै अंश लिई नसकेको अवस्थामा अदालतले तायदाती माग गरी अंशियाराहरुबीच अंशबण्डा गर्न आदेश दिनुपर्ने व्यवस्था लोग्नेस्वास्नीको महलको ४क.नं ले गरेकोले अंशको कारवाहीको लागि अंशियाराहरु बुझ्ने, फाँटबारी माग्ने आदेश गर्ने र सो कार्यविधि पूरा गर्ने जस्ता करवाही गर्न लामो समय लाने हुँदा सम्वन्ध बिच्छेद मुद्दाको कारवाही सामान्य रहने अवस्था छैन । वास्तबमा पारिवारिक समस्याको समाधान पारिवारिक अदालतल वा पारिवारिक इजलासबाट छिटो छरितो रुपमा किनारा गरी दिनु पर्ने हो । छिटो छरितो हुन सकेको छैन । खास गरी अंश दिलाउने कारवाहीले गर्दा नै मुद्दाको कारवाही लामो हुन जान्छ । यसर्थ सम्वन्ध विच्छेद मुद्दाको कारवाहीलाई संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८ को कार्यविधिमा पार्न आवश्यक छ ।

## २.१० तारिख थाम्ने प्रावधानहरु

कुनै मुद्दामा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा म्याद तारिख गुज्रेमा एकै पटक वा तीन पटकको हिसाब गरी पटक कायम गर्न हुँदैन, तारिख लिई गुजारेको मितिदेखि मात्र पटकको हिसाब गरी कायम गर्नुपर्छ भन्ने अ.बं ५९ नं मा व्यवस्था छ ।

प्रथमतः यो व्यवस्था अपबादात्मक स्थितिमा पाइने सुबिधा हो तर व्यवहारमा काबु बाहिरको परिस्थिति परे नपरेको कारणको कुनै जाँचबुझ बिना नै अधिकारको रुपमा तारिख थाम्ने प्रचलन बस्न गएको हुँदा मुद्दाको कारवाही लम्ब्याउन चाहने पक्षहरुले यो व्यवस्थाको दुरुपयोग गरेको प्रशस्त उदाहरण पाउन सकिन्छ । साथै तीन पटकसम्म ३० दिनसम्म भनी गरिएको व्यवस्थाले मुद्दाका पक्षहरुको इच्छामा तारिख लिने र गुजार्ने परिपाटी बसी मुद्दा पेशी चढाउने कार्यमा प्रतिकूल प्रभाव

पारेको पाइन्छ भनी जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था अध्ययन प्रतिवेदन, २०६६ ले समस्या र समाधानको पद्धतिगत समस्यामा उल्लेख गरेको छ ।

यस स्थितिमा यातायात र सञ्चारको क्षेत्रमा भइरहेको हालको प्रगति अनुकूल यी व्यवस्थामा समयानुकूल परिबर्तन हुन नसक्नु एउटा समस्या मान्न सकिन्छ । काबु बाहिरको परिस्थितिको ऐनमा व्याख्या गरेर सोको जाँच बुझ गरेर मात्र थाम्न पाउने कुरालाई व्यवस्थित गर्नु पर्दछ । अहिलेको व्यवस्थाको प्रयोगले मुद्दालाई म्यादभित्र किनारा गर्न निकै बाधा गरेको छ ।

## २.११. अ.बं. ११० नं. को म्याद तामेलीको व्यवस्था

यो नं. को म्याद तामेलीको व्यवस्थाले पनि मुद्दाको कारवाही लामो भएको विभिन्न अध्ययन प्रतिवेदनहरुबाट पुष्टि भइसकेका छन । म्याद तामेलीको व्यवस्था र प्रक्रिया तथा व्यवस्थापनको कमजोरीले गर्दा म्याद तामेलीको समस्या झन कठिन हुँदैछ । यसको सुधारको लागि धेरै प्रयास गर्नुपर्ने हुन्छ ।

# परिच्छेद–पाँच

# कार्यविधि कानून सम्वन्धमा ब्याख्या भएका सर्वोच्च अदालतको फैसलाहरुको अध्ययन र विबेचना

## १.विषय प्रवेश

कार्यविधि कानूनले मुद्दाको काम कारवाहीलाई सुब्यवस्थित बनाउन महत्वपूर्ण भूमिका खेल्दछ । मुद्दाको कारवाहीमा कार्यविधि कानूनको पालना गर्नु अनिवार्य हुन्छ । कानून आफैमा पूर्णता हुँदैंन । पूर्णता दिने दायित्व अदालतको हुन्छ । सर्वोच्च अदालतबाट कार्यविधिगत व्यवस्था सम्वन्धमा भएका फैसला र आदेशहरुको पालना गर्न सकिएमा मुद्दाको काम कारवाही छिटो छरितो हुने देखिन्छ । कार्यविधि कानूनको पालना र प्रयोगमा एकरुपकता कायम गर्न पनि मद्दत पुऱ्याउँछ। यस परिच्छेदमा सर्वोच्च अदालतबाट कार्यविधि कानूनसँग सम्वन्धित केही फैसलाहरु राखिएका छन र यी फैसलाहरुको संक्षिप्त विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## २. कार्यविधि सम्वन्धी फैसलाहरु

नमूनाका रुपमा निम्न फैसलाहरु राखिएका छन् :

**२.१.**राजिनामा र वकसपत्रको उद्देश्य र प्रयोजन समेत फरक फरक रहेको र दुवैको प्राप्तिको तरिका समेत फरक रहेको सन्दर्भमा फरक फरक प्रकृतिका दुवै लिखतलाई रजिष्ट्रेशन पारित गर्ने सन्दर्भमा हालसम्म पनि फरक फरक ढाचाँ निर्धारण गरि प्रयोगमा ल्याउन सकिएको पाइदैन । यसरी दुबै लिखतलाई रजिष्ट्रेशन पारित गर्ने ढाचाँ एकै किसिमको रहेको कारणबाट यसले जनसाधारणको सम्पत्ति भोग चलन गर्ने साम्पत्तिक अधिकारमा कानूनी जटिलता र द्विविधा सृजना गर्ने गरेको देखिन्छ । यस्ता भ्रमयुक्त र द्विविधाजनक व्यवस्थाको समाधान नखोज्ने हो भने वकसपत्रबाट सम्पत्ती प्राप्त गर्दाको परिणाममा पनि जहिले सुकै अस्पष्टता कायम रही नै रहने यथार्थतालाई नकार्न सकिदैन । त्यसैले यस्ता जनसाधारणसँग प्रत्यक्ष सरोकार राख्ने सम्पत्तिको अधिकारको प्रमाणका रुपमा रहने राजिनामा र बकसपत्र लिखतलाई रजिष्ट्रेशन पारित गर्ने प्रयोजनको लागि भिन्न भिन्न ढाँचा

प्रयोगमा ल्याउनु भनी मालपोत विभागका नाममा  निर्देशनात्मक आदेश जारी हुने ठहर्छ (बुद्धिकुमारी गुरुङ्ग वि सन्तोष गुरुङ्ग  फैसला मिति २०६९।३।२०  देपुनं १०१६/०६६ मुद्दा अंश)

२.२.महिला.पीडित भएका सबै खाले मुद्दा र खास गरी घरेलु हिंसासम्वन्धी महिला पीडित भएको मुद्दामा अन्य मुद्दामा जस्तो साधारण अदालतबाट हेरिंदा महिलाहरुले न्याय पाए पनि लामो परिश्रम र ढिला गरी न्याय पाउने र न्याय पाउन सामान्य अदालतमा जाँदा अपमानित भएर न्याय प्राप्ति गर्ने अवस्था आउने भएकाले राज्यले महिला पीडित भएका सबै खाले फौजदारी मुद्दा र खासगरी घरेलु हिंसासम्वन्धी मुद्दा मात्र हेर्ने बैग्लै अदालत गठन गर्दा त्यस्तो अदालतबाट पीडित महिलाले छिटो छरितो र अपमानित नभई सुलभ न्याय पाउने हुनाले महिला पीडित भएका फौजदारी मुद्दा खासगरी घरेलु हिंसबाट पीडित मुद्दा हेर्ने एउटा छुट्टै Fast Track Court गठन गर्नुपर्ने ( अधिवक्ता ज्योति पौडेल  वि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत  ने. का. प.२०६६ चैत्र अङ्क १२ पृष्ठ २००१ नि.नं.८२८२ आदेश मिति २०६६।०४।२८  परामादेश समेत ) Fast Track Court गठन गर्नु नेपाल सरकार , महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको ध्यानाकर्षण गर्न निर्देशनात्मक आदेश जारी भएको छ ।

२.३.गर्भधारण गरेकी महिलालाई कठिन शारीरिक श्रम आवश्यक पर्ने सैनिक प्रहरीको आधारभूत तालिम मा सहभागी हुन दिंदा प्रजनन स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने भै त्यस अवस्थामा समेत राज्यलाई संविधानको प्रावधानको उल्लंघन गरेको आरोप लाग्न सक्ने देखिंदा अध्ययन अनुसन्धान गरी सैनिक प्रहरीसम्वन्धी विवादित नियमावलीमा समसामयिक संशोधन वा सुधार गर्न आवश्यक देखिने  ( सपना मल्ल समेत  वि  प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत  ने. का. प.२०६६ कात्तिक अङ्क ७ पृष्ठ १०८९ नि.नं. ८१८७ आदेश मिति २०६६।०१।१७ परामादेश समेत ) विवादित विषयमा समसामयिक सुधार गर्न विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ ।

२.४.DNA Identification & Evidence Act  अर्थात DNA/DNA को प्रामाणिक मान्यता, फौजदारी अपराधमा डिएनएको प्रयोग तथा Patenity मा डिएनको प्रयोगसम्वन्धी कानून बनाउनु भनी नेपाल सरकार, कानून तथा न्याय मन्त्रालयको नाउँमा आदेश जारी हुन्छ भनी नाता कायम मुद्दामा फौसला भएको छ  ( ने.का.प. २०६८ अंक ३ पृष्ठ ४५४ नि.नं. ८५७८ पुनरावेदक राजीब गुरुङ्गको हकमा आमा देवी गुरुङ्ग वि. नीता गुरुङ्ग  ).

२.५.सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को दफा ६(२) अनुसार अनुसन्धान तहकिकातको काम कारबाही नियमानुसार अगाडि बढाउन प्रहरी कर्मकारी समेतलाई सरकारी वकील कार्यालयले आवश्यक निर्देशन दिनुपर्ने कानूनी कर्तव्य भएकोमा सरकारी वकीलको कार्यालयबाट त्यस्तो कानूनी कर्तव्य पूरा हुन नसकेको अवस्थामा उक्त कानूनमा व्यवस्थामा भएको बर्तव्य पालना गराउन सरकारी वकील कार्यालयलाई परमादेश जारी हुन सक्ने ( मूल प्रकाशन ने.का.प २०६३ नि.नं ७७३१ हाल सर्वोच्च अदालत विषयगत नजीर संग्रह २०६६ भाग ९ कार्यविधि कानून फौजदारी पृष्ठ ५६)

२.६.उमेरसम्वन्धी विवाद उत्पन भएको स्थितिमा कसैले मौखिक रुपमा भनेको कुराले भन्दा कुनै अधिकार प्राप्त निकायमा रहेको अभिलेख र वैज्ञानिक परीक्षणले नै मान्यता पाउने ( ध्रुब थापा वि. लक्ष्मी मालाकारको जाहेरीले नेपाल सरकार मुद्दा कर्तव्य ज्यान सर्वोच्च अदालत विषयगत नजीर संग्रह २०६६ भाग ९ कार्यविधि कानून फौजदारी पृष्ठ २५१ )

२.७.जुन विषयको मुद्दामा पुनरावेदन अदालतको पुनरावेदकीय क्षेत्राधिकार छैन सो विषयको मुद्दामा पुनरावेदन अदालतले अ.बं. १७ नं.को क्षेत्राधिकार ग्रहण गर्न नमिल्ने ( मूल प्रकाशन ने.का.प २०६३ नि.नं ७६८८ सुमित्रादेवी कलवार वि. सुकई कुर्मीसमेत विषय उत्प्रेषण परमादेश हाल सर्वोच्च अदालत विषयगत नजीर संग्रह २०६६ भाग ९ कार्यविधि कानून देवानी पृष्ठ ६८ )

२.८.मुद्दामा छिटो छरितोपन ल्याउनलाई व्यवस्था गरिएको न्याय प्रशासन ऐन, २०४८ को दफा १४ (ख) को परिपालना पुनरावेदन अदालतबाट नै गरिनु वाञ्छनीय हुने भएकाले यसबाट मुद्दाका पक्षहरुलाई एउटै मुद्दामा पटक पटक तल माथि अदालतमा आइरहनु नपरी शीघ्र र सुलभ न्याय प्राप्त हुने र अदालतलाई पनि एउटै विवादको पटक पटक सुनुवाई गर्नुपर्ने बाध्यता नरही समय, स्रोत र साधनको बचत तथा सदुपयोग हुने अवस्था रहने ( लक्ष्मीदेवी शाह समेत वि. जयपालकुमारी शाह मुद्दा बाली विगो ०५८ सालको दे.पु.नं.८०२० सर्वोच्च अदालत विषयगत नजीर संग्रह २०६६ भाग ९ कार्यविधि कानून देवानी पृष्ठ १६० )

२.९.पुनरावेदन सुन्ने Extention या Original Jurisdiction भएको कारण शुरु अदालतको सरह पुनरावेदन सुन्ने अदालतले पनि आवश्यकतानुसार सवुद प्रमाण बुझ्ने लगायतका सम्पूर्ण कार्यविधि पूरा गरी निर्णय गर्न सक्तछ तर Supervisory Jurisdiction अन्तर्गत दोहोराउँदा वा पुनरालोकन गर्दा ऐनमा तोकिएकोमा सीमित आधारमा हेर्नुपर्ने ( मूल प्रकाशन ने.का.प २०६४ नि.नं ७८४३ किशोरी महतो

सुडी वि. रामसरोवर देवी समेत मुद्दा जालसाज समेत हाल सर्वोच्च अदालत विषयगत नजीर संग्रह २०६६ भाग ९ कार्यविधि कानून देवानी पृष्ठ २२१ )

**२.१०.**कानूनले दिएको सुविधालाई यथासम्भव पक्षको सुविधा र हित अनुकूल हुने गरी ब्याख्या भएमा त्यस्तो कानूनी व्यवस्थाको सार्थकता रहन्छ । विशेष अदालत ऐन, २०५९ को कार्यप्रणली अपनाई मुद्दाको कारवाही गरिएको अवस्थामा समेत अ.बं. ६२ ( ५ ) नं. बमोजिमको म्याद तारेख थाम्ने सुविधा पक्षहरुले पाउने ( मूल प्रकाशन ने.का.प २०६४ नि.नं ७८९० सुश्री कमला हमाल वि. भूमिसुधार कार्यालय बर्दियासमेत मुद्दा उत्प्रेषण परमादेश हाल सर्वोच्च अदालत विषयगत नजीर संग्रह २०६६ भाग ९ कार्यविधि कानून देवानी पृष्ठ २३४ )

**२.११.**कुनै निर्णय गर्दा कानूनले जुन प्रक्रिया पुऱ्याई निर्णय गर्नु भनी कार्यविधि निर्धारण गरेको हुन्छ ती कुराको परिपालना निर्णयकर्ताले गरेको हुनुपर्दछ अन्यथा त्यसलाई कानूनसम्मत निर्णय भन्न नमिल्ने ( इन्द्रबहादुर खड्का वि. प्रहरी नायब महानिरीक्षक उपत्यका प्रहरी कार्यालय, रानीपोखरी समेत मुद्दा उत्प्रेषण परमादेश हाल सर्वोच्च अदालत विषयगत नजीर संग्रह २०६६ भाग ९ कार्यविधि कानून देवानी पृष्ठ २९८ )

**२.१२.**वादीले उठाउँदै नउठाएको बिषयमा अ.बं. १३९ नं. बमोजिम प्रतिवादी सरह कायम हुन आएका व्यक्तिले लिएको दावीका आधारमा न्याय निरुपण गर्ने हो भने मुद्दामा निरुपण गर्नुपर्ने बिषयगत सीमा के कति हुने हो भन्ने कुरा नै अनिश्चित हुन जाने ( मूल प्रकाशन ने.का.प २०६६ नि.नं ८०९० गोपाल मानन्धर वि. हरिकृष्णको मु.स. गर्ने बुद्धकृष्ण महर्जन मुद्दा चलन समेत हाल सर्वोच्च अदालत विषयगत नजीर संग्रह २०६६ भाग ९ कार्यविधि कानून देवानी पृष्ठ ३५५ )

**२.१३.**कार्यविधि सम्बन्धी कानूनी व्यवस्थाले मुद्दाको कार्यविधिसम्म व्यवस्थित गर्ने भएकोले निवेदन जुनसुकै समयमा परेको भएपनि त्यसमा कारवाही र निर्णय हुँदाको अवस्थामा वहाल रहेको कार्यविधि सम्बन्धी कानूनी प्रक्रिया अवलम्बन गरिनु पर्ने हुन्छ । सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३(१)(ख) प्रयोग गरी कार्यविधि सम्बन्धी पूर्ण इजलासमा पेश गर्ने आदेश दिन पाउने अधिकार नरहेको अवस्थामा पक्षले पहिले निवेदन दिएको भनी सारवान कानूनको व्यवस्था सरह हेर्ने अवस्था नहुने । अधिकारक्षेत्रविहीन तथा कानूनी रूपमा त्रुटिपूर्ण आदेशको आधारमा पूर्ण इजलासको लगतमा दर्ता भई पेश हुन आएको प्रस्तुत मुद्दाको विषयवस्तु भित्र प्रवेश गरी निर्णय हुनुपर्ने अवस्था रहेको नदेखिने । ( पुनरावेदक प्रतिवादी वीरबहादुर राउतको मु.स. गर्ने कृष्णनारायण कुर्मी विरुद्ध

विपक्षी वादी फूलमतीकुर्मीनी २०५९ सालको दे.पु.इ.नं. ४८, अंश दर्ता मुद्दा, फैसला मिति २०६१।१०।७ गते सर्वोच्च अदालत पूर्ण इजलास )

**२.१४.**विषेश कानूनले पुनरावेदनका सम्बन्धमा जे जस्तो प्रकारको व्यवस्था गरेको छ, त्यसको अन्यथा हुने गरी अन्य प्रचलित कानूनले पुनरावेदनको व्यवस्था गरेको भनी अर्थ गर्न नमिल्ने । अदालतको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने कानूनी व्यवस्थाको आभावमा श्रम अदालतबाट हुने काम पुनरावेदन अदालतबाट भएको कारणले पुनरावेदन अदालतको फैसला उपरको दोस्रो तहको यो पुनरावेदन न्याय प्रशासन ऐन, २०४८ ले सर्वोच्च अदालतमा लाग्न नसक्ने । यस अदालतमा दर्ता नै हुन नसक्ने पुनरावेदन खारेज हुने हुँदा अन्य कुरामा बोलिरहन नपर्ने । ( २०५५ सालको दे.पु.इ.न. १२९ मिति २०५६।२।२७।५ मुद्दा सेवाबाट बर्खास्त पुनरावेदक प्रतिवादी होटल उडल्याण्ड्स प्रा.लि. का तर्फबाट अधिकार प्राप्त प्रवन्ध सञ्चालक हरिहरलाल श्रेष्ठ विरुद्ध प्रत्यर्थी/वादी उत्तरबहादुर भन्ने राजेन्द्रबहादुर कार्की सर्वोच्च अदालत पूर्ण इजलास )

**२.१५.**उन्मुक्ति प्राप्त कुटनीतिक निकायका काम, कारवाही वा निर्णयबाट मार्का पर्नेले सोही कुटनीतिक अधिकारी वा निकायको नियम कानून वा त्यस देशको कानूनी व्यवस्था अन्तर्गत व्यवस्थित उपचारको प्रक्रिया एवं सोही निकायहरूबाट नै उपचार खोज्नुपर्ने । निवेदकले वेलायती राजदुतावासबाट मार्का परेको ठानेका हुन भने निजले सोही राजदुतावास र त्यसको कार्य प्रणाली व्यवस्थित गर्ने नियम कानून भित्रै उपचार प्राप्त गर्नेतर्फ लाग्नु उचित हुने । ( २०६३ सालको निवेदन नं.७४ आदेश मिति २०६३।८।१०।१ विषय वेरीतको दरपीठ आदेश बदर गरिपाउँ निवेदक कुमार लोप्चा विरुद्ध विपक्षी वेलायती राजदूतावाससमेत सर्वोच्च अदालत एक न्यायाधीशको इजलास )

**२.१६.**यस अदालतबाट कुनै मुद्दाका सम्बन्धमा गरिएको अन्तिम निर्णय वा आदेश उपर कुनै पनि निकाय वा अधिकारी वा स्वयं यस अदालत समेतले असाधारण अधिकार प्रयोग गरी अन्तिम निर्णय वा आदेश जाँच्ने वा त्यस उपर कुनै आदेश वा निर्णय गर्न नमिल्ने । ( निवेदन नं. ०६५–AP–०१०६ आदेश मिति २०६५।९।२८।२ मुद्दा उत्प्रेषण परमादेश विषय नि. रजिष्ट्रारबाट भएको दरपीठ आदेश बदर गरी रिट निवेदन दर्ता गरिपाउँ निवेदक दीपकुमारी पाण्डे विरुद्ध विपक्षी मालपोत कार्यालय, रूपन्देही समेत सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास )

**२.१७.**जुन काम जुन निकायले वा पदाधिकारीले गर्नुपर्ने गरी कानूनले व्यवस्था गरेको छ त्यसबाट नै त्यो काम सम्पन्न गरिनु पर्दछ भन्ने कानूनी सिद्धान्त समेतका आधारमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ बमोजिमको घाउ खर्च, किरिया खर्च र क्षतिपूर्ति भराई दिने निकाय अदालत नभई प्रमुख जिल्ला अधिकारी नै हुने । ( ०६५–CR–०२७२ फैसला मिति २०६८।९।२८।५ मुद्दा सवारी ज्यान प्रतिवादी सगरमाथा इन्स्योरेन्स कम्पनीका कार्यकारी निर्देशक कृष्णबहादुर बस्नेत विरुद्ध वादी बहादुरसिंह दमाईको जाहेरीले नेपाल सरकार सर्वोच्च अदालत, संयुक्त इजलास )

**२.१८.**कुनै हक अधिकार हनन् भएको स्थितिमा सो उपचारको लागि कानूनमा वैकल्पिक व्यवस्था भएसम्म सो अवलम्बन नगरी रिट क्षेत्राधिकार आकर्षित हुन नसक्ने । ( २०६४ सालको WO-९२९ आदेश मिति २०६८।१०।२ बिषय उत्प्रेषणयुक्त परमादेश निवेदक युनाइटेड टेलिकम लि.को तर्फबाट अधिकारप्राप्त कम्पनी सचिव एस.कानन विरुद्ध विपक्षी ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर समेत सर्वोच्च अदालत, संयुक्त इजलास )

**२.१९.**सबूद प्रमाण बुझी हक बेहक हेरी दर्ता बदर तर्फको निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई रहे भएको पाइदैन । यसरी आफ्नो सबूद प्रमाण सहित सम्बन्धित जिल्ला अदालतमा दर्ता बदरतर्फ फिराद लिई जानु पर्नेमा सो अनुरूप सम्बन्धित जिल्ला अदालतमा नगई छूट दर्तातर्फ मालपोत कार्यालयमा निवेदन गरेको अवस्थामा सो कार्यालयबाट उल्लिखित निवेदनउपर थप कारवाही गर्नु नपर्ने भनी तामेलीमा राख्ने गरेको निर्णय सदर गर्नुपर्ने । ( ०६४–CI–०९७८ फैसला मिति २०६९।५।१९।३ मुद्दा छूट जग्गा दर्ता पुनरावेदक / प्रतिवादी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट सचिव माधव पौडेल विरुद्ध प्रत्यर्थी वादी स्व. मनबहादुर थापा क्षेत्रीको मु.स. गर्ने श्रीमती अतिकुमारी थापा क्षेत्री सर्वोच्च अदालत, संयुक्त इजलास )

२.२०.जिल्ला अदालत समक्ष दायर भई विचाराधीन अवस्थामा रहेको अभियोगपत्र कानून बमोजिमको हदम्यादभित्र छ, छैन भन्ने सम्बन्धमा मिसिलको तथ्यगत अवस्थाहरूको विश्लेषण गरी सम्बन्धित जिल्ला अदातले नै निरोपण गर्ने विषय हो । त्यस्तो मातहतको अदालतमा विचाराधीन विषयको सम्बन्धमा रिट क्षेत्रबाट हस्तक्षेप गरी बोल्ने हो भने सो मुद्दाको कारवाहीमा प्रत्यक्ष असर पर्ने । ( दे.पु.नं. ०६८–CI –१२७९ आदेश मिति २०६९।६।२१।१ मुद्दा उत्प्रेषण, परमादेश पुनरावेदक

निवेदक मोहनप्रसाद मेहता समेत विरूद्ध प्रत्यर्थी विपक्षी जिल्ला प्रहरी कार्यालय, सुनसरी समेत सर्वोच्च अदालत, सयुंक्त इजलास )

२.२१.निवेदकको जग्गा बाटोमा घुसेको छ वा छैन र घुसेको भए के कति जग्गा घुसेको छ भन्ने सम्बन्धमा सम्बन्धित जग्गा तथा त्यसको चारैतर्फका जग्गाको नाप नक्सा गरी क्षेत्रफल समेत एकीन गरी सबूद प्रमाणको मूल्याङ्कनको आधारमा तथ्यमा प्रवेश गरी निर्णय गर्नुपर्ने प्रकृतिको विषय भएको र त्यस्तो विषयमा नागरिक अधिकार ऐन, २०१२ अन्तर्गत पर्न आएको प्रस्तुत परमादेशको माग गरिएको निवेदनको माध्यमबाट हेर्न मिल्ने अवस्थामा नरहने । ( ०६६– CI –१०१३फैसला मिति २०६९।७।२३।५ मुद्दा निषेधाज्ञायुक्त परमादेश पुनरावेदक निवेदक सावित्री श्रेष्ठ विरुद्ध विपक्षी जिल्ला प्रशासन कार्यालय, भक्तपुर समेत सर्वोच्च अदालत, संयुक्त इजलास )

२.२२.अ.वं. १९४ नं. बमोजिमको सुविधा लिई पुनरावेदनपत्र दर्ता भई तारिखमा समेत रहेको देखिँदा निजलाई कैद र जरीवाना दुवै सजाय भएको अवस्थामा निवेदक प्रतिवादीलाई माग बमोजिमको वारेस राखी मुद्दा पुर्पक्ष गर्ने अनुमति दिन नमिल्ने ।मुलुकी ऐन अ.वं. ६५ नं. बमोजिम अर्को व्यक्तिलाई वारेस राखी मुद्दाको पुर्पक्ष गर्न इजाजत दिन नमिल्ने । (२०६६ सालको नि.नं.– AP–००८७ आदेश मिति २०६६।७।५।५ विषय बेरीतको आदेश बदर गरिपाउँ मुद्दा राहदानी नागरिकता कीर्ते निवेदक दुर्गाबहादुर बस्नेत विरुद्ध विपक्षी / वादी नेपाल सरकार सर्वोच्च अदालत, संयुक्त इजलास )

२.२३.ऐनले गरेको व्यवस्थाको अधिनमा रही प्रत्येक मुद्दाको तथ्य र परिस्थितिको आधारमा कार्यविधिगत आदेश गर्नुपर्ने । पुनरावेदन तहमा पूर्पक्ष हुँदैन । पुनरावेदन तहको कारवाहीलाई पनि पूर्पक्षको संज्ञा दिन मिल्ने हुँदैन । त्यसकारण पहिलो तहको पुनरावेदनको सुनुवाईको दौरान तल्लो तहको फैसलाअनुसार जेलमा वसेको छ भने उसलाई थुनामा बसेको भन्न नमिल्ने । तारिख वा धरौट, जमानीमा बाहिर रहनु भनेको पुनरावेदन सुनुवाई हुँदासम्म तल्लो तहको फैसला कार्यान्वयन नहुनु हो । यस्तो स्थितिमा पुनरावेदन तहमा पुनरावेदनको सुनुवाई हुने अवधिमा पहिलाको फैसलाअनुसार कारागारमा बस्नु वा धरौट वा जमानत दिएर पुनरावेदन सुनुवाई हुँदासम्म तारिखमा बस्ने कारवाहीलाई पुर्पक्षको कारवाहीको संज्ञा दिन नमिल्ने । (प्रतिवेदन नं.०६८–RE–०१०८ विषयः दरपीठ आदेश बदर गरिपांउँ मुद्दा मानव बेचबिखन तथा ओसारपसार समेत निवेदक प्रतिवादी जीवछप्रसाद यादव विरुद्ध विपक्षी वादी नेपाल सरकार सर्वोच्च अदालत, संयुक्त इजलास )

**२.२४.**पुर्पक्षको लागि शुरु अदालतमा थुनामा बसेको तर सो अदालतबाट सफाई पाएको प्रतिवादीलाई पुनरावेदन अदालतबाट कैद समेतको सजाय हुने ठहरेमा अ.वं. १९४ नं. को सुविधा पाउने हो, होइन भन्ने प्रश्नमा "शुरु तहको फैसलाले सफाई पाए पनि यदि पुर्पक्षको लागि थुनामा बसेको छ भने त्यस्तोलाई पुर्पक्षको लागि थुनामा नै बसेको मान्नुपर्ने हुन्छ" भन्ने समेत व्याख्या गरिएको देखिएकोले सो व्याख्यासँग असहमत हुनुपर्ने वा अनुशरण गर्नु नपर्ने कुनै कारण देखिन नआउने । कसूरको गाम्भीर्यता र घटना घटाउँदाको प्रकृति समेतलाई विचार गर्दा पुनरावेदन अदालतबाट उपरोक्त सजाय ठहर भएका निवेदक प्रतिवादीलाई अ.वं. १९४ नं. को देहाय दफा २ बमोजिमको सुविधा प्रदान गर्नु न्यायोचित नदेखिने । ( नि.नं. ०६८–AP–०४८२ आदेश मिति २०६९।५।२८।५ विषय दरपीठ आदेश वदर गरिपाउँ निवेदक / प्रतिवादी अर्जुन कन्दङवा विरुद्ध प्रत्यर्थी / वादी नेपाल सरकार मुद्दा मानव अपहरण तथा ज्यान मार्ने उद्योग सर्वोच्च अदालत एक न्यायाधीशको इजलास )

**२.२५.**नेपालमा स्थायी बसोबास गर्ने निवेदकले आफूलाई शुरु फैसला बमोजिम लागेको कैद र जरीवाना भुक्तान गरी शुरु अदालतको आदेश र फैसलाको पूर्णत कार्यान्वयन भई निवेदकले शुरु फैसलालाई पूर्ण रूपमा पालना गरेकाले मुद्दा पुर्पक्षका निमित्त शुरुमा थुनामा बसेको भन्ने आधारमा मात्र पुनरावेदन अदालतको फैसलाबाट निवेदकलाई गरेको कैद र जरीवानाबापतमा अ.वं. १९४ नं. बमोजिमको सुविधा दिन नमिल्ने भनी तर्क गर्नु न्याय र विवेकसम्मत नदेखिने । ( नि.नं. ०६९–RE–००५४ आदेश मिति २०६९।६।१९।६ विषय दरपीठ आदेश बदर गरिपाउँ निवेदक जगदिशप्रसाद राणा सरिया विरुद्ध विपक्षी होमविक्रम कार्कीको जाहेरीले नेपाल सरकार सर्वोच्च अदालत एक न्यायाधीशको इजलास )

**२.२६.**पुनरावलोकनको निवेदन यस अदालतबाट भएको अन्तिम फैसलाउपर सिमित आधार र अवस्था विद्यमान रहेको अवस्थामा दिइने विशिष्ट प्रकृतिको निवेदन हो । यथार्थमा दाहो¥याई पाऊँ भन्ने निवेदन र पुनरावलोकनको निवेदन लाग्ने र त्यस उपर सुनुवाई गर्ने प्रक्रिया र आधार नै फरक फरक हुँदा ती दुईलाई एकै अर्थ लिई पुनरावलोकनको निवेदनको प्रक्रियामा समेत अ.वं. १९४ को सुविधा माग गर्न नमिल्ने । (नि.नं. ०६९–AP–०१५१ र ०१५२ आदेश मिति २०६९।८।१८।२ विषय जेथा जमानत लिई थुनामुक्त गरिपांउँ निवेदक / प्रतिवादी खुमबहादुर खड्का विरुद्ध विपक्षी / वादी नेपाल सरकार मुद्दा गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सर्वोच्च अदालत, पूर्ण इजलास )

**२.२७.** अदालतबाट भएको अन्तिम फैसला बमोजिम सहन बुझाउन कानून र फैसला प्रतिको परायणता देखाई अदालत समक्ष समपर्ण नगर्ने पक्षले फरारै रही पुनरावेदन दायर गर्न नपाउनेमा असाधारण उपचारको लागि घुमाउरो किसिमले आउन सक्छु भन्नु कानूनद्वारा स्थापित व्यवस्थाको उपहास हुने । जुन कुरा साधारण उपचारको लागि वर्जित छ त्यही कुरा असाधारण उपचारमा पाउने भएमा न्याय प्रशासनको मान्यता विथोलिने हुँदा प्रस्तुत रिट निवेदनको औचित्यमा विचार गर्नु उपयुक्त नहुने । ( २०५५ सालको रिट न.३६८३ आदेश मिति २०५६।११।१० विषय उत्प्रेषण निवेदक सुन्दर लोनिया समेत विरुद्ध विपक्षी बांके जिल्ला अदालत, नेपालगञ्ज समेत सर्वोच्च अदालत एक न्यायाधीशको इजलास )

**२.२८.** जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन तहको अदालतबाट परिवर्तन नभएसम्म कायम नै रहेको मान्नु पर्ने र धादिङ जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालत पाटनबाट परिवर्तन नभएसम्म बाल सुधार गृहमा राख्नुपर्ने अवस्थाका बालकलाई कारागारमा राखेको मात्र कारणबाट त्यस्तो कैदलाई गैरकानूनी वा असंवैधानिक मानी निवेदन जिकीर बमोजिम निजलाई बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गर्न नमिल्ने । प्रचलित कानूनबमोजिम बाल सुधार गृहमा राख्नु पर्ने नाबालक व्यक्तिलाई कारागारमा राखेको कार्यविधि माथि विवेचित आधार, कारण र प्रमाणबाट त्रुटिपूर्ण रहेको हुँदा त्यस्तो कार्यलाई यस अदालतबाट नजरअन्दाज गर्न पनि न्यायसंगत हुँदैन । त्यसैले निज १५ वर्षको बालक अब्राम तामाङ्गलाई बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ४२(२)(ख) बमोजिम बाल सुधार गृहमा राख्नु पर्ने हुँदा कारागार कार्यालय धादिङबाट बाल सुधार गृह सानोठिमी भक्तपुरमा अविलम्ब स्थानान्तरण गर्नु भनी धादिङ जिल्ला अदालत तथा कारागार कार्यालय धादिङका नाममा आदेश जारी हुने । ( २०६८–WH– ००६१आदेश मिति २०६८।१२।७।३ मुद्दा बन्दीप्रत्यक्षीकरण निवेदक कारागार कार्यालय धादिङमा कैदमा रहेको वर्ष १५ को अब्राम तामाङ्गको हकमा एडभोकेसी फोरम नेपालमा कार्यरत अधिवक्ता पुष्पराज पौडेल विरुद्ध विपक्षीः धादिङ जिल्ला अदालत, धादिङ समेत )

**२.२९.** आफूउपर भए गरेको अन्यायको व्यहोरा खुलाई कानूनसम्मत जाहेरी दिन सक्ने नागरिकको दिनुपर्ने अधिकारलाई अन्यथा भन्न सकिने अवस्था नहुँदा, जाहेरी दिन आए त्यस्तो जाहेरी दर्ता गरी दिनुपर्छ । कानूनबमोजिम दर्ता गर्न मिल्ने नदेखिए कारण सहित दरपीठ समेत गरी सम्बन्धित पक्षलाई नै फिर्ता गरिदिनु पर्ने सम्बन्धित निकायको दायित्व हुन आउने । निवेदकले जाहेरी दर्ता गर्न ल्याए कानूनबमोजिम दर्ता गरी, आवश्यकतानुसार सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयको

परामर्श समेत लिई अनुसन्धान प्रक्रिया अगाडि बढाउने र अनुसन्धानबाट कारवाही अगाडि बढाउन सकिने नदेखिए त्यस्तो अवस्थामा सोही कुरा जनाई दरपीठ गरी सम्बन्धित सरोकारवाला व्यक्तिलाई नै फिर्ता गरिदिन सकिने । ( ०६७–CI–११२० आदेश मिति २०६८।१२।२।५ मुद्दा परमादेश पुनरावेदक लिखित जवाफ कर्ता त्रियुगा बहुमुखी सहकारी संस्था लि.को अध्यक्ष रामभरोश दास विरुद्ध निवेदक विपक्षी जिल्ला नाथु दास चौधरी सर्वोच्च अदालत, संयुक्त इजलास )

**२.३०.**कार्यविधि कानूनको प्रयोग र पालनामा स्वेच्छाचारी प्रयोग वा त्रुटिपूर्ण प्रयोग भएमा सारवान कानूनको प्रयोग प्रभावित हुन सक्ने खतरा हुन्छ । साथै अनिवार्य रूपमा पालना गर्नपुर्ने कार्यविधि सम्बन्धी कानूनको प्रयोग नगरी मुद्दाको कारवाही र निर्णय गरिएका सो निर्णय नै त्रुटिपुर्ण मान्नु पर्ने" भनी सिद्धान्त प्रतिपादन भएको अवस्थामा आफ्नो आन्तरिक प्रयोजनको लागी मातहत कार्यालयलाई फाइल फिर्ता पठाएको बोधार्थ पत्रले फैसला के भएको हो कति दिनभित्र र कहाँ पुनरावेदन गर्ने लगायतको जानकारी निवेदकलाई प्राप्त नभएको हुँदा सो सूचनालाई फैसला वा निर्णयको विषयमा पर्याप्त जानकारीको सूचनाको रूपमा लिन र सोको आधारमा पुनरावेदनको म्यादको गणना गर्न वा मान्यता दिन नमिल्ने हुँदा त्यस्तो व्यहोराको सूचनालाई रीतपूर्वकको पुनरावेदनको म्याद मान्न नमिल्ने। निवेदकले पुनरावेदन दर्ता गरिपाऊँ भनी न्यायाधिकरण समक्ष उपस्थित भई सनाखत गरे निजको पुनरावेदन रीतपूर्वक दर्ता गरी निर्णय गर्नु भनी परमादेशको आदेश जारी हुने । कानूनले नै निर्धारण गरेको निदृष्ट ढाँचामा रीतपूर्वक म्याद जारी गर्ने गराउने दायित्व भएको अर्धन्यायिक निकायले नैं कानूनको उल्लंघन गरी सूचना म्याद तामेल गर्ने हो भने न्याय तथा कानूनको मूल मर्म नै समाप्त भई कानूनी राजको उपहास हुन जाने हुँदा रीतपूर्वक र कानूनद्वारा निर्धारण गरेको ढाँचा तथा कार्यविधिको अनुशरण गरी निर्णय सुनाउने तथा सूचना (म्याद) तामेलीको आवश्यक व्यवस्था तत्काल गर्नु र मातहतका निकायमा समेत यस्तो व्यवस्था गर्नु गराउनु भनी आन्तरिक राजस्व विभागका नाउँमा निर्देशनात्मक आदेश जारी हुने । (०६७–WO–११४४ आदेश मिति २०६८।१२।२६।१ मुद्दा उत्प्रेषण समेत निवेदक हेरीटेज इन्टरनेशनलको तर्फबाट आ.प्रा. उत्तम अधिकारी विरूद्ध विपक्षी राजश्व न्यायाधिकरण समेत .सर्वोच्च अदालत, संयुक्त इजलास )

**२.३१.**कानून व्यवसायीले दुनियाँवादी वा सरकारीवादी दुवै प्रकारका मुद्दामा अ.वं. ८३ नं. को सुविधा पाउँछ भन्ने उल्लेख गर्नु भएकोमा उक्त नम्वरमा नालिस प्रतिवादी पुनरावेदन गर्न व्यक्तिको हक पुग्ने कुरामा भन्ने उल्लेख हुँदा हक प्राप्त गर्ने वा समाप्त गर्ने कुरालाई लक्षित गरिएको प्रष्ट हुन आउँछ । खास शव्द वा अभिव्यक्ति भएमा मात्र यस्तो अर्थ गर्नुपर्ने हुन्छ भन्न मिल्दैन । विषयको

प्रकृति प्रसँग समेतलाई पनि हेर्नु पर्ने हुन्छ । विषय र प्रसँग दुनियावादी मुद्दाको सिलसिलामा भएको कुरा यथेष्ट मात्रामा देखिन्छ भने केही कुरा उल्लेख नभएको कारणले मात्र उपरोक्तानुसार तर्क गर्न नमिल्ने । (२०५१ सालको रिट नं ३४८७ आदेश मितिः २०५४।२।२१।३ मुद्दा उत्प्रेषण मिश्रित परमादेश निवेदिका झविलालको श्रीमती (सधवा) वर्ष ३३ की यदुकुमारी अधिकारी विरुद्ध विपक्षी कास्की जिल्ला अदालत, पोखरा समेत सर्वोच्च अदालत एक न्यायाधीशको इजलास )

**२.३२.**सांसद पदको कर्तव्य छोरा नातिले गर्ने नभई त्यस्तो पद नितान्त व्यक्तिगत रूपमा आफैले सम्पन्न गर्नुपर्ने हुँदा सो सम्बन्धी हकको उपचारका लागि निज आफै आउन नसक्ने र अरुद्वारा विना वारेसनामा मुद्दा गर्नुपर्ने प्रकृतिको मुद्दा नदेखिने । वेपत्ता भएको भन्न मिल्ने अवस्था नदेखिएकोले अ.वं. ८३ नं. आकर्षित गरी छोराले मुद्दा गर्न सक्ने अवस्थाको नहुँदा दरपीठको आदेश गर्दा उल्लिखित आधारहरू मुनासिव देखिएकोले अ.वं. ८३ नं. बमोजिमको अनुमति दिन नमिल्ने । (संवत् २०६४ सालको नि.नं. ०६४–AP–००३१ आदेश मिति २०६४।५।७।६ विषय बेरीतको आदेश बदर गरिपाउँ निवेदक तत्कालीन प्रतिनिधिसभा सदस्य हाल निस्काशन गरिएका नेत्रलाल श्रेष्ठको हकवाला निजको एकाघरको छोरा संजय श्रेष्ठ विरुद्ध विपक्षी व्यवस्थापिका संसद, सिंहदरबार, काठमाडौं समेत मुद्दा उत्प्रेषणयुक्त परमादेश सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास )

**२.३३.**कैद जरीवानाको लगत कायम रहेको व्यक्तिको कानूनबमोजिम वारेस लाग्न सक्ने अवस्था नहुँदा यस मुद्दामा विदेशमा रहेकी निज प्रतिवादी सुष्मा के.सी. को अधिकृत वारेसनामाको कागजका आधारमा लिखित प्रतिवाद साथ म्यादमा हाजीर हुन आएका निजका छोरा आङकु लामालाई मुलुकी ऐन अ.वं. ६५ नं. बमोजिम हाजीर गराउन नमिल्ने । (२०६५ सालको नि.नं.००१८ आदेश मिति २०६५।५।२०।६ विषय सहरजिष्ट्रारको आदेश बदर गरिपाउँ निवेदक / प्रतिवादी हाल संयुक्त राज्य अमेरिकामा बस्ने सुष्मा के.सी. लामाको अधिकृत वारेस आङकु लामा विरुद्ध विपक्षी / वादी चन्द्रा थापा समेतको जाहेरीले नेपाल सरकार मुद्दा बैदेशिक रोजगार सर्वोच्च अदालत, संयुक्त इजलास)

**२.३४.**वारेस बदली सकार गर्ने कुरामा अ.वं. ७० नं. मा कुनै हदम्यादको व्यवस्था नरहेकोमा अ.वं. को ६२(३) नं. को म्याद नाघी आएको भनी निवेदिकालाई मुद्दा सकार गराउन इन्कार गरेको उपरजिष्ट्रारको आदेश उल्लिखित कानून अनुकूलको नहुने ।२०६७–AP–०१६० आदेश मिति

२०६७।९।१४।४ मुद्दा जग्गा खिचोला निवेदक रञ्जु भुषाल विरुद्ध विपक्षी कृष्णबहादुर भुषाल सर्वोच्च अदाअलत, संयुक्त इजलास )

**२.३५.**विदेशी व्यक्तिको नाउँमा म्याद तामेली सम्बन्धमा अ.वं. ११० नं. को अवस्था र प्रकृतिको विद्यमानता रहेको अवस्थामा सो प्रक्रिया पूरा भएपछि मात्र आवश्यकता अनुरूप नियम १०४च को प्रक्रियाको थालनी हुन सक्ने । हुलाकद्वारा रजिष्ट्रि गरी अ.वं. ११० नं. को प्रक्रियाद्वारा म्याद तामेल भएको मिसिल संलग्न हुलाक रसिदबाट देखिन आएको र सो म्याद वदर भएको अवस्था समेत नहुँदा पुनः म्याद जारी गरिरहनु नपर्ने । ( २०६१ सालको निस्सा नं.३२ फैसला मिति २०६१।६।२८।५ मुद्दा लागू औषध पुनरावेदक वादी श्री ५ को सरकार विरुद्ध प्रत्यर्थी प्रतिवादी गोर्डन विलियम रविन्सन सर्वोच्च अदालत पूर्ण इजलास )

**२.३६.**कारवाहीको आदेशमा राय बाझी भै सर्वोच्च अदालतमा पठाउने व्यवस्था न्याय प्रशासन ऐन, २०४८ मा रहे भएको देखिदैन । म्याद वेरीतको मागी १ जना न्यायाधीशले वदर गरी अर्को म्याद जारी गर्ने भनी दिएको आदेश कार्यान्वयन गर्नुपर्नेमा त्यस्तो कारवाहीको आदेशमा राय बझाउन पाउने व्यवस्था समेत नभएको नदेखिने । (.सर्वोच्च अदालत, संयुक्त इजलास २०६२ सालको विविध नं. १०० आदेश मिति २०६३।२।२३।४ मुद्दा अंश दर्ता चलन पुनरावेदक / वादी मुगालाल ठाकुर विरुद्ध प्रत्यर्थी / प्रतिवादी रामकृष्ण ठाकुर )

**२.३७.**गलत वडामा म्याद तामेल भएको आधारमा फैसला भएको कारण आदेश भएको देखिन्छ । तर प्रस्तुत निवेदनमा एकासंगोलका पिताले नै म्याद बुझी लिएको र सो कुरा निवेदकलाई थाहा भएको हुँदा यसमा म्याद वेरीत भएको भन्न नमिल्ने हुँदा उक्त आदेशको विषयवस्तु र यस निवेदनको विषयवस्तु नै फरक फरक भएकोले उक्त निवेदनमा भएको आदेश यसमा आकर्षित हुन्छ भन्न नमिल्ने । ( सर्वोच्च अदालत एकल इजलास २०६३ सालको प्र.नं.६ आदेश मिति २०६३।९।१४ विषय दरपीठ आदेश बदर गरिपाउँ निवेदक लेखबहादुर कार्की विरुद्ध विपक्षी काठमाडौं जिल्ला अदालत समेत मुद्दा उत्प्रेषण )

**२.३८.**मुद्दामा तारिखमा रहनु पर्ने पक्ष वा निजको वारेस तोकिएको तारिख समयमा अदालतमा उपस्थित हुनु पर्ने र उपस्थित नभए उपस्थित हुन नसक्ने पक्षले त्यसबाट सृजित परिणामको असर समेत नै भोग्नु पर्ने हुन्छ । मुद्दामा तारिखमा रहने वा नरहने, कुनै दिनको तारिख लिने वा नलिने तारिखमा रहने पक्षको तजवीजको कुरा हो । अदालत वा अदालतको कर्मचारीले वाध्य गराउन

नसक्ने । तामेलीमा रहेको कुनै लगाउ मुद्दामा कर्मचारीका कारण तारिख लिन छूट भएको भन्ने निवेदन जिकीर नभै आफू ब्यवसायिक वारेस भएको र अदालतमा उपस्थित भएर पनि तारिख लिन छूट भएको भन्ने निवेदन जिकीर देखिंदा प्रस्तुत मुद्दा तामेलीमा राख्ने गरी यस अदालतबाट मिति २०६५।१।९ मा भएको आदेश परिवर्तन गर्न नपर्ने । ( सर्वोच्च अदालत, पूर्ण इजलास २०६५ सालको नि.नं.११२९, ०६४ को RI-०१०८ आदेश मिति २०६५।९।३।५ मुद्दा लिखत बदर, दर्ता बदर दर्ता निवेदक/प्रतिवादी प्रमोदकुमार चौधरी विरुद्ध विपक्षी/वादी विनोदकुमार चौधरी )

**२.३९.**मुद्दाको रूप नै धारण गरी नसकेको पुनरावलोकनको निवेदन दर्ता गर्ने सम्बन्धमा ऐनले निर्दिष्ट गरेको हदम्याद व्यतित भएपछि अ.वं. ५९ नं. बमोजिम त्यस्तो हदम्याद थाम्न नमिल्ने । (सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास २०६६ सालको नि.नं. ००४६ आदेश मिति २०६६।५।९।३ विषय बेरीतको दरपीठ आदेश बदर गरिपाउँ निवेदक सामान्य प्रशासन मन्त्रालयको तर्फबाट ऐ. का सचिव विरुद्ध विपक्षी जीवराज गौतम मुद्दा उत्प्रेषण )

**२.४०.**मुद्दाको प्रकृतिको आधारमा प्रतिवादीहरूको नाउँमा विभिन्न अवधिको म्याद जारी गर्ने र उसले थाहा पाएको कुरामा आश्वस्त हुन म्याद तामेलीमा अपनाइने कार्यविधिको कानूनद्वारा नै व्यवस्था गरिएको हुन्छ । मुलुकी ऐन, २०२० को अदालती वन्दोवस्तको महलको ११०, १११, ११२, ११३ नं मा म्याद तामेल सम्बन्धमा कार्यविधिसम्बन्धी व्यवस्था गरेको देखिन्छ । घरद्वार फेला नपरेपछि अ.वं.११२ नं बमोजिम गाउँटोल खुलेकोमा सम्बन्धित वडा कार्यालयमा तामेल भएको कानूनसम्मत नै देखिने । पत्रिकामा इतलायनामा प्रकाशित गर्दा कम्पनीको मेनेजीङ डाइरेक्टर, डाइरेक्टरको नाममा प्रकाशित गर्नुपर्ने कानून र कारण देखिदैन । अ वं ११०(३) नं बमोजिम कम्पनीको मेनेजीङ डाइरेक्टरकै नाम खुलाई प्रतिवादी बनाउन अनिवार्य गरेको समेत देखिदैन । निवेदकले जुन नाम ठेगनाबाट लिखत लिनुदिनु भएको छ, सोही बमोजिम प्रतिवादी कायम गर्नुपर्ने हुँदा सोबमोजिम गरेकोलाई अन्यथा भन्न मिलेन । लेखिएको वतनमा फेला पर्दैन भने त्यो दोष अदालतको हुन सक्तैन । म्याद तामेली प्रक्रियामा जालसाजी भए अन्य उपचार हुन सक्ने हो, जसको खोजी निवेदकले गरेको देखिदैन । गोरखापत्रमा प्रकाशित सूचना बमोजिम पनि थाहा नपाएको भन्ने कानूनले स्वीकार गर्न सक्ने तर्क देखिन आउँदैन । कानून बमोजिम पहिला लिखत बमोजिमको वतनमा म्याद तामेल गरी प्रतिवादीलाई प्राकृतिक न्यायको सिद्दान्त बमोजिम जानकारीको निश्चितताको लागि जिल्ला अदालत नियमावलीको प्रावधान बमोजिम गोरखापत्रमा समेत सूचना प्रकाशित भएको अवस्थामा वेरीत भन्न नमिल्ने । कानूनद्वारा निर्दिष्ट कार्यविधिको पूर्णपालना गरेको पाइएको

अवस्थामा कानून बमोजिमको प्रक्रिया अवलम्वन गरी न्यायिक निकायबाट भएको फैसलाको कार्यान्वयनलाई नै प्रतिकूल असर पुऱ्याउने ध्येयले दायर भएको निवेदन दावीसँग सहमत हुन नसकिने । (सर्वोच्च अदालत, संयुक्त इजलास २०६८-WO-०८२५ आदेश मिति २०६९।११।११।६ विषय उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाउँ निवेदक यसोदा डेभलपर्स प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त गरी आफ्ना समेत हकमा मकवानपुर जिल्ला हेटौडा नगरपालिका वडा न. ४ वस्ने अञ्जू खनाल विरुद्ध प्रत्यर्थी काठमाडौ जिल्ला अदालत समेत)

**२.४१.**रिट निवेदनमा उठाइएका कुराहरू मुद्दा फैसला हुँदा निरूपण हुन सक्ने नै हुँदा समेत अंश मुद्दामा तायदाति माग गर्ने गरी जिल्ला अदालतबाट भएको आदेशलाई पुनरावेदन अदालबाट सदर गरिएको विषयमा यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दर्ता गर्न नमिल्ने । तायदाती पेश भएपछि प्रमाणका आधारमा हुने इन्साफमा चित्त नबुझे पुनरावेदन गर्न पाउने नै हुँदा रिट क्षेत्रबाट इन्साफमा नै असर पर्ने गरी हस्तक्षेप गर्न नमिल्ने । ( सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास २०६६ सालको नि.नं. ०१९४ आदेश मिति २०६६।२।११।२ मुद्दा उत्प्रेषण निवेदक बुद्धिकुमार गोसाई समेत विरुद्ध विपक्षी भक्तपुर जिल्ला अदालत समेत )

**२.४२.**शुरु एवं पुनरावेदन तहबाट सफाई दिएको यस अदालतबाट अ.वं. २०२ लगाइ झिकाइएको र निवेदकले सफाई पाएपछि विदेशमा गएको विशेष प्रकृतिको अवस्था हुँदा निवेदकको माग बमोजिमको सुविधा प्रदान गर्दा प्रचलित कानून र कानूनको मान्य सिद्धान्त विपरीत हुने देखिदैन भने प्रदान नगर्दा रोजगारी अध्ययनमा विदेश गएको व्यक्तिको हकमा बोली दिने मानिसको अभावमा मुद्दामा गम्भीर असर पर्न गई कानूनको मान्य सिद्धान्त विपरीत हुन जाने । तल्लो अदालतहरूले निवेदकहरूलाई सफाई दिएको त्यसपछि यस अदालतबाट फैसला फरक पर्नेदेखि झिकाइएको मुद्दामा निवेदकलाई आफ्नो मुद्दामा प्रतिवाद गर्न नपाउने गरी आदेश दिने हो भने नेपाल सन्धि ऐन, २०४७ को दफा ९ को व्यवस्थाले गर्दा नेपाल कानून सरह लागू भएको I.C.C.P.R. को धारा १४(३)(ख) र वर्तमान नेपालको अन्तरिम संविधानको धारा २४ समेत प्रतिकूल हुन जाने । ( सर्वोच्च अदालत, संयुक्त इजलास २०६४ सालको निवेदन नं. १७९ आदेश मिति २०६४।५।३०।१ मुद्दा सरकारी छाप दस्तखत कीर्ते निवेदक/प्रतिवादी चन्द्रलाल सेढाई विरुद्ध विपक्षी/वादी नेपाल सरकार )

**२.४३.** तथ्यगत अवस्थामा परिणाममा तात्विक फरक नपारी फैसलाको लेखाईमा कि.नं. ३ उल्लेख हुनुपर्नेमा कि.नं. १ उल्लेख भएका कारणले भएको सामान्य त्रुटि सच्चाउनको लागि सप्तरी जिल्ला

अदालतबाट फैसला संशोधनको आदेश भएको देखिँदा उक्त आदेश जिल्ला अदालत नियमावली, २०५२ को नियम ५१ र ५२ को शब्द र मनसाय विपरीत भएको देखिन आउने । सुनुवाईको मौका नदिई संशोधनको आदेश भएको भन्ने निवेदकको जिकीर सम्बन्धमा विचार गर्दा फैसलामा लेखाई वा टाईपको सामान्य भूल सच्चाउने आदेश गर्दा विपक्षीलाई झिकाई बुझ्नु पर्ने कानूनी व्यवस्था रहेको पाइदैन । त्यसरी भएको संशोधनको आदेशले फैसलाको परिणाममा कुनै अन्तर पार्न नहुने हुनाले त्यसबाट मुद्दाको अर्का पक्षको हक र अधिकारमा कुनै असर नपर्ने, निजलाई थप दायित्व नलगाईने, सजाय नगरिने वा सामाजिक रूपले लाञ्छित नगरिने हुँदा सुनुवाईको मौका दिनुपर्छ भन्नुको कुनै औचित्य वा प्रयोजन पनि नहुने । फैसला भई सकेको मुद्दामा कानून बमोजिम पुनरावेदनको रोहबाट विचार गरिने हुनाले अ.वं. १७ नं. को रोहबाट विचार गर्ने अवस्था नै नहुने । (सर्वोच्च अदालत, संयुक्त इजलास ०६७–WO–०९०८ आदेश मिति २०६९।३।१४ विषय उत्प्रेषण समेत निवेदक रामदेव यादव समेत विरुद्ध विपक्षी विशेश्वर यादव समेत )

**२.४४.**मुद्दा मामिलामा अन्तिम निर्णय गर्नु पूर्व कारबाहीको क्रममा गरिएका प्रक्रियागत आदेशहरू प्रमाण बुझ्ने वा मुद्दाको अंग पुऱ्याउने प्रयोजनले गरिने हुँदा मुद्दामा प्रमाण बुझ्ने वा मुद्दाको अंग पुऱ्याउने उद्देश्यले गरिने अन्तरकालीन आदेश कार्यविधिगत प्रक्रियासँग सम्बन्धित हुने भएकोले त्यस्तो आदेशलाई मुद्दाको अन्तिम निर्णयको रूपमा लिन नमिल्ने । नाता सम्बन्धको ठहर निर्णयले हकको सिर्जना गर्दछ । हक छ वा छैन भन्ने कुराको निर्णय नाता सम्बन्धसँग गाँसिएर आएको छ भने हकको निर्णय गर्नुपूर्व नाता सम्बन्ध यकीन गर्नुपर्ने हुन्छ । नाता सम्बन्धको निर्णय हकसँग जोडिएको सारभूत कानूनको विषय देखिँदा त्यस्तो विषयलाई कार्यविधिगत प्रक्रियासँग जोडेर हेर्न नमिल्ने हुँदा फैसलामा अंशतर्फको हकको निर्णय गर्नु पूर्व नातातर्फको विवादलाई निरूपण गर्नु अनिवार्य हुने । नातातर्फको निर्णय नगरी अंशतर्फको मात्र निर्णय गरेको शुरुको फैसला विवेचित तथ्य र मुलुकी ऐन, अदालती बन्दोबस्तको १९२ नं.को सन्दर्भमा अपुरो देखिने । ( पुनरावेदन नं. ०६६–CI-१२२२ फैसला मिति २०६८।८।२८ मुद्दा अंश चलन पुनरावेदक वादी लक्ष्मी रजितकारसमेत जना २ को मु.स. गर्ने केशरमानको छोरा सुर्जमान रंजितकार विरुद्ध प्रत्यर्थी प्रतिवादी सूर्यमान श्रेष्ठ (भन्सारी) को मु.सु. गर्ने वीरप्रसाद भन्सारी समेत )

**२.४५.**सार्वजनिक ठाउँ भनी बिजुलीको पोलमा म्याद तामेल गरेको पाइएको र स्थानीय प्रतिनिधिको रूपमा रहेका गा.वि.स. सचिवको नामसमेत फरक पर्ने गरी अ.बं. ११० नं. र अ.बं. ११२ को कानूनी व्यवस्थाविपरीत म्याद तामेल भएको देखिन आएको अवस्थामा त्यस्तो तामेलीबाट निवेदकको

हक नै जाने भई अपूरणीय क्षति पुग्न जाने हुँदा निवेदनको अन्तिम किनारा नभएसम्म उक्त मुद्दाको कुनै पनि कामकारवाही अगाडि नबढाउनू, कार्यान्वयन नगर्नू नगराउनू भनी अन्तरिम आदेश जारी हुने । ( सर्वोच्च अदालत, एकल इजलास ०६९–WO–०९३४ आदेश मिति २०६९।१२।४ विषय परमादेशसमेत निवेदक भोजराज पौडेल विरुद्ध विपक्षी चितवन जिल्ला अदालत, भरतपुरसमेत )

**२.४६.**कानूनमा स्पष्ट रूपमा व्यवस्था गरिएको तरिका वा अवस्थामा बाहेक अभियोजनकर्ता सरकारी वकीलको नियमित काममा माथिल्लो निकाय समेतले हस्तक्षेप गर्न नमिल्ने । अपराधको अनुसन्धान पूरा भई अभियोजनको लागि प्रस्तुत नभएसम्म अभियोजन चरण नै प्रारम्भ हुँदैन । अपराध अनुसन्धानको चरणमा सरकारी मुद्दासम्बन्धी ऐनबमोजिम तत्काल गर्नुपर्ने कुराहरू रोकेर वा अन्य कुनै तरिकाले अवरोध गरेर अनुसन्धान प्रभावित गर्न पनि नहुने । सरकारी वकीलले आफूसमक्ष बयानको लागि प्रस्तुत गरेको अवस्थामा कुनै गैरकानूनी व्यवहार हुन नदिने बाहेक आफ्नो उपस्थिति नै इन्कार गरी बयान लिन नसकिने स्थिति सिर्जना गरी अनुसन्धान प्रभावित गर्न दिन नमिल्ने । अपराध अनुसन्धान कसैको पक्ष वा विपक्षमा कुनै प्रायोजित परिणाम ल्याउने दृष्टिकोणले अपराध अनुसन्धान गर्न मिल्दैन र त्यस्तो हिसाबले निर्देशित गर्न वा गराउन नमिल्ने । ( सर्वोच्च अदालत एक न्यायाधीशको इजलास ०६९– WO–०७४० आदेश मिति २०६९।१०।३ विषय उत्प्रेषणयुक्त परमादेश निवेदक अधिवक्ता गोविन्दप्रसाद शर्मा 'बन्दी' समेत विरुद्ध विपक्षी महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय समेत )

**२.४७.**मन्त्रिपरिषद्को विशुद्ध कार्यकारिणी निर्णयबाट निर्माण भई लागू भएको प्रशासनिक प्रकृतिको कार्यविधि भन्ने देखिन्छ । यस्तो विशुद्ध प्रशासनिक निर्णयबाट निर्माण गरी लागू भएको कार्यविधिलाई कानूनको समकक्षमा राखी हेर्न वा कानूनको संज्ञा दिन सकिने नदेखिने । नागरिक रहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी (प्रथम संशोधन) कार्यविधि, २०६८ को विवादित दफाको वैद्यताको निरोपण यस इजलासबाट गर्न नमिली सो विषयमा संयुक्त इजलासबाट निर्णय निरोपण हुनपर्ने । (सर्वोच्च अदालत, विशेष इजलास ०६८ –WS– ००६२ आदेश मिति २०६९।९।१९।५ विषय उत्प्रेषण समेत रिट निवेदक रामदुलारी थारु समेत विरुद्ध विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत )

## ३.फैसलाहरुको विबेचना

उपर्युक्त फैसलाहरुको समग्रमा विश्लेषण गर्ने हो भने तल्ला अदालतहरुले मुद्दाको काम कारवाही गर्दा कानून बमोजिम पालना गर्नुपर्ने कार्यविधिको पालना र प्रयोग उपयुक्त प्रकारले गरेको देखिदैंन ।

कतिपय अवस्थामा सर्वोच्च अदालतमा पनि कार्यविधि कानूनको प्रयोग र ब्याख्यामा फरक फरक दृष्टिकोण र धारणा भएको देखिन्छ । कार्यविधि कानूनको न्यायसम्मत तरिकाले प्रयोग नभएमा मुद्दाको कारवाही लामो, खर्चिलो र झन्झटिलो हुन्छ तथा समग्र अदालतको काम कारवाहीलाई नै प्रभावित गर्दछ । तल्ला अदालतले कार्यविधिको पालना नगरेको अवस्थामा माथिल्लो अदालतले त्रुटिलाई कानून बमोजिम गर्न आदेश दिन सक्दछ । यस्ता आदेशको पालना र अनुशरण गर्नु तल्लो अदालतको कानूनी कर्तब्य नै हुन्छ ।

कार्यविधि कानूनको सम्वन्धमा सर्वोच्च अदालतबाट भएका फैसला र महत्वपूर्ण आदेशहरु नियमित प्रकाशन गरिनु उपयुक्त हुन्छ । साथै यी फैसलाहरुले तल्ला अदालतहरुलाई भोलिका दिनमा गरिने काम कारवाहीलाई मार्ग निर्देशन गर्न योगदान पुऱ्याउँछ। यस परिच्छेदमा पेश गरिएका कार्यविधि कानून सम्वन्धी सर्वोच्च अदालतका फैसलाहरुको पालना र प्रयोगमा विशेष ध्यान पुग्न सकेमा मुद्दाको काम कारवाहीमा गति प्राप्त हुन्छ । सेवाग्राहीलाई पनि मुद्दाको भार कम हुने अपेक्षा राख्न सकिन्छ ।

( नोटः कार्यविधि कानून सम्बन्धी सर्वोच्च अदालतबाट भएका फैसला तथा आदेशहरुको राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रकाशित किताबबाट केही फैसला र आदेशहरु यहाँ समावेश गरिएको छन )

# परिच्छेद–छ

# छिटो छरितो मुद्दा फछ्र्यौटकालागि मुद्दा व्यवस्थापन सम्बन्धमा भएका प्रयासहरुको विश्लेषण

## १.भूमिका

परिच्छेद २ मा मुद्दा व्यवस्थापन र कार्यविधि सम्बन्धी पूर्व अध्ययन प्रतिवेदनहरुको अध्ययन गरिएको छ । यस परिच्छेदमा छिटो छरितो मुद्दा फछ्र्यौटका लागि मुद्दा व्यवस्थापन सम्बन्धमा भएका प्रयासहरुको छोटकरीमा विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

## २.मुद्दा व्यवस्थापन सम्बन्धमा भएका प्रयासहरुको विश्लेषण

**२.१.**जनतालाई अधिकतम सेवा दिनु आधुनिक राज्य व्यवस्थाको प्रमुख उद्देश्य हो । आजको खुला एवं प्रजातान्त्रिक समाजमा राज्यद्वारा जनतालाई प्रदान गरिने सेवा सुविधा छिटो छरितो, कम खर्चिलो, गुणस्तरयुक्त हुनु आवश्यक मानिन्छ । विकसित मुलुकदेखि हाम्रो जस्ता विकासोन्मुख देशहरुमा छिटो छरितो न्याय सम्पादन एउटा चुनौतिको रुपमा रहेको छ । न्यायपालिकाबाट सम्पादन हुने न्याय निरोपण गर्ने कार्य पनि छिटो छरितो कम खर्चिलो, गुणस्तरयुक्त एव सर्वसाधारण जनताको पहुँचयोग्य हुन आवश्यक छ ।

**२.२.**अदालतको प्रमुख जिम्मेवारी भनेको आफू समक्ष दायर भएका मुद्दाहरुको छिटो छरितो ढङ्गबाट तोकिएको समयमा मुद्दाको कारवाही किनारा गर्नु नै हो । अदालतमा विद्यमान स्रोत साधनको व्यवस्थित प्रयोग र परिचालनद्वारा छिटो छरितो सेवा सुबिधा जनतालाई प्रदान गर्नु पर्ने हुन्छ । विद्यमान अवस्थामा अदालतमा दायर भएका मुद्दाहरु कानूनले तोकेको अवधि भित्र फैसला हुन सकेको छैन । यसले गर्दा अदालतमा आएका सेवाग्राहीहरुले हैरानी व्यहोर्नु परिरहेको छ । त्यसैले न्याय सम्पादनको सन्दर्भमा मुद्दा व्यवस्थापनको अहम महत्व रहेको छ ।

**२.३.**नेपालको संबिधान, २०७२ ले न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितब्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने संकल्प गरेको छ । सानातिना विवाद समाधानको लागि प्रदेश कानूनद्वारा गठित स्थानीय स्तरका न्यायिक निकायहरुको थप गठन गर्ने व्यवस्थाले नागरिकहरुले

स्थानीय स्तरबाट नै सानातिना विवादहरुमा सरलरुपमा न्याय प्राप्त गर्न सक्ने अपेक्षा संविधानले गरेको देखिन्छ ।

**२.४.**सबै तहका अदालतमा अदालत व्यवस्थापन समिति, मेलमिलाप समिति र न्यायक्षेत्र समन्वय समिति रहने व्यवस्था छ । सर्वोच्च अदालतमा मुद्दा ब्यवस्थापन समिति रहने व्यवस्थापन भए पनि पुनरावेदन अदालत र जिल्ला अदालतमा मुद्दा ब्यवस्थापन समितिको व्यवस्था नियमावलीमा गरिएको छैन । यस्तो महत्वपूर्ण समितिको अभाव देखिएकोले सर्वोच्च अदालत मुद्दा ब्यवस्थापन समितिको निर्णयले सवै पुनरावेदन अदालत र सबै जिल्ला अदालतहरुमा मुद्दा ब्यवस्थापन समितिको गठन गर्न आदेश जारी गरिएको छ । यसरी गठित समितिहरुलाई क्रियाशील र प्रभावकारी तुल्याउँदै लगिएमा अदालतमा दर्ता भएका मुद्दाको काम कारबाहीमा गतिशीलता प्राप्त भई सेवाग्राहीलाई छिटो र छरितो न्याय दिलाउन मद्दत मिल्ने छ ।

**२.५.**एकभन्दा बढी न्यायाधीश भएको जिल्ला अदालतमा मुद्दा दर्ता भए पछि बाँडफाँड गरी बाँकी काम कारवाही र किनारा सोही न्यायाधीशले गर्ने व्यवस्था गरिएकोले मुद्दा व्यवस्थापन गर्ने उत्तरदायित्व पनि तोकिएको न्यायाधीशको हुने हुँदा यसले मुद्दा छिटो किनारा गर्न पनि केही हदसम्म सफलता नै प्राप्त भइराखेको छ । नमूना जिल्ला अदालतहरुमा देवानी र फौजदारी इजलासको व्यवस्था लागु गरिएको छ, यस्ता विशिष्टीकृत इजलास गठन भएपछि मुद्दा फछ्र्यौटमा उपलब्धिहरु अभिबृद्धि भएका छन ।

२.६.सर्वोच्च अदालत नियमावली र पुनरावेदन अदालतमा मुद्दाका पक्षहरु तारेखमा बस्नु नपर्ने ब्यवस्था भएको हुँदा अनावश्यक रुपमा तारिख बोक्नु पर्ने झन्झटबाट सेवाग्राहीलाई राहत मिली सेवाग्राहीको लागि न्याय प्राप्तिको आधार सरल भएको देखिन्छ ।

**२.७.**सर्वोच्च अदालतमा पुराना मुद्दाहरु न्यायाधीशहरुको समूहबाट सुनुवाई गर्ने गरिएकोमा सोको उपलब्धि संतोषजनक देखिएको भएता पनि केही वर्ष यता सर्वोच्च अदालतमा न्यायाधीशको संख्या निकै कम हुन थालेपछि समूह प्रणालीबाट इजलास गठन गरी मुद्दा फछ्र्यौट गर्नमा बाधा पुगेको देखिन्छ । विषयगत मुद्दामा विशिष्टीकृत इजलास वा समूह प्रणालीवाट इजलास गठन गरी मुद्दा किनारा गर्ने प्रणाली पुनरावेदन( उच्च ) अदालत र जिल्ला अदालतमा लागु गर्नुपर्ने समय आएको छ।

२.८.वहस व्यवस्थापन, वहसका लागि समय निर्धारण, मुद्दामा विवादको विषय निर्धारण र प्रमुख कानून व्यवसायीको भूमिकालाई मुद्दा सुनुवाईको क्रममा प्रभावकारी पार्ने जस्ता विषयहरुलाई अदालत नियमावली र मुलुकी ऐनले ब्यवस्था गरे पनि ब्यवहारमा अदालतले सफलतापूर्वक कार्यान्वयन गर्न नसक्नु हाम्रो कमजोरी मान्न सकिन्छ । अब यी कानून र नियमको परिपालना गर्ने गराउने कार्यमा सर्वोच्च अदालतले नै प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

२.९.प्रारम्भिक सुनुवाईकै तारिखमा मुद्दा किनारा गर्न सकिने व्यवस्था पनि जिल्ला अदालत नियमावलीको नियम ४६क. मा रहेको छ । यो प्रावधानको कार्यान्वयन पनि प्रभावकारी बन्न सकेको छैन । अतः यसको प्रभावकारी कार्यान्वयन गरी मुद्दाको कारवाही छिटो छरिता पार्ने जिम्मेवारीलाई जिल्ला अदालतका न्यायाधीशहरुले विशेष बोध गर्नुपर्ने बेला आएको देखिन्छ ।

२.१०.सामान्यतयाः ७ दिनभित्र फैसला तयार गर्नुपर्ने गरी सर्वोच्च, पुनरावेदन र जिल्ला अदालत नियमावलीहरुमा अवधि निर्धारण गरिएको भए पनि समयमा फैसला तयार गरी पक्षलाई उपलब्ध गराउन सकिएको छैन । यस कार्यबाट सेवाग्राहीमा निरासा छाएको अनुभूति हुन थालेको छ । फैसला संख्याको लगत मात्र नबढाई किनारा लागेका मुद्दाको फैसला छोटो समयमा तयार गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ ।

२.११. शुरु फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एकवर्षभित्र, पुनरावेदन फैसला गर्दा मिसिल प्राप्त भएको मितिबाट ६ महिनाभित्र फैसला गर्नुपर्छ । बुझ्नु पर्ने प्रमाण बुझिसकेपछि तोकिएको फैसला गर्ने म्याद बाँकी भएपनि मुद्दा फैसल गर्नलाई पैतीस दिन भन्दा ढिलो गर्नु हुँदैन भनी अ.बं. १४ नं.मा व्यवस्था भए पनि यो प्रावधानको कार्यान्वयन भएको देखिएको छैन। कति प्रतिशत मुद्दा अ.बं. १४ न.को म्यादभित्र फैसला भएका छन भनी अध्ययन अनुसन्धान गरिनु उपयुक्त हुन्छ । छिटो छरितो मुद्दा किनारा गर्नको लागि प्रभावकारी मुद्दा व्यवस्थापन गरिनु पर्ने हुँदा यसका लागि संस्थागत सुधार प्रक्रियामा सबै क्षेत्रको सकरात्मक सोच र सहकार्य महत्वपूर्ण हुन जान्छ ।

२.१२.एक्कासौं शताब्दीको हाँक र चुनौतिको सामना गर्दै न्यायपालिकालाई संवृद्धि र सफलताको शिखरमा पुराउनको लागि नयाँ संविधानको भावना अनुकूल कानूनी प्रावधानहरुको निर्माण गरी कार्यान्वयनमा जाँदा समस्याहरु स्वभावतः न्यूनीकरण हुन्छन् । युग सुहाउँदो कानूनहरु बनाएर मुद्दा

व्यवस्थापन पद्धतिको वैज्ञानिक विकास गरी न्याय सम्पादनलाई प्रभावकारी पार्न हामी सबैको ध्यान केन्द्रित हुनु नै प्रमुख आवश्यकता हो ।

**२.१३.**न्याय सम्पादन नै अदालतको प्रमुख काम हो । त्यसैले मुद्दा व्यवस्थापनलाई न्याय प्रशासनको अभिन्न अङ्गको रुपमा लिन थालिएको छ । प्रजातान्त्रिक समाजमा स्वच्छ, निष्पक्ष र छिटो छरितो न्याय प्राप्त गर्नु व्यक्तिको अधिकारकै रुमपा लिन थालिएको छ । अदालत समक्ष दायर हुनआएका मुद्दाहरु समयमा नै फैसला गर्न सकेमा मात्र अदालतप्रति जनविश्वास कायम रहन्छ । मुद्दा व्यवस्थापनको मुख्य उद्देश्य भनेकै कानूनले तोकेको समयसीमा भित्र मुद्दा फैसला हुन सक्ने अवस्था सृजना गर्नु हो । यसका लागि संस्थागत नेतृत्व सर्वोच्च अदालतको हकमा प्रधान न्यायाधीश र रजिस्ट्रार, पुनरावेदन( उच्च ) अदालतको हकमा मुख्य न्यायाधीश र रजिस्ट्रार तथा जिल्ला अदालतको हकमा जिल्ला न्यायाधीश र स्रेस्तेदारले लिनुपर्ने हुन्छ ।

**२.१४.**प्रभावकारी मुद्दा व्यवस्थापनका लागि सम्वद्ध कानून, अदालतको जनशक्ति, मुद्दाका पक्ष, कानून व्यवसयी र मुद्दासँग प्रत्यक्ष सरोकार रहने अन्य निकायको समेत उत्तिकै भूमिका रहने.हुन्छ । अदालत भन्दा वाहिरका निकायलाई मुद्दा व्यवस्थापन किन र कसरी भन्ने सम्बन्धमा समेत छलफल जरुरी हुने देखिन्छ । त्यसले अदालतबाट माग भएका मिसिल कागज ,पत्रोत्तर समयमा प्राप्त हुन सक्छ ।

**२.१५.**मुद्दा व्यवस्थापनका लागि अध्ययन भएका विभिन्न प्रतिवेदनले मुद्दाको काम कारवाहीलाई व्यवस्थित एव छिटो छरितो वनाउन उल्लेख्य प्रयास गरेको देखिन्छ । उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन २०२८ ले वहस व्यवस्थापनदेखि एकिकृत प्रमाण कानूनको आवश्यकता औल्याएको थियो । यही आयोगको सिफारिश अनुसार संक्षिप्त कार्यविधि ऐन २०२८, प्रमाण ऐन, २०३१ आएको देखिन्छ जसले गर्दा असमर्थ पक्षको न्यायमा पहुँच सहज वनाएको देखिन्छ । शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४० ले प्रमाण बुझिसकेपछि पक्षले चाहेमा तारेखमा बस्नु नपर्ने व्यवस्थाका अतिरिक्त असमर्थ पक्षकालागि कानूनी सेवा प्रदान गर्न वैतनिक वकील जिल्ला र तत्कालीन अञ्चल तहसम्म विस्तार गरेको देखिन्छ ।

**२.१६.** अदालत व्यवस्थापन सम्वन्धी सुझाव प्रतिवेदन, २०५५ ले विशेष प्रकृतिका मुद्दा हेर्न विशेष किसिमका अदालत वा न्यायाधीकरणको गठन हुनु पर्ने, देवानी कार्यविधि संहिता र फौजदारी कार्यविधि संहिता तयार गरी लागु गर्नुपर्ने, जिल्ला अदालतलाई वन्दीप्रत्यक्षीकरण र निषेधाज्ञा सम्बन्धी

निवेदन हेर्ने अधिकार दिनुपर्ने, विवाद समाधानको वैकल्पिक उपायहरुलाई अवलम्वन गर्नुपर्ने आदि सुझाव दिएको थियो । यस समितिको सुझाव अनुसार कतिपय ऐन नियम निर्माण भएका छन भने केन्द्रीय तहमा पनि बिभिन्न नीति निर्माण भएका छन ।

**२.१७.**अध्ययन प्रतिवेदनका कतिपय सुझावहरु कार्यान्वयनमा आउन नसकेका पनि छन । मुद्दा सनुवाइको क्रममा वहसको समय निर्धारण हुन सकेको छैन । मुख्य कानून व्यवसायीको अवधारणा व्यवहारमा लागु हुन सकेको देखिदैन । विशिष्टीकृत न्यायाधिकरण जस्तो वैदेशिक रोजगार न्यायाधिकरण, ऋण असुली न्यायाधिकरणको स्थापना, मेलमिलाप ऐनको तर्जुमा आदि यिनै अध्ययन प्रतिवेदनहरुकै उपलब्धि मान्न सकिन्छ । यसै गरी जिल्ला अदालत नियमावलीमा संशोधन गरी देवानी र फौजदारी इजलासको गठन, मुद्दा दर्ताकै चरणदेखि फैसलासम्म एकै न्यायाधीशले गर्ने गरी मुद्दा जिम्मा लगाउने व्यवस्था आदि पनि मुद्दा व्यवस्थापन अध्ययन समितिहरुकै योगदान हो । यसै गरी न्याय प्रशासन ऐन, २०४८ को संशोधनवाट जिल्ला अदालतलाई वन्दीप्रत्यक्षीकरण र निषेधाज्ञाको अधिकार दिने, पुनरावेदन अदालतलाई उत्प्रेषणको रिट हेर्ने क्षेत्राधिकार दिइनु, देवानी फौजदारी कार्यविधि संहिताको मस्यौदा हुनु पनि मुद्दा व्यवस्थापन सम्बन्धी प्रतिबेदनहरुको योगदान रहेको छ ।

**२.१८.**उपर्युक्त विवेचित आधारहरुबाट अध्ययन प्रतिवेदनहरुको सुझाब बमोजिम नै मुलुकी ऐन, न्याय प्रशासन ऐन तथा अदालत नियमावलीहरुमा समय सापेक्ष सुधार गरिएका कारण नै अदालतमा मुद्दा व्यवस्थापनलाई प्रभावकारी तुल्याउन सहयोग प्राप्त भएको छ । यसले मुद्दाको काम कारवाहीलाई छिटो छरितो बनाउन योगदान नै गरेको देखिन्छ । अपेक्षाकृत सुधार प्राप्त हुन नसके पनि मुद्दाको काम कारवाहीलाई गतिशील बनाई तोकिएको समयसीमामा फैसला गर्ने बातावरणको निर्माणमा अदालत लागिरहनु एउटा सकरात्मक पक्ष हो ।

# परिच्छेद– सात

# मुद्दाको प्रक्रियामा देखिएका झन्झटिला व्यवहारहरुको पहिचान र त्यसमा गर्नुपर्ने सुधारका उपाय

## १.विषय प्रवेश

**१.१** सामान्य बोली बचनमा झन्झटिला व्यवहार भन्नाले झन्झट, दिक्क लाग्ने, ब्यर्थको काम भन्ने बुझिन्छ । झन्झटियाको अर्थ, झन्झट लाग्दो, झर्को लाग्दो, अनावश्यक काम कुरा जिम्मा लिएर हिंड्ने, बेर्थको दुख बेसाउने, ब्यर्थको व्यवहार, टन्टा, झोजझमेला, बित्थै आइलागेको काम कुरो भनी नेपाली शब्दसागरमा अर्थ गरिएको छ । न्यायका उपभोक्ताहरु अदालत, प्रहरी र सरकारी वकील कार्यालयमा सम्पादन हुने कार्यहरुबाट प्रभावित हुन्छन । यी कार्यालयमा आउँदा निश्चित समयमा काम कारवाही हुने आम प्रचलनको अभाव छ । खास गरी न्यायका सेवाग्राहीहरुको प्रत्यक्ष सम्पर्क अदालतसँग नै हुन्छ । अदालतमा कानून बमोजिम गर्नुपर्ने काम कारवाही गर्दा ढिलासुस्ती गर्ने, अनेकौ बाहनामा समयमा तारेख नदिने, मागेको कागजात आदि दिनमा समय लगाउने, गर्नुपर्ने नक्सा मुचुल्का तोकिएको तारिखमा नगर्ने, पत्राचारहरु समयमा नगर्ने, पेशी समयमा नचढाउने, चढाए पनि रीत नपुऱ्याउने, बिना कारण विपक्षीको कानून व्यवसायीले पेशी हटाउने जस्ता गैरजिम्मेवार कार्यहरुबाट पक्षहरुलाई अदालतको काम कारवाही प्रक्रिया लामो र झन्झटिलो लाग्न थाल्दछ ।

**१.२.**प्रस्ताबित देवानी कार्यविधि संहितामा मूल रुपमा देवानी कार्यविधि कानूनका सम्वन्धमा नेपालको अभ्यासमा रहेका मान्यताहरुलाई नै ब्यवस्थित रुपमा प्रस्ताब गरिएको छ । त्यसो भए तापनि हाल कायम रहेका कार्यविधिका झन्झटिला र मुद्दा लम्बाउने कार्यविधिको सुधार गरी समय सापेक्ष बनाउने प्रयास गरिएको छ र प्रस्ताबित संहिताको अभ्यासबाट अदालती प्रक्रिया र मुद्दाको सुनुवाईमा उल्लेखनीय सुधार हुने अपेक्षा गरिएको छ भनी देवानी संहिता तथा देवानी कार्यविधि संहिताको मसौदा तथा प्रतिवेदन, २०६७ (पृष्ठ ९ दफा ६.४) मा उल्लेख छ । यो प्रकरणबाट पनि हाम्रो बर्तमान कानूनमा कायम रहेका कतिपय कार्यविधिका प्रवधानहरु झन्झटिला र मुद्दा लम्बाउनमा सहयोय पुऱ्याउने खालका छन भन्ने तथ्य परिपुष्टि गरी नै रहेको छ । कार्यविधि कानूनको समयानुकूल सुधार गरी समय सापेक्ष बनाउने प्रयास जारी रहेको देवानी कार्यविधि संहिता र फौजदारी कार्यविधि संहिताको संसदमा पेश भएका विधेयकहरुबाट पनि पुष्टि भएको पाइन्छ ।

**१.३.**हाम्रा अगाडि कमजोरी र चुनौतीहरु पनि छन् । नभएका कानून खोज्ने, भएका कानूनको कार्यान्वयन नगर्ने प्रवृत्ति पुरानै हो । वोली र व्यवहारबीच अन्तरहरु पाइन्छन् । प्रतिवद्धताहरु व्यवहारमा उत्रन नसकेका कटु अनुभवहरु छन् ।कतिपय कानूनी प्रावधान स्वयंमा पनि असजिला, अव्यवहारिक, झण्झटिला र परम्परागत शैलीका पनि छन् । यसमा सुधार गर्नेतर्फ गम्भीर प्रयास हुन बाँकी नै छ । पद्धतिगत सुधार र परिवर्तनलाई आत्मसात् गर्न भन्दा कथित विवेकशील व्यवहारिकताको नाउँमा परिवर्तनको प्रवाहलाई रोक्ने प्रवृत्ति पनि यदाकदा देखिने गर्दछ । ( मुद्दा व्यवस्थापन पद्धति विकास सम्वन्धी अध्ययन प्रतिवेदन २०६६, पृष्ठ ३४ ) यो अध्ययन प्रतिवेदनले पनि हाम्रा व्यवहार र कानूनमा झन्झटिला व्यवहारहरु रहेको औंलाएको पाइन्छ । यस्ता विविध पद्धतिगत तथा प्रवृत्तिगत चुनौतीहरुको प्रतिविम्व कानूनी प्रावधानको निर्माण र कार्यान्वयनमा पर्न जाँदा समस्याको समाधानले गति पाउन कठिन हुन्छ ।

**१.४.**प्रत्येक साल फौजदारी मुद्दाको लगत वृद्धिले न्यायिक प्रक्रियामा समस्याहरु पैदा भई समयमा पुर्पक्ष र सुनाई पूरा नहुँदा कार्यविधिगत अवरोधहरु निर्माण भई प्रत्येक वर्ष मुद्दाहरुको ठूलो अनुपात पछिल्लो वर्षमा सरी कार्याविधिलाई ढिला र झन्झटिलो बनाउँदै लैजान्छ । यस्तो कार्यविधिगत असक्षमताको अवस्थाले फौजदारी न्याय प्रणलीको कार्यक्षमतामाथि अविश्वासको अवस्था सिजना गर्दछ। साथै अधिक आपराधिक घटनाहरु घटित भएमा सीमित संख्याको लागि प्राप्त स्रोत, साधन र जनशक्ति नै थप अपराध अनुसन्धानका लागि प्रयोग गर्न बाध्यता हुन्छ । यसले फौजदारी न्यायको प्रभावकारितामा नकरात्मक असर पार्दछ । अनुसन्धानकर्ता, अभियोजनकर्ता तथा पुर्पक्षकर्ताको प्रभावकारितामा ह्रास आउँछ । निराशाहरु जन्मिन्छन् र कामप्रतिको लगाव स्खलित हुन जान्छ । ( नेपालको फौजदारी न्यायप्रणालीको आधारभूत सर्वेक्षण, २०६९ पृष्ठ ७७)

**१.५.**मिसिल प्रमाण मगाउन समय लाग्नु, माग भए पछि पनि समयमा नपठाइनु, प्रमाण बुझ्नका लागि पटक पटक आदेश हुने अवस्था आउनु, अङ्ग पुगेर पनि चाँडो पेशी जान नसक्नु, पेशीमा गएपनि सुनुवाई हुन नसक्नु, पटक पटक स्थगित गराइनु, म्याद तामेली समयमा हुन नसक्नु, तामेली म्यादमा रीत पुग्न नसक्नु, अन्य निकायबाट माग गरिएका प्रमाण र जवाफ समयमा नआउनु आदि समस्याहरु छन् । (सर्वोच्च अदालतमा मुद्दा प्रवाहको अवस्थासम्बन्धी अनुसन्धान प्रतिवेदन, २०६४) वास्तबमा यिनै परम्परागत समस्याहरु नै अदालतका झन्झटिला व्यवहारहरु हुन भन्न सकिन्छ ।

१.६.अतः हाम्रा कार्य र ब्यवहारहरु, कार्यगत विधि, प्रक्रिया, मुद्दाको लगत वृद्धि तथा हाम्रो परम्परागत सोचले पनि अदालतभित्र अनेकौं झन्झटिला व्यवहारहरुलेजरो गाडिसकेका छन् । यस्ता व्यवहारहरुलाई सुधार गर्न मुद्दासँग सम्वन्धित सबै सरोकारवाला पक्षहरुले पनि इमान्दारितापूर्वक अदालतलाई सहयोग दिनु अपरिहार्य छ ।

## २.झन्झटिला व्यवहारहरु

### २.१.एउटै विवादमा पटक पटक सुनुवाई गर्ने

मुद्दामा छिटो छरितोपन ल्याउनलाई व्यवस्था गरिएको न्याय प्रशासन ऐन, २०४८ को दफा १४ (ख) को परिपालना पुनरावेदन अदालतबाट नै गरिनु वाञ्छनीय हुने भएकाले यसबाट मुद्दाका पक्षहरुलाई एउटै मुद्दामा पटक पटक तल माथि अदालतमा आइरहनु नपरी शीघ्र र सुलभ न्याय प्राप्त हुने र अदालतलाई पनि एउटै विवादको पटक पटक सुनुवाई गर्नुपर्ने बाध्यता नरही समय, स्रोत र साधानको बचत तथा सदुपयोग हुने अवस्था रहने .( लक्ष्मीदेवी शाह समेत वि. जयपालकुमारी शाह मुद्दा बाली विगो ०५८ सालको दे.पु.नं.८०२० सर्वोच्च अदालत विषयगत नजीर संग्रह २०६६ भाग ९ कार्यविधि कानून : देवानी पृष्ठ १६० ) । यस फैसलाले अदालतहरुबाट पनि कानूनको उचित पालना नगरेको कारणहरुबाट पक्षहरुले अनावश्यक दुःख र हैरानी ब्यहोर्नु परेको स्पष्ट हुन आउँछ । अदालतको यस्तो प्रक्रिया र मुद्दाको क्रममा हामीले देखाएको ब्यवहारले मुद्दाका पक्षहरुलाई अनावश्यक झन्झटमा फसेको अनुभूति हुन्छ । लामो समय लाग्ने, श्रम र साधनको खर्च बढ्ने स्वाभाविक हुन्छ ।

**सुझाब**

- न्यायाधीशहरुबीच छलफल र अन्तरक्रियालाई प्राथमिकता दिने ।
- अ.बं. १९२ नं बमोजिम एउटै मिसिलबाट गर्नुपर्ने विवादका सबै विषयमा एकै पटक निर्णय गर्ने कार्यलाई परिपालना गर्न जिल्ला न्यायाधीशहरुलाई प्रोत्साहन गराउनु पर्छ ।
- न्याय प्रशासन ऐन, २०४८ को दफा १४(क) (ख) (ग) बमोजिम पुनरावेदन सुन्ने सर्वोच्च अदालत र पुनरावेदन अदालत (उच्च अदालत ) बाट परिपालना गरी कार्य गर्ने गराउने गर्ने।

### २.२.फैसला लेखनमा ढिलाई र उदासिनता

- अदालतले मुद्दा फैसला गरेपछि हाजिर रहेका पक्षहरुलाई फैसला सुनाई कागज गराउनुपर्छ। हाजिर नरहेको हार्ने पक्षलाई फैसला भएको तीन दिनभित्र पुनरावेदनको म्याद दिनुपर्छ भन्ने

अ.बं.१९३ नं.मा व्यवस्था छ । यो कानूनी व्यवस्थाले फैसला छिटो तयार हुनुपर्ने कुरामा जोड दिएको छ । फैसला समयमा उपलब्ध गराउन नसक्ने अवस्थामा पुगेपछि सुनुवाईमा रोहवर रहने पक्षलाई पनि फैसला सुनिपाएको कागज गराउन पनि छाडियो जसले गर्दा तत्काल मौकामा रोहवरमा रहेको पक्षलाई पुनरावेदनको म्याद जारी गरी तामेल गर्नुपर्ने थप कार्य बोझ पनि बढ्न थाल्यो ।

- राय कायम भैसकेपछि मनासिव कारणले बाहेक फैसला लेख्न ७ दिनभन्दा बढी ढिला गर्नु हुँदैन । (अ.वं. १८५ नं.)
- सामान्यतयाः ७ दिनभित्र फैसलाहर तयार गर्नुपर्ने गरी सर्वोच्च, पुनरावेदन र जिल्ला अदालत नियमावलीहरुमा अवधि निर्धारण गरिएको भए पनि पालना भएको छैन ।
- फैसला लेखन कार्यलाई छिटो छरितो र गुणस्तरीय बनाउने दोस्रो योजनाले लक्ष्य लिएको देखिन्छ ।
- मुद्दाको फैसला र फैसलाको तयारी तोकिएको समयावधिभित्र गर्ने प्रवन्ध मिलाउने भनी न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले लक्ष्य प्राप्तिका रणनीतिहरुमा उल्लेख गरेको छ ।
- प्रायः सबै अदालतले आफ्नो वार्षिक कार्यक्रम योजनामा पन्घ्र दिनभित्र फैसला तयार गरिसक्ने लक्ष्य निर्धारण गरेका छन ।
- अदालतमा भौतिक सुविधाहरु थपिएका छन ।कानूनी ब्यवस्था र निर्धारित लक्ष्य अनुसार समयमा फैसला तयार गरी पक्षलाई उपलब्ध गराउन सकिएको छैन ।जिल्ला अदालत र पुनरावेदन अदालतमा सामान्य सुधारको सङ्केत देखिएका छन् । तर सर्वोच्च अदालतमा अझै कुनै सुधार भएको सङ्केत देखिएको छैन ।
- यसबाट सेवाग्राहीमा निरासा बढाएको अनुभूति हुन थालेको पाइन्छ ।फैसलाको प्रति समयमा नपाउँदा पनि पक्षलाई झन्झटिलो ब्यवहारको अनुभूति हुन्छ ।
- फैसलाको संख्याको लगत बढाउनु भन्दा किनारा लागेका मुद्दाको फैसला छोटो समयमा तयार गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने बेला आइसकेको देखिन्छ । अर्थात फैसला गर्ने र फैसला तयार गर्ने कार्यलाई समानुपातिक रुपमा नै चलाउनु पर्छ ।

**सुझाव**

- समयमा फैसला तयार गर्न न्यायाधीशलाई अदालतले समय उपलब्ध गराउनु पर्ने ।

- सर्वोच्च अदालत, पुनरावेदन (उच्च अदालत) र जिल्ला अदालतका इजलासमा के कति मुद्दा भार पर्छ, के कति जना कर्मचारीलाई जिम्मेवारी तोकिनुपर्ने हो र एक जना इजलास अधिकृतले मासिक कति फैसला आदेश तयार गर्नुपर्ने सो सम्वन्धमा अध्ययन गर्न एउटा कार्यदल नै बनाई सो कार्यदलले दिएको प्रतिवेदनलाई कार्यान्वयन गर्नुपर्ने ।
- अदालतमा दिइने प्रोत्साहन भत्तालाई इजलासमा कार्यरत अधिकृतहरुको फैसला तयार पार्ने कार्यसँग प्रत्यक्ष आवद्धता जोड्ने ।
- मुद्दाको शुरु कारवाहीदेखि नै मुद्दाको टिपोट कम्प्यूरमा प्रबिष्ट गरी राख्नु पर्ने  र फैसला वा आदेश हुन साथ ठहर खण्डलाई मिलाएर फैसला तयार गर्ने कार्य प्राथमिकताका साथ लागु गर्नुपर्ने हुन्छ ।
- फैसलालाई अपलोड र डाउनलोड गर्ने कार्यलाई सबै अदालतमा प्रभावकारी तुल्याउने र यो कार्यको नियमित अनुगमन गर्ने गराउने ।

## २.३.उठाएर वकपत्र गराउने

- हाम्रा अदालतहरुमा साक्षीलाई उठाएर वकपत्र गराइन्छ । कानूनमा उठाएर नै बकपत्र वा वयान गर्नुपर्छ भन्ने कुनै व्यवस्था छैन । अनुशासन र इजलासको मर्यादा चाँही आवश्यक तत्व हो । साक्षीलाई उठाएर लामो समयसम्म वकपत्र गराउँदा नै अदालतको अनुशासन र मर्यादा हुन्छ भन्ने पुरातन सोचले अहिलेको बदि्लदो समयमा पनि निरन्तरता पाउनु उपयुक्त हुँदैन ।
- विशेषज्ञ लगायत महिला, बालबालिका, असक्त रोगी र बृद्धहरुलाई इजलासमा उठाएर नै वयान वा वकपत्र गराउँदा अनेकौं समस्याको श्रृजना हुन्छ । साक्षीहरुको सम्मानमा चोट पुग्छ  र सकभर अदालतमा वकपत्र गर्न नआउने  प्रवृतिको बिकास हुन्छ ।
- साक्षीहरुलाई सम्मानपूर्वक वकपत्र गराउने व्यवस्था गर्दा नै अदालतको काममा सहयोग प्राप्त हुन्छ । मानवोचित ब्यवहारको लागि कुर्सिमा बसाएर पनि वकपत्र गराउन कुनै नियम कानूनले नरोकेको हुँदा हाम्रो ब्यवहार र प्रवृतिलाई मात्र बदल्नु पर्ने हुन्छ ।

### सुझाब

सम्मानपूर्वक बसाएर नै साक्षीको वकपत्र गराउन उपयुक्त हुन्छ ।

### २.४.समयमा कार्य सम्पन्न नगर्ने प्रबृति

मिसिल प्रमाण मगाउन समयमा पत्राचार नगर्ने, माग भएर आएका प्रमाण मिसिल पनि समयमा नपठाउने, प्रमाण बुझनका लागि पटक पटक आदेश हुने, अङ्क पुगेर पनि चाँडो पेशी नतोक्ने, पेशीमा गएपनि सुनुवाई हुन नसक्ने, पटक पटक स्थगितको निवेदन दिने, म्याद तामेली समयमा नहुने, साथै आदेश वमेजिमको कार्य जस्तो नक्सा र सर्जमिन तोएिको समयमा नगरी बाराम्बार तारेख मात्र तोक्ने कार्य साधारण प्रवृत्ति नै हुन गएका छन् । यी कार्यहरु अदालतबाट भएका झन्झटिला व्यवहारहरु हुन । अदालतबाट सम्पादित कार्यहरु समयमा हुन नसकेका उदाहारण धेरै प्रस्तुत हुन सक्छन् । मुद्दाको काम कारवाहीलाई छिटो छरितो बनाउनको लागि आ–आफ्नो जिम्माका काम कारवाहीलाई समयमा सम्पादित नगर्ने प्रवृतिलाई सुधार्न अनिवार्य छ ।

सुझाब

- आदेशलाई तोकिएको तारिखमा नै सपन्न गर्ने गराउने कार्यलाई प्रोत्साहन गरी नियमित गराउनु पर्छ ।
- त्रुटि र कमजोरीलाई न्यूनीकरण गर्दै जाने ।

### २.५. पक्ष र विपक्षवीच समान व्यवहार प्रदर्शन नगर्ने

अदालत सबैको लागि समान छ भन्ने सिद्धान्तले मात्र प्रभावकारी भूमिका खेल्न कठिन हुन्छ । व्यवहार र कार्य प्रणालीबाट नै अदालत सबैको लागि समान छ भनी पुष्टि गर्न सक्नुपर्छ । तर कतिपय अवस्थामा पक्ष र विपक्षवीच अदालत र कर्मचारीले समान व्यवहार प्रदर्शन नगर्ने गरिएको पाइन्छ । यस्ता असमान ब्यवहारले गर्दा पनि सेवाग्राहीमा नकरात्मक प्रभाव पार्दछ । यी हाम्रा वानी ब्यहोरामा पनि समय अनुकूल परिवर्तन गर्न आवश्यक हुन्छ ।

सुझाब

कर्मचारीको वानी ब्यहोरा र वोलीचालीमा समय अनुकूल परिवर्तन र सुधार गर्नुपर्ने हुन्छ ।

### २.६.अनावश्यक तारिखमा बस्नुपर्ने

- तारिख पर्चामा कुन कामका लागि कुन समयमा कुन ठाउँमा हाजिर हुन आउने हो सबै व्यहोरा खोलिनु पर्छ र तोकिए वमोजिमको काम कारवाई गर्नुपर्छ, त्यस्तो काम कारवाई गर्न

नपाउने वा नभ्याउने भएमा व्यहोरा जनाई जुन दिन काम हुन्छ त्यसै दिनको तारिख तोक्नु पर्छ । भरसक प्रतिवादी पर्ने दिनको तारिख तोक्नु पर्छ ( अ.वं. ४८ नं./५३ नं.) । कारण खोलेर मात्र मुद्दाका पक्षहरुलाई तारिख तोक्नुपर्ने कानूनी व्यवस्था देखिन्छ ।

- समयमा मुद्दा किनारा नहुँदा अनावश्यक रुपमा तारिख बोक्नु पर्ने झन्झटिलो कार्यबाट सेवाग्राहीलाई आघात भएको छ ।

सुझाब

मुद्दाको प्रमाण बुझिसकेपछि तारेखमा बस्न नचाहाने पक्षलाई अदालतको आदेशले तारेख टुटाई दिने कानूनी ब्यवस्था गर्नु पर्ने ।

## २.७.बन्द इजलासमा हुने सुनुवाईलाई प्रभावकारी रुपमा लागु नगरेको

- कानूनद्वारा बन्द इजलासमा सुनुवाई हुनुपर्ने मुद्दा जिल्ला अदालतमा बन्द इजलासबाटै सुनुवाई गरिएको भएतापनि सर्वोच्च अदालतमा सो सम्वन्धी अभ्यास नगरिएकाले त्यस्ता मुद्दाहरु सर्वोच्च अदालतमा पनि बन्द इजलासबाटै सुनुवाई गर्ने व्यवस्था मिलाउने भनी सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समितिबाट मिति २०७२।०४। ०१ गतेको निर्णयमा भएको पाइन्छ ।
- बन्द इजलासको अवधारणालाई सबैले कार्यान्वयन र पालना नगर्दा पनि मुद्दाका पक्षले आफू असुरक्षित भएको, आफ्नो गोपनीयता र आफ्नो मान मर्यादामा आँचपुगेको अनुभूत गर्दछन । साथै पक्षहलाई मुद्दाको प्रक्रिया पनि अव्यवहारिक लाग्छ । कानूनको पालनामा अदालत स्वयं कहिले पनि पछि पर्नु हुँदैंन ।

**सुझाब**

सबै तहका अदालतमा यो व्यवस्था कडाईका साथ लागु हुनुपर्छ ।

## २.८.मुद्दाको सुनुवाईको क्रममा लामो वहस

- मुद्दाको सुनुवाईको क्रममा लामा लामा थकावट पूर्ण वहस गर्ने गरिन्छ ।वहसलाई नियन्त्रित र व्यवस्थित गर्ने गरेको पाइदैंन ।यस्तो प्रकारको सुनुवाइ प्रणालीबाट पक्षहरुलाई मुद्दाको

कारवाहीमा झन्झटिलो ब्यवहारको अनुभूति हुन्छ । यसले पक्षहरुमा खर्चको भार पनि थपिराखेको छ ।

सुझाव

वहसको समयलाई कानूनको सीमामा ल्याउने र वहस व्यवस्थापनलाई सुदृढ बनाउने ।

## २.९. अ.बं.१८४क. नं.को स्पष्ट पालना नगर्ने

- दुबै थरको कुरा मिले नमिलेको बिचार गरी कुरा मिलेको देखिंन आएमा तुरुन्त निर्णय सुनाउनु पर्छ । आँशिक वा पूर्ण रुपमा नमिलेको देखिन आएमा जुन जुन कुरा मुख नमिली इन्साफ गरी ठहराउनु पर्ने हो सो कुरामा मात्र प्रमाण बुझ्न स्पष्ट पर्चा खडा गरी आदेश गर्नुपर्छ भन्नेअ.बं. १८४क. नं. मा छ । यो व्यवस्थाले मुद्दाहरुको प्रारम्भिक सुनुवाईलाई प्रभावकारी बनाउन प्रारम्भिक सुनुवाईकै अवस्थामा टुंगो लगाउन मिल्ने देखिएका मुद्दाहरुलाई तत्काले टुंगो लगाउने र बुझ्नु पर्ने देखिएमा प्रमाण एकैचोटी बुझ्न निर्देश गरेको छ ।
- तर यो कानूनी व्यवस्थाको पूर्णपालना गरी शुरु अदालतबाट आदेश कमै भएको पाइन्छ । पटक पटक आदेश गर्ने परम्परा अझै पनि बाँकी नै छ । यो व्यवस्थाको परिपालना नगर्नाले पनि मुद्दाको काम कारवाही छिटो छरितो पार्न सकिएको छैन । यसले गर्दा पक्षको श्रम, साधन र स्रोतको खर्चमा अभिवृद्धि हुन गई पक्षमा निराशा र अदालतप्रति नै अविश्वासको वातावरण अभिवृद्धि हुन्छ । अन्ततः पक्षहरुलाई अदालतको काम कारवाही झन्झटिलो र बोझिलो भएको अनुभूति हुन्छ ।

**सुझाव**

- अ.बं. १८४क. नं. को पालना गर्ने उपयुक्त वातावरण बनाउनुपर्ने ,
- न्यायाधीशहरुबीच अ.बं. १८४क. न को पालना सम्वन्धी छलफल र अन्तरक्रियालाई सघन गर्नुपर्ने,
- न्यायाधीशको बृत्तिविकाससँग यस्ता आदेशलाई आवद्धता गर्ने ।

## २.१०. अदालत परिसरमा प्रतिक्षालयको अभाव

सेवाग्राहीहरुलाई घामपानीबाट बच्नको लागि सबै अदालतमा बस्न उपयुक्त ठाउँ (सेड) को व्यवस्था छैन, खाने पानीको प्रवन्ध छैन र शौचालयको उपयुक्त व्यवस्थापन पनि छैन । पक्षको आफ्नो

सुनुवाई कहाँ र कुन समयमा हुँदैछ भन्ने सामान्य जानकारी दिने कुनै प्रभावबारी संयन्त्र पनि अदालतमा छैन । हेल्प डेस्कको अवधारणा भरखर आए पनि सवै अदालतमा प्रभावकारी रुपमा यसको कार्यान्वयन गरिएको छैन । न्यायमा आएका सेवाग्राहीप्रति यस्ता अमानवीय व्यवहारले उनीहरुमा निरासा र कुण्ठा जन्माउँछ । अदालतप्रतिको आस्थामा नै प्रश्न चिन्ह खडा हुन जान्छ । यो पनि अत्यन्त पीडादायी झन्झटिलो व्यवहारमा परिभाषित हुन आउँछ । न्यायको लागि अदालतको ढोकामा प्रवेश गर्ने सबै सेवाग्राहीहरुले खानेपानी, शौचालय र घामपानीबाट बच्न सेडहरुको अदालतको परिसरमा उपभोग गर्न पाउने व्यवस्था मौजुद हुनु पर्दछ ।

सुझाब

- घामपानीबाट बच्नको लागि अदालतमा बस्न उपयुक्त ठाउँ (सेड) र फर्निचरको व्यवस्था गर्नुपर्ने,
- खाने पानी र शौचालयको उपयुक्त व्यवस्थापन गर्नुपर्ने,
- सेवाग्राहीहरुको लागि बनाइएका हेल्प डेस्कहरुलाई प्रभावकारी पारी न्यायमा आएका सेवाग्राहीप्रति मानवीय व्यवहार प्रदर्शन गर्ने वातावरण निर्माण गर्ने,
- सेवाग्राहीहरुको आवश्यकता र समस्यालाई सकेसम्म चाँडो सम्वोधन गर्ने ।
- सेवाग्राहीप्रति मानवीय व्यवहार प्रदर्शन गर्नको लागि कर्मचारीहरुलाई प्रोत्साहित गर्नुपर्ने ।

## २.११.अदालतका आदेशले उपस्थित भएका नेपाल सरकारका साक्षीहरुले कानून बमोजिमको सुविधा पाउने नसकेको

- अदालतका आदेशले बकपत्र गर्न उपस्थित हुने विशेषज्ञ साक्षीले आउँदा जाँदाको खर्च र पाउन सकेका छैनन् । सरकारी वा प्रतिष्ठानका कर्मचारीले काज पनि पाउनुपर्ने हुन्छ । सामान्यतयाः सरकारवादी फौजदारी मुद्दामा वादी नेपाल सरकारको साक्षीहरु अदालतमा बकपत्र गर्न आउँदा जाँदाको खर्च जाहेरवाला पीडित पक्षले दुःख सुख ब्यहोरेको हुन्छ । चोरी, डकैति, हत्याहिंसा, अपहरणमा परेका पीडित जाहेरवालाहरुले साक्षीको खर्च समेत ब्यहोर्नु पर्दा थप आर्थिक भार पर्न जान्छ ।
- सरकारी पक्षका साक्षी, सर्जमीनका मानिसलाई अदालतमा दाखिल गर्दाको अवस्थामा खर्चको रकमको व्यवस्था बजेट मिलाई उनीहरुलाई सरकारी वकीलले खर्च दिने व्यवस्था गर्ने भनी शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४० ले सुझाब दिएको पाइन्छ ।नेपाल सरकारका

तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले पाउने सरहको दैनिक तथा भ्रमण भत्ता सम्वन्धित प्रहरी कार्यालयले उपलब्ध गराउनु पर्नेछ । सरकारी कर्मचारी साक्षी वा विशेषज्ञको रुपमा अदालतमा उपस्थित हुँदाको सुबिधा कार्यरत कार्यालयले उपलब्ध गराउन पर्नेछ । साक्षीको सुरक्षाको व्यवस्था नेपाल सरकारले गर्नुपर्नेछ भनी फौजदारी कार्यविधि संहिता, २०७१ को विधेयकको दफा ११३ मा व्यवस्था गरिएको देखिन्छ ।

- सरकारी मुद्दासम्वन्धी नियमावली, २०५५को नियम १५(३) मा साक्षी गवाहलाई अदालतमा उपस्थित गराउँदा लाग्ने खर्च सम्बन्धित प्रहरी कार्यालयले उपलब्ध गराउनेछ । यसरी खर्च उपलब्ध गराउँदा प्रत्येक साक्षी, गवाहलाई राजपत्र अनंकित प्रथम श्रेणीको सरकारी कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता दिइनेछ । सरकारी कर्मचारीलाई साक्षी, गवाहको रुपमा उपस्थित हुनु पर्ने भएमा प्रचलित आर्थिक ऐन नियमबमोजिम निज कार्यरत कार्यालयबाट नै त्यस्तो रकम दिइनेछ भन्ने व्यवस्था गरेको पाइन्छ ।
- मानव बेचबिखन तथा ओसार पसार ( नियन्त्रण ) ऐन, २०६४ २६क.अनुसार सरकारका तर्फबाट अदालतमा उपस्थित भएका साक्षीलाई राजपत्र अनंकित प्रथम श्रेणीका सरकारी कर्मचारीले प्रचलित कानून बमोजिम पाए सरहको दैनिक तथा भ्रमण भत्ता सम्बन्धित सरकारी वकील कार्यालयले उपलब्ध गराउनु पर्नेछ । कुनै सरकारी कर्मचारी साक्षी वा विशेषज्ञको हैसियतले उपदफा (१) अन्तर्गतको मुद्दामा अदालतमा उपस्थित भएमा निजलाई प्रचलित कानून बमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ता निज वहाल रहेको कार्यालयले उपलब्ध गराउनु पर्नेछ ।
- विभिन्न अध्ययन प्रतिवेदनहरुले सरकारी मुद्दाका नेपाल सरकारका तर्फबाट उपस्थित साक्षीहरुले दैनिक र भ्रमण भत्ता पाउनुपर्ने कुरामा सुझाब दिएका र फौजदारी संहिताको विधेयकमा यसलाई राज्यले सिद्धान्ततः स्वीकार गरिसकेको छ ।
- सरकारी मुद्दासम्वन्धी नियमावली, २०५५ ले आजभन्दा धेरै वर्ष अगाडि नै साक्षीले सुविधा पाउने कानूनी व्यवस्था गरे पनि कार्यान्वयनमा प्रभावकारी बन्न सकेन ।नियमावलीको पालना नहुँदा नेपाल सरकारको साक्षीहरु उपस्थित हुने कार्यका लागि अनेकौ बाधा र समस्याहरु उत्पन्न हुने गरेका छन । सरकार वादी मुद्दाहरुमा साक्षीको अनुपस्थितिमा मुद्दा असफल भएका प्रशस्त छन । पीडित वा जाहेरवालाले खर्च व्यहोरेर साक्षीहरुलाई अदालतमा उपस्थित गराएका पनि छन । यसबाट पीडितलाई थप भार र पीडा हुन्छ । यस्तो आर्थिक

झन्झटिला व्यवहारले गर्दा मुद्दाको सफलतामा नै प्रश्न चिन्ह आउँछ । सरकारको पक्षमा उपस्थित हुने साक्षीले नियमले दिएको सुविधा पाउने व्यवस्थाको सरकारले पालना गर्नुपर्ने नै हुन्छ ।

**सुझाब**

नेपाल सरकारका तर्फबाट अदालतमा उपस्थित हुने साक्षीहरुलाई सरकारी मुद्दा सम्वन्धी नियमावली अनुसारको दैनिक र भ्रमण भत्ता अनिवार्य उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने ।

## २.१२.कानून व्यवसायीको भूमिका

स्वच्छ सुनुवाईमा कानून व्यवसायीहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । न्याय सम्पादनमा कानून व्यवसायीहरुको भूमिकाको ठूलो अपेक्षा अदालत र न्यायकर्मीले गरेको हुन्छ । धेरैको बिचार र रायमा कतिपय कानून व्यवसायीहरुले न्याय सम्पादनमा प्रभावकारी र सकरात्मक भूमिका नखेलेको भन्ने गुनासो आमरुपमा चर्चा छ । केही कानून व्यवसायीले पेशी चढेको मुद्दा बिना कारण धेरै पटक हटाउने, मुद्दाको कारवाही र प्रक्रियामा चाँडो अन्त्य गर्ने तर्फ खासै ध्यान नदिने र सुनुवाईको क्रममा लामो र पट्यार लाग्दो वहस गर्ने तथा फैसला तथा आदेश आफ्नो पक्षमा नहुने साथ अनेकौं टिप्पणी गर्ने कानून व्यवसायीहरुको भूमिकाले न्यायलाई असहज पारेको हुन सक्छ र यस्ता प्रकारका व्यवहारले पनि मुद्दामा झन्झटिलो वातावरण श्रृजना भई मुद्दाको प्रक्रियामा अवरोधहरु आउन सक्छन् ।

**सुझाब**

- कानून व्यवसायीहरु र बारसँग निरन्तर छलफल र अन्तरक्रिया गर्नु पर्दछ ।
- न्यायाधीशले इजलासमा कानूनले तोकेको दायरामा मुद्दाको वहस व्यवस्थापनलाई नियमित र व्यवस्थित गर्नु पर्दछ ।

## २.१३.भाषाको कारणले पनि अदालतको व्यवहार र मुद्दाको काम कारवाही झन्झटिलो

हाम्रो देश नेपाल विविध बहुभाषाभाषीको वासस्थान हो । सबै भाग वा ठाउँमा अदालती भाषा सरल र सहज नहुन सक्छ । सरकारी कामकाजको भाषा नेपाली सबैले बुझ्न नसक्ने अवस्थाहरु पनि विद्यमान छन । भाषाको बुझाईको कारणबाट पनि अदालतको काम कारवाहीमा कतिपय स्थानका

पक्षहरुले असुविधा अनुभूत गर्दछन् र यसले गर्दा अदालतको काम कारवाही उनीहरुले झन्झटिलो मान्दछन् । भाषाका कारणले पनि अदालतको व्यवहार र मुद्दाको काम कारवाही झन्झटिलो हुन सक्छ ।

**सुझाव**

- अदालतमा स्थानीय दोभाषेको व्यवस्था गर्ने,
- दोभाषेको सेवाबापतको रकम सरकारले उपलब्ध गराउनुपर्ने ।

## २.१४.अ.बं. १२३ नं. को कार्यान्वयन गर्न हिच्किचाउने प्रबृत्ति

- अदालती बन्दोबस्तको महल बमोजिम कारबाहीको लागि थुनामा राखिएको कुनै अभियुक्तको सम्वन्धमा प्रमाण बुझ्न पहिलो पटक तोकिएको तारिखको मितिले एक वर्षभित्र मुद्दाको किनारा नभएमा त्यस्तो अभियुक्तलाई यसै महलको ११८(२) नं. बमोजिम थुनामा राखिएको भए निजसँग जमानत लिई र सोही नम्बरको दफा ८ वा ९ बमोजिम थुनामा राखिएको भए धरौट जमानत केही नलिई थुनाबाट छोडी मुद्दाको कारबाही गर्नुपर्छ भन्ने समेतको कानूनी व्यवस्था अ.बं. १२३ नं. मा स्पष्ट तोकिएका छन् ।
- यस्तो व्यवस्था थुनामा राखेको प्रतिवादीहरुको मुद्दा छिटो किनारा होस भनी राखिएको हो । थुनामा राखिएको प्रतिवादीको कानूनको म्यादभित्र फैसला गर्न नसकिएमा यो नं. को कानूनी व्यवस्था सक्रिय हुने हो ।
- तर यो नम्बरको प्रयोग गर्न अदालत अन्कनाउँछ, धिङ्गनाई गर्दछ । यस्तो कार्य गर्नु भनेको गैरकानूनी कारवाही गरे सरह नै मान्नु पर्छ । अदालतको यस्तो प्रवृत्ति र ब्यवहारबाट पक्षलाई अदालतप्रति अविश्वास हुन्छ । अदालतप्रति नै नकरात्मक सोच रहन्छ ।
- यो कानूनी व्यवस्थाको पालना नगरेको देखिन आएमा त्यस्तो आदेश नगर्ने वा धिङ्गनाई गर्दछ भने न्यायाधीशको विवरण न्याय परिषदमा राखी बृत्ति बिकाससँग प्रत्यक्ष आवद्धता कायम गर्नु पर्दछ ।

**सुझाव**

यो कानूनी व्यवस्थाको कानूनको परिधिमा रहेर पालना गर्नु गराउनु पर्दछ ।

## २.१५.अ.बं. १७ नं को कारबाही ढिलासुस्ती

- पुनरावेदन सुन्ने अड्डाले आफ्ना मातहतका अड्डामा परेका मुद्दाको काम कारबाहीमा म्याद नाघेको वा बेरित भएकोछ भन्ने कुरा झगडियाका निवेदनबाट वा अरु कुनै किसिमसँग थाहा पाएमा आवश्यकतानुसार सो मुद्दाको मिसिल समेत झिकी पन्ध्र दिनसम्ममा कैफियत तलब गरी बुझ्दा म्याद नघाएको वा बेरित भएको देखिएमा कानून बमोजिम गर्नु गर्न लगाउनु पर्छ भन्ने अ.बं. १७ नं.मा कानूनी व्यवस्था गरिएकोछ ।
- यो नम्बरको प्रयोग र पालनामा अदालत र न्यायाधीशहरु बीचमा एकरुपकता पाइदैंन ।
- कहिले कैफियत प्रतिवेदन माग्ने, कहिले मिसिल झिकाउने र कहिले सरकारी वकीललाई छलफलमा झिकाउने आदेश हुन्छ । यसले कैफियत प्रतिवेदनको निकासा हुन लामो समय लागेको अनुभूति हामी सबैलाई जानकारी भएकै कुरा हो ।
- कैफियत प्रतिवेदन प्राप्त भए पनि आदेश पटक पटक भइरहन्छ ।
- समयमा आदेश नहुँदा तल्लो अदालतमा बिचराधीन मुद्दाको कारवाही र किनारा गर्न समेत असर परिराखेको हुन्छ ।
- यस प्रकारका अदालतको कार्य र व्यवहारले सेवाग्राहीमा नकरात्मक असर पारी रहेको हुन्छ।
- मुद्दाको कारवाहीलाई छिटो र छरितो पारी किनारा गर्नलाई पनि यो नम्बरको कारवाहीलाई छोटो र सरल तरिकाले सिघ्र निकासा दिनुपर्ने हुन्छ ।

**सुझाव**

- पटक पटक आदेश गर्ने कार्यलाई नियन्त्रण र निरुत्साहित पार्नुपर्ने,
- अ.बं. १७ नं.को निवेदन चाँडो फछ्र्यौट गर्नुपर्ने ।

## २.१६.अ.बं. १२२ नं. को कमजोर कार्यान्वयन

- कुनै मुद्दामा कुनै व्यक्ति थुनिएको छ र नथुनिएको व्यक्तिको हकमा कानून अनुसार अंङ्ग पुऱ्याउन समय लाग्ने भै एकैसाथ कारवाई गर्दा थुनिएको व्यक्तिको हकमा निज थुनिएको मितिले कानूनको म्यादभित्र किनारा लगाउन नसकिने देखिएमा अदालतले थुनिएका व्यक्तिको सम्बन्धमा मात्र जो बुझ्नुपर्ने बुझी किनारा लगाउन सक्नेछ, त्यसरी किनारा लगाउन

सकिनेका हकमा किनारा नलगाई बिना कारण थुनामा राख्न हुँदैन भन्ने अ.वं. १२२ नं.मा कानूनी व्यवस्था छ ।

- तर उपर्यक्त कानूनी व्यवस्था अनुसारको काम कारवाही भए गरेको कमै मात्र पाइन्छ । तत्काल मौका अनुन्धानमा पक्राउ परेका व्यक्तिहरु र फरार रहेका व्यक्तिलाई समेत अभियोग लगाएर एकै पटक अभियोगपत्र अदालतमा दाखिल गर्ने कानूनी व्यवस्थाले गर्दा म्यादी पूर्जी समेत तामेल गर्न समय लामो लाग्ने, कतिपय प्रतिवादीको म्याद वेपत्ते तामेल हुने र धेरै जना प्रतिवादी भएको मुद्दामा प्रतिवादीहरु पटक पटक अदालतमा हाजिर हुने समेतबाट थुनामा रहेका प्रतिवववादीको हकमा लामो समयसम्म मुद्दा फैसला हुन प्रक्रियागत कारणले बाधा हुने अवस्थालाई विचार गरी उक्त कानूनी व्यवस्था मुलुकी ऐनमा राखिएको हो ।
- यो व्यवस्थालाई प्रयोग र पालना हुन सकेमा थुनामा रहेका प्रतिवादीको हकमा छिटो कारवाही सम्पन्न भई मुद्दा किनारा गर्दा थुनुवालाई न्याय प्राप्त भएको अनुभूति हुन्छ ।
- यो प्रावधानलाई सक्रिय तुल्याउन सकेको खण्डमा थुनामा रहेको व्यक्तिको हकमा छिटो कारवाही सम्पन्न भई मुद्दा किनारा गर्दा कानूनी व्यवस्थाको पालना हुन्छ र साथै थुनामा रहेको व्यक्तिलाई पनि छिटो इन्साफ प्राप्त गर्न सहज र सरल हुन्छ ।
- अदालतले यो कानूनी व्यवस्थाको परिपालना नगरे उपर थुनामा रहेको व्यक्तिको कानून व्यवसायीले पनि गम्भीर रुपमा अदालतमा प्रश्न उठाउन सकेका छैनन । यस्ता प्रावधानको पालनाको लागि कानून व्यवसायीको भूमिका अपरिहार्य भूमिका रहने तथ्यमा कुनै विवाद हुँदैन ।
- यो नम्बरको प्रयोग गर्न अदालत हिच्किचाउनु राम्रो होइन । अदालतको यस्तो ब्यवहारबाट पक्षलाई अदालतप्रति अविश्वास हुन्छ । अदालतप्रति नै नकरात्मक सोच पनि आउँछ । कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने अदालतको दायित्वलाई कमजोर पार्ने कार्य गर्नु स्वाभाविक हुँदैन ।

**सुझाव**

अ.बं. १२२ नं.को कानूनी व्यवस्थाको पालना गर्नु गराउनु पर्दछ ।

### २.१७. दण्ड सजायको ११ क (२) नं. मरे तुल्य भएको

- दुई वर्षसम्मकैद भएका वा २१ वर्षभन्दा मुनीका लोग्नेमानिस वा जतिसुकै वर्ष पुगेका स्वास्नीमानिसलाई जतिसुकै कैद भए पनि कागज गराई अदालतले छाड्न सक्ने ब्यवस्था गर्नुपर्ने । (उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८)

- मुद्दा डिसमिस हुँदा लागेको कैद, संक्षिप्त ( कार्यविधि ) ऐनको मुद्दामा पहिलो पटक कैद लागेको ब्यक्ति, ७५ वर्ष नाघेका बृद्ध, नाबालक वा अशक्त बिमारी वा ७ वर्ष मुनिका केटाकेटी भएको स्वास्नीमानिस भएमा अवस्था हेरी लागेको कैदलाई नगदमा परिणत गरी असूल गर्ने ब्यवस्था गर्नुपर्ने । (शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४० )
- तीन वर्षभन्दा कम कैदको सजाय हुने कुनै कसूर गर्ने व्यक्तिलाई कैदको सजाय गरी पहिलो पटक कसूरदार ठहरी अड्डाले कैदमा राख्न मनासिव नठहराएमा एक दिनको पच्चीस रुपैयाँको दरले हुन आउने रकम तोकी सो तोकिएको रकम बुझाएमा कसूरदारलाई कैदमा नराख्ने गरी अड्डाले फैसला गर्न सक्नेछ । सो बमोजिम कसूरदारले रुपैयाँ बुझाएमा बुझी लिई कैदको लगत कट्टा गरी दिनु पर्छ भन्ने कानूनी व्यवस्था दण्ड सजायको ११ क(२) नं.मा छ ।
- तर दण्ड सजायको ११ क(२) नं. को कानूनी व्यवस्था बमोजिम फैसला भएको कमै पाउन सकिन्छ । शाही न्याय सुधार आयोगको प्रतिवेदनले दिएको सुझाबको आधारमा मिति २०४३ । ७ । २७ गतेदेखि लागु भएको करिव वीस वर्षको अवधिमा यस्तो उदार कानूनी व्यवस्थालाई अदालतले नकरात्मक रुपमा ग्रहण गरेको देखिन्छ । राम्रो आचरण भएको पहिलो पटकको कसूरदारलाई कारागारका पठाउँदा हुन सक्ने असरलाई रोक्न भविष्यमा कुनै अपराध नगरी राम्रो आचारण पालना गर्ने छु भनी कागज गराई कसूरदारलाई सुध्रिने मौका दिने व्यवस्था आफैमा सजायको सुधारवादी सिद्धान्त हो ।
- कानूनमा भएको व्यवस्थाको मुद्दाको परिस्थिति बमोजिम प्रयोग हुन सकेको अवस्थामा मात्र कानून जीवित रहेको मान्न सकिन्छ । कानूनमा भएको प्रावधानको कसैबाट पनि प्रयोग र पालना गरिदैन भने त्यो कानूनलाई मरेतुल्य भएको मान्नु पर्दछ । उक्त कानूनी व्यवस्थाको परिधिमा रहेर अदालतलाई मनासिव लागेमा कारणसहितको उल्लेख गरी कैदको बद्लामा रुपैयाँ बुझी कैदको लगतलाई कट्टा गर्ने गरी फैसला गर्ने कार्यमा अदालतले संकोच मान्नु पर्ने अवस्था आउन दिनु हुँदैंन ।

**सुझाब**

दण्ड सजायको ११ क(२) नं. को कानूनी व्यवस्थाको प्रयोग र पालना गर्नु पर्दछ ।

# परिच्छेद–आठ

# छिटो छरितोरुपमा मुद्दाको कारवाही किनारा गर्न कार्यविधि कानूनमा गर्नुपर्ने सुधारको पक्षको छलफल, विश्लेषण र सुझाव

## १.विषय प्रवेश

**१.१.**न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, प्रभावकारी र जनउत्तरदायी बनाउने कार्यका लागि बिगत २०२८ सालदेखि राज्य र न्यायपालिका निरन्तर रुपमा लागि राखेकोछ । विभिन्न कालखण्डमा बनेका आयोग, समिति र अध्ययन टोलीले दिएका सुधारका सुझाबहरुलाई क्रमश लागु गर्दै गएको पनि छ । समयानुकूल न्यायपालिकाको स्वरुप पनि सुधार गरिंदै आइएकोछ । न्याय प्रशासनलाई प्रभावकारी पार्नको लागि ऐन, नियम र कानूनमा सुधार पनि भइरहेका छन् । अदालतको भौतिक सुधारमा पनि राज्यले निकै लगानी गरिसकेको छ । अदालतमा कार्यरत जनशक्तिको आवश्यक तालिम र शिक्षाको क्षेत्रमा पनि सुधारको कार्यले ठूलो फड्को मारिसकेको तथ्य कसैबाट लुकेको छैन । अदालतको भवनहरु अधिकांश आधुनिक र नयाँ नयाँ छन्, उच्च कानूनी शिक्षा प्राप्त जनशक्ति छन, अदालतमा आधुनिक कम्प्पूटर र प्रिन्टर, फ्याक्स, इन्टरनेट जस्ता साधन र स्रोतहरुले प्रवेश पाएका छन, अदालतका कर्मचारीहरुले अतिरिक्त सेवा गरेबापत तलबको पचास प्रतिशत थप भत्ता समेत राज्यले दिएर सम्मानित जीवन यापन गर्ने अवसर पनि दिएको छ । कर्मचारी र न्यायाधीशको दरबन्दी बढाउने कार्यमा राज्यले हार्दिकताका साथ सहयोग पनि दिंदै आएको छ । यी सुधारका बादजुद पनि अदालतले नागरिकहरुको उचित आकांक्षा र चाहनालाई सकरात्मक रुपमा सम्बोधन गर्न सकिरहेका छैन ।

**१.२.**न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको चरणमा अदालतले कार्य सम्पादन गरिराखेको छ । यस अवधिमा जिल्ला अदालत र पुनरावेदन अदालतहरुमा मुद्दालाई छिटो छरितो पार्नमा केही हदसम्म सफलता मिले पनि अ.बं.१४ नं.को म्याद एक वर्षभित्र शुरु जिल्ला अदालतमा र छ महिनाभित्र मुद्दा किनारा गर्ने लक्ष्यमा पुग्न सक्ने क्षमताको आधारहरु स्थापित गर्न सकिएको छैन । सर्वोच्च अदालतमा मुद्दाको लगत प्रति वर्ष घट्ने भन्दा बढ्ने क्रम तिब्ररुपमा भइरहेको छ। देशको सर्वोच्च अदालतमा धेरै वर्ष पुराना मुद्दाहरु कारवाहीमा हुनु आफैमा चिन्ताजनक छ ।

**१.३.**यो परिस्थिति हेर्दा सर्वोच्च अदालतको मुद्दा फछ्र्यौट रणनीतिक योजनाहरुको प्रभाव नपरेको अनुभूति हुन्छ । न्यायपालिकाको प्रशासनिक कार्य गर्ने क्षमता अत्यन्त कमजोर भएको तथ्य रिक्त पदमा समयमा न्यायाधीश नियुक्ति हुन नसक्नुबाट नै पुष्टि भइराखेको छ । न्यायाधीश नियुक्ति नभएर नै सर्वोच्च अदालतमा मुद्दा किनारा भएका छैनन । सेवाग्राहीहरुले बिना कारण लामो समयसम्म मुद्दाको कारवाहीमा लागिराखु पर्दाको पीडा गम्भीर रुपमा छ । अदालतले आफ्नै कार्यसम्पादनको गहिरो र खुला छलफल गरी आफूभित्र नै मूल्याङ्कन गर्नुपर्ने अवस्था श्रृजना भएको छ ।

**१.४.**हाम्रा काम कारवाहीहरुको कारणले गर्दा मुद्दाहरु समयमा किनार हुनसकेका छैनन् । कामकारवाही ढिलो हुनमा कानूनहरुलाई दोषी बनाएका छौ । वास्तबमा कानून मात्रै दोषी र त्रुटिपूर्ण छैनन । जनशक्तिले कानूनको उचित प्रयोग गर्न नजानेर पनि काम कारवाहीमा ढिलासुस्तीले प्रश्रय पाइराखेका छन । कानूनलाई दोष दिने हाम्रो पम्परागत चलनलाई अब हामीले परित्याग गर्नु सक्नुपर्दछ । काम छिटो छरितो नहुनमा कतिपय अवस्थामा कानूनी प्रक्रियाहरु पनि दोषी हुन सक्छन, कतिपय अवस्थामा मानवीय जनशक्ति नै दोषी रहन सक्छं । छिटो छरितोको काम कारवाहीलाई बाधा गर्ने कानूनी प्रावधानहरुलाई समयानुकूल सुधार गरेर जानु नै बुद्धिमत्ता हुन्छ । साथै मानवीय क्षमतालाई पनि भरमग्दुर रुपमा क्रियाशील र प्रभावकारी पारेर बढ्ने हो भने लक्ष्यमा पुग्न सरल र सहज हुन्छ ।

## २.कार्यविधि कानूनमा सुधार

विभिन्न अध्ययन अनुसन्धान र छलफलको निष्कर्षबाट मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नको लागि मौजुदा निम्न कानूनहरुमा समसामयिक सुधार गर्नुपर्ने सुझाब प्रस्तुत गरिएको छ ः

## २.१.जिल्ला अदालत नियमावली, २०५२ को अनुसूची ४ख.मा मुद्दा थप गर्नुपर्ने

जिल्ला अदालत नियमावली, २०५२ को नियम २३ग मा मुद्दा लगातार कारबाही र सुनुवाई गर्न सक्ने ब्यवस्थालाई कानूनी मान्यता दिएको छ । यो व्यवस्थाबाट मुद्दा छिटो छरितो रुपमा कारवाही र किनारा गर्नको लागि उपयोगी नै सावित भएको मानिएको छ । तर अनुसूची ४ख.मा **अपहरण तथा शरीर बन्धक, आगलागी, घरेलु हिंसा सम्वन्धी, सबै प्रकारका चोरी, जबरजस्ती करणी, जीउ मास्ने बेच्ने, ठगी, मानव बेचबिखन तथा ओसार पसार, लागू औषध सहित नौ** प्रकारका थोरै

फौजदारी मुद्दाहरु मात्र शुरुमा प्रयोगको लागि तोकिएकोमा यो व्यवस्थाले न्यायलाई छिटो छरितो र प्रभावकारी तुल्याउन सक्ने देखिन्छ । निम्न सामान्य किसिमका फौजदारी र देवानी मुद्दाहरुलाई पनि नियम २३ग ( १ ) को अनुसूची ४ख.मा समावेश गर्दा मुद्दाको काम कारवाहीमा थप प्रभावकारी गर्न उपयुक्त हुने सुझाब गरिएको छ ।

**फौजदारी मुद्दा**

- जुवासम्वन्धी मुद्दा
- राहादानी ऐन, २०२४ ले सजाय हुने मुद्दा
- बिहाबरीको २ र १० नं.ले सजाय हुने मुद्दा
- सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९ को दफा १६३(३) अन्तर्गतको मुद्दा
- चिट्ठा ऐन, २०२० अन्तरगतको मुद्दा
- चन्दा ऐन, २०३० अन्तर्गतको मुद्दा
- मुलुकी ऐन अदलको महलको १०क. नं. अन्तर्गत सजाय हुने मुद्दा
- ज्यानसम्वन्धीको महल अन्तर्गतको गर्भपतन मुद्दा
- ज्यानसम्वन्धीको महलको ६ नं. ले सजाय हुने भबितब्य ज्यान मुद्दा
- केही सार्वजनिक ( अपराध र सजाय) ऐन, २०२७ अन्तर्गत सजाय हुने मुद्दा
- हातहतियार खरखजना सम्वन्धी मुद्दा
- मुलुकी ऐन खोटा चलनको महलले सजाय हुने मुद्दा

**निरन्तर सुनुवाई हुने मुद्दाको सूचिमा निम्न देवानी मुद्दाहरुलाई पनि समावेश गर्नुपर्ने**

- बालबालिकासम्वन्धी ऐन, २०४८ अन्तर्गतको मुद्दा
- नाता कायम गराई पाउँ मुद्दा
- माना चामलसम्वन्धी मुद्दा
- कमैया श्रम ( निषेध गर्ने )सम्वनधी ऐन, २०५८
- यातनासम्वन्धी क्षतिपूर्ति मुद्दा
- महिला, बिपन्न असहाय र अक्षम वर्गका ब्यक्तिहरु समावेश भएका मुद्दा

**सुझाब**

जिल्ला अदालत नियमावली, २०५२ को नियम २३ ग ( १ ) मा देवानी मुद्दालाई पनि लगातार सुनुवाई गर्न सकिने व्यवस्था थप गरी अनुसूची ४ख.मा माथि उल्लेखित मुद्दाहरु थप गर्ने

## २.२.संक्षिप्त (कार्यविधि ) ऐन, २०२८ मा संशोधन गर्नुपर्ने

उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८ ले संक्षिप्त ( कार्यबिधि ) ऐनको बिधेयकको मस्यौदा समेत प्रस्तुत गरेकोमा सोही बमोजिम साना मुद्दाहरु संक्षिप्त कार्यविधि अपनाई चाँडो किनारा हुने व्यवस्था गर्नको लागि जारी भइ लागु भएको हो । यो ऐनमा हाल अनुसूची १मा उल्लेखित मुद्दाहरु र अनुसूची २ मा उल्लेखित मुद्दा बाहेक एक हजार रुपैयाँ मोल वा विगोसम्म समावेश भएको देवानी मुद्दा वा एक हजाररुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुनसक्ने फौजदारी मुद्दामा मात्र यो संक्षिप्त ( कार्यविधि ) ऐन लागु हुने व्यवस्था छ । तर अहिलेको अवस्थामा तोकिएको बिगोको मुद्दा ज्यादै न्यून छन । यो कार्यविधिका मुद्दा नै दर्ता नै प्रायः कम छन । यो ऐनको सम्वन्धमा निम्न प्रतिवेदनहरुले दिएका सुझाबहरु यस प्रकार छनः

- संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८ मा समय अनुसार बिगो बढाउनुपर्ने, यस ऐन अन्तर्गतका मुद्दा हेर्ने अदालतमा छुट्टै समय वा इजलासको ब्यवस्था गर्नुपर्ने र वादीले प्रमाण पेश गरिसकेपछि मुद्दा डिसमिस गर्न नहुने कानूनी ब्यवस्थालाई परिवर्तन गरी डिसमिस हुने ब्यवस्था गर्नुपर्ने र यस ऐन अन्तर्गतका मुद्दा पुनरावेदन अदालतबाटै अन्तिम हुने गरी कानूनी सुधार हुनुपर्ने । अनुसूची (१) मा अरु यस्तै खालका मुद्दाहरु पनि थप गर्न उपयुक्त हुने । साथै संक्षिप्त कार्यविधि ऐन अन्तर्गतका मुद्दाहरुले पेशीमा अग्राधिकार पाउनु पर्ने भनी अदालत सुदृढीकरण समितिको प्रतिवेदन २०५८ ले सुझाव दिएको छ ।
- संक्षिप्त रविशेष कार्यविधि लागू हुने मुद्दाहरुको समग्र कारबाहीलाई समेट्ने गरी मुद्दाको कारबाही सम्वन्धी कार्यविधिको निर्माण गर्नुपर्ने । ( जिल्ला अदालतहरुमा समयतालिका पद्धति लागु गर्नेसम्वन्धी बेसलाइन सर्वेक्षण प्रतिबेदन, २०६९ )
- अतिरिक्त समयमा अदालत संचालन गर्ने सम्वन्धी सम्भाब्यता अध्ययन प्रतिवेदन, २०६८ ले पनि संक्षिप्त कार्यविधि ऐनमा सुधार र परिमार्जन गरी यसको प्रयोगको क्षेत्र फराकिलो पारी सायमकालीन अदालतमा हेरिने मुद्दामा संक्षिप्त कार्यविधि ऐनको व्यवस्था लागु हुने व्यवस्था मिलाउने भनी सुझाव प्रस्तुत गरेको छ ।

- उपर्युक्त प्रतिवेदनहरुको सुझावबाट पनि मुद्दाको कारवाही छिटो छरितो पार्न संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८ मा समसामयिक सुधार गर्नु अनिवार्य आवश्यकता भइसकेको देखिन्छ ।

**सुझाब**

- दफा ३(१)ख.मा पचास हजार रुपैयाँसम्म मोल वा विगो समावेश भएको देवानी मुद्दा वा पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुन सक्ने फौजदारी मुद्दा भनी संशोधन गर्नपर्ने ।
- अनुसूची १ मा  करकाप मुद्दा, सम्वन्ध विच्छेद मुद्दा, अरु यस्तै खालका मुद्दाहरु पनि थप गर्न उपयुक्त हुने
- कार्य बोझ बढी भएको वा एकभन्दा बढी न्यायाधीश भएको जिल्ला अदालतमा संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८ अन्तर्गतका मुद्दा हेर्ने छुट्टै इजलास वा न्यायाधीश तोकिनुपर्ने ।
- दफा १३ बमोजिमको नेपाल सरकारले नियमावली बनाई जारी गर्नुपर्ने ।

**२.३.अतिरिक्त समय ( सायमकालीन ) मा अदालत चलाउनुपर्ने**

- न्यायका उपभोक्ताले छिटो र सरलरुपमा न्याय पाउनको लागि एउटै अदालतमा न्यायाधीश थपी एउटै समयमा धेरैवटा इजलास संचालन गर्नु भन्दा  खास प्रकारको मुद्दा खास समयमा हेर्न उपयुक्त देखिन्छ ।एकतर्फी रहेका सवै प्रकारका मुद्दा, संक्षिप्त कार्यविधि ऐन अन्तर्गतको ( सरकारवादी बाहेक ) मुद्दा समेत र दुवै पक्षले सायमकालीन अदालतबाट हेरिपाउँ भनी निवेदन दिएको मुद्दाहरु सायमकालीन अदालतबाट हेरिनु उपयुक्त हुने  र हालको कार्यालय समयभन्दा आधा धण्टा पछिदेखि ३ धण्टासम्म अदालतमा सायमकीन कारवाही र सुनुवाइको ब्यवस्था गर्ने तथा मुद्दाको काम कारवाहीका सम्वन्धमा विद्यमान कानूनमा सामान्य ब्यवस्था गर्नुपर्ने भनी काठमाण्डौं जिल्ला अदालतले सायमकालीन अदालत स्थापना गर्ने अध्ययन प्रतिवेदन, २०६६ ले सुझाव दिएको पाइन्छ ।
- सर्वोच्च अदालतले आवश्यक प्रवन्ध मिलाई अतिरिक्त समयमा (सायमकालीन) अदालत संचालन गर्ने ब्यवस्था मिलाउन सक्ने नै देखिंदा यसका लागि ऐनद्वारा नै ब्यवस्था हुनु अनिवार्य देखिएन । सर्वोच्च अदालतले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको जिल्ला अदालत बेलुकी ५ बजेपछि तोकिएको समयसम्म संचालन हुनेछ भन्ने कुरा, हेरिने

मुद्दाको बिवरण समेतका विषयहरुका सम्वन्धमा ब्यवस्था मिलाउन जिल्ला अदालत नियमावली ,२०५२ मा संशोधन गरी ब्यवस्था मिलाउनु पर्ने र तत्कालका लागि प्रचलित कार्यविधि कानूनको अनुशरण गरी सायमकालीन अदालत संचालनमा ल्याउन सकिन्छ भनी अतिरिक्त समयमा अदालत सञ्चालन गर्ने सम्वन्धी सम्भाब्यता अध्ययन प्रतिवेदन, २०६८ ले सुझाव दिएको छ ।

- यी दुबै अध्ययन प्रतिवेदनहरुले काठमाण्डौ जस्तो महानगरमा अवस्थित काठमाण्डौं जिल्ला अदालतमा सायमकालीन वा प्रातःकालीन अदालत संचालन गर्न उपयुक्त हुने निष्कर्ष निकालेको देखिन्छ । यसको लागि कानूनमा नै व्यवस्था गर्नु नपरी जिल्ला अदालत नियमावलीमा मात्र संशोधन गरी व्यवस्था मिलाउनु पर्ने हुन्छ तथा भएका इजलाससहितको भौतिक साधन र स्रोत पनि सजिलै प्रयोग गर्न सकिने हुन्छ । सायमकालीन अदालत संचालन गर्ने हो भने इजलास व्यवस्थापन गर्न पनि सजिलो हुन्छ । प्रातःकालीन वा सायमकालीन अदालत संचालन गर्दा तोकिएको मुद्दाको काम कारवाही छिटो छरितो र प्रभावकारी हुन्छ । अदालतमा मुद्दाको चाप, सेवाग्राहीहरुको चाप पनि एकै समयमा पर्दैन । साना साना मुद्दाहरुले छिटो निकासा पाउने छन । सरकारवादी मुद्दाको म्याद थप र अधिकृत वारेस जस्ता कामलाई पनि सायमकालीनमा हेर्ने व्यवस्था गर्दा दिनमा चाप कम भई ठूला र जटिल मुद्दामा अदालतले विशेष ध्यान पुऱ्याउन अवसर उपलब्ध हुन्छ ।

**सुझाब**

- अतिरिक्त समयमा अदालत सञ्चालन गर्ने सम्वन्धी सम्भाब्यता अध्ययन प्रतिवेदन, २०६८ ले दिएको सुझाव बमोजिम कार्यान्वयन गर्नु उपयुक्त हुन्छ ।
- खास गरी कार्यबोझ बढी र न्यायाधीशको संख्या उच्च भएको काठमाण्डौ. जिल्ला अदालत जस्तोमा संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८ अन्तर्गतका मुद्दाका साथै अन्य सानातिना मुद्दा सायमकालीन अदालतमा हेरिने व्यवस्था मिलाउनु पर्ने हुन्छ ।
- साथै सुनुवाईको लागि कनिष्ठ न्यायाधीशहरु मुद्दा हेर्ने जिम्मेवारी तोकिनु उपयुक्त हुन्छ ।
- सायमकालीन अदालत संचालन भएका बाहेकका एक भन्दा बढी न्यायाधीश भएको जिल्ला अदालतमा पनि यसै बमोजिम कनिष्ठ न्यायाधीशलाई नै सायमकालीन अदालतले हेर्ने मुद्दाहरु हेर्ने व्यवस्था गर्न नै उपयुक्त हुन्छ ।

- यो सायमकालीन अदालत संचालन गर्नु पूर्व नै नेपाल बार एसोसिएशन, महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयसँग ब्यापक छलफल र विचार विमर्श गर्नुपर्ने हुन्छ ।
- अदालतका न्यायाधीशहरु, कर्मचारीहरु तथा उपभोक्ताहरुसँग पनि छलफल गराउनु वाञ्छनीय हुन्छ ।

## २.४.स्थानीय स्तरका न्यायिक निकायको कार्यविधि

- प्रदेश कानून वमोजिम स्थानीय स्तरमा न्यायिक निकाय गठन गर्न सकिने नेपालको संविधान, २०७२ को धारा १२७ ( २ ) मा संवैधानिक व्यवस्था गरेको छ । प्रदेश कानून बमोजिम गठित यस्ता स्थानीय स्तरका न्यायिक निकायमा हेरिने मुद्दाहरुमा पनि मुद्दाको कारवाही छिटो छरितो तथा सरल र कम खर्चिलो पार्ने नै राज्यको मुल उद्देश्य हो ।

- विवाद समाधानमा बैकल्पिक उपाय लागु गर्नुपर्ने, सानातिना मुद्दाका लागि लोक अदालत लागुगर्न अध्ययन हुनुपर्ने भनी अदालत सुदृढीकरण सुझाब समितिको प्रतिवेदन, २०५८ ले सुझाबमा उल्लेख गरेको छ ।

- सानातिना मुद्दाको सुनुवाई गर्न जिल्ला अदालत भन्दा तल स्थानीय तहको न्यायिक निकायको स्थापना गर्दै जानु पर्ने आवश्यकता देखियो । सो अदालतलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ३३ र १०१ अन्तर्गतका मुद्दाहरु, संक्षिप्त कार्यविधि ऐन अन्तर्गतका मुद्दाहरु, पच्चीस हजारसम्म विगो भएको लेनदेन मुद्दा, पच्चीस हजारसम्म विगो भएको साधारण चोरी मुद्दा, पच्चीस हजारसम्मको विगो भएको बहाल सम्वन्धी मुद्दाको अधिकारक्षेत्र प्रदान गर्ने र सो अदालतले गरेको निर्णय वा आदेश उपर जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ भनी अदालतको अधिकारक्षेत्र पुनरालोकन कार्यदल, २०६५ को प्रतिवेदनले सुझाब दिएको देखिन्छ ।

- उपर्युक्त अध्ययन प्रतिवेदनहरुले जिल्ला अदालतभन्दा तल्लो तहमा स्थानीय तहको अदालत रहनुपर्ने भनी दिएको सुझाबकै आधारमा स्थानीय स्तरको न्यायिक निकायको व्यवस्था संविधानले गरेको देखिन्छ । यिनै प्रतिवेदनहरुको सुझाबहरुलाई आधार मानी निम्न बमोजिम गर्न सुझाब गरिएको छ ।

**सुझाब**

- स्थानीय स्तरका न्यायिक निकायमा हेरिने मुद्दाहरुमा मुद्दाको कारवाही छिटो छरितो तथा सरल  र कम खर्चिलो पार्न संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८  कै कार्यविधि लागु हुने व्यवस्थ गर्न उपयुक्त हुन्छ ।
- स्थानीय स्तरका न्यायिक निकायलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ३३ र १०१ अन्तर्गतका मुद्दाहरु, संक्षिप्त कार्यविधि ऐन अन्तर्गतका मुद्दाहरु, पचास हजार रुपैयाँसम्म विगो भएको लेनदेन मुद्दा, पचास हजार रुपैयाँसम्म विगो भएको साधारण चोरी मुद्दा, पचास हजार रुपैयाँसम्मको विगो भएको बहाल सम्वन्धी मुद्दाको अधिकारक्षेत्र प्रदान गर्न उपयुक्त हुन्छ ।
- मेलमिलाप प्रक्रियामा एक पटक अनिवार्य लाने व्यवस्था गर्नुपर्ने हुन्छ ।
- यसले गरेको निर्णयमा एक तह मात्र पुनरवेदन लाग्ने व्यवस्थ गर्ने । जिल्ला अदालतले गरेको पुनरावेदन फैसला अन्तिम हुने व्यवस्था ऐनमा गर्नुपर्दछ ।
- कानून र अधिकारक्षेत्रको त्रुटिमा उच्च अदालतले दोहोराउन पाउने व्यवस्था गर्ने ।
- अधिराज्यका स्थानीय न्यायिक निकायको लागि सर्वोच्च अदालतले नियमावली वा निर्देशिका नै जारी गर्नुपर्ने ।
- स्थानीय भलाद्मीहरुलाई मेलमिलापमा संलग्न गराउनुपर्ने
- कार्यविधि ज्यादै संक्षिप्त र सरल हुनुपर्ने
- यस निकायको न्यायाधीशको छनौट प्रदेश न्याय सेवा आयोगलाई दिने, नियुक्ति र बर्खासीको अधिकार उच्च अदालतको मुख्य न्यायाधीशलाई दिनु उपयुक्त हुन्छ ।

**२.५.घुम्ती अदालतको व्यवस्था आवश्यक नभएको**

- अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको मसौदा तथा प्रतिवेदन, २०६७ को प्रतिवेदनमा सानातिना प्रकृतिका फौजदारी कसूर सम्बन्धी मुद्दाहरुमा ज्यादै संक्षिप्त कार्यविधि अपनाई मुद्दाको सुनुवाई गर्ने गरी जिल्ला अदालत स्तरमा घुम्ती अदालतको ब्यवस्था गर्नु उपयुक्त हुने भनी सुझाव दिएको पाइन्छ ।

- तर उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८ ले दौडाहा वा घुसी अदालत पठाउँदा न्यायको आसन अस्थिर हुने हुँदा घुन्ती अदालतको आवश्यकता महसुस नगरेको भनी प्रतिवेदनमा सुझाव दिएको देखिन्छ ।
- कानून बमोजिम मुद्दा हेर्न स्थानीय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका बैकल्पिक उपाय अवलम्वन गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिनेछ भन्ने नेपालको संविधान, २०७२ को धारा १२७ ( २ ) मा संवैधानिक व्यवस्था गरेको छ ।
- साथै प्रादेश कानून बमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले गरेको निर्णय उपर पुनरावेदन सुन्ने समेत क्षेत्राधिकार जिल्ला अदालतलाई नै संविधानले दिएकोछ ।
- यी अध्ययन प्रतिवेदन र संवैधानिक व्यवस्था समेतलाई दृष्टिगत गर्दा स्थानीय स्तरका न्यायिक निकायबाट सानातिना मुद्दा मामिलाको काम कारवाहीमा छिटो छरितो, सर्वसुलभ, मितव्ययी र प्रभावकारी बनाउने सकिने नै हुँदा अव घुन्ती अदालतको आवश्यकता देखिन आउँदैन ।

**सुझाब**

यसको सट्टामा अदालतको निरीक्षण र अनुगमनलाई प्रभावकारी तुल्याउने ।

## २.६.विशिष्टीकृत इजलास कायम गरी समूह पद्धतिबाट मुद्दा किनारा गर्ने

- सर्वोच्च अदालत र पुनरावेदन अदालतहरुमा न्यायाधीशलाई मुद्दा जिम्मा लगाउने पद्धतिको विकास गर्ने भनी न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिकले लक्ष्य लिएको देखिन्छ ।
- मुद्दा सुनवाई गर्न सर्वोच्च अदालतमा समूह पद्धति (Panel System) लागू गर्ने भनी मुद्दा व्यवस्था पद्धति विकास सम्वन्धी अध्ययन प्रतिवेदन, २०६६ मा पनि उल्लेखित छ ।
- सर्वोच्च अदालतमा पुराना मुद्दाहरु न्यायाधीशहरुको समूहबाट सुनुवाई गर्ने गरिएकोमासन्तोषजनक देखिएकोले यसलाई अझ प्रभावकारी बनाउन आवश्यक पहल गर्ने भन्ने सवोच्च अदालत मुद्दा व्यवस्थापन समितिको निर्णयमा उल्लेख छ ।
- छिटो छरितो र दक्षता अभिवृद्धि गर्न जिल्ला अदालतमा मुद्दा नै न्यायाधीशलाई शुरुदेखि कारवाही र किनारा गर्न जिम्मेवारी प्रदान गरिसकेको छ ।सर्वोच्च अदालतमा समूह पद्धति (Panel System) बाट मुद्दा पेशी तोकी मुद्दा किनारा गर्ने प्रचलन पनि व्यवहारमा ल्याइएको नै हो ।

- प्रधान न्यायाधीशले खास प्रकृतिका मुद्दाहरु खास न्यायाधीशहरुको समूहले हेर्ने गरी समूह गठन गर्न सक्नेछ ( सवोच्च अदालत नियमावली, २०४९ को नियम ९(२))
- यी उल्लेखित अध्ययन प्रतिवेदनहरुले सर्वोच्च अदालत र पुनरावेदन अदालत (उच्च अदालत ) मा विशिष्टीकृत इजलास कायम गरी समूह पद्धति (Panel System) बाट मुद्दा पेशी तोकी मुद्दा किनारा गर्न उपयुक्त हुन्छ  भनी निष्कर्षमा पुगेको पाइन्छ । सर्वोच्च अदालतमा नियमावलीमा नै व्यवस्था भइसकेको छ । पुनरावेदन अदालत ( उच्च अदालत ) मा पनि विशिष्टीकृत इजलास कायम गरी समूह पद्धति (Panel System) बाट मुद्दा पेशी तोकी मुद्दा किनारा गर्न वाञ्छनीय हुन्छ ।

**सुझाब**

- सर्वोच्च अदालत र पुनरावेदन अदालत ( उच्च अदालत ) मा विशिष्टीकृत इजलास कायम गरी समूह पद्धति (Panel System) बाट मुद्दा पेशी तोकी मुद्दा किनारा गर्न उपयुक्त हुने ।
- सर्वोच्च अदालत र पुनरावेदन अदालत नियमावलीमा संशोधन गर्नुपर्ने ।

## २.७. अदालती बन्दोबस्तको ११५ नं. को साक्षी बुझ्ने प्रक्रिया सरल बनाउनुपर्ने

- प्रमाण बुझ्न तोकिएको तारिखमा हाजिर नहुने साक्षीलाई वातिल गरी दिनुपर्छ । सरकार वादी हुने वा फौजदारी मुद्दामा नबुझी नहुने साक्षीलाई समाव्हान जारी गरी बुझ्न हुन्छ । मनासिव कारण भएमा बाहेक समाव्हान जारी गर्दा हाजिर नहुने साक्षीलाई पचास रुपैयाँ जरिवाना गरी पक्री बकपत्र गराउनुपर्छ । पक्रन पठाउँदा फेला परेन भने फेरी ७ दिनको म्याद जारी गर्नुपर्छ । सो म्यादमा पनि हाजिर भएन भने पक्राउ गर्न पठाई ल्याई बकाई १५ दिनदेखि ४५ दिनसम्म कैद गर्न सकिन्छ । सो गर्दा पनि पक्रिएन भने त्यस्तालाई सो बमोजिम सजाय गर्नेगरी बुझिएको प्रमाणबाट मुद्दा फैसला गरिदिनु पर्छ भन्ने अ.वं. ११५ नं. मा उल्लेख छ ।
- यो कानूनी व्यवस्था बमोजिम नबुझी नहुने साक्षीका सम्बन्धमा समाव्हान जारी गरी बुझ्न पर्दा लामो कार्यविधिको पालना गर्नुपर्ने हुन्छ । यसले गर्दा यो व्यवस्था अनुसार कार्यविधि पूरा गरी साक्षीको वकपत्र गराउन कठिन हुने हुनाले प्रक्रियामा नै जान नखोज्ने प्रवृत्ति हुन्छ। यो कार्यविधि नै झन्झटिलो भएकोछ । यो व्यवस्थालाई सुधार गरी सरल बनाउनु उपयुक्त हुन्छ ।

- फौजदारी कार्यविधि संहिता,२०७१ को विधेयकको दफा ११४ ले पनि कार्यविधिलाई अलिक सरल पार्ने प्रयास गरेको पाइन्छ ।

**सुझाब**

- यो व्यवस्थालाई सुधार गरी सरल बनाउनु उपयुक्त हुने भएकाले कानूनमा संशोधन गर्नुपर्ने।
- साक्षीलाई बुझ्नको लागि बाटाको म्यादबाहेक सात दिने समव्हान जारी गरी बुझ्ने, मनासिव कारण बाहेक उपस्थित नहुने साक्षीलाई तीन महिनासम्म कैद गर्ने गरी मुद्दाको फैसला गर्ने व्यवस्था मिलाउने ।

### २.८.सरकारी मुद्दासम्वन्धी ऐन,२०४९ अन्तर्गतका मुद्दामा पुनरावेदन म्याद अवधि घटाउनुपर्ने

- सरकारी मुद्दासम्वन्धी ऐन २०४९ को दफा २६ (१) ले फैसलामा चित्त नबुझ्ने पक्षले ७० दिनभित्र पुनरावेदन गर्नुपर्छ । त्यस्तै मुलुकी ऐन ५९ नं समेतले थाम्न पाउन अन्य म्यादबाहेक ३० दिनसम्म थप म्याद थमाउन पाउने व्यवस्था पनि सोही ऐनको दफा २६ (२) मा छ ।
- यी प्रावधानले सरकारी मुद्दामा पुनरावेदन गर्न पाउने अवधि १३० दिन हुन्छ । यो लामो अवधिले मुद्दाको अन्तिमता हुन लामो समय पर्खनु पर्ने अवस्था आउँछ । यस्तो कानूनी व्यवस्था पक्षको लागि झन्झटिलो रुपमा रहेको छ ।
- विभिन्न अध्ययन प्रतिवेदनहरुले यो कार्यविधि प्रक्रिया लामो र छिटो छरितो न्यायको लागि बाधक रहेको तथ्य देखाइसकेका छन् ।
- फैसला वा अन्तिम आदेशमा चित्त नबुझ्ने पक्षले ३० दिनभित्र पुनरावेदन गर्नुपर्छ । मनासिव कारण देखाएमा ३० दिनसम्म म्याद थमाउन पाउने छ । ( फौजदारी कार्यविधि संहिता, २०७१ विधेयकको दफा १३४) । पस्तुत विधेयकमा पनि हालको पुनरावेदनको म्याद लामो रहेको तथ्य स्वीकार गरिएको देखिन आयो ।

**सुझाब**

फैसला वा अन्तिम आदेशमा चित्त नबुझ्ने पक्षले सरकारी मुद्दा सम्वन्धी ऐन २०४९ को दफा २६ (१) ले ३० दिनभित्र पुनरावेदन गर्न पाउने व्यवस्था गर्न उपयुक्त हुनेछ ।

## २.९.अंश मुद्दाको कारवाही प्रक्रिया छोटो पार्नुपर्ने

- अंश मुद्दाको कारवाही प्रक्रिया ज्यादै लामो, पट्यार लाग्दो र झन्झटिलो छ । फाँटवारी लिने, नदिए पक्राउ गर्न पक्राउ पुर्जी जारी गर्नुपर्ने, प्रतिवादीलाई पक्राउ गर्न नसकेको अवस्थामा वादीलाई नै फाँटवारी दाखिल गर्न लगाउने र वादीले फाँटवारी पेश गरेमा सोको प्रतिक्रियाको लागि प्रतिवादीलाई ३५ दिनको म्याद जारी गरी तामेल गर्नुपर्ने जस्ता धेरै कानूनी प्रक्रिया पुऱ्याउनु पर्ने कारणले गर्दा अंश जस्तो खाना लगाउनसँग प्रत्यक्ष सरोकार राख्ने मुद्दामा लामो कारवाही र प्रक्रिया हुँदा सामान्यतयाः अंश मुद्दाले महिला, रोगी, वृद्ध र वालवालिक वादीलाई निराशाजनक पार्न सक्नेछ ।
- अंश मुद्दामा अंशबण्डा गर्नुपर्ने सम्पत्तिको तायदाती लिने प्रक्रिया यति लामो छ कि मुद्दाका पक्षहरुले सहयोग गरेको अवस्थामा बाहेक कानून बमोजिमको प्रक्रिया पूरा गर्दा गर्दै मुद्दा फछ्र्यौट हुन अ.बं. १४ नं.ले तोकेको म्याद नाध्ने स्थिति छ । ( जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था अध्ययन प्रतिवेदन, २०६६ )
- आफ्नो र थाहा पाएसम्म अन्य अंशियाराको नाममा रहेको बण्डा गर्नुपर्ने. सम्पत्ति र ऋण धनको फाँटवारी खुलाई नालिस दिनु पर्नेछ । अंश दिन मञ्जुरी भएमा फाँटवारी सहित प्रतिउत्तर दिनु पर्नेछ । ( देवानी संहिता, २०७१ को विधेयकको दफा २२५)
- देवानी संहिताको विधेयकबाट पनि अंश मुद्दाको काम कारवाही लामो भएको तथ्य राज्यले स्वीकार गरिसकेको देखिन्छ ।
- अंश मुद्दामा वादीले तारिख छाडे पनि मुद्दा डिसमिस हुँदैंन । अंश मुद्दा दर्ता गरी जग्गा र श्रीसम्पत्ति रोक्का गरेपछि वादीले तारेख छाडी बसेपछि अंशबण्डाको २२ नं. को प्रक्रिया पूरा नगरी तामेलीबाट जगाउने गरी फैसला गर्ने पच्रलन पाइन्छ । कतिपय मुद्दामा वादी पक्ष तामेली जगाउन नआएर लामो समयसम्म त्यसै रहेको हुन्छ । यो अवस्थामा रोक्का सम्पत्तिको हैसियत के हुने हो स्पष्ट छैन जसले गर्दा प्रतिवादी पक्षको घर व्यवहारमा कठिनाइ उत्पन्न हुन जान्छ । बादीले नजगाउने कारणले प्रतिवादी पक्षलाई मार्का पर्ने गरेकोले तारिख छाडेर लामो समयसम्म नजगाएमा रोक्का जग्गा र सम्पत्ति फुकुवा हुने व्यवस्था मिलाउनु पर्ने हुन्छ ।

- साथै विभिन्न अध्ययन प्रतिवेदनहरुले पनि अंश मुद्दाको कार्यविधि लामो भएको तथ्य उल्लेख गरेका छन । अदालतको आफ्नै अनुभव र व्यवहारले पनि अंश मुद्दाको काम कारवाहीको रीत र प्रक्रिया पुऱ्याउन अदालतको धेरै समय, स्रोत र साधनको खर्च हुन्छ ।
- देवानी संहिता, २०७१ को विधेयक संसदबाट छिटो पास भएमा सरल र सहज हुने देखिन्छ।

**सुझाव**

- कारवाही छिटो छरिटो बनाउनको लागि वादीले आफ्नो र थाहा पाएसम्म अन्य अंशियाराको नाममा रहेको बण्डा गर्नुपर्ने.सम्पत्ति र ऋण धनको फाँटवारी खुलाई नालिस दिनुपर्ने र अंश दिन मञ्जुरी भएमा फाँटवारीसहित प्रतिउत्तर दिनुपर्ने कानूनी व्यवस्था अंशबण्डाको महलमा राख्नुपर्ने,
- फिराद वा प्रतिउत्तर साथ सम्पत्तिको फाँटवारी पेश नभएमा अदालतले १५ दिनको म्याद तोकी अंशियाराहरुलाई फाँटबारी दाखिल गर्न लगाउनु पर्ने भनी कानूनमा व्यवस्था गर्ने ।

## २.१०. फैसला आदि थाहा पाएको मितिले पुनरावेदन गर्ने अवधिलाई सीमित गर्नुपर्ने

- फैसलाले फिर्ता पाउने भएको दण्ड, धरौटीसमेत फिर्ता लिन फैसला अन्तिम भएको थाहा भएको एक वर्षभित्र त्यस्तो फिर्ता पाउने व्यक्ति आएन भने फिर्ता पाउँदैंन । धरौट रहेको रकम भए त्यस्तो रकम सरकारी आम्दानी बाँध्नुपर्छ भन्ने दण्ड सजायको ५१ नं.मा व्यवस्था छ ।
- नेपाल सरकार वादी हुने मुद्दाबाहेकमा वादी प्रतिवादीले तारिख गुजारी थाम्ने अवधि समाप्त भएपछि मुद्दा डिसमिस हुन्छ ।बेरितसँग डिसमिस भएकोमा सो बेरित भएको कुरामासम्म पैंतीस दिनभित्र पुनरावेदन लाग्न सक्छ भन्ने अ.बं. ७९ नं.मा उल्लेख छ । डिसमिस भएको जनाउ दिने व्यवस्थाको अभावमा वादीले नक्कल सारी थाहा पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन गर्न पाउँछ ।
- पक्षहरुबाहेकको तेस्रो पक्षको हक मिलापत्र वा डिसमिसबाट गएको रहेछ भने त्यस्तो मिलापत्र वा डिसमिस फैसला भएको थाहा पाएका मितिले कानूनका म्यादभित्र फिराद दिन पाउँछ ।

- पुनरावेदनको म्याद बेरीतसँग तामेल भएको रहेछ भने थाहा भएको मितिले तामेली बदर गरी पाउँ भनी जहिलेसुकै निवेदन गर्न पाउने छ । पुनरावेदनको म्याद तामेली नै बेरितको देखिंन आएमा पुनरावेदनको म्याद बदर गरी म्याद बुझी पुनरावेदन दिन पाउँछ ।
- समाव्हान वा इतलायनामा रीत नपुऱ्याई तामेल गरेकोले थाहा पाउन नसकी प्रतिवादी दिन नपाई म्याद गुज्रेको भन्ने उजूरी साथ फैसला भएको छ महिनाभित्रमा थाहा पाएको पैंतीस दिनभित्र झगडियाले प्रतिवादी लेखी दिन ल्यायो भने पहिले मिसिल सामेल रहेको तामेली समव्हान हेरी रीतपूर्वक तामेल भएको देखिन आएन भने पर्चा खडा गरी प्रमाण बुझी फैसला गरी दिनुपर्छ । यसरी एकतर्फी भएको फैसलालाई पनि अ.बं. २०८ नं.ले पुनः फैसला गर्न पाइन्छ ।
- यी कानूनी व्यवस्थाले विवादको अन्तिम टुङ्गो लाग्न धेरै समय लाग्नेमा विवाद देखिदैंन ।
- फैसला सुनी पाएको काज गरेको वा फैसला भएको सूचना जारी भएकोमा तामेल भएको पैतींस दिनभित्र पुनरावेदन गर्न सक्नेछ । जुनसुकै कुरा लेखिएको भए तापनि फैसला भएको सूचना तामेल नभएको भएमा मुद्दाको पक्षले मुद्दा फैसला भएको एक वर्षसम्ममा फैसलाको नक्कल लिएको मितिले तीस दिनभित्र पुनरावेदन गर्न सक्ने छ ।( देवानी कार्यविधि संहिता, २०७१ को विधेयकको दफा २०५( २ र ३ ) )
- यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि फैसला भएको मितिले एक वर्षको अवधि नाघेपछि पक्षले फैसलाको जानकारी स्वतः प्राप्त गरेको मानिनेछ। ( फौजदारी कार्यविधि संहिता, २०७१ को विधेयकको दफा १३४( ४ ) )
- यी प्रस्तुत विधेयकहरुले गर्न खोजेको व्यवस्थाबाट समेत फैसला भएको थाहा पाएको मितिले अनन्त अवधिसम्म म्याद कायम रहने व्यवस्था छिटो छरितो न्यायको लागि बाधक भएको स्पष्ट देखिन आयो । संसदमा दर्ता संहिता विधेयकहरु छिटो पास हुनसकेमा समस्या समाधान हुने देखिन्छ । तसर्थ वर्तमान कानूनमा पनि सोही विधेयककै व्यवस्था कायम गर्नु उपयुक्त हुने देखिन्छ ।

**सुझाव**

फैसला भएको मितिले एक वर्षको अवधि नाघेपछि पक्षले फैसलाको जानकारी स्वतः प्राप्त गरेको मानिनेछ भन्ने प्रावधान अ.बं.१९३ नं. मा थप्नुपर्ने,

### २.११. सद्दे, कीर्ते वा जालसाजी छुट्याउन लामो म्याद अवधि

झगडिया बाहेक अरुको सहिछाप परेको कागज पेश भएकोमा उसै बखत सद्दे, कीर्ते वा जालसाजी छुट्याउन नसक्ने भै म्याद मागेमा प्रमाण सहित सद्दे, कीर्ते वा जालसाजीमा वयान गर्न बढीमा पैंतीस दिनसम्मको म्याद दिनुपर्छ भन्ने अ.बं ७८ नं मा व्यवस्था छ । यो व्यवस्थालाई पनि पक्षहरुले दुरुपयोग नै गरेकाले पनि मुद्दाको कारवाहीमा छिटो छरितो गर्न बाधा भएको छ । यो पैंतीस दिनको अवधिलाई समयानुकूल घटाउनु मनासिव नै हुन्छ ।

**सुझाव**

फिराद वा प्रतिउत्तरपत्र दर्तादेखि नै पक्षहरु मुद्दामा संलग्न भइसकेकाले पैंतीस दिनको अवधिलाई घटाएर सात दिनको अवधि राख्नु पर्ने ।

### २.१२.बालबालिका, बृद्ध र विदेशमा रहेको व्यक्तिको अनुमति दिने अवधि घटाउनुपर्ने

- बालबालिका, बृद्धर विदेशमा रहेको फर्किआउने ठेगान नभएको मानिसको हकमा नालिस, प्रतिउत्तर, पुनरावेदन, निवेदन वा मुद्दा मामिला सम्वन्धी अन्य कुनै काम कारवाही गर्नुपर्ने भएमा अदालतको अनुमतिले कारवाही गर्न पाउँछ । अनुमतिको लागि निवेदन परेको एक महिनाभित्र निवेदनमा निर्णय गरी दिनुपर्छ । त्यस्तोमा हदम्याद लाग्ने छैन भन्ने समेतको कानूनी व्यवस्था अ.बं. ८३ नं. मा छ ।
- फिरापत्र वा प्रतिउत्तरपत्र समेत दर्ता गर्न अनुमतिको लागि दिएको निवेदनमा तत्काल निर्णय नगरी प्रमाण बुझेर एक महिनाभित्र अदालतले निर्णय दिन मिल्ने कानूनी व्यवस्थाले मुद्दाको काम कारवाहीमा लामो समय लाग्ने देखिन्छ । प्रतिउत्तर दर्ता गर्नको लागि निवेदन गर्दा सामान्यतयाः एक महिना काममा ढिला अवश्य नै हुन्छ ।
- देवानी कार्यविधि संहिता, २०७१ को विधेयकको दफा २६७ (४) ले निवेदन परेकै दिन निवेदनमा निर्णय गर्नु पर्नेछ । ऐ.को दफा२६७(५) ले बेपत्ताको हकमा पन्घ्र दिनभित्र निर्णय गर्नु पर्नेछ ।
- हालको मुलुकी ऐनको अ.बं. ८३ नं.को निर्णय दिने एक महिनाको अवधिले पनि मुद्दाको प्रक्रियालाई ढिला बनाउने हुन्छ । निवेदन दर्ता भएकै दिन निवेदनमा निर्णय गरी दिने व्यवस्था गर्नु उपयुक्त हुन्छ । यसको लागि उसै दिन निवेदनमा निर्णय गर्नका लागि

विश्वासनीय प्रमाणहरु पेश गर्नु लगाउने ठोस आधारहरु नियमावलीमा नै खुलाई दिने व्यवस्था गर्न नियमावलीलाई संशोधन गर्नु पर्ने हुन्छ । त्यसो गरेमा मुद्दाको काम कारवाही केही मात्रा भए पनि छोटिन सक्नेछ ।

**सुझाब**

- अ.बं. ८३ ( ४ ) नं.को निर्णय दिने एक महिनाको अवधिलाई संशोधन गरी निवेदन दर्ता भएकै दिन निवेदनमा निर्णय गरी दिने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- उसै दिन निवेदनमा निर्णय गर्नका लागि विश्वसनीय प्रमाणहरु पेश गर्नु लगाउने ठोस आधारहरु नियमावलीमा नै खुलाई दिने व्यवस्था गर्नुपर्ने हुन्छ ।

## २.१३.अ.बं. ९४ नं. को म्यादी पूर्जीको अवधि घटाउनुपर्ने

- कैदको सजाय हुने सरकार वादी फौजदारी ( ज्यान, डाँका, लागू औषध सम्वन्धी जस्ता) मुद्दामा अभियुक्तलाई पक्राउ गर्न सर्बप्रथम प्रहरीको नाममा पक्राउ पूर्जी जारी भई सात दिनसम्म खोजतलास गरी अदालतमा दाखिल गर्नुपर्छ । सात दिन नाघेपछि म्यादी पूर्जी जारी भएको व्यहोरा अदालतको सूचना पाटीमा र यथासम्भव कुनै स्थानीय पत्रिकामा प्रकाशित गर्नुपर्छ । खोजतलास गर्दा फेला नपरेमा सो अबधि नाघेपछि सत्तरी दिने म्यादी पूर्जी प्रहरीले तामेल गर्नुपर्छ । आफ्नो इलाका छाडी अभियुक्त अन्येत्र गइबसेको रहेछ भने सोही इलाकामा वारेण्ट एवम् म्यादी पूर्जी पठाउनु पर्छ । त्यस्तो प्रहरी कार्यालयले पनि सोही बमोजिम कार्य गर्नुपर्छ भन्ने अ.बं.९४ नं.मा उल्लेख छ ।
- म्यादी पूर्जी तामेल भएको मितिले म्यादभित्र उपस्थित हुन नसकेको कारण देखाएमा तीस दिनसम्मको म्याद अंबं. ५९ नं.ले थाम्न पाउँछ । साथै अं.बं. ६२ नं.को अवस्था परेमा पनि थाम्न पाउँछ ।
- यी कानूनी प्रावधान बाहेक अभियोग दर्ता हुनसाथ फरार प्रतिवादीको नाउँको वारेण्ट पूर्जी र म्यादी पूर्जी जारी गर्न र प्रहरी कार्यालयमा पठाउने कार्य नै ढिलो हुने र प्रहरी कार्यालयमा प्राप्त भएपछि पनि सामान्यतयाः तत्काल कार्यान्वयन गर्न सजगता नदेखाउने कारणले गर्दा लामो समय पछि मात्र म्यादी पूर्जी तामेल हुन्छ र सोको जानकारी अदालतलाई प्राप्त हुन पनि समय लाग्छ । यी वर्णित कारण समेतले गर्दा प्रक्रियागत कारवाही पूरा गर्न समय

लाग्न जाँदा प्रक्रिया लामो नै हुन्छ । कुनै प्रतिवादी हाजिर भई थुनामा रहेको वा तारिखमा रहेको अवस्थामा यस्तो परिस्थितिले झन मुद्दाको काम कारवाही लामो हुन्छ ।

- प्रहरीको नाममा पक्राउ पूर्जी जारी भई सात दिन नाघेपछि म्यादी पूर्जी जारी भएको व्यहोरा अदालतको सूचना पाटीमा र यथासम्भव कुनै स्थानीय पत्रिकामा प्रकाशित गर्नुपर्छ भन्ने कानूनी व्यवस्थाको कार्यान्वयन पनि गर्ने गरेको छैन ।
- अनुसूची १ र २ मा उल्लेखित कसूर सम्वन्धी मुद्दामा उजुरी साथ उपस्थित नभएको अभियुक्तलाई उपस्थित गराउन अदालतले जारी गरेको पक्राउ पूर्जी प्रहरीले पक्राउ पूर्जी प्राप्त गरेको सात दिनभित्र पक्राउ गर्नुपर्ने व्यक्ति फेला परेन भने रहे बसेको घर ठेगानामा गई निजको नाउँमा जारी भएको पैंतीस दिने पक्राउ पूर्जी तामेल गर्नुपर्छ । (फौजदारी कार्यविधि संहिता,२०७१ को विधेयकको दफा ५८ (१) (७))
- विभिन्न अध्ययन र अनुसन्धानहरुले म्यादी पूर्जीको सत्तरी दिनको म्याद लामो भएको औंलाएको छन र फौजदारी कार्यविधि संहिताको विधेयकले समय अवधिलाई छोट्याउने स्वीकार गरेको अवस्था छ ।
- यो अवस्थामा सरकारवादी फौजदारी मुद्दामा जारी हुने म्यादी पूर्जीको अवधिमा सुधार गरी सत्तरी दिनको अवधिलाई घटाएर तीस दिन गर्न उपयुक्त हुन्छ ।

**सुझाब**

- अ.बं. ९४ र ९९ नं. को सत्तरी दिनलाई संशोधन गरी तीस दिन राख्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।

## २.१४. सम्वन्ध विच्छेद मुद्दामा संक्षिप्त (कार्यविधि) ऐन, २०२८ को कार्यविधि लागु गर्नुपर्ने

- अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्वन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ मिति २०५९।५।२७ मा लालमोहर लागेर लागु भएपछि सम्वन्ध विच्छेद मुद्दाको कारवाहीमा फरक पारेको हो । यो संशोधन हुनु अगाडिसम्म दण्ड सजायको १२ नं. मा पाँच सय रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेकाले सम्वन्ध विच्छेद मुद्दा संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८ अन्तर्गतको कार्यविधि अपनाइने हुँदा मुद्दाको काम कारवाही छिटो छरितो हुनसक्ने व्यवस्था थियो । दण्ड सजायको १२ नं. मा संशोधन गरी पाँच हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था कायम गरेपछि सम्वन्ध विच्छेद मुद्दाको काम कारवाहीमा

पनि मुलुकी ऐनको सामान्य कार्यविधि नै लागु हुन थाले पछि मुद्दाको काम कारवाही लामो हुन थालेको छ ।

- लोग्नेस्वास्नीको महलको १ नं. बमोजिम लोग्ने र स्वास्नीको सम्वन्ध बिच्छेद हुने भएमा अदालतले निजहरुबीच अंशबण्डा गर्न लगाएर मात्र सम्वन्ध विच्छेद हुने निर्णय गर्नु पर्छ । सम्वन्ध बिच्छेद हुने लोग्नेमानिसले नै अंश लिई नसकेको अवस्थामा अदालतले तायदाती माग गरी अंशियाराहरुबीच अंशबण्डा गर्न आदेश दिनुपर्ने व्यवस्था लोग्नेस्वास्नीको महलको ४क.नं ले गरेकोले अंशको कारवाहीको लागि अंशियाराहरु बुझ्ने, फाँटबारी माग्ने, फाँटबारी पेश गर्ने र सोको कार्यविधि पूरा गर्ने जस्ता करवाही गर्न लामो समय लाग्ने हुँदा सम्वन्ध बिच्छेद मुद्दाको काम कारवाही सामान्यतयाः अदालतको नियन्त्रण भन्दा बाहिर रहने अवस्था हुन्छ । वास्तबमा पारिवारिक समस्याको समाधान पारिवारिक अदालतल वा पारिवारिक इजलासबाट छिटो छरितो रुपमा किनारा गरी दिनु पर्ने हो । छिटो छरितो हुन सकेको छैन। खास गरी सम्वन्ध विच्छेदमा अंश दिलाउने कारवाहीले गर्दा नै मुद्दाको कारवाही लामो हुन जान्छ । सम्वन्ध विच्छेद मुद्दाको कारवाहीलाई संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८ को कार्यविधिमा पार्न आवश्यक छ। साथै अंशको कार्यविधि पनि सरल गर्न आवश्यक छ ।

**सुझाब**

- सम्वन्ध विच्छेद मुद्दालाई संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८ अनुसूची १ मा समावेश गर्नुपर्ने,
- दफा २.९ मा अंश मुद्दामा सुझाब दिइसकेकाले यहाँ अरु थप सुझाब आवश्यक नपर्ने ।

## २.१५. अ.बं. ५९ नं. को तारिख थाम्ने अवधिलाई घटाउनुपर्ने

- कुनै मुद्दामा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा म्यादतारिख गुज्रेमा एकै पटक वा तीन पटकको हिसाब गरी पटक कायम गर्न हुँदैन, तारिख लिई गुजारेको मितिदेखि मात्र पटकको हिसाब गरी कायम गर्नुपर्छ भन्ने अ.बं ५९ नं मा व्यवस्था छ ।
- प्रथमतः यो व्यवस्था अपबादात्मक स्थितिमा पाइने सुबिधा हो तर व्यवहारमा काबु बाहिरको परिस्थिति परे नपरेको कारणको कुनै जाँचबुझ बिना नै अधिकारको रुपमा तारिख थाम्ने प्रचलन बस्न भएको हुँदा मुद्दाको कारवाही लम्ब्याउन चाहने पक्षहरुले यो व्यवस्थाको दुरुपयोग गरेको प्रशस्त उदाहरण पाउन सकिन्छ । साथै तीन पटकसम्म ३० दिनसम्म

भनी गरिएको व्यवस्थाले मुद्दाका पक्षहरुको इच्छामा तारिख लिने र गुजार्ने परिपाटी बसी मुद्दा अदालतको नियन्त्रणमा राख्ने कार्यमा प्रतिकूल प्रभाव पारेको पाइन्छ भनी जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था अध्ययन प्रतिवेदन, २०६६ ले समस्या र समाधानको पद्धतिगत समस्यामा उल्लेख गरेको छ ।

- यस स्थितिमा यातायात र सञ्चारको क्षेत्रमा भइरहेको हालको प्रगति अनुकूल यी व्यवस्थामा समयानुकूल परिबर्तन हुन नसक्नु एउटा समस्या मान्न सकिन्छ । काबु बाहिरको परिस्थितिको ऐनमा व्याख्या गरेर सोको जाँच बुझ गरेर मात्र थाम्न पाउने कुरालाई व्यवस्थित गर्नु पर्दछ । यो व्यवस्थाको प्रयोगले मुद्दालाई म्यादभित्र किनारा गर्न निकै बाधा गरेको छ ।
- मौजुदा प्रणालीमा ब्यापक दुरुपयोग पक्षहरुले गरेका छन् । मुद्दाको कारवाही किनारामा नै यसले असर पुऱ्याउँछ। अतः यो व्यवस्थालाई पनि सुधार गर्नुपर्ने अवस्था विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन् । अ.बं.५९ नं.को ३० दिन अवधि र ३ पटक ज्यादै लामो भएकाले सरल पार्न सुधार गर्नु अनिवार्य भइसकेको छ ।

**सुझाब**

- तीस दिनको अवधिलाई यातायात र सञ्चार विकासको प्रगतिलाई बिचार गरी अ.बं.५९ नं.मा एकै पटक वा दुई पटकसम्म गरी बढीमा १५ दिनसम्मको तारिख थाम्न पाउने व्यवस्था गर्न उपयुक्त हुन्छ ।

## २.१६. अ.बं. ११० नं.को म्याद तामेली ब्यवस्थामा सुधार गर्नुपर्ने

- उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिबेदन,२०२८ ले म्याद तामेल गर्ने मुलुकी ऐनमा रहेको प्रक्रिया ज्यादै पुरानो र समाजमा भएका प्रगतिसँग मेल नखाने किसिमका हुन गएकोले नगर पञ्चायत ( हाल नगरपालिका) इलाकामा हुलाकद्वारा म्याद सूचना तामेल गराउने, अदालतमा तारेखमा रहेका कुनै पक्षलाई कुनै सूचना दिनु परेमा निजको वकीललाई दिए हुने ब्यवस्था गर्ने भनी सुझाब दिएको थियो ।
- शाही न्याय सुधार आयोग, २०४० ले पनि पटक पटक म्याद तामेली हुँदा छिटो छरितो न्याय सम्पादन गर्न बाधा पुऱ्याएको भन्ने उल्लेख गर्दै नगर पञ्चायत ( हाल नगरपालिका ) इलाकामा हुलाकद्वारा म्याद सूचना तामेल गराउने र तामेलदारको दरबन्दी बढाउनु पर्ने

तथा तामेलदार काममा खटिंदा फिल्ड भत्ता दिनुपर्ने र वारेण्ट जारी हुने मुद्दाको म्यादी पूर्जि अदालतबाट तामेल गर्नुपर्ने जस्ता कार्यमा सुधार गर्नुपर्ने, नगर इलाका, सरकारी कार्यालय, सरकारद्वारा संगठित सस्थान तथा त्यसमा काम गर्ने कर्मचारीको नाउँको म्याद हुलाकद्वारा तामेल गराउने, वारेण्ट जारी हुने म्यादी पूर्जी अदालतबाटै तामेल गर्ने ब्यवस्था गर्ने सुझाव दिएको थियो ।

- म्याद तामेल गर्ने प्रकृयामा टेलेक्स, फ्याक्स, ई–मेल जस्ता विद्युतीय माध्यम वा हुलाक रजिष्ट्री तथा पत्रपत्रिकामा सूचना प्रकाशन गरेर पनि म्याद तामेल भएको मानिने र तामेल हुन सक्ने कार्यविधि निर्धारण गर्न कानूनमा संशोधन गर्नु पर्ने भनी सर्वोच्च अदालतमा परेका मुद्दाहरुमा छिटो छरितो कारवाही किनारा गर्न अपनाउनुपर्ने उपाय सम्वन्धमा गरिएको अध्ययनको प्रतिवेदन,२०६० ले पनि सुझाब दिएको छ ।
- तामेली कार्यको लागि छानिएका प्रत्येक जिल्ला अदालतमा चारवटा मोटरसाइकलको लागि समेत पर्याप्त बजेट ब्यवस्था गर्नुपर्ने भन्ने जिल्ला अदालतहरुका समयतालिका पद्धति लागु गर्नेसम्वन्धी वेसलाइन सर्वेक्षण प्रतिवेदन,२०६९ मा उल्लेख छ ।
- यी कतिपय सुझाबहरु कानूनी ब्यवस्थाको रुपमा पनि आइसकेका छन् । अदालतमा तारेखमा रहेका कुनै पक्षलाई कुनै सूचना दिनु परेमा निजको वकीललाई दिए हुने ब्यवस्था गर्ने र नगर पञ्चायत ( हाल नगरपालिका ) इलाकामा हुलाकद्वारा म्याद सूचना तामेल गराउने भन्ने सुझाब हालसम्म कार्यान्वयन हुन सकेको छैनन् ।
- मुद्दा प्रवाह व्यवस्थापनमा ढिलाईको एउटा प्रमुख कारण म्याद तामेलीको समस्या हो भन्ने कुरा विभिन्न सम्मेलन र अन्तरक्रियाहरुमा औल्याइएको विषय हो । प्रस्तुत अध्ययनबाट पनि म्याद तामेलीको कार्य जति चाँडो सम्पन्न भएको छ अरु कारवाही त्यती नै छिटो सम्पन्न हुन सकेको पाइन्छ । त्यसैले म्याद तामेली सम्वन्धी हाल प्रचलित व्यवस्थाको विकल्पमा स्थानीय निकायका माध्यमबाट तामेली गराउने, निजी स्तरबाट म्याद तामेल गराउने अथवा पक्षहरु स्वयमबाट पूर्वम्याद तामेलीको प्रक्रिया अपनाउने जस्ता नयाँ नीतिगत सोचाई नलिएसम्म मुद्दा प्रवाह व्यवस्थापनमा कमै मात्र सुधारको अपेक्ष गर्न सकिन्छ भन्ने निष्कर्ष जिल्ला अदालतको मुद्दा प्रवाहको अवस्था, २०६६ को प्रतिवेदनले निष्कर्ष निकालेको छ ।
- फौजदारी र देवानी कार्यविधि संहिता, २०७१ को विधेयकहरुले प्रस्ताव गरेको म्याद तामेलीका व्यवस्था:

१. समव्हान तामेल गर्न पठाउँदा समव्हान पूर्जी दिई कुनै प्रहरी कर्मचारी, अदालतको कुनै कर्मचारी, अदालतले तोकेको अन्य कुनै सरकारी  वा गैरसरकारी संस्थाद्वारा तामेल गर्न पठाउनु पर्नेछ ।

२. पक्राउ पूर्जी जारी भएको व्यक्ति फरार भएमा पदमा स्वतः निलम्वन र चल अचल सम्पति रोक्का समेत हुनेछ ।

३. अदालतका कर्मचारी, पक्षको तारिखमा रहेको वारिस, कुनै मुद्दामा प्रतिनिधित्व गर्ने प्रतिनिधि, कानून व्यवसायको सिलसिलामा उपस्थित भएका कानून व्यवसायी, साक्षीको हैसियतमा उपस्थित भएको व्यक्तिलाई अदालतमा नै म्याद तामेल गर्न सकिनेछ ।

४. कुनै स्थानीय निकायको क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिको  घर घुरी ब्लक नम्बर कायम भई क्रमबद्धरुपमा अंकित गरी अभिलेख कायम गरिएको भएमा सो ठाउँमा अदालतले मञ्जुरी दिएको रहेछ भने अदालतले म्याद तामेल गर्न सक्नेछ ।

५. इमेल, फ्याक्स जस्ता बिद्युतीय सूचना आदान प्रदान गर्ने ठेगानाको व्यवस्था गरेको भएको भएमा त्यस्तो ठेगानामा बिद्युतीय सूचना मार्फत म्याद तामेल गर्न सक्नेछ ।

६. घर ठेगाना नभएको व्यक्तिको म्याद क्षेत्राधिकार भएको इलाकाबाट प्रकाशन हुने पत्रिकामा प्रकाशन गरी म्याद तामेल गर्न सक्नेछ ।

७. देवानी मुद्दामा वादीले प्रतिवादीलाई आफैले वा निजको कानून व्यवसायीमार्फत म्याद बुझाउन चाहेमा बुझाउन सक्ने र तामेल हुन नसकेको प्रतिवेदन दिएमा कार्यालय, निकाय ,अदालत वा संगठित संस्था वा त्यसका पदाधिकारी वा कर्मचारीको नामको म्याद  हुलाकमार्फत म्याद तामेल गर्न रजिष्ट्री पत्र पठाई तामेल गर्न सकिनेछ ।

८. जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क.ले अ.बं.११० नं. बमोजिम म्याद तामेल हुन नसकेमा टेलेक्स, फक्स ईमेल वा अभिलेख हुन सक्ने बिद्युतीय माध्यमको ठेगाना भए सो माध्यमबाट पनि म्याद तामेल गर्न सकिन्छ । पत्रिकामा प्रकाशन गरेर र अन्य सरकारी कार्यालय वा स्थानीय निकायमार्फत पनि म्याद तामेल गराउन सकिन्छ ।

९.म्याद तामेलीलाई छिटो छरितो र प्रभावकारी बनाउन विभिन्न अध्ययन प्रतिवेदनहरुले दिएका सुझाबहरु कतिपय कार्यान्वयन भए पनि म्याद तामेलीको कार्यमा अपेक्षाकृत सुधार हुन सकेका

छैन। समस्या जस्ताको तस्तै रहनु कमजोरी हो भन्न सकिन्छ । यी अध्ययन प्रतिवेदनहरुले विकास र प्रगतिसँग मेल खाने प्रकारले म्याद तामेली कार्यमा सुधार गर्न आवश्यक रहेको तथ्य देखाई दिएका छन । अ.बं. ११० र ११२ नं.को तरिकाले परापम्परागत प्रक्रियाले म्याद तामेल गर्दा अहिलेको संचार र प्रविधिको युगमा समय सापेक्ष सुधारको आवश्यकता पूरा गर्न सकिने स्थिति हुँदैन । अतः म्याद तामेलको कार्यलाई थप प्रभावकारी र भरपर्दो बनाउन अ.बं.११० नं.मा निम्न सुधार गर्न सुझाब प्रस्तुत गरिएका छनः

**सुझाबहरु**

- पत्रिकामा म्याद सूचना जारी गर्दा एउटा निश्चित आधार र विधि तयार गर्नु पर्छ । म्याद सूचना जारी भएको कुरा धेरै जनाको आँखा परोस र थाहा होस भन्ने अदालतको मनसाय रहनु पर्दछ । पत्रिकामा म्याद सूचना जारी गर्ने अहिलेको तरिका नै भरपर्दो र विश्वासनीय छैन । कुनै पनि राष्ट्रियस्तरको पत्रिकामा निश्चित दिन बार र पृष्ठमा प्रकाशन गर्न पत्रिकासँग सम्झौता सर्वोच्च अदालतबाटै गरी सबै अदालतको म्याद सूचना प्रकाशन गराउने व्यवस्था गरी सोको सूचना समेत सार्वजनिक गर्नुपर्ने हुन्छ । ( यो सर्वोच्च अदालत प्रशासनले नै कार्यान्वयन गर्न सक्छ जिम्मेवारी रजिष्ट्रार)
- नगरपालिका इलाकामा हुलाकद्वारा म्याद सूचना तामेल गराउने । ( जिल्ला अदालत नियमावलीमा संशोधन गर्नुपर्ने )
- नगरपालिका इलाकामा दुरतगति सेवाबाट पनि तामेल गर्ने गराउने । ( सर्वोच्च अदालतबाट जिल्ला अदालत नियमावलीमा व्यवस्था गर्नुपर्ने )
- कुनै दर्तावाला गैरसरकारी संस्थाले करारमा बुझाउने दायित्व लिन्छ भने सो गर्न दिने व्यवस्था गर्ने । (सर्वोच्च अदालतबाट जिल्ला अदालत नियमावलीमा व्यवस्था गर्नुपर्ने )
- अदालतमा तारेखमा रहेका कुनै पक्षलाई कुनै सूचना दिनु परेमा निजको वारेस वा वकीललाई दिए हुने ब्यवस्था गर्ने । ( अ.बं.११० नं.मा. संशोधन हुनुपर्ने )
- पक्षले आफैले म्याद तामेल गर्न चाहेमा शुरुमा नै तामेल गराउने जिम्मेवारी वादीलाई सुम्पिने। (सर्वोच्च अदालतबाट जिल्ला अदालत नियमावलीमा व्यवस्था गर्नुपर्ने )
- इमेल फ्याक्स जस्ता साधनलाई प्रयोग गरी म्याद तामेल गर्न सकिने जिल्ला अदालत नियमावलीको नियम २२क.को प्रावधानलाई क्रियाशील बनाउनुपर्ने । (सर्वोच्च अदालतबाट निर्देशन र परिपत्र जारी गर्नुपर्ने जिम्मेवारी रजिष्ट्रार )

- अ.बं. ११० ( ३क.)नं. मा सरकारी कार्यालय र संगठित कार्यालय तथा सोमा कार्यरत कर्मचारीको नाउँको म्यादलाई हुलाकद्वारा तामेल गराउने व्यवस्था गरे पनि व्यवहारमा यस कार्यलाई अदालतहरुले कार्यान्वयन गरेका छैनन् । तसर्थ यो कानूनी ब्यवस्थाको पालनाको लागि सर्वोच्च अदालतबाटै परिपालना गर्ने परिपाटी गर्नुपर्ने हुन्छ ।( सर्वोच्च अदालतबाट निर्देशन जारी गर्नुपर्ने)
- तामेली कार्यको बोझ बढी भएका तराई र भित्री मधेशका जिल्ला अदालतहरु, काठमाण्डौ जिल्ला अदालतं, भक्तपुर जिल्ला अदालतं, ललितपुर जिल्ला अदालतं, कास्की जिल्ला अदालतमा प्रत्येक तामेलदारको लागि मोटरसाइकल उपलब्ध गराउनुपर्ने । ( जिम्मेवारी रजिष्ट्रार )

## २.१७.तारेख प्रणालीमा सुधार गर्नुपर्ने

- नेपाल सरकार वादी हुने मुद्दाबाहेकमा वादी प्रतिवादीले तारिख गुजारी थाम्ने अवधि समाप्त भएपछि अ.बं.१७९ न. ले मुद्दा डिसमिस हुन्छ । अहिलेको मुलुकी ऐनको व्यवस्था बमोजिम दुबै पक्षले तारिख गुजारेर थाम्ने अवधि समाप्त भएपछि मुद्दा डिसमिस हुन्छ । कुनै एक पक्ष झगडिया हाजिर हुन नआएमा अ.बं.१८५क. नं. बमोजिम हुन्छ । यी अवस्थाले गर्दा मुद्दामा तारिख प्रणालीको महत्वपूर्ण भूमिका रहेको कुरा कसैबाट लुकेको छैन । केही अपवादबाहेक शुरु अदालतमा पक्षहरु अनिवार्य रुपमा तारिखमा नै बस्नुपर्ने अवस्था छ ।
- प्रमाण बुझिसकेपछि तारेखमा बस्न नचाहाने पक्षलाई अदालतको आदेशले तारेख टुटाई दिने ब्यवस्था गर्न कानूनी सुधार गर्नुपर्ने भन्ने शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४० ले सुझाब दिएको छ ।
- कुनै कारणले मुद्दा किनारा गर्न अनिश्चित कालसम्म अर्को तारिख तोक्न नसकिने भएमा यसै महलको १५ नम्बर बमोजिमको कारवाही समेत गर्नुपर्छ र मुद्दामा प्रमाण बुझ्ने समेतको पूरा गर्नुपर्ने कार्यविधि पूरा भैसकेमा पक्षले तारिखमा बस्न नचाहेमा पछि अदालतबाट सूचना पाएका बखत हाजिर हुने गरी झगडियालाई सूचना दिने ठेगाना समेत उल्लेख गरी कागज गराई तारिख छुटाई दिनुपर्छ भन्ने अ.बं ८५ नं.को. अन्तिम वाक्यांशमा उल्लेख छ ।शाही न्याय सुधार आयोगको प्रतिवेदन, २०४० ले दिएको सुझाब पछि मुलुकी (नवौं संशोधन) ऐन, २०४३ ले यो व्यवस्था गरेको देखिन्छ ।
- मुद्दामा प्रमाण बुझ्ने समेतको पूरा गर्नुपर्ने कार्यविधि पूरा भैसकेमा पक्षले तारिखमा बस्न नचाहेमा पछि अदालतबाट सूचना पाएका बखत हाजिर हुने गरी कागज गराई तारिख छुटाई

दिनुपर्छ भन्ने अ.बं ८५ नं.को व्यवस्था एउटा मुद्दामा पनि प्रयोग भएको पाइएन । यसले गर्दा कतिपय मुद्दाहरुमा अनावश्यक रुपमा पक्षहरुले तारिख धाइरहनु पर्ने स्थितिको स्वतः अनुमान गर्न सकिन्छ भन्ने तथ्यको निष्कर्ष जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था अध्ययन प्रतिवेदन, २०६६ ले प्रस्तुत गरेको छ ।

- विद्यमान तारेख प्रणालीलाई व्यवहारिक समय सारिणी पद्धतिसँग आवद्ध गर्न नसकिएकाले यसमा विविध खराबीहरु देखा परेका छन् । विवादका पक्षहरुले अनावश्यक रुपमा अदालतमा धाउनु पर्ने र अदालतमा अनावश्यक ढङ्गबाट मानिसको भिड जम्मा हुने मात्र नभएर मुद्दा प्रवाह व्यवस्थापनमा समेत अतिरिक्त कार्यबोझ थपिएको छ । त्यसैले तारेख प्रणालीमा सुधार आवश्यक ठानिएकोले सुधारका लागि केही रणनीतिक उपायहरु प्रस्तुत गरिएको छ । मुद्दा सुनुवाइका लागि पेशी तारेख दिइएको अवस्थामा बाहेक अन्य अवस्थामा तारेख दिँदा सबैलाई १० बजे आउनु भनी तारेख नदिई भिन्न भिन्न समय तोकी तदनुसारको तारेख दिने व्यवस्था गर्ने । यसका लागि अदालतको कार्य सञ्चालन समयलाई २ भागमा विभाजन गर्ने । दिउँसो चिया समय भन्दा अगाडिको समयाबधिलाई पहिलो सत्र र चिया समय पछिको समयाबधिलाई दोस्रो सत्र नामाकरण गरी पहिलो सत्रको लागि उपस्थित हुने समय १० वजे र दोस्रो सत्रको लागि उपस्थित हुने समय २ वजे तोक्ने रपक्ष स्वयं तारेखमा बसिरहेको अवस्थामा पनि निजको कानून व्यवसायीले पनि तारेख लिन सक्ने व्यवस्था मिलाउने भनी मुद्दा व्यवस्थापन पद्धति विकास सम्वन्धी अध्ययन प्रतिवेदन, २०६६ ले राय पेश गरेको देखिन्छ ।
- मुद्दामा पक्षहरु तारिखमा बस्नुपर्ने पद्धतिले गर्दा मुद्दाको कारवाही छिटो छरितो भएको निष्कर्षमा पुग्न सकिने स्थिति छैन, तर यो प्रक्रियाले मुद्दाको लागत बढ्ने, कारवाहीमा अनियमितको सम्भावना हुने आदि समस्याहरु ज्वलन्त देखिएका छन् । त्यसैले खास अवस्थामा मात्र उपस्थित हुनुपर्ने गरी अरु सामान्य मुद्दा र अवस्थामा तारिख मै रहनु नपर्ने वैकल्पिक व्यवस्था अवलम्बन गर्नेतर्फ सोचाई लिनु जरुरी छ भन्ने जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था अध्ययन प्रतिवेदन,२०६६ ले सुझाब दिएको पाइन्छ ।
- संक्षिप्त ( कार्यविधि) ऐन, २०२८ को कानूनी व्यवस्था बमोजिम प्रतिवादी उपस्थित हुन नसक्ने अवस्थामा अनुपस्थित प्रतिवादी तर्फबाट अरुले प्रमाण पेश गर्न पाउने र सो प्रमाण समेत बुझी मुद्दाको किनारा गर्नुपर्ने, प्रमाण बुझिसकेपछि पक्षहरु अदालतको अनुमतिले

तारेखमा नबसे पनि हुने र प्रमाण पेश गरेपछि वादीले तारेख छाडे पनि मुद्दा डिसमिस नगरी फैसला नै गर्नुपर्दछ ।

- मुलुकी ऐन अ.बं. १९४ न.को अवस्थामा बाहेक पुनरावेदन तहको मुद्दामा पुनरावेदक र प्रत्यर्थीलाई तारिखमा राखिने छैन । तारिखमा राखी पाउँ भनी पक्षले निवेदन दिएमा मात्र निजलाई तारिखमा राखिने छ । ( पुनरावेदन अदालत नियमावलीको .नियम ४२ र सर्वोच्च अदालत नियमावलीको नियम ५९ मा एउटै व्यवस्था छ ) रिट निवेदनमा तारेखमा बस्नुपर्ने हुन्छ ।
- अदालतले वादी र प्रतिवादी दुवै पक्षको प्रमाण बुझिसकेपछि कुनै पक्षले चाहेमा अदालतको अनुमति लिई तारिखमा नबस्न पनि सक्नेछ । ( देवानी मुद्दाको कार्यविधि संहिता,२०७१को विधेयकको दफा १३५(२) ) र प्रमाण बुझिसकेपछि कुनै पक्ष तारिखमा बस्न नचाहेमा अदालतमा निवेदन दिएमा निजलाई तारिखमा राख्न आवश्यक नदेखिए तारिख टुटाई दिन सक्नेछ । ( फौजदारी मुद्दाको कार्यविधि संहिता, २०७१को विधेयकको दफा ८८(१) (२))
- यी उल्लेखित अध्ययनहरुको निष्कर्ष, सर्वोच्च अदालत र पुनरावेदन अदालतको नियमावलीहरु तथा संक्षिप्त ( कार्यविधि) ऐनको व्यवस्था समेतबाट जिल्ला अदालतको तारिख प्रणालीमा समयानुकूल सुधार गर्नुपर्ने देखिन्छ ।

**सुझाबहरु**

- अदालतले वादी र प्रतिवादी दुवै पक्षको प्रमाण बुझिसकेपछि कुनै पक्षले चाहेमा अदालतले अनुमति दिएमा तारिखमा बस्न नपर्ने व्यवस्था गर्नु पर्ने,
- प्रमाण बुझिसकेपछि वादीले तारिख छाडे पनि मुद्दा फैसला नै गर्नुपर्ने कानूनी व्यवस्था मुलुकी ऐनको अदालती बन्दोबस्तको १७९ नं समावेश गर्नुपर्ने ।
- जिल्ला अदालत नियमावलीमा सम्शोधन गर्नुपर्ने ।

## २.१८.जिल्ला अदालतमा पारिवारिक इजलास गठन गर्नुपर्ने

- पारिवारिक विवादहरुको संख्या वढ्दो रुपमा रहेका, मिलापत्र हुनसक्ने संभावना पनि प्रचुर मात्रामा रहने र सामाजिक सुव्यवस्था कायम राख्नका लागी पनि यस्ता विवादहरु समयमा कारवाही र किनारा गर्नुपर्ने आवश्यकता पर्दछ । आफन्तहरुवीचमै उत्पन्न हुने यस्ता विवादहरुलाई प्राथमिकताको क्रममा अग्रस्थानमा राखी शुरु अवस्थामै तत्काल सम्वोधन

गर्नुपर्ने आवश्यकता देखिन्छ । त्यसैले पारिवारिक विवादहरुको कारवाही र किनारा गर्न छुट्टै पारिवारिक  अदालतको स्थापना गरिनुपर्छ भन्ने कार्यदलको मान्यता रहेको छ । तर मुद्दाको चापको समग्र अवस्था हेर्दा सबै जिल्लामा यस्तो अदालत आवश्यक नपर्ने देखिन्छ । प्रतिवर्ष ५०० भन्दा वढी संख्यामा रहेका पारिवारिक मुद्दाहरुको लगत कायम हुन आएका जिल्लाहरुमा छुट्टै पारिवारिक अदालतको स्थापना गरी यससँग सम्वन्धित विवादहरुको शुरु कारवाही र किनारा संक्षिप्त कार्यविधि अपनाई यस्ता अदालतवाट गर्ने । साथै यी अदालतबाट भएका फैसलाहरुको कार्यान्वयनको जिम्मा पनि यसै अदालतलाई दिने गरी विद्यमान ऐन कानूनहरुमा संशोधन गरिनु पर्ने र प्रतिवर्ष २०० देखि ५०० सम्मका संख्यामा रहेका पारिवारिक मुद्दाहरुको लगत कायम हुन आउने जिल्ला अदालतहरुमा यस्ता मुद्दाहरुको कारवाही र किनारा गर्न संक्षिप्त कार्यविधि अपनाई छुट्टै इजलासको स्थापना गर्ने । यस्ता मुद्दाको फैसला कार्यान्वयनको जिम्मेवारी यथावत रुपमा जिल्ला अदालतलाई प्रदान गर्ने गरी विद्यमान ऐन कानूनहरुमा संशोधन गरिनु पर्ने । (अदालत अधिकारक्षेत्र पुनरावलोकन कार्यदलको प्रतिवेदन,२०६५)

- तोकिएको जिल्ला अदालतमा पारिवारिक इजलास गठन गर्ने, प्रयोगको रुपमा काठमाण्डौं जिल्ला अदालतमा पारिवारिक इजलास गठन गर्ने र नियमावलीहरु संशोधन गर्नुपर्ने । ( मुद्दा व्यवस्थापन पद्धति विकास सम्वन्धी अध्ययन प्रतिवेदन, २०६६ )
- महिला. पीडित भएका सबै खाले मुद्दा र खास गरी घरेलु हिंसासम्वन्धी महिला पीडित भएको मुद्दामा अन्य मुद्दामा जस्तो साधारण अदालतबाट हेरिंदा महिलाहरुले न्याय पाए पनि लामो परिश्रम र ढिला गरी न्याय पाउने र न्याय पाउन सामान्य अदालतमा जाँदा अपमानित भएर न्याय प्राप्ति गर्ने अवस्था आउने भएकाले राज्यले महिला पीडित भएका सबै खाले फौजदारी मुद्दा र खासगरी घरेलु हिंसासम्वन्धी मुद्दा मात्र हेर्ने बैग्लै अदालत गठन गर्दा त्यस्तो अदालतबाट पीडित महिलाले छिटो छरितो र अपमानित नभई सुलभ न्याय पाउने हुनाले महिला पीडित भएका फौजदारी मुद्दा खासगरी घरेलु हिंसबाट पीडित मुद्दा हेर्ने एउटा छुट्टै Fast Track Court गठन गर्नुपर्ने भनी सर्वोच्च अदालतबाट निर्देशनात्मक आदेश जारी भएको छ ( अधिवक्ता ज्योति पौडेल वि नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत  ने. का. प.२०६६ चैत्र अङ्क १२ पृष्ठ २००१ नि.नं.८२८२ आदेश मिति २०६६।०४।२८  परामादेश समेत )

- न्याय छिटो छरितो र सुलभ तरिकाले प्रदान गर्नु पर्दछ । त्यसका लागि यस्ता पारिवारिक विवाद हेर्ने छुट्टै अदालत गठन गरी पारिवारिक विवाद खास गरी पति र पत्नीबीचका यस्ता सम्वन्ध विच्छेद जस्ता मुद्दा गोप्य इजलासमा सुनुवाई गर्नुपर्दछ । ( केशवराज अर्याल वि ब्यवस्थपिका संसद समेत आदेश मिति २०६६।१२।०९ रि नं ००१६/०६६ उत्प्रेषण समेत) ।
- यी अध्ययन, अनुसन्धान प्रतिवेदन र सर्वोच्च अदालतको आदेशको विश्लेण गर्दा काठमाण्डौं जिल्ला अदालत जस्ता कार्यबोझ भएका जिल्ला अदालतमा पारिवारिक अदालत बनाउन सकिने प्रशस्त सम्भावना विद्यमान देखिए पनि अधिक आर्थिक भार हुने कारणले गर्दा पारिवारिक इजलास बनाउनु नै उपयुक्त विकल्प हुन सक्छ । यसो गरेमा सर्वोच्च अदालतको आदेशको पालना हुने र विशेषतः महिलाहरुसँग संवन्धित पारिवारिक विवादहरु छिनो छानो गर्न सरल हुन्छ । विभिन्न क्षेत्रको आवाजको पनि सम्वोधन हुन्छ । धेरै जना न्यायाधीश हुने जिल्ला अदालतमा सजिलै कार्यान्वयन गर्न सकिन्छ ।
- द्रुतगतिको पारिवारिक विवाद हेर्ने छुट्टै अदालत गठन गर्न कानून नै निर्माण गर्नु पर्ने हुन्छ । तर पारिवारिक इजलास कायम गर्न जिल्ला अदालत नियमावलीमा मात्र संशोधन गरेर मिल्छ।

**सुझाबहरु**

- काठमाण्डौं जिल्ला अदालत जस्ता कार्यबोझ भएका जिल्ला अदालतमा पारिवारिक इजलास बनाउन सकिन्छ ।
- पारिवारिक विवाद हेर्ने छुट्टै इजलास कायम गर्न जिल्ला अदालत नियमावलीमा आवश्यक संशोधन गरी मिलाउन सकिन्छ ।

## २.१९.अदालतको क्षेत्राधिकारमा सुधार गर्नुपर्ने

संघीय शासन व्यवस्थामा हामी प्रवेश गरिसकेकाले अदालतहरुलाई बढी जिम्मेवार र जनउत्तरदायीको प्रभावकारी निर्वाह गरी नागरिकलाई छिटो छरितो न्याय प्रदान गर्ने कार्यको लागि अदालतको क्षेत्राधिकारको सम्वन्धमा निम्न सुझाब दिएकोछ ।

**सुझाब**

- प्रदेश कानून बमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले देवानी मुद्दामा विगो दश हजार रुपैयाँसम्म भएको, फौजदारी मुद्दामा कैद महिना तीन वा जरिवाना पाँच हजार रुपैयाँसम्म वा दुबै सजाय भएको फैसला उपर पुनरावेदन सुन्ने क्षेत्राधिकार भएको जिल्ला अदालतको फैसलालाई नै अन्तिम हुने व्यवस्था गर्नुपर्ने ।
- प्रदेश कानून बमोजिम गठित स्थानीय स्तरका न्यायिक निकायले देवानी मुद्दामा विगो दश हजार रुपैयाँसम्म भएको, फौजदारी मुद्दामा कैद महिना तीन वा जरिवाना पाँच हजार रुपैयाँसम्म वा दुबै सजाय भएको फैसला उपर पुनरावेदन सुन्ने क्षेत्राधिकार भएको जिल्ला अदालतको फैसलालाई नै अन्तिम हुने व्यवस्था बाहेकका शुरु फैसला र जिल्ला अदालतको फैसलामा फरक परेका मुद्दा र जिल्ला अलादतले शुरु कारवाही गरेको मुद्दा, वन्दीप्रत्यक्षीकरण र निषेधज्ञाको निवेदनमा मात्र उच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्नुपर्ने ।
- जिल्ला अलादतले शुरु कारवाही गरेको वन्दीप्रत्यक्षीकरण र निषेधज्ञाको निवेदन, विगो दश लाख रुपैयाँसम्म भएको मुद्दा, जरिवाना पाँच लाख रुपैयाँसम्म वा कैद ५ वर्षसम्म भएको वा दुवै सजाय भएको मुद्दाको जिल्ला अदालतको फैसला उपर परेको पुनरावेदनमा उच्च अदालतको निर्णय अन्तिम हुने व्यवस्था गर्नुपर्ने ।
- विगो रु दश लाख भन्दा बढी भएको, जरिवाना पाँच लाख रुपैयाँ भन्दा बढी भएको वा पाँच वर्ष भन्दा बढी भएको वा दुवै सजाय भन्दा बढी भएको मुद्दाको जिल्ला अदालतको फैसलामा केही वा पूरै उल्टिभएको पुनरावेदन (उच्च अदालत ) को फैसला वा अन्तिम आदेशका उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्नुपर्ने । साथैउच्च अदालतले शुरु कारवाही गरेको उत्प्रेषण लगायतको निवेदन र दश वर्ष वा सो भन्दा बढी कैद सजाय भएका उच्च अदालतको फैसलामा पनि सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्ने ।

**२.२० निः सहाय महिला, बालबालिका जस्ता बर्गका ब्यक्तिहरुलाई मुद्दामा लाग्ने कोर्ट फी नलाग्ने** ब्यवस्था गर्नुपर्ने

फिरादपत्र वा पुनरावेदनपत्र दर्ता गर्दा कोर्ट फी ऐन, २०१७ ले कोर्ट फी बुझाउनु अनिवार्य हुन्छ । कोर्ट फी ऐन, २०१७ को दफा २३ को अवस्थामा ठहरे बमोजिम हुने गरी पछि कोर्ट फी लिने

गरी फिराद वा पुनरावेदन दर्ता गर्न अदालतले आदेश दिन सक्छ । दावी नठहरेमा कोर्ट फी तिर्नु अनिवार्य हुन्छ । निःसहाय महिला, बालबालिका, कमजोर शारीरिक र मानसिक भएका ब्यक्ति, गरिव निःसहाय र जेष्ठ नागरिकहरुलाई यस व्यवस्थाले खासै मद्दत गरेको अनुभूति हुन सकेको छैन । न्यायमा यस्ता वर्गको सरल पहुँच स्थापित गर्नको लागि यिनीहरुलाई मुद्दामा लाग्ने कोर्ट फी नलिने ब्यवस्था गर्न उपयुक्त हुन्छ । फिराद दावी वा पुनरावेदन जिकीर पुग्न नसकेको अवस्थामा पनि यिनीहरुलाई मुद्दामा लाग्ने कोर्ट फीमा नलाग्ने व्यवस्था गर्नु पर्ने हुन्छ । राज्यको सामाजिक दायित्व पूरा गर्न पनि यिनीहरुलाई लाग्ने कोर्ट फी सबै राज्यले ब्यहोर्नु न्याय र तर्क सङ्गत हुन्छ ।

**सुझाब**

कोर्ट फी ऐन, २०१७ मा संशोधन गरी निःसहाय महिला, बालबालिका, कमजोर शारीरिक र मानसिक भएका ब्यक्ति, गरिव निःसहाय र जेष्ठ नागरिकहरुलाई  कोर्ट फी दाखिल नगरी सबै तहमा मुद्दा गर्न पाउने व्यवस्था गर्नुपर्ने ।

## २.२१. सानातिना खालका मुद्दाका प्रतिवादीहरुलाई सरकारी वकीलले नै कागज गराई छाडन सक्ने कानूनी व्यवस्था गर्नुपर्ने

- प्रत्येक साल फौजदारी मुद्दाको लगत वृद्धिले न्यायिक प्रक्रियामा समस्याहरु पैदा भई समयमा पुर्पक्ष र सुनाई पूरा नहुँदा कार्यविधिगत अवरोधहरु निर्माण भई प्रत्येक वर्ष मुद्दाहरुको ठूलो अनुपात पछिल्लो वर्षमा सरी कार्याविधिलाई ढिला र झन्झटिलो बनाउँदै लैजान्छ । यस्तो कार्यविधिगत असक्षमताको अवस्थाले फौजदारी न्याय प्रणालीको कार्यक्षमतामाथि अविश्वासको अवस्था श्रृजना गर्दछ । साथै अधिक आपराधिक घटनाहरु घटित भएमा सीमित संख्याको लागि प्राप्त स्रोत, साधन र जनशक्ति नै थप अपराध अनुसन्धानका लागि प्रयोग गर्न बाध्यता हुन्छ । यसले फौजदारी न्यायको प्रभावकारितामा नकरात्मक असर पार्दछ । अनुसन्धानकर्ता, अभियोजनकर्ता तथा पुर्पक्षकर्ताको प्रभावकारितामा ह्रास आउँछ । निराशाहरु जन्मिन्छन् र कामप्रतिको लगाव स्खलित हुन जान्छ । ( नेपालको फौजदारी न्यायप्रणालीको आधारभूत सर्वेक्षण, २०६९) सरकार वादी फौजदारी मुद्दालाई म्याद तामेली, अंश रोक्का, साक्षी प्रमाण बुझ्ने, भौतिम सवूदको विधि विज्ञान प्रयोशालामा परीक्षण गर्ने र विशेषज्ञको वकपत्र गराउने समेतका विविध कारण र अवस्थाले गर्दा मुद्दा दायर भएको आर्थिक बर्षमा मुद्दा सामान्यतयतः किनारा हुन सक्ने अवस्था देखिदैंन जसले गर्दा प्रत्येक वर्ष मुद्दाको लगतको

जिम्मेवारी नयाँ वर्षमा सर्ने र नयाँ पनि दर्ता हुने कारणले फौजदारी लगतले सवै कार्यमा बोझिलो र झन्झटिलो बन्दै जाँदैछ ।

- कुनै खास किसिमको सानातिना कसूरमा मुद्दा दायर गर्न ब्यवहारिक नभएको वा सार्वजनिक हितलाई खास असर नपर्ने देखिएको लागेमा सरकारी वकीलले महान्यायाधिवक्ताको स्वीकृति लिई त्यस्तो ब्यक्ति विरुद्ध मुद्दा दायर नगर्ने निर्णय गर्न सक्नेछ । ( फौजदारी कार्यविधि संहिता, २०७१ को विधेयकको दफा ३४(१))
- सरकारवादी फौजदारी मुद्दाको विविध कारणहरुले गर्दा समयमा अनुसन्धान र अदालतबाट किनारा हुन सकेका छैनन् । यी कारणले मुद्दाको लगत वृद्धि हुने अवस्था आउँछ । मुद्दाको लगत अत्याधिक रुपमा वृद्धि हुन्छ । जाहेरवाला र प्रतिवादी पक्षलाई झन्झटिलो र बोझिलो पनि हुन्छ । हाम्रो कार्यशैलीको पुनर्मूल्याङ्कन गर्नुपर्ने हुन्छ । अतः फौजदारी न्याय प्रशासनलाई प्रभावकारी बनाई न्याय प्रणालीलाई छिटो र छरितो पार्नका लागि निम्न सुझावहरुलाई कार्यान्वयन गर्न आवश्यक छ ।

**सुझाब**

- हाल बहाल रहेको जनशक्तिको संख्या र क्षमता विस्तार गर्ने ।
- सरकारी मुद्दाको कारवाहीमा संलग्न प्रहरी र सरकारी वकिल जस्ता फौजदारी निकायहरुको आधुनिकीरण वा वैज्ञानिकरण गर्ने ।
- फौजदारी न्याय प्रणालीको योजनावद्ध विकासमा नेपाल सरकारको ध्यान पुग्नु आवश्यक छ। नेपाल सरकार, कानून, न्याय तथा संसदीय मन्त्रालय र महान्यायाधिवक्ताको ध्यानाकर्षण सर्वोच्च अदालतले गराउनुपर्ने ।
- साना तिना मामुली खालका खासै महत्वरहित मुद्दाहरुका प्रतिवादीलाई सरकारी वकीलले नै कागज गराई छाडन सक्ने कानूनी व्यवस्था नै गर्ने हुन्छ । फौजदारी कार्यविधि संहिता विधेयक संसदबाट पास भएमा समस्या समाधान हुने अपेक्षा गर्न सकिन्छ । सो विधेयक पारित नभएसम्म सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ मा सम्शोधन गर्नुपर्ने ।
- जुनसुकै मुद्दामा अधिकतम सजायको दावी गर्ने प्रचलनको अन्त्य गरी यथार्थ र बास्तबिक दावी मात्र सरकारी वकील कार्यालयले गर्नुपर्ने । ( महान्यायाधिवक्ताले परिपत्र र निर्देशन जारी गर्नुपर्ने )
- प्रमाण सङ्कलन र साक्षी वकपत्रलाई छिटो र प्रभावकारी बनाउने ।

- साक्षी परीक्षणलाई  सरल र ठोस बनाउने ( ठीक समयमा उपस्थितिको लागि तारेख तोकी तोकिएको समयमा साक्षी परीक्षणको कार्य प्रारम्भ गरी सोधपूछलाई न्यायाधीशको नियन्त्रणमा संचालन गर्ने गराउने ।
- अदालतमा साक्षी वकपत्र गर्न आउँदा जाँदाको खर्च सरकारी मुद्दासम्वन्धी नियमावली, २०५५ अनुसार अनिवार्य उपलब्ध गराउर्ने । साक्षीको खर्च अर्थ मन्त्रालयले बजेट निकासा प्रहरी कार्यालयलाई दिनुपर्ने ।
- साक्षीको बकपत्र सम्वन्धी कार्यलाई प्रभावकारी र विश्वासनीय पार्न साक्षी परीक्षण सम्वन्धी कार्यशाला र छलफलमा सरकारी वकील, सार्वजनिक प्रतिरक्षा गर्ने कानून व्यवसायी र अदालतका अधिकृतहरुलाई समावेश गर्ने ।

## २.२२.शुरुमा मेलमिलापको लागि एक पटक अनिवार्य पठाउनु पर्ने

- नेपाल सरकार वादी हुने मुद्दाबाहेकमा वादी र प्रतिवादीले मिलापत्र गर्न सक्ने छन् । ( अ.बं.१८२ न.)
- मिलापत्रले पक्षहरु बीच विवादको स्थायी समाधान हुने हुँदा मिलापत्रलाई व्यवहारिक, फलदायी, उपयोगी र संस्थागत बनाउन जिल्ला अदालत नियमावलीमा विभिन्न कानूनी व्यवस्थाहरु गरेका छन । ( नियम ३२ देखि ३२ढ. सम्म ) । सर्वोच्च अदालत नियमावली र पुनरावेदन अदालत नियमावलीमा पनि मिलापत्रलाई विशेष मान्यता दिएको पाइन्छ ।
- मेलमिलापद्वारा मुद्दाको काम कारवाही छिटो छरितोरुपमा टुङ्गिने भई विवादको अन्तिम समाधान हुने भएकोले मेलमिलापलाई अदालतले महत्वपूर्ण संयन्त्रको रुपमा स्वीकार गरेको छ । मेलमिलाप सम्वन्धी ऐन, २०६८ लागु भइसकेकोले यसबाट मेलमिलाप कार्यमा ठूलो योगदान दिएको छ । शुरुमा मेलमिलापको कार्य मेलाको रुपमा केही जिल्ला अदालतबाट संचालन गरिएको मेलमिलाप सम्बन्धी पद्धतिलाई पुनरावेदन र सर्वोच्च अदालत तहसम्म प्रवेश गराई संस्थागत भएकोमा प्रशंसनीय कार्य भएको भएको छ । विवाद समाधानको यो लोकप्रिय कार्यक्रमले राष्ट्रिय मान्यता प्राप्त हुनु सबैको लागि सुखद अवस्थाको अनुभूति भएको छ ।
- जिल्ला अदालत नियमावली, २०५२ को नियम ३२ख१.मा मुद्दामा दुबै पक्ष उपस्थित भएको पहिलो तारिखकै दिन कानून बमोजिम मिलापत्र हुन सक्ने मुद्दाका पक्षहरुलाई मेलमिलापको

गर्न सेस्तेदारले उत्प्रेरण गर्नु पर्नेछ भन्ने व्यवस्था भए पनि कार्यान्वयन प्रभावकारी भएको छैन। यो व्यवस्थाको अतिरिक्त पक्षहरुको पहिलो तारिख जोडिएपछिको पहिलो पेशीमा नै न्यायाधीशले मेलमिलापमा लागि एक पटक अनिवार्य पठाउनु पर्ने व्यवस्था राख्नु मनासिव हुन्छ । यसले गर्दा प्रमाण सङ्कलन भन्दा पहिला नै मिलापत्र हुन सकेमा अदालत र पक्षहरुको समय, साधन र स्रोतको बचत हुन्छ ।

**सुझाब**

जिल्ला अदालत नियमावली, २०५२ को नियम ३२ख१.पछि नियम ३२ख२ थपी पक्षहरुको पहिलो तारिख जोडिएपछिको पहिलो पेशीमा नै सुरु तहको न्यायाधीशले मेलमिलापमालागि एक पटक अनिवार्य पठाउनु पर्ने व्यवस्था राख्ने ।

# परिच्छेद–नौ

# मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नका लागि अन्य प्रक्रियागत व्यवस्थापकीय सुधारको लागि दिइएका सुझावहरु

## १.विषय प्रवेश

कार्यविधि सम्वन्धी कतिपय कानूनका प्रावधानहरुले मुद्दा छिटो, छरितो र सरल पार्ने कार्यमा बाधा गरिरहेका हुन्छन । लामा र अव्यवहारिक कार्यविधि कानूनहरुलाई समयानुकूल सुधार गर्न अघिल्लो परिच्छेदमा सुझाब प्रस्तुत गरिएका छन । कानूनी प्रावधानहरु मात्र ढिलासुस्तीका दोषी अवश्य पनि होइनन् । म्याद तामेलीमा ढिलासुस्ती, फैसला लेखनमा ढिलासुस्ती, फैसलाको तपसिल खण्ड लेखनमा लापरवाही, देवानी मुद्दाको तपसीलखण्डमा कोर्ट फीको स्पष्ट उल्लेख नहुनु र अ.बं. २१० नं वमोजिमको सूचना जारी नगर्ने समेतका विविध कारणहरुले पनि मुद्दाको कारवाहीमा प्रभाव पारेको हुन्छ । यस्ता व्यबस्थापकीय काम कारबाहीहरुको कारणले गर्दा पनि मुद्दाको आयु लामो हुन्छ अर्थात मुद्दाको काम कारबाहीको छरितोपनलाई ढिलासुस्तीमा रुपान्तरण गर्न सहयोग हुन्छ । तसर्थः यस परिच्छेदमा कानून बाहेकका मुद्दाको काम कारबाहीलाई प्रभावित गर्ने विषयमा संक्षेपमा छलफल गरी सुझाब प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

## २.प्रक्रियागत व्यवस्थापकीय सुधार

अदालतको प्रक्रियागत व्यवस्थापकीय सुधारमा निम्न सुझाबहरु प्रस्तुत छनः

### २.१.वहस व्यवस्थापनमा समय निर्धारण गर्नुपर्ने

बहस व्यवस्थापनलाई व्यवस्थित बनाई मुद्दाको काम कारवाही छिटो छरितो र प्रभावकारी तुल्याउनको लागि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६६, पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ५४ र जिल्ला अदालत नियमावली, २०५२ को नियम ३३ मा गरिएको कानूनी व्यवस्थालाई खासै प्रभावकारी प्रयोग गर्न नसकेकाले वहस व्यवस्थापन गरी कारवाहीलाई सरल पार्न सकिएको छैन । वहस व्यवस्थापनले न्याय छिटो छरितो पार्न ठूलो सहयोग र योगदान गर्ने हुँदा यसको पालनाको लागि न्यायका सबै सरोकारवालाहरुको सकरात्मक सहयोग अपरिहार्यता छ । यसको लागि निम्न सुझाब प्रस्तुत गरिएका छनः

**सुझाव**

- बहस व्यवस्थापन सम्वन्धी नियमावलीहरुमा भएका व्यवस्थालाई क्रियाशील तुल्याई प्रभावकारी रुपमा कार्यान्वयन न्यायाधीशले गर्नुपर्ने ।
- सामान्यतयाः विवादको विषय निर्धारण गर्दाकै अवस्थामा वा सुनुवाईको लागि पेशी चढाउने तारिखको दिनमा बहसमा लाग्ने समय छलफल गरेर निर्धारण गर्ने र निर्धारण गरिएको समयभित्र बहसको प्रस्तुति सम्पन्न गर्ने गराउने ।
- वहसको समय सरल, जटिल वा अति जटिल मुद्दाको आधारमा विचार गरी तय गर्ने ।
- समय निर्धारण गर्नका लागि सम्वन्धित कानून व्यवसायीहरुलाई वहसको लागि समय प्रस्तावित गर्न लगाउने ।
- वहस समय प्रस्तावित गर्ने र निर्धारण गर्ने प्रयोजनका लागि आवश्यक फाराम तयार गरी प्रयोगमा ल्याउने ।
- वहसको लागि सामान्यतयाः देहाय वमोजिमको समय निर्धारण गर्ने गरी मापदण्ड सर्वोच्च अदालतले तयार गरी सबै अदाललाई परिपत्र जारी गर्नु उचित हुन्छ । ( यो सुझाव मुद्दा व्यवस्था पद्धति विकास सम्वन्धी अध्ययन प्रतिवेदन, २०६६ को सिफारिसमा आधारित छ) :

१. सरल समूहको मुद्दामा वादी पक्षलाई बढीमा १५ मिनेट र प्रतिवादी पक्षलाई बढीमा १५ मिनेट।

२. साधारण समूहको मुद्दामा वादी पक्षलाई बढीमा २० मिनेट र प्रतिवादी पक्षलाई बढीमा २० मिनेट ।

३. जटिल समूहको मुद्दामा वादी पक्षलाई बढीमा ३० मिनेट र प्रतिवादी पक्षलाई बढीमा ३० मिनेट।

४. अति जटिल समूहको मुद्दामा वादी पक्षलाई बढीमा १ घण्टा र प्रतिवादी पक्षलाई बढीमा १ घण्टा।

५. थुनछेक आदेश आदिमा वादी पक्षलाई बढीमा २० मिनेट र प्रतिवादी पक्षलाई बढीमा २० मिनेट।

६. रोक्का फुकुवा सम्बन्धी कुरामा  वादी पक्षलाई बढीमा १० मिनेट र प्रतिवादी पक्षलाई बढीमा १० मिनेट ।

## २.२.तपसील खण्डको लेखनमा सुधार गर्नुपर्ने

- तपसील खण्ड लेखनको फैसलामा महत्वपूर्ण स्थान हुन्छ । लेखनमा त्रुटि भएमा समस्या उपन्न भई मुद्दाको बाँकी काम कारवाहीमा नकरात्मक प्रभाव श्रृजना गर्दछ ।
- यस ( सर्वोच्च) अदालतमा विचराधीन कतिपय पुराना मुद्दाहरुको कारवाही प्रकृया हेर्दा पुनरावेदन अदालतको फैसला तयार गर्दा फैसला वा तपसील खण्डमा स्पष्ट पार्नुपर्ने विवरणहरु उल्लेख नै नगरी वा उल्लेख गरेपनि स्पष्ट उल्लेख नगरी वा फरक पर्ने गरी उल्लेख गरेका कारण अनावश्यक रुपमा लम्विन गएको देखियो । न्याय प्रशासन ऐन,२०४८ को दफा ९(१) (ग) मा संशोधन भएको लामो समय व्यतीत भइसक्दा पनि पुनरावेदन म्याद दिने वा नदिने गर्नुपर्नेमा कतिपय मुद्दामा त्यस्तो नगरेकोले त्यस्तो अवस्था पुनः श्रृजना नहोस भन्नेतर्फ सबै पुनरावेदन अदालतका माननीय मुख्य न्यायाधीशहरुको ध्यानाकर्षण गराउन सम्माननीय प्रधान न्यायाधीशज्यू समक्ष अनुरोध गर्ने । ( सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समितिको २०७१।८।१५ गतेको निर्णय )
- पुनरावेदन अदालतहरुले कतिपय मुद्दाहरुमा फैसला गर्दा पुनरावेदक र प्रत्यर्थी दुवै पक्षलाई अनिवार्य रुपमा दिनुपर्ने पुनरावेदनको म्याद दिएको पाइदैंन र सरकारवादी मुद्दामा पुनरावेदन अदालतबाट पुनरावेदन सरकारी वकील कार्यालयलाई फैसलाको जनाउ र पुनरावेदनको म्याद दिएको कतिपय मुद्दामा दिएको छैन । यी कारणहरुबाट पनि सर्वोच्च अदालतबाट नै पुनरावेदनको म्याद वा जनाउ दिनु परेको कारणबाट सरकार बादी फौजदारी मुद्दाको अवधि लम्बिएको छ । साथै देवानी मुद्दामा कतिपय मुद्दाको फैसलाको तपसीलखण्डमा कोर्ट फीको सम्बन्धमा स्पष्ट उल्लेख नभएको कारणबाट पुनरावेदन गर्दा पक्षलाई कठिनाई उत्पन्न हुने र पुनरावेदन दर्ता गर्न समेत अलमल हुने अवस्था रहेको छ । (सर्वोच्च अदालतमा बिचाराधीन मुद्दाहरुमा फरक मुद्दाका लागि फरक व्यबस्थापन ( डि.सि.एम ) पद्धति कार्यान्वयन सम्बन्धी अध्ययन प्रतिवेदन, २०७०)
- अतः तपसीलखण्ड लेखनको समस्याबाट पनि मुद्दाको काम कारवाहीमा ढिलाई भएको देखिएको हुँदा यस्ता त्रुटिमा सुधार तत्काल गर्नुपर्ने आवश्यकता हुन्छ । यसका लागि निम्न सुझाब दिइएका छन् :

**सुझाबहरु**

- फैसलाको तपसीलखण्डको उपयुक्त लेखन र कमजोरीहरुको सुधारको लागि पुनरावेदन र जिल्ला अदालतहरुलाई उपयुक्त निर्देशन र परिपत्र जारी गर्नुपर्ने ।
- पुनरावेदन तहका इजलास अधिकृतहरुलाई तपसील खण्डको लेखनसम्वन्धमा अन्तरक्रिया र तालिम गराउने ब्यवस्था गराउनुपर्ने ।
- तपसीलखण्डको लेखन र महत्वसम्वन्धी पुनरावेदन तहका माननीय न्यायाधीशहरुबीच अन्तरक्रिया र छलफल कार्यक्रम गराउनुपर्ने ।

## २.३.मुद्दालाई वर्गीकरण गरी समूहकृत गर्ने

- मुद्दा (रिट समेत) लाई विषयगत आधारमा वर्गीकरण गरी फाँट खडा गर्ने र सोही अनुसार कजलिष्ट व्यवस्थापन गर्ने ।सरल जटिल वा सामान्य प्रकृतिका मुद्दा दर्ताकै समयमा पहिचान गरी कार्यविधिमा समेत तदनुरुप व्यवस्था गरी पेशी चढाउने । ( सर्वोच्च अदालत व्यवस्थापन समितिको निर्णय )
- रिट निवेदन वा अन्य केही खास प्रकृतिका मुद्दामा ठहर गर्नुपर्ने कानूनी प्रश्न पत्ता लगाई मुद्दाको समूह विभाजन गर्ने कार्यका लागि विशेषज्ञ समूह रहेको एउटा कार्यदल गठन गरी ३ महिनाभित्र कार्य सम्पन्न गराउनु पर्ने । ( सर्वोच्च अदालतमा परेका मुद्दाहरुमा छिटो छरितो कारवाही किनारा गर्न अपनाउनुपर्ने उपाय सम्वन्धमा गरिएको अध्ययन प्रतिवेदन, २०६० )
- फरक फरक मुद्दामा फरक व्यवस्थापन पद्दति लागू गर्न नयाँ ढङ्गबाट सोच्नुपर्ने मुद्दाको प्रकृति, कानूनी प्रश्न, संलग्न पक्षहरुको संख्या, कानूनले तोकेको कार्यविधि तथा वर्तमान अवस्थामा त्यस्ता मुद्दाहरुको कारवाहीमा लाग्ने गरेको सरदर समयसमेतलाई दृष्टिगत गरी फरक फरक मुद्दामा फरक व्यवस्थापन पद्दति लागू गर्दा मुद्दालाई सरल, साधारण, जटिल र अतिजटिल गरी चार समूहमा वर्गीकरण गर्ने, सरल समूहका मुद्दामा संक्षिप्त मार्ग, साधारण समूहका मुद्दामा छिटो मार्ग, जटिल समूहका मुद्दामा सामान्य मार्ग र अतिजटिल मुद्दामा विशेष मार्ग प्रयोगमा ल्याउनुपर्ने, फरक मुद्दामा फरक व्यवस्थापन पद्दति संचालनमा ल्याउन तथा समयसारिणी पद्दतिलाई कार्यान्वयनमा ल्याउन कार्यदल गठन गरी निर्देशिका पुस्तिका निर्माण

गर्न लगाउने र प्रतिवेदन कार्यान्वयन गर्न डि.सि.एम. संचालनमा ल्याउनुपर्ने । ( मुद्दा व्यवस्था पद्धति विकास सम्वन्धी अध्ययन प्रतिवेदन, २०६६ )

- फरक फरक मुद्दाको फरक ब्यवस्थापन पद्धतिलाई लागू गर्नु पूर्व मुद्दाको कारबाहीसम्वन्धी स्पष्ट समयतालिकाको निर्माण गरी लागु गर्न उपयुक्त हुने । ( जिल्ला अदालतहरुमा समयतालिका पद्धति लागु गर्नेसम्वन्धी वेसलाइन सर्वेक्षण प्रतिवेदन, २०६९ )
- रिट निवेदनहरुलाई बिषयगतभित्र पनि समान बिवादहरुको आधारमा बर्गीकरण गरी सुनवाईको लागि पेश गर्ने, सरल, जटिल र अति जटिलमा मुद्दाको बर्गीकरण गर्ने, सरल, जटिल र अति जटिलमा समूहमा मुद्दा बर्गीकरण गर्ने आधारहरु उल्लेख गरेको, जटिल मुद्दाभित्र पनि सरल मुद्दा छुट्याउने आधारहरु उल्लेख गरेको, मुद्दा दर्तादेखि नै बर्गीकरण गरी प्रकृति छुट्टाउनुपर्ने, मुद्दा महाशाखामा Tracking System and Classification शाखा बनाउनुपर्ने र सरल समूहको बर्गीकरणमा परेका एकै प्रकृतिका मुद्दालाई एकैसाथ सुनवाईको लागि पेश गर्ने व्यबस्था गर्ने । (सर्वोच्च अदालतमा बिचाराधीन मुद्दाहरुमा फरक मुद्दाका लागि फरक व्यबस्थापन ( डि.सि.एम ) पद्धति कार्यान्वयन सम्बन्धी अध्ययन प्रतिवेदन, २०७० )
- उपर्युक्त अध्ययन प्रतिवेदनले मुद्दाको छिटो छरितो र सरल कारवाही र किनारा गर्नको लागि मुद्दा दर्ता कै अवस्थामा सरल, जटिल र अति जटिल समूहमा वर्गीकरण गरी सरल समूहका मुद्दामा संक्षिप्त मार्ग, जटिल समूहका मुद्दामा सामान्य मार्ग र अतिजटिल समूहका मुद्दामा विशेष मार्ग प्रगोगमा ल्याउनुपर्ने भन्ने राय दिएको निष्कर्ष आउँछ । अतः मुद्दाहरुलाई वर्गीकरण गरी समूहकृत गर्न निम्न सुझाबहरु पेश गरिएका छन् :

**सुझाब**

- मुद्दाको छिटो छरितो, सरल कारवाही र किनारा गर्नको लागि मुद्दा दर्ताकै अवस्थामा सरल, जटिल र अति जटिल समूहमा वर्गीकरण गर्ने व्यवस्था मिलाउनु पर्ने,
- मुद्दा दर्तादेखि नै बर्गीकरण गरी प्रकृति छुट्टाउनको लागि मुद्दा महाशाखा / शाखामा Tracking System and Classification शाखा / फाँट बनाउनुपर्ने
- डि.सि.एम. पद्धतिको विकास गरी कार्यान्वयन गर्नुपर्ने
- समूह वर्गीकरणको आधारमा पेशी व्यवस्थापनको कार्य संचालन गर्नुपर्ने
- मुद्दा महाशाखा / शाखा अन्तरगतका सवै प्रमुख, अधिकृत, फाँटवाला कर्मचारीहरु सबैलाई मुद्दा वर्गीकरण र मुद्दा ब्यवस्थापन सम्वन्धमा छलफल र अन्तरक्रिया गराउनुपर्ने ।

## २.४.वालवालिका, महिला, एकल महिला, वृद्ध र अशक्त व्यक्तिको मुद्दालाई प्राथमिकता दिई छिटो किनारा गर्नुपर्ने

- सानातिना अंश मुद्दालाई छिटो किनारा गर्नुपर्ने र वालवालिका, महिला, विधवा, वृद्धको मुद्दाको औचित्यलाई विचार गरी पेशी कोटाको अनुपातमा समानुपातीक रुपमा पेशी दिने । (सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समितिको मिति २०७२।४।१७ गतेको निर्णय )
- न्यायमा सरल र सहज पहुँच बनाई न्यायको अनुभूति दिन पनि यी वर्गका मुद्दालाई कारवाही र किनारामा प्राथमिता दिनु पर्ने हुन्छ । सुझाब निम्न छन्:

**सुझाब**

- लगातार सुनुवाईमा लाने व्यवस्था मिलाउनु मिलाउन सकिन्छ ।
- तोकिएको इजलासमा पेश गर्ने व्यवस्था गर्न सकिन्छ ।
- प्राथमिकतामा राख्न सकिन्छ ।
- मुद्दा समानुपातिकरुपमा पेशी चढाउने व्यवस्था गर्न सकिन्छ ।

## २.५.सरकारी मुद्दामा जाहेरी दरखास्तको कारवाही चाँडो गरी अनुसन्धान समयमा गर्नुपर्ने

सरकारी मुद्दामा जाहेरी दरखास्तलाई तत्काल समयमा कारवाही गरी प्रहरीले अनुसन्धान नगर्दा पनि नागरिकले न्यायमा सहज पहुँच प्राप्त गर्न सकेका छैनन् । यो समस्या पनि न्यायमा सहज पहुँचको लागि वाधक नै रहेको तथ्य कसैबाट छिपेको छैन । कतिपय पीडित वा जाहेरवालाहरु अदालतमा परमादेशको आदेश जारी गरी पाउँ भनी निवेदनमा आएका हुन्छन । यसबाट पनि मुद्दाको प्रारम्भिक कारवाहीमा ढिलासुस्ती भएको पुष्टि हुन्छ । जाहेरी दरखास्तमा उपयुक्त अवधिमा कारवाही गरी अनुसन्धान गरी दिनु प्रहरी कार्यालयको दायित्वमा पर्दछ ।

**सुझाब**

जाहेरी दरखास्त पर्नासाथ शिघ्र कारवाही गरी अनुसन्धान पूरा गर्नुपर्ने प्रहरी कार्यालयको कर्तब्यको पालना गर्न लगाउनु पर्ने ।

## २.६.विवादको बिषय निर्धारण गर्नुपर्ने

- दुबै थरको कुरा मिले नमिलेको बिचार गरी कुरा मिलेको देखिंन आएमा तुरुन्त निर्णय सुनाउनु पर्छ । आँशिक वा पूर्ण रुपमा नमिलेको दखिन आएमा जुन कुरामा मुख नमिलेको

हो सो कुरामा मात्र प्रमाण बुझ्न स्पष्ट पर्चा खडा गरी आदेश गर्नुपर्छ भन्ने अ.बं. १८४क .न. मा कानूनी ब्यवस्था छ ।

- प्रारम्भिक सुनुवाईमा मुद्दा किनारा हुने अवस्था देखिन आएन भने मात्र अदालतले अ.बं.१८४क नं. को कानूनी ब्यवस्थामा प्रवेश गर्दछ । यसै अवस्थामा विवादको पहिचान समेतगरी अ.बं.१८४क. न. को कानूनी ब्यवस्था अनुसार आदेश पर्चा गर्नुपर्ने हुन्छ ।
- मुद्दामा विवादको विषय पहिचान गर्ने सम्बन्धमा सर्वोच्च अदालत एवं पुनरावेदन अदालत नियमावलीहरुमा रहेको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन आवश्यकता छ । विवादको प्रारम्भिक चरणमा नै विवादको विषय निर्धारण गर्ने कुरालाई व्यवस्थापन गरिनु पर्दछ । विवादलाई समाधानको लागि यो आवश्यक मानिन्छ । ( मुद्दा व्यवस्थापन पद्धति विकास सम्बन्धी अध्ययन प्रतिवेदन, २०६६ )
- मुद्दामा विवादको विषय निर्धारण पहिला गर्ने गरी सुनुवाई गर्दा विवादको छिटो र सरल रुपमा समाधान गर्न सकिन्छ ।

**सुझाब**

- अ.बं १८४क नं.को कानूनी ब्यवस्थाको पालना गर्ने गराउने कार्यलाई प्रभावकारी पार्नु पर्दछ।
- निरीक्षणलाई प्रभावकारी बनाउने कार्य गर्नुपर्दछ ।
- छलफल, अन्तरक्रिया र तालिम अनिवार्य गराउनु पर्दछ ।

## २.७.मुद्दा सुनुवाइ स्थगनमा नियन्त्रण गर्नुपर्ने

- पक्ष वा कानून ब्यवसायीले निवेदन दिएमा अदालतले बढीमा दुई पटकसम्म सुनुवाई स्थगित गर्न सक्नेछ । दुई पटकसम्म सुनुवाई स्थगित भइसकेको मुद्दा र फैसला गर्न म्याद नाघेको मुद्दाको सुनुवाई स्थगित हुने छैन भन्ने जिल्ला अदालत नियमावलीको नियम ३५ मा व्यवस्था छ ।
- मुद्दा सुनुवाइका लागि पेशी तोकिएकोमा यो वा त्यो वहानामा अनावश्यक ढङ्गबाट सार्दै जाने प्रवृत्तिबाट हाम्रो न्याय सम्पादन प्रक्रिया मुक्त हुन नसकेको कटु यथार्थ हाम्रा सामुन्नेमा छ । सुनुवाइ स्थगन गर्ने गराउने कुरामा कानून व्यवसायी, अदालतका कर्मचारी, सरकारी वकील, न्यायाधीश एवं मुद्दाका पक्षहरु समेत सबै सरोकारवालाहरुको भूमिका रहने गरेको पाइन्छ ।

सुनुवाइ स्थगनका कारणले न्याय सम्पादनको कार्य प्रभावित भएको छ भन्ने पक्षमा सम्भवतः थप वहसको जरुरत पनि छैन । त्यसैले मुद्दा सुनुवाइ स्थगित गर्ने कुरालाई वाञ्छित हदसम्म नियन्त्रण गर्नकालागि रणनीतिक उपायहरु अपनाउन आवश्यक देखिएको छ।( मुद्दा व्यवस्थापन पद्धति विकास सम्बन्धी अध्ययन प्रतिवेदन, २०६६ )

- जिल्ला अदालत नियमावली,२०५२ को नियम ३५, पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ५३ र सर्वोच्च अदालत नियमावली,२०४९ को नियम ६५ मा दैनिक पेशी सूचीमा चढेको कुनै पनि मुद्दा पेशी सूचीबाट नहटाइने व्यवस्था गरे पनि अझै पनि यो व्यवस्था प्रभावकारी रुपमा लागु हुन सकेको छैन ।
- विभिन्न अध्ययन प्रतिवेदनहरुले पेशी स्थगित गर्ने कार्यबाट मुद्दा किनारामा बाधा पुगेको तथ्य स्थापित भएको छ । यसको समाधान गर्नु नै पर्ने हुँदा निम्न सुझाब प्रस्तुत छन्:

**सुझाब**

- पर्याप्त र मनासिव कारण भएमा मात्र सुनुवाइ स्थगित गर्ने । सुनुवाई स्थगन सम्बन्धमा नियमावलीमा रहेको व्यवस्था कडाईका साथ पालना गर्नुपर्ने,
- मुद्दामा कुनै कुरा बुझ्न बाँकी रहेको वा कसैलाई झिकाउन, बुझ्न आवश्यक भएको कारणबाट तोकिएको मितिमा सुनुवाइ कार्य सम्पन्न हुन नसकेको अवस्थामा पनि त्यस्तो कार्य सम्पन्न गर्न लाग्ने अबधि यकिन गरी आदेश गर्ने,
- पेशी स्थगित गरिएको अवस्थामा यथासम्भव छोटो अबधिको पेशी तोक्ने,
- मुद्दाका पक्ष वा कानून व्यवसायी जतिसुकै बढी संख्यामा भएपनि मुद्दाका एउटा पक्षका तर्फबाट बढीमा २ पटक भन्दा बढी स्थगनको कार्यलाइ रोक्ने,
- अनावश्यक रुपमा मुद्दा सुनुवाइ स्थगन गरेको कुरालाई न्यायाधीशको कार्य सम्पादन मूल्याङ्कनको आधार बनाउने ।

## २.८.फिरादपत्र दर्तामा विशेष ध्यान पुऱ्याउनुपर्ने

- अदालतमा दर्ता हुन आउने जुनसुकै लिखत कागजात वा विचराधीन रहेका मुद्दाका पक्षले दिने कुनै पनि निवेदनमा त्यस्तो पक्षलाई अदालतले खोजेका बखत उपस्थित गराउन वा म्याद सूचना जारी गर्न सकिने गरी स्पष्ट वतन र सम्पर्क फोन नं., मोवाइन नं समेत लिने । कुनै पक्षले तारिखमा नरही मुद्दाको कारवाई गर्न चाहेमा पेशीको सूचना निजको मोवाइलमा

दिने र सोको रेकर्ड यस अदालतको सूचना प्रविधि शाखामा रहने व्यवस्था गर्नका लागि सूचना प्रविधिशाखासंग समन्वय गरी कारवाई अगाडि बढाउन यस अदालतका रजिष्ट्रारलाई निर्देशन दिने । (सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समिति)

- प्रत्येक लिखतमा पक्ष र विपक्षको नाम थर ठेगानाको साथै टेलिफोन नम्बर, ईमेल ठेगाना, कुनै कार्यालयमा काम गर्ने भए कार्यालको नाम, पद र कार्यालयको ठेगाना, ब्लक नं. र फेला पार्न सकिने परिचायत्मक विवरण सहित उल्लेख हुनुपर्दछ भन्ने जिल्ला अदालत नियमावलीको नियम १४ख.मा उल्लेख छ ।
- फिरादपत्रमा प्रतिवादीको स्पष्ट ठेगाना नखुलेको कारणले प्रतिवादीको म्याद तामेल गर्न कठिनाई हुन्छ र मुद्दाको कारवाही लामो हुन्छ । साथै वादीको ठेगाना स्पष्ट उल्लेख हुन नसकेको अवस्थामा पुनरावेदन तहका झिकाउने कार्यमा वा पुनरावेदनको म्याद तामेल गर्ने अवस्थामा कठिनाई भई मुद्दाको कारवाहीमा लामो समय लाग्ने हुन्छ ।
- अतः शुरुदेखि नै दुवै पक्षको स्पष्ट वतन र सम्पर्क फोन नं, मोवाइन नं समेतका विवरण स्पष्ट उल्लेख हुन अनिवार्य हुन्छ । यसको लागि निम्न सुझाब छन्ः

**सुझाब**

- मुद्दा दर्ता गर्दा सवै विवरण केलाउने र कुनै कुरा अस्पष्ट भएमा खुलाउन लगाउने,
- पक्ष र विपक्षको नाम थर ठेगानाको साथै टेलिफोन नम्बर, ईमेल ठेगाना समेत स्पष्ट उल्लेख हुनुपर्दछ भन्ने जिल्ला अदालत नियमावलीको नियम १४ख.को परिपालना गर्ने गराउन लगाउने,
- दुवै पक्षको स्पष्ट वतन र सम्पर्क फोन नं., मोवाइन नं र इमेल तथा फोटो समेतका परिचयात्मक विवरण कडाईका साथ लिने व्यवस्था मिलाउने ।

## २.९.विद्यमान कार्यविधिमा सुधार गर्नुपर्ने

- लामो, जटिल र बढी औपचारिकता निर्वाह गर्नुपर्ने र बढी समय लाग्ने किसिमको विद्यमान कार्यविधिमा सुधार गर्नेपर्ने । ( अतिरिक्त समयमा अदालत सन्चालन गर्ने सम्वन्धी सम्भाब्यता अध्ययन प्रतिवेदन, २०६८ )

- हाल कायम रहेका कार्यविधिका झन्झटिला र मुद्दा लम्बाउने कार्यविधिको सुधार गरी समय सापेक्ष बनाउने प्रयास गरिएको छ । ( देवानी संहिता तथा देवानी कार्यविधि संहिताको मसौदा तथा प्रतिवेदन, २०६७ को पृष्ठ ९ दफा ६.४ )
- अतः मौजुदा कार्यविधि कानूनहरुका कतिपय प्रावधानहरु अव्यवहारिक र प्रक्रिया नै लम्ब्याउने खालका हुँदा समय सापेक्ष कार्यविधि कानूनको खाँचो देखिन्छ । यस सन्दर्भमा निम्न सुझाब पेश गरिएका छन्ः

**सुझाब**

- देवानी कार्यविधि संहिता र फौजदारी कार्यविधि संहिता लागु हुनुपर्ने,
- नियमावलीहरुमा सामायिक संशोधन गर्नु पर्ने

## २.१०.छिटो छरितोका बाधाहरु पन्छाउने

- मुद्दामा छिटो छरितोपन ल्याउनलाई व्यवस्था गरिएको न्याय प्रशासन ऐन, २०४८ को दफा १४ (ख) को परिपालना पुनरावेदन अदालतबाट नै गरिनु वाञ्छनीय हुने । (लक्ष्मीदेवी शाह समेत वि. जयपालकुमारी शाह मुद्दा बाली विगो ०५८ दे.पु.नं. ८०२० सर्वोच्च अदालत विषयगत नजीर संग्रह २०६६ भाग ९ कार्यविधि कानून देवानी पृष्ठ १६० )
- न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनका. लागि "छिटो छरितो न्याय, सबैका लागि " भन्ने नारासहित सेवाग्राहीको आवश्यकता र अपेक्षालाई केन्द्रबिन्दुमा राखिएको छ । योजनाका लक्ष्यमा न्याय सम्पादनको कार्यलाई छिटोछरितो तुल्याउने, न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने तथा मूल रणनीतिमा न्यायिक कार्यविधिलाई सरल बनाउने तथा सहयोगी रणनीतिमा मुद्दा फैसला र फैसलाको तयारी तोकिएको समयाबधि भित्र गर्ने प्रबन्ध मिलाउने मुद्दा ब्यवस्थापन पद्धतिलाई प्रभावकारी बनाउने र म्याद तामेली कार्यलाई प्रभावकारी बनाउने कार्य योजनाहरु पनि राखिएका छन् ।
- छिटो छरिताका बाधाहरु पन्छाउन सकेको अवस्थामा मात्र न्यायमा विश्वास दिलाउन सरल र सहज हुन्छ । यसका लागि निम्न सुझाव छनः

**सुझाब**

- मुद्दा ब्यवस्थापन पद्धतिमा सुधार गरी प्रभावकारी बनाउने,

- म्याद तामेली कार्यलाई प्रभावकारी बनाउने,
- झन्झटिला ब्यवहारमा सुधार र परिबर्तन गर्नु पर्ने,
- निरीक्षण र अनुगमनलाई प्रभावकारी तुल्याउनुपर्ने,
- अदालतको परम्परावादी सोच र बिचारमा समयानुकूल मानसिकरुपमा परिवर्तन गर्नुपर्ने,
- कानूनी ब्यवस्थाको परिपालना गर्ने,
- जनताप्रति उत्तरदायी बनेर कार्य गर्नुपर्ने,
- सूचना प्रबिधि सञ्जाललाई मुद्दाको ब्यवस्थापन पक्षमा उपयोग गर्ने,
- पुरस्कार र दण्डलाई क्रियाशील बनाई कडाईका साथ कार्यान्वयन गर्ने,
- ब्यक्तिलाई भन्दा अदालत अदालतबीच न्याय सम्पादनमा स्वच्छ प्रतिस्पर्धा गर्नको लागि राम्रो र प्रशंसनीय कार्य सम्पादन गर्ने अदालतलाई नै पुरस्कृत गर्ने परम्परा बसाल्ने,
- रिक्त न्यायाधीशको पदपूर्ति नियमित, ब्यवस्थित र छिटो हुनुपर्ने ।

## २.११.प्रारम्भिक सुनुवाइको व्यवस्थालाई पालना गर्ने र गराउने

- दुबै थरको कुरा मिले नमिलेको बिचार गरी कुरा मिलेको देखिंन आएमा तुरुन्त निर्णय सुनाउनु पर्छ । आँशिक वा पूर्ण रुपमा नमिलेको देखिन आएमा जुन जुन कुरामा मुख नमिलेको हो सो कुरामा मात्र प्रमाण बुझ्न स्पष्ट पर्चा खडा गरी आदेश गर्नुपर्छ भन्ने अ.बं.१८४क. न. मा कानूनी ब्यवस्था छ ।
- पहिलो पटक इजलासमा मुद्दा पेश भएको अवस्थामा अभियोग दावी प्रमाणित हुनेसम्मको आधार र प्रमाण प्रस्तुत हुन आएको नदेखिएमा वा हदम्याद, हकदैया, अदालतको क्षेत्राधिकार भएको नदेखिएमा वा थप प्रमाण बुझिरहनुपर्ने नदेखिएमा सोही पेशीकै दिन त्यस्तो मुद्दा किनारा गर्न सकिनेछ । ( जिल्ला अदालत नियमवली नियम ४६क. )
- शुरु तहको अदालतमा यी कानूनी व्यवस्थाहरु मुद्दाको व्यवस्थापन गर्न अत्यन्त महत्वपूर्ण छन । यी व्यवस्थाहरुको उपयुक्त कार्यान्वयनको अभाव नै रहेको हुँदा मुद्दाले गति लिन खासै सकेको छैन ।
- अतः शुरु क्षेत्राधिकार अन्तर्गत खास गरी जिल्ला अदालतमा प्रारम्भिक सुनुवाईको व्यवस्थालाई पालना गरेमा पनि मुद्दाको छिटो छरितो रुपमा कारवाही हुनसक्ने अवस्था रहन्छ ।

**सुझाव**

- प्रारम्भिक सुनुवाइको व्यवस्थालाई पालना गराउने कार्यलाई प्रभावकारी पार्नुपर्ने ।
- प्रारम्भिक सुनुवाईलाई बस्तुनिष्ट बनाउनुपर्ने ।

## २.१२.मुलुकी ऐनको अ.बं. १४ र १५ नं. को पालना गर्नुपर्ने

- शुरु फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एकवर्षभित्र, पुनरावेदन फैसला गर्दा मिसिल प्राप्त भएको मितिबाट ६ महिनाभित्र फैसला गर्नुपर्छ । बुझ्नु पर्ने प्रमाण बुझिसकेपछि तोकिएको फैसला गर्ने म्याद बाँकी भएपनि मुद्दा फैसल गर्नलाई पैतीस दिन भन्दा ढिलो गर्नु हुँदैन भन्ने कानूनी व्यवस्था अ.बं. १४ नं मा छ ।
- तोकिएको म्याद तारिखमा फैसल गर्न र कारवाही गर्न अड्कने मुनासिव माफिकको कारण परिआएमा परिआएको अड्काउको व्यहोरा लेखी आफ्नो पुनरावेदन सुन्ने अड्डामा म्यादभित्रै जाहेर गनुपर्छ । सो अड्डाले जाँच्दा पनि मुनासिव ठहरी एक महिनासम्म म्याद थप दिनु पर्ने देखिएमा एक पटकलाई आफैले दिई र त्यसभन्दा बढी म्याद थप दिनुपर्नेमा तोक बोली आफूभन्दा माथिल्लो तहमा जाहेर गर्नुपर्छ । त्यस्तो जाहेरी आएमा सो माथिल्लो तहबाट जाँच्दा पनि अड्काउ मुनासिव ठहरी बढी म्याद थप दिनुपर्ने देखिएमा मुनासिव माफिकको अरु म्याद थप दिई सो म्याद तारिखमा कारबाही फैसला गर्न लगाउनुपर्छ भन्ने पनि अ.बं. १५ नं. मा व्यवस्था गरेको पाइन्छ ।
- यी वर्णित दुई कानूनी व्यवस्थाले अदालतमा दर्ता भएका मुद्दालाई तोकिएको समयमा नै किनारा गरी दिनुपर्ने दायित्व अदालतलाई सुम्पिएको छ । विभिन्न कारण र परिस्थितिले तोकिएको अवधिमा किनारा गर्न नसकिएमा पुनरावेदन सुन्ने माथिल्लो अदालतमा कारण खोली म्याद थपको लागि जाहेर गर्नु पर्दछ । तर तोकिएको म्यादभित्र मुद्दा किनारागर्ने केही हदसम्म भए पनि म्याद नाघेपछि माथिल्लो अदालतमा म्याद थप माग्ने कार्यमा कसैको चासोको विषय नै बन्न सकेको छैन । योजनाले पनि यसतर्फ ध्यान दिन सकेको देखिदैन ।
- मुलुकी ऐन अ.बं. १४ अनुसार शुरु फैसला गर्दा प्रतिवादी परेको वा पर्ने अवस्था पुगेको मितिबाट एक वर्षभित्र फैसला गर्नुपर्ने व्यवस्था भएकोमा जम्मा ६२ प्रतिशत मुद्दाहरुमा कानूनद्वारा तोकिएको अवधिभित्र फैसला भएको छ । यद्यपि तोकिए अवधिभित्र फैसला हुन नसक्नुमा कानूनी र अन्य समस्याहरु पनि कारण छन् तर यसको एउटा मूलभूत समस्या पनि

हो । कुनै एउटा मुद्दामा पनि कानूनले तोकेको अवधिभित्र फैसला गर्नुपर्छ भन्ने दृष्टिकोणले मुद्दामा अपनाउनुपर्ने विभिन्न कारवाहीका लागि योजनाबद्ध ढङ्गबाट कार्यतालिका बनाएर अगाडि बढेको पाइएन ।( जिल्ला अदातमा मुद्दा प्रवाहको अवस्था, २०६६ )

- व्यवस्थापन जतिसुकै चुस्त र प्रभावकारी भएपनि कहिलेकाहीँ विभिन्न कारणले गर्दा शत प्रतिशत नतिजा प्राप्त नहुने अवस्था पनि पर्दछ । मुद्दा फछ्र्यौटका सन्दर्भमा पनि कुनै मनासिव कारण परी तोकिएको समयावधिभित्र मुद्दा फैसला गर्न अड्काउ परेमा माथिल्लो अदालतमा जाहेर गरी अवधि थप लिनुपर्ने ब्यवस्था मुलुकी ऐनको अ.बं १५ नं. मा गरिएको छ । तर कानूनको यो व्यवस्था हुँदै नभए सरह एउटा पनि मुद्दामा सो बमोजिमको प्रक्रिया अवलम्बन गर्ने गरिएको छैन । यसले गर्दा मुद्दाको काम कारवाहीमा अदालतको जिम्मेवारी र उत्तरदायित्व फितलो मात्र तुल्याएको छैन, कारवाहीको पारदर्शितामा पनि प्रश्न चिन्ह लागेको छ । ( जिल्ला अदातमा मुद्दा प्रवाहको अवस्था, २०६६ )
- प्रस्तुत अध्ययन प्रतिवेदन र अनुभवको आधारमा पनि तोकिएको म्यादभित्र मुद्दा किनारागर्ने केही हदसम्म भए पनि म्याद नाघेपछि माथिल्लो अदालतमा म्याद थप माग्ने कार्यमा कसैको चासोको विषय नै बन्न सकेको छैन । योजनाले पनि यसतर्फ ध्यान दिन सकेको देखिदैन । शायद यो कानूनी व्यवस्थाको पालनामा सबैले चासो दिएर पालना गर्दै आएको भए स्थितिले अर्कै रुप धारण गर्न सक्ने अवस्था हुन सक्ने अनुमान गर्न सकिन्छ । म्याद थप गर्ने व्यवस्थालाई मात्र क्रियाशील गर्दा पनि अदालतको काम कारवाहीमा रक्त संचारको कार्य हुन सक्छ ।

**सुझाब**

अ.बं. १५ नं.को म्याद थप माग्नु पर्ने ब्यवस्थालाई कडाईका साथ पालना गर्नुपर्ने ।

**२.१३.सयय तालिका निर्धारण गर्ने कार्यलाई प्रभावकारी बनाउनुपर्ने**

सर्वोच्च अदालत नियमावलीको नियम ५८क, पुनरावेदन अदालत नियमावलीको नियम ४१क र जिल्ला अदालत नियमावलीको नियम ८५ख मा मुद्दाको समय तालिका निर्धारण गर्ने व्यवस्था आफैमा स्वागतयोग्य कार्य हो । तर व्यवहारमा यसको उपयोग नहुनु भनेको कार्यान्वयनको कमजोरी पक्ष हो । मुद्दाको काम कारवाहीलाई नै व्यवस्थित र प्रभावकारी बनाउन सक्ने यस्तो संयन्त्रलाई सबै जिल्लामा लागु गर्दा नै उपयोगी भई न्यायलाई छिटो छरितो बनाउन सकिन्छ ।

**सुझाब**

सर्वोच्च अदालतले परिपत्र गर्ने ।

# परिच्छेद दश

# कार्यविधि कानून, अन्य प्रक्रियागत व्यवस्थापकीय र झन्झटिला व्यवहारहरुमा गर्नुपर्ने सुधारको लागि दिइएका सुझावहरुको कार्यान्वयन योजना

## १. कानूनमा गर्नुपर्ने सुधारका सुझाब

| क्र.सं. | सुझाब | कार्य | कार्य सम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | जिल्ला अदालत नियमावलीको अनुसूची ४ख.मा मुद्दा थप गर्नुपर्ने | नीतिगत निर्णय गर्नुपर्ने | जिल्ला अदालत नियमावली संशोधन | तीन महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| २ | संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८ मा संशोधन गर्नुपर्ने | ऐन संशोधन गर्न लेखिपठाउने | ऐन संशोधन | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| ३ | संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८ अन्तर्गतका मुद्दा हेर्ने छुट्टै इजलास वा न्यायाधीश तोकिनुपर्ने | जिल्ला अदालत नियमावली संशोधन गर्ने | छुट्टै इजलास वा न्यायाधीश | तीन महिना | सर्वोच्च अदालत, पूर्ण बैठक, प्रधान न्यायाधीश |
| ४ | संक्षिप्त ( कार्यविधि) ऐन, २०२८ को नियमावली बनाउनु पर्ने | नियमावली बनाउन लेखिपठाउने | नियमावली राजपत्रमा प्रकाशन | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| ५ | अतिरिक्त समय ( सायमकालीन ) मा अदालत चलाउनु पर्ने | नियमावली संशोधन गर्ने | अतिरिक्त समय ( सायमकालीन ) अदालत संचालन | तीन महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | स्थानीय स्तरका न्यायिक निकायको कार्यविधि | नयाँ कानून निमार्णको लागि लेखिपठाउने | नयाँ कानून निर्माण | एक वर्ष | सर्वोच्च अदालत पूर्ण बैठक |
| ७ | घुम्ती अदालतको व्यवस्था आवश्यक नभएको | निरीक्षण र अनुगमनलाई प्रभावकारी तुल्याउने | निरीक्षण प्रतिवेदन | आवधिक | मुख्य न्यायाधीश, अनुगमन तथा निरीक्षण महाशाखा |
| ८ | विशिष्टीकृत इजलास कायम गरी समूह पद्धतिबाट मुद्दा किनारा गर्ने | सर्वोच्च र पुनरावेदन अदालत नियमावलीमा संशोधन गर्ने | विशिष्टीकृत इजलास गठन | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक, प्रधान न्यायाधीश |
| ९ | अ.बं.११५ नं. को साक्षी बुझ्ने प्रक्रिया सरल बनाउन सात दिनको समाव्हान जारी गर्ने | कानून संशोधन गर्न लेखिपठाउने | कानूनमा संशोधन | छ महिना | सर्वोच्च अदाल, पूर्ण बैठक |
| १० | स.मु.स.ऐन, २०४९ अन्तर्गतका मुद्दामा पुनरावेदन म्याद अवधि घटाएर तीस दिन गर्ने | कानून संशोधन गर्न लेखिपठाउने | कानूनमा संशोधन | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| ११ | अंश मुद्दाको कारवाही प्रक्रिया छोटो पार्ने | कानून संशोधन गर्न लेखिपठाउने | कानूनमा संशोधन | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| १२ | फैसला थाहा पाएको मितिले पुनरावेदन गर्ने अवधिलाई एक वर्षमा सीमित गर्ने | कानून संशोधन गर्न लेखिपठाउने | कानूनमा संशोधन | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| १३ | सद्दे, कीर्ते वा जालसाजी | कानून संशोधन | कानूनमा | छ महिना | सर्वोच्च |

| | | | | | |
|---|---|---|---|---|---|
| | छुट्याउन म्याद अवधिलाई सात दिन गर्ने | गर्न लेखिपठाउने | संशोधन | | अदालत, पूर्ण बैठक |
| १४ | अ.बं. ८३ ( ४ ) नं.का अनुमति दिने अवधि घटाएर उसै दिन दिने | कानून संशोधन गर्न लेखिपठाउने | कानूनमा संशोधन | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| १५ | अ.बं. ९४ नं. को म्यादी पूर्जीको अवधि घटाएर तीस दिन गर्ने | कानून संशोधन गर्न लेखिपठाउने | कानूनमा संशोधन | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| १६ | सम्वन्ध विच्छेद मुद्दालाई संक्षिप्त ( कार्यविधि ) ऐन, २०२८ को कार्यविधि लागु गर्ने | कानून संशोधन गर्न लेखिपठाउने | कानूनमा संशोधन | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| १७ | अ.बं. ५९ नं. को तारिख थाम्ने अवधिलाई घटाएर पन्ध्र दिन गर्ने | कानून संशोधन गर्न लेखिपठाउने | कानूनमा संशोधन | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| १८ | अ.बं. ११० नं. को म्याद तामेली ब्यवस्थामा सुधार गर्नुपर्ने | कानून संशोधन गर्न लेखिपठाउने | म्याद तामेली ब्यवस्थामा सुधार | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| १९ | निश्चित आधार र विधिमा अदालतको म्याद सूचना प्रकाशन गर्ने गराउने | निश्चित दिन, बार र पृष्ठमा प्रकाशन गर्न राष्ट्रिय स्तरको पत्रिकासँग सम्झौता गर्ने | तोकिएको दिन म्याद सूचना प्रकाशन | दुई महिना | रजिष्ट्रार, सर्वोच्च अदालत |
| २० | सरकारी कार्यालय र संगठित संस्थातथा सोमा कार्यरत कर्मचारीको | सर्वोच्च अदालतबाट निर्देशन जारी | हुलाकद्वारा म्याद सूचना तामेल | दुई महिना | सर्वोच्च अदालत |

| | | | | | |
|---|---|---|---|---|---|
| | म्यादलाई हुलाकद्वारा तामेल गराउने | गर्ने | | | |
| २१ | प्रमाण बुझिसकेपछि कुनै पक्षले चाहेमा अदालतको अनुमतिले तारिखमा बस्न नपर्ने गरी तारिख प्रणालीमा सुधार गर्नुपर्ने | कानून संशोधन गर्न लेखिपठाउने | कानूनमा संशोधन | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| २२ | जिल्ला अदालतमा पारिवारिक इजलास गठन गर्नुपर्ने | जिल्ला अदालत नियमावली संशोधन गर्ने | पारिवारिक इजलास गठन | तीन महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| २३ | अदालतको क्षेत्राधिकारमा सुधार गर्नुपर्ने | न्याय प्रशासन ऐन संशोधनगर्न लेखिपठाउने | कानूनमा संशोधन | ६ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| २४ | निःसहाय महिला, बालबालिका जस्ता बर्गलाई कोर्ट फी नलाग्ने व्यवस्थागर्न ऐनमा संशोधनगर्नुपर्ने | कोर्ट फी ऐन संशोधन गर्न लेखि पठाउने | कानूनमा संशोधन | ६ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| २५ | सानातिना मुद्दाका प्रतिवादीहरुलाई सरकारी वकीलले नै कागज गराई छाडन सक्ने कानूनी व्यवस्था गर्नुपर्ने | स.मु.स.ऐन संशोधन गर्न लेखिपठाउने | कानूनमा संशोधन | ६ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| २६ | शुरुमा मेलमिलापको लागि एक पटक अनिवार्य पठाउनु पर्ने | जिल्ला अदालत नियमावलीमा संशोधन गर्ने | शुरुमा नै मेलमिलापमा पठाएको | तीन महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |

## २.प्रक्रियागत व्यवस्थापकीय सुधारका सुझाव

| क्र. सं. | सुझाब | कार्य | कार्य सम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | वहस व्यवस्थापन गर्नुपर्ने | वहस समयको मापदण्ड निर्धारण गर्ने | निर्धारण गरिएको समयभित्र बहसको प्रस्तुति | तीन महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| २ | तपसील खण्डको लेखनमा सुधार गर्नुपर्ने | छलफल, अन्तरक्रिया र तालिम | तपसीलखण्ड को लेखनमा सुधार | तीन महिना | सर्वोच्च अदालत/न्यायिक प्रतिष्ठान/ सबै अदालतका न्यायाधीश, |
| ३ | तपसील खण्डको लेखनमा सुधारका लागि परिपत्र गर्नुपर्ने | परिपत्र गर्ने | तपसील खण्डको लेखनमा सुधार | तीन महिना | सर्वोच्च अदालत |
| ४ | मुद्दालाई वर्गीकरण गरी समूहकृत गर्नुपर्ने | मुद्दा वर्गीकरणको नीति पारित गर्ने | मुद्दाको वर्गीकरण | ६ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| ५ | वालवालिका, महिला, वृद्ध र अशक्त व्यक्तिका मुद्दालाई प्राथमिकता दिनुपर्ने | नीति पारित गर्ने | छिटो कारवाही गरी किनारा | तीन महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| ६ | जाहेरी दरखास्तको अनुसन्धान समयमा गर्नुपर्ने | सिघ्र कारवाहीको व्यवस्था मिलाउन प्रहरी प्रधान | जाहेरी उपरको कार्य समयमा सम्पन्न | तीन महिना | केन्द्रीय न्यायक्षेत्र समन्वय समिति/प्रहरी प्रधान |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यालयमा लेखी पठाउने | | | कार्यालय |
| ७ | विवादको बिषय निर्धारण गर्नुपर्ने | छलफल, अन्तरक्रिया र तालिम गराउने | अ.बं. १८४क नं बमोजिमको आदेश | तीन महिना | राष्ट्रिय न्यायिक प्रतिष्ठान /इजलास |
| ८ | मुद्दा सुनुवाइ स्थगनमा नियन्त्रण गर्नुपर्ने | नियमावलीको व्यवस्थाको पालना गर्ने | मुद्दा फछ्र्यौटमा सुधार | तीन महिना | इजलास |
| ९ | फिरादपत्र दर्तामा विशेष ध्यान पुऱ्याउनुपर्ने | परिचयात्मक विवरण कडाईका साथ लिने | प्रभावकारी म्याद तामेली | तीन महिना | जिल्ला न्यायाधीश, स्रेस्तेदार |
| १० | विद्यमान कार्यविधि कानूनमा सुधार गर्नुपर्ने | विभिन्न कार्यक्रमहरु मार्फत संसदमा पेश विधेयक छिटो पास गराउन दवाव श्रृजना गर्ने | देवानी कार्यविधि संहिता र फौजदारी कार्यविधि संहिता पारित | एक वर्ष | केन्द्रीय वार एसोसिएशन, नागरिक समाज र गैरसरकारी संघ संस्था |
| ११ | छिटो छरितोका बाधाहरु पञ्छाउने | सरोकारवालाहरुबीच छलफल र अन्तरक्रिया गर्ने | मुद्दा ब्यवस्थापन पद्धतिमा सुधार | छ महिना | सबै अदालत/राष्ट्रिय न्यायिक प्रतिष्ठान |
| १२ | प्रारम्भिक सुनुवाइको व्यवस्थालाई पालना गर्ने र गराउने | जिल्ला न्यायाधीशहरु बीच छलफल र अन्तरक्रिया गराउने | प्रारम्भिक सुनुवाइ व्यवस्थामा सुधार | तीन महिना | जिल्ला न्यायाधीश/राष्ट्रिय न्यायिक प्रतिष्ठान |
| १३ | मुलुकी ऐनको अ.बं. १४ | सर्वोच्च | म्याद थप | छ महिना | सर्वोच्च |

| | | | | | |
|---|---|---|---|---|---|
| | र १५नं.को पालना गर्नुपर्ने | अदालतले सबै अदालतहरुलाई निर्देशन जारी गर्ने | माग्ने र दिने कार्य प्रारम्भ | | अदालत/पुनरावेदन अदालत/जिल्ला अदालत |
| १४ | समय तालिका निर्धारण गर्ने कार्यलाई प्रभावकारी बनाउनुपर्ने | सर्वोच्च अदालतले परिपत्र गर्ने | मुद्दाको कारवाहीमा छिटो छरितो | तीन महिना | सर्वोच्च अदालत/पुनरावेदन अदालत/जिल्ला अदालत |

## ३.व्यवहारहरुको सुधारका सुझाब

| क्र.सं. | सुझाब | कार्य | कार्य सम्पादन सूचक | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|---|
| १. | अ.बं ९२ नं. र न्याय प्रशासन ऐन, २०४८को दफा १४(क)(ख) (ग)को पालना गरी एउटै विवादमा पटक पटक सुनुवाई गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने | परिपत्र र निर्देशन जारी गर्ने | विवादका विषयमा एकै पटक निर्णय | तीन महिना | सर्वोच्च अदालत/सबै अदालतका न्यायाधीश |
| २ | फैसला लेखनमा ढिलाई र उदासिनतालाई सुधार गर्नुपर्ने | फैसला समयमा तयार गर्ने सम्वन्धी अध्ययन गर्न एउटा कार्यदल बनाउने | कार्यदलको प्रतिवेदन प्राप्त | तीन महिना | सर्वोच्च अदालत |
| ३ | सम्मानपूर्वक बसाएर साक्षीको वकपत्र गराउनेपरिपत्र गर्ने | परिपत्र गर्ने | सम्मानपूर्वक साक्षीको वकपत्र | तीन महिना | सर्वोच्च अदालत/सबै अदालतका |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गराउने कार्य प्रारम्भ | | न्यायाधीश |
| ४ | तोकिएको तारिखमा नै कार्य सपन्न गर्ने गराउने कार्यलाई प्रोत्साहन गर्ने | कर्मचारीको कार्य प्रगतिलाई प्रोत्साहन भत्तासँग आवद्धता गर्ने | मुद्दा फछ्यौंटमा सुधार | तीन महिना | सवै अदालतका पदाधिकारीहरु |
| ५ | कर्मचारीको वानी ब्यहोरा र वोलीचालीमा परिवर्तन र सुधार गर्नुपर्ने | कर्मचारीको आचरण र ब्यवहार सम्वन्धी निर्देशिका बनाउन टोलीको गठन | निर्देशिका मस्यौदा प्राप्त | तीन महिना | सर्वोच्च अदालत |
| ६ | प्रमाण बुझिसकेपछि तारेखमा बस्न नचाहाने पक्षलाई अदालतको आदेशले तारेख टुटाई दिने व्यवस्था गरी अनावश्यक तारिखमा बस्ने कार्यलाई रोक्ने | ऐन संशोधन गर्न लेखिपठाउने | ऐन सम्शोधन | छ महिना | सर्वोच्च अदालत, पूर्ण बैठक |
| ७ | बन्द इजलासममा हुने सुनुवाईलाई सबै तहका अदालतमा लागु हुनुपर्ने | परिपत्रगर्ने | वन्द इजलासको कार्यान्वयन | तीन महिना | सर्वोच्च अदालत |
| ८ | वहस समयलाई कानूनको सीमामा ल्याउने र वहस व्यवस्थापनलाई सुदृढ बनाउने | सबै तहका वार एसोसियशन र अदालतबी | वहस व्यवस्थापनमा सुधार | छ महिना | सवै तहका अदालत /सबै न्यायाधीश |

| | | | | | |
|---|---|---|---|---|---|
| | | च छलफल र अन्तरक्रिया गराउने | | | |
| ९ | अ.बं.१८४क. नं.को पालना गर्ने उपयुक्त वातावरण बनाउनुपर्ने | न्यायाधीशको बृत्ति विकाससँग आवद्धता गर्ने /निरीक्षण प्रभावकारी पार्ने | निरीक्षण प्रतिवेदन प्राप्त | आवधिक | न्याय परिषद /मुख्य न्यायाधीश |
| १० | अदालत परिसरमा प्रतिक्षालय लगायतमा सुधार गर्नुपर्ने | बस्ने सेड (ठाउँ), फर्निचर, खानेपानी र शौचालयको उपयुक्त व्यवस्थापन गर्ने | सेवाग्राहीले अनुभूति गर्ने व्यवस्थापन | छ महिना | रजिष्ट्रार, सर्वोच्च अदालततथा सम्वन्धित अदालत |
| ११ | नेपाल सरकारका साक्षीहरुलाई सरकारी मुद्दा सम्वन्धी नियमावली अनुसारको दैनिक र भ्रमण भत्ता उपलब्ध गराउनुपर्ने | केन्द्रीय न्यायक्षेत्र समन्वयन समितिमा छलफल गरी नेपाल सरकारलाई लेखिपठाउने | प्रहरी कार्यालयमा बजेट निकासी | छ महिना | केन्द्रीय न्यायक्षेत्र समन्वयन समिति/नेपाल सरकार/प्रहरी प्रधान कार्यालय |
| १२ | कानून व्यवसायीको भूमिका क्रियाशील बनाउनु पर्ने | छलफल र अन्तरक्रिया | वार र अदालतको | छ महिना | सम्वन्धित अदालत र वार |

| | | | | | |
|---|---|---|---|---|---|
| | | गर्ने | सम्वन्धमा सकरात्मक सुधार | | |
| १३ | अदालतमा स्थानीय दोभाषेको व्यवस्था गर्नु पर्ने | दोभाषेको सेवाबापत को रकम सरकारले उपलब्ध गराउने | दोभाषेको सूची सम्वन्धित अदालतबाट तयार | एक वर्ष | सर्वोच्च अदालत, सम्वन्धित अदालत र नेपाल सरकार |
| १४ | अ.बं १२३ नं.को पालना गर्नु गराउनु पर्ने | सर्वोच्च अदालतले सबै अदालतलाई परिपत्र गर्ने तथा छलफल र अन्तर क्रियागर्ने | कानून बमोजिम आदेश | छ महिना | सर्वोच्च अदालत/राष्ट्रिय न्यायिक प्रतिष्ठान /जिल्लान्यायाधीश |
| १५ | अ.बं. १७ नं.को निवेदनको कारवाहीमा ढिलासुस्ती हटाई चाँडो फछ्र्यौट गर्नुपर्ने | प्रयोग र पालनाका सम्वन्धमा न्यायाधीशहरुबीच छलफल र अन्तरक्रिया गर्ने | निवेदन चाँडो फछ्र्यौट | तीन महिना | सर्वोच्च/पुनरावेदन अदालत/राष्ट्रिय न्यायिक प्रतिष्ठान |
| १६ | अ.बं. १२२ नं.को कानूनी व्यवस्थाको पालना गर्नु | पालना र प्रयोगको | थुनुवाको मुद्दामा छिटो | तीन महिना | सर्वोच्च अदालत |

| | | | | | |
|---|---|---|---|---|---|
| | गराउनु पर्ने | लागि परिपत्रगर्ने तथा छलफल र अन्तरक्रिया गर्ने | कारवाही | | /पुनरावेदन अदालत/जिल्ला अदालत/राष्ट्रिय न्यायिक प्रतिष्ठान |
| १७ | दण्ड सजायको ११ क(२) नं. को कानूनी व्यवस्थाको प्रयोग र पालना गर्नुपर्ने | न्यायाधीश हरुबीच छलफल र अन्तर क्रिया गर्ने | आवश्यकता बमोजिम फैसलामा उल्लेख | छमहिना | सर्वोच्च अदालत /पुनरावेदन अदालत/जिल्ला अदालतकान्या याधीश/राष्ट्रिय न्यायिक प्रतिष्ठान |

# सन्दर्भ सामाग्री

## प्रकाशित


१. नेपालको संविधान, २०७२, कानून किताब व्यवस्था समिति

२. मुलुकी ऐन, कानून किताब व्यवस्था समिति

३. नेपाल ऐन संग्रह भाग २, कानून किताब व्यवस्था समिति

४. नेपाल नियम संग्रह खण्डहरु, कानून किताब व्यवस्था समिति

५. अदालतसम्वन्धी केही ऐन/ नियमावली / निर्देशिका तथा न्यायाधीश आचारसंहिता, २०६९, सर्वोच्च अदालत, नेपाल

६. लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्नु केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७२, नेपाल राजपत्र

७. सर्वोच्च अदालत ( संवैधानिक इजलास सञ्चालन ) नियमावली,२०७२, नेपाल राजपत्र भाग ३ खण्ड ६५, पुष १४ गते, २०७२ साल, संख्या ३५

८. नेपाल कानून पत्रिकाहरु, सर्वोच्च अदालत रामशाहपथ, काठमाण्डौं

९. मुलुकी ऐन एक टिप्पणी, २०७१ संस्करण, ज्ञाइन्द्रबहादुर श्रेष्ठ, पैरवी प्रकाशन, पुतलीसडक, काठमाण्डौं

१०. ऐन संग्रह एक टिप्पणी, ज्ञाइन्द्रबहादुर श्रेष्ठ, पैरवी प्रकाशन,पुतलीसडक, काठमाण्डौं

११. देवानी कानूनको संशोधन र एकीकरण गर्न बनेको विधेयक ( देवानी संहिता, २०७१), व्यवस्थापिका– संसद सचिवालय, संसद भबन, सिंहदरबार

१२. देवानी मुद्दाको कार्यविधि सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (देवानी कार्यविधि संहिता, २०७१ ), व्यवस्थापिका– संसद सचिवालय, संसद भबन, सिंहदरबार

१३. फौजदारी कसूर सम्वन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (अपराध संहिता, २०७१), व्यवस्थापिका– संसद सचिवालय, संसद भबन, सिंहदरबार

१४. फौजदारी मुद्दाको कार्यविधि सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक (फौजदारी कार्यविधि संहिता, २०७१), व्यवस्थापिका– संसद सचिवालय, संसद भबन, सिंहदरबार

१५. फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक ( फौजदारी कसूर ( सजाय निर्धारण तथा कार्यान्वयन ) ऐन,२०७१), व्यवस्थापिका– संसद सचिवालय, संसद भबन, सिंहदरबार

१६. नेपाली शब्दसागर,२०५८, वसन्तकुमार शर्म्मा नेपाल, भाभा पुस्तक भण्डार, चाबेल, काठमाण्डौं

१७. अङ्ग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोश, २०५७, नरेन्द्रमणि आचार्य दीक्षित, साझा प्रकाशन, काठमाण्डौं

१८ संक्रमणकालीन न्याय र उपचारको अधिकार सर्बोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्तहरु, २०६८, इन्टरनेसनल कमिसन अफ जुरिष्टस् र नेपाल बार एसोसिएसन, काठमाण्डौं, नेपाल

१९. Juvenile Justice System in Nepal, 2003 AD, Kathmandu School of Law(KSL)

२०. सर्वोच्च अदालत विषयगत नजीर संग्रह, २०६६, भाग ९ कार्यविधि कानूनः फौजदारी, सर्वोच्च अदालत, नेपाल

२१. सर्वोच्च अदालत विषयगत नजीर संग्रह, २०६६, भाग ८ कार्यविधि कानूनः देवानी, सर्वोच्च अदालत, नेपाल

२२. लैङ्गिक न्याय सम्वन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसलाहरुको संगालो, २०७०, महिला, कानून र विकास मञ्च (FWLD)

२३. कार्यविधि कानून सम्बन्धी सर्वोच्च अदालतबाट भएका केही फैसला तथा आदेशहरु, आषाढ, २०७०, राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

२४. सर्वोच्च अदालतका वार्षिक प्रतिवेदनहरु, सर्वोच्च अदालत, रामशाहपथ, काठमाण्डौं

२५.न्यायपालिकाको प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०६१–२०६६), सर्वोच्च अदालत, नेपाल

२६. न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६–२०७१), सर्वोच्च अदालत, नेपाल

२७. न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०६६–२०७१) को मध्यावधि मूल्याङ्कन, २०६९, सर्वोच्च अदालत

२८. न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७१/७२–२०७५/७६) ,(२०७१), सर्वोच्च अदालत, नेपाल

२९. फौजदारी कार्यविधि दिग्दर्शन (२०५८), कानून अन्वेषण तथा स्रोत विकास केन्द्र ( सेलर्ड )

३०. अदालत कार्य विवरण निर्देशिका, २०६४

३१. अपराध पीडित महिला/ बालबालिका तथा साक्षीको संरक्षण दिग्दर्शन,२०६५, न्यायाधीश समाज ,नेपाल

३२. नेपालमा असमर्थ पक्षको फौजदारी मुद्दामा प्रतिरक्षासम्वन्धी सहयोगी पुस्तिका ( अभ्यास निर्देशिका ), २०७२, द इन्टरनेशनल लिगल फाउण्डेशन, नेपाल

३३. उच्चस्तरीय न्यायिक सुधार आयोगको प्रतिवेदन, २०२८, नेपाल कानून पत्रिका, २०२८, अङ्क ८

३४. शाही न्याय स'धार आयोगको प्रतिवेदन, २०४०, शाही न्याय स'धार आयोग

३५. अदालत सुदृढीकरण सुझाव समितिको प्रतिवेदन, २०५८, अदालत सुदृढीकरण सुझाव समिति

३६. Baseline Survey on Criminal Justice System of Nepal ( 2002 AD), Center for Legal and Resource Development( CeLRRD)

३७. हिरासत र कारागारमा मानव अधिकारको अवस्था तथा अदालतको फैसला कार्यान्वयनसम्वन्धी अनुगमन प्रतिवेदन, २०५८, महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाण्डौ

३८. जिल्ला अदालतमा मुद्दा प्रवाहको अवस्था अध्ययन प्रतिवेदन, (२०६६), नेपाल कानून समाज

३९. देवानी संहिता तथा देवानी कार्यविधि संहिताको मस्यौदा तथा प्रतिवेदन , २०६७, कानून तथा न्याय मन्त्रालय, काठमाण्डौ

४०. अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर सजाय (निर्धारण तथा कार्यान्वयन) ऐनको मसौदा तथा प्रतिवेदन , २०६७, कानून तथा न्याय मन्त्रालय, काठमाण्डौं

४१. संक्रमणकालीन न्यायका विषयमा सर्बोच्च अदालतबाट भएका फैसलाहरुको विश्लेषणात्मक अध्ययन, २०६८, न्यायाधीश समाज, नेपाल

४२. नेपालको फौजदारी न्यायप्रणालीको आधारभूत सर्वेक्षण, २०६९, कानून अन्वेषण तथा स्रोत विकास केन्द्र, वानेश्वर, काठमाण्डौं

४३. न्यायमा पहुँच आयोगको वार्षिक कार्ययोजना २०७२/२०७३, (२०७२), न्यायमा पहुँच आयोग, सर्वोच्च अदालत, नेपाल

**अप्रकाशित**

४४. अदालत व्यवस्थापन सम्वन्धी सुझाव प्रतिवेदन, २०५५

४५. सर्वोच्च अदालतमा परेका मुद्दाहरुमा छिटो, छरितो कारवाही किनारा गर्न अपनाउनु पर्ने उपाय सम्वन्धमा गरिएको अध्ययनको प्रतिवेदन, २०६०

४६. सर्वोच्च अदालतमा मुद्दा प्रवाहको अवस्था सम्बन्धी अनुसन्धान प्रतिवेदन, २०६४

४७. मुद्दाको विशिष्टिकृत नामाकरण, सफ्टवेयर डिजायन एवं विभिन्न ढाँचाहरु परिमार्जन गरी सुझाव पेश गर्न गठित कार्यदलको प्रतिवेदन, २०६४

४८. अदालतको अधिकारक्षेत्र पुनरावलोकन कार्यदलको प्रतिवेदन, २०६५

४९. मुद्दा व्यवस्थापन पद्धति विकास सम्बन्धी अध्ययन प्रतिवेदन, २०६६

५०. सर्वोच्च अदालत मुद्दा व्यवस्थापन समितिको विभिन्न मितिका निर्णयहरु

५१. काठमाण्डौं जिल्ला अदालतले सायमकालीन अदालत स्थापना गर्ने अध्ययन प्रतिवेदन, २०६६

५२. अतिरिक्त समयमा अदालत सन्चालन गर्ने सम्वन्धी सम्भाब्यता अध्ययन प्रतिवेदन, २०६८

५३. जिल्ला अदालतहरुमा समयतालिका पद्धति लागु गर्नेसम्वन्धी बेसलाइन सर्वेक्षण प्रतिबेदन, २०६९

५४. फरक फरक मुद्दाहरुको फरक ब्यवस्थापन पद्धति लागुगर्न आवश्यक पूर्वाधार निर्माण तथा तयारी सम्वन्धी प्रस्ताव

५५. सर्वोच्च अदालतमा बिचाराधीन मुद्दाहरुमा फरक मुद्दाका लागि फरक व्यबस्थापन ( डि.सि.एम ) पद्धति कार्यान्वयन सम्बन्धी अध्ययन प्रतिवेदन, २०७०

५६. Access to Justice Survey: A report about how legal representation is provided to the indigent accused in six districts of Nepal

# अनुसूची

मिति २०७२।१०।१३ गते बेलुका ४:०० बजे सर्वोच्च अदालतमा सम्पन्न भएको मुद्दाको कारवाही छिटो छरितो सम्पन्न गर्नका लागि कार्यविधि कानूनमा गर्नुपर्ने सुधार बारेमा प्रारम्भिक अध्ययन प्रतिवेदनको सम्बन्धमा भएको छलफल कार्यक्रममा उपस्थित सहभागी महानुभावहरुको नामावली

| क्र.सं. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १. | श्री श्रीकान्त पौडेल | रजिष्ट्रार | सर्वोच्च अदालत |
| २. | माननीय श्री रमेशकुमार खत्री | जिल्ला न्यायाधीश | काठमाण्डौं जिल्ला अदालत |
| ३. | माननीय श्री लिलबहादुर थापा | जिल्ला न्यायाधीश | भक्तपुर जिल्ला अदालत |
| ४. | माननीय श्री कृष्णकमल अधिकारी | जिल्ला न्यायाधीश | काठमाण्डौं जिल्ला अदालत |
| ५. | माननीय श्री राजेन्द्र खरेल | जिल्ला न्यायाधीश | ललितपुर जिल्ला अदालत |
| ६. | माननीय श्री प्रकाश खरेल | जिल्ला न्यायाधीश | काठमाण्डौं जिल्ला अदालत |
| ७. | माननीय श्री कृपासुर कार्की | जिल्ला न्यायाधीश | जुम्ला जिल्ला अदालत हाल सर्वोच्च अदालत काज |
| ८. | माननीय श्री सूर्यप्रसाद पराजुली | जिल्ला न्यायाधीश | काठमाण्डौ जिल्ला अदालत हाल सर्वोच्च अदालत काज |
| ९. | माननीय श्री विष्णुप्रसाद उपाध्याय | जिल्ला न्यायाधीश | काठमाण्डौं जिल्ला अदालत |
| १०. | श्री नृपध्वज निरौला | सह रजिष्ट्रार | सर्वोच्च अदालत |
| ११. | श्री नारायणप्रसाद पन्थी | रजिष्ट्रार | पुनरावेदन अदालत पाटन |
| १२. | श्री बाबुराम दाहाल | स्रेस्तेदार | ललितपुर जिल्ला |

| | | | |
|---|---|---|---|
| | | | अदालत |
| १३. | श्री ध्रुवकुमारउप्रेती | स्रेस्तेदार | काठमाण्डौंजिल्ला अदालत |
| १४. | श्री हर्कबहादुर क्षेत्री | इजलासअधिकृत | सर्वोच्च अदालत |
| १५. | श्री सुरेशराज खनाल | इजलासअधिकृत | सर्वोच्च अदालत |
| १६. | श्री नवराज उपाध्याय | पूर्व जिल्ला न्यायाधीश | काठमाण्डौं |
| १७. | श्री सान्तम सिंह खड्का | राष्ट्रिय कार्यक्रम व्यवस्थापक | कानूनको शासन तथा मानव अधिकार सवलीकरण कार्यक्रम/यू एन डि पि |
| १८. | श्रीरत्नकुमार श्रेष्ठ | न्यायक्षेत्र समन्वयकर्ता | कानूनको शासन तथा मानव अधिकार सवलीकरण कार्यक्रम/यू एन डि पि |
| १९. | श्री नारायणप्रसाद देवकोटा | अधिवक्ता, वैतनिक वकील | सर्वोच्च अदालत |
| २० | श्री सूर्यबहादुर पाण्डे | अधिवक्ता, कानून निर्देशक | आइ एल.एफ नेपाल |
| २१. | श्री सन्देश आचार्य | अधिवक्ता | काठमाण्डौं |
| २२. | श्री उद्गव ढोडारी | ना.सु. | सर्वोच्च अदालत |
| २३. | श्री भिम घिमिरे | ना.सु. | सर्वोच्च अदालत |
| २४. | श्री जीवन राना | ना.सु. | सर्वोच्च अदालत |
| २५. | श्री अभियान पोखरेल | ना.सु. | सर्वोच्च अदालत |
| २६. | श्री एकराज आचार्य | परामर्शदाता | काठमाण्डौं |